CC-0.In Public Domain. Digitization by eGangotri

डा. नारायणप्रसाद अधिकारी

हाम्रा सोह्र संस्कार

संस्कारहरू को वैज्ञानिक विवेचना, विधि र मन्त्रार्थ सहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हाम्रा सोह्र संस्कार

संस्कारहरू को वैज्ञानिक विवेचना, विधि र मन्त्रार्थ सहित

डा. नारायणप्रसाद अधिकारी

GORKHA
PUBLICATIONS

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुस्तक : हाम्रा सोह्र संस्कार
लेखक : डा. नारायणप्रसाद अधिकारी
प्रकाशक : गोरखा पब्लिकेशन्स प्रा. लि.
धुम्बाराही, पीपलबोट, काठमाण्डू
फोनः ०१-४००९००५
ई-मेलः gorkhapublications@gmail.com

तृतीय संस्करण : २०७५ फागुन

सर्वाधिकार © : लेखक मा

भाषा सम्पादन : लोकमणि पौडेल

कम्प्यूटर लेआउट : सुषमा तिमल्सिना तथा अञ्जिता थापा

ISBN : 978-9937-9336-0-5
HAMRA SORHA SAMSKAR BY DR. NARAYAN PRASAD ADHIKARI

एस पुस्तक को कुनै पनि अंश वा पूरै पुस्तक लेखक को अनुमति बिना कुनै पनि माध्यम द्वारा पुनरुत्पादन, प्रसारण वा भण्डारण गर्न पाइने छैन ।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

आभार

वर्तमान र अतीत का मानवपुस्ता र प्रतिभाहरु प्रति
जसले मानवजाति लाई सुसंस्कृत बनाउने
दिशा, देशना र दर्शन प्रदान गरे ।

समर्पण

वर्तमान र भविष्य का पाठकहरु लाई जसले
एसबाट लाभ लिएर आफ्नो र आफ्ना
सन्तति को जीवन लाई सुसंस्कृत
बनाउन प्रयत्न गर्ने छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय-विन्यास

क्र.सं.	विषय	पृष्ठ
पूर्वकथन		
१.	शुभकामना -प्रा.डा. तुलसीराम वैद्य	८
२.	प्रशंसनीय प्रयास - प्रा.डा. माधव भट्टराई	९
३.	बधाई कामना - डा. दिलबहादुर क्षेत्री	१०
४.	मैले भन्नै पर्ने - लेखकीय मन्तव्य	११
५.	प्रकाशकीय - गोरखा पब्लिकेशन्स प्रा. लि.	१४
अन्तर्वस्तु		
१.	**संस्कार**	१५-१८
	संस्कार शब्द को व्युत्पत्ति र अर्थ	१५
	मानव जीवन मा संस्कार को महत्व	१६
	संस्कार को वैज्ञानिक पक्ष	१७
	संस्कार को संख्या र क्रम	१७
२.	**गर्भाधान संस्कार**	१९-२७
	संस्कार का रूप मा गर्भाधान	१९
	क्षेत्र-शुद्धि, आहार-शुद्धि	२०-२१
	शारीरिक स्थिति, मानसिक अवस्था	२२-२३
	श्वासप्रश्वास, आसन, ठाउँ, समय	२४-२५
	गर्भाधान विधि १	२६
	गर्भाधान विधि २	२७
३.	**पुंसवन संस्कार**	३०-३५
	अर्थ र उपयोगिता, विधि, उपचारात्मक विधि	
४.	**सीमन्तोन्नयन संस्कार**	३६-४४
	सीमन्तोन्नयन विधि	३८
	गर्भिणी ले पालन गर्नुपर्ने नियम	४२
	गर्भिणी का पति ले ध्यान दिनु पर्ने कुराहरु	४४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

५. **जातकर्म संस्कार** ४५-४९
नालच्छेदन, मेधाजनन, जन्मभूमि अभिमन्त्रण, सामग्री

६. **षष्ठिकापूजन संस्कार** ५०-६२
कार्ययोजना, पूजाक्रम तथा विधि, अष्टचिरञ्जीवी पूजा, षष्ठीदेवी पूजा, बालरक्षाकवच

७. **नामाकरण संस्कार** ६३-७३
नामचयन, नामाकरणविधि, नामश्रवण/नामघोषणा, मेखलाबन्धन, मेधाजनन, अभिषेक

८. **निष्क्रमण संस्कार** ७४-७७
निष्क्रमण-विधि, सूर्यदर्शन, काख परिवर्तन

९. **अन्नप्राशन संस्कार** ७८-८२
अर्थ र उपयोगिता, अन्नप्राशन-विधि, वृत्ति-विचार

१०. **केशान्त संस्कार** ८३-८६
विधि

११. **कर्णवेध संस्कार** ८७-८६
परिचय र उपयोगिता, कर्णवेध-विधि

१२. **अक्षरारम्भ/विद्यारम्भ** ९०-९२
अर्थ र महत्त्व, अक्षरारम्भ को समय, अक्षरारम्भ-विधि

१३. **व्रतबन्ध/व्रतादेश** ९३-१०६
व्रतबन्ध के हो? व्रतबन्ध किन गर्ने ?
व्रतबन्ध- पहिले र अहिले, व्रतबन्ध का प्रतीक- टुप्पी र जनै
टुप्पी को आविष्कार, टुप्पी को महत्ता र उपयोगिता
तन्त्र का दृष्टि मा टुप्पी, टुप्पी को विपक्ष, जनै के हो ?
जनै बनाउने विधि र अर्थ, जनै को उद्देश्य र उपयोगिता,
कान मा जनै किन ? जनै कसले लगाउने ?
महिला र जनै, स्त्री को जनै पुरूष लाई, शुद्रता र जनै

१४. **चूडाकरण संस्कार** १०७

१५. **उपनयन संस्कार** ११२-१२६
यज्ञोपवीत दान, यज्ञोपवीत पूजन, कुमार लाई जनै लगाइदिने
जनै लाउने मन्त्र, अञ्जलिपूरण, हृदयालम्भन, हवन,
अनुशासनशिक्षा, मन्त्रदान, भिक्षायाचन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१६. **वेदारम्भ संस्कार** १२७

१७. **समावर्तन संस्कार** १३३-१४४

गृहयज्ञ, समावर्तन/स्नान, दीक्षान्त-उपदेश-१,
देशान्तरगमन, दीक्षान्त-उपदेश-२, विसर्जन

१८. **जन्मोत्सव** १४५-१५५

जन्मोत्सव मनाउने तरीका, जन्मोत्सव को शास्त्रीय विधि,
पञ्चतत्वपूजन, अष्टचिरञ्जीवी पूजन, दीप प्रज्ज्वलन . . .

१९. **विवाह संस्कार** १५६-१६५

विवाह का लागि उपयुक्त उमेर, विवाह का प्रकार . . .,

२०. **विवाहविधि** १६६-२०४

पूर्वकर्म, वरयात्रा, वरियातस्वागत, स्वयंवर, वाग्दान तथा वरणी
कन्यादान, गोडा धुने, मधुपर्क दिने, वस्त्रदान, लगनगाँठो,
कन्यादान को संकल्प, दानप्रतिष्ठा, विवाहमण्डप प्रवेश, अग्निप्रार्थना,
हवन, वरवधू प्रतिज्ञा, शिलारोहण, अष्टपर्वत पूजा, सप्तपदी,
सप्तर्षिपूजा, हृदयालम्भन, सिन्दूरदान, ठाउँ सार्ने, माहुर खुवाउने–,

२१. **चतुर्थी-कर्म** २०५

२२. **विवाह-उत्सव** २१७-२१९

अर्थ र उपयोगिता, विवाहोत्सव विधि, पारस्परिक प्रतिज्ञा–,

२३. **अन्त्यकर्म संस्कार** २२०-२३९

अर्थ र उपयोगिता, विभिन्न दान, शवयात्रा, चिता को कार्य,
तीर्थादि मा अस्थिविसर्जन, क्रियाविधि

२४. **पूर्वाङ्ग कर्म** २४०

२५. **नवग्रहपूजन** २६५

परिशिष्ट :

१. केही पारिभाषिक श्लोकहरु २७५

२. दिनरात्रि बार बेला शुभाशुभ तालीका २७६

३. योगिनी चक्र, चन्द्रमा को दिशा तथा रङ्ग २७७

४. वर्णव्यवस्था : संक्षिप्त विवेचना २७८-२९५

५. सन्दर्भग्रन्थहरु २९६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शुभकामना

पृथ्वीनारायण क्याम्पस मा प्राध्यापनरत श्री डा. नारायणप्रसाद अधिकारी ज्यू आँफैमा एक लगनशील अध्येता एवं विद्वान् हुनुहुन्छ । उहाँको प्राज्ञिक चिन्तन एवं निष्ठा बाट म ज्यादै प्रभावित छू ।

एस्ता विद्वान् बाट लिखित सनातन हिन्दूधर्म संस्कार संग सम्बद्ध "हाम्रा सोह्र संस्कार" जसले हिन्दूहरु का गर्भाधान देखि मृत्यु सम्म का १६ संस्कारहरु लाई सरल एवं वैज्ञानिक विश्लेषण साथ स्पष्ट पारेको छ, ज्यादै महत्त्वपूर्ण छ । विद्वान् लेखक को एस किसिम को प्राज्ञिक योगदान ले गैरहिन्दू जगत लाई समेत हिन्दू सनातनी कर्म संस्कार को महत्त्व, मूल्य र मान्यता बोध गर्न ठूलो सघाउ पुऱ्याउने छ । कुनै पनि संस्कार तथा संस्कृति लाई स्पष्ट सरल तथा वैज्ञानिक विश्लेषण सहित जनसमक्ष उजागर गराउनु सम्बन्धित संस्कार का विद्वान्हरु को कर्तव्य पनि हो । यहाँ एस कृति का लेखक ले आफ्नो दायित्व पूरा गर्नुभएको मैले महसूस गरेको छू ।

एस किसिम को प्राज्ञिक योगदान को कदर गर्दै आगामी दिनहरु मा पनि लेखक को कलम ले एस्तै प्राज्ञिक कार्य मा निरन्तरता प्राप्त गर्न सकोस् यही शुभकामना अर्पण गर्दछू ।

– प्रा. डा. तुलसीराम वैद्य
उपकुलपति
लुम्बिनी बौद्ध-विश्वविद्यालय
काठमाण्डू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रशंसनीय प्रयास

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा मा प्राध्यापनरत श्री नारायणप्रसाद अधिकारी द्वारा तयार पारिएको "हाम्रा सोह्र संस्कार" पुस्तक अप्रकाशित अवस्था मै देख्न पाउँदा खुशी लाग्यो । एस अवसर मा एस पुस्तक का लेखकलाई बधाई दिंदै एसको प्रकाशन मा संलग्न सबैलाई हार्दिक साधुवाद-ज्ञापन गर्दछू । यो प्रयास निश्चय नै प्रशंसनीय छ ।

संस्कार ले व्यक्ति लाई उज्यालो बनाउँछ, चम्किलो गराउँछ । "जन्मना जायते शूद्रः संस्काराद्द्विज उच्यते" भन्ने उक्ति ले संस्कार को महत्त्व स्पष्ट पारेको छ । वास्तव मा सनातन धर्म लाई शाश्वत गरिमा प्रदान गर्न संस्कार कर्म को ठूलो भूमिका छ । सबै संस्कारहरु वैज्ञानिक पृष्ठभूमि मा आधारित छन् । वैदिक मन्त्रहरु को प्रयोग गरेर सम्पन्न गरिने संस्कार कर्महरु गहन चिन्तन ले ओतप्रोत छन् । इनको पालन गर्नाले मानवजीवन कल्याणमय हुन्छ ।

आज हाम्रो सनातन मूल्य-मान्यता र एसभित्र का विशाल मानवीय उदात्त दर्शन को प्रचार आवश्यक भएको सन्दर्भ मा विद्वान् डा. नारायणप्रसाद अधिकारी ले नेपाली भाषा मा अर्थ सहित खुलाएर लिपिबद्ध गर्नु भएको "हाम्रा सोह्र संस्कार" नामक कृति को सार्थकता र उपयोगिता स्वयंसिद्ध छ । एसबाट धर्म-संस्कृति का आस्थावान्हरु ले लाभ उठाउन सकून् भन्ने अपेक्षा का साथ एस कृति को पूर्ण सफलता को कामना गर्दछू ।

- प्रा. डा. माधव भट्टराई
नायब बडागुरु ज्यू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बधाई-कामना

मलाई मेरा सहकर्मी प्राध्यापनरत डा. नारायणप्रसाद अधिकारी ले लेख्नुभएको "हाम्रा सोह्र संस्कार" अवलोकन गर्दै गर्दा मेरो अन्तरात्मा देखि नै लेखक प्रति साधुवाद र धन्यवाद का लहर उर्लिन थाले ।

संसार को सर्वप्राचीन मानिने सनातन धर्म संस्कृति आँफैमा जति महान् जति उदार र जति समन्वयात्मक छ एसले आविष्कार गरेका संस्कारहरु पनि तेति नै आदर्शयुक्त, तेति नै वैज्ञानिक एवं व्यवहारिक र तेति नै जीवन-उपकारी छन् भन्ने कुरा मा कुनै शंका छैन, तै पनि केही समय एता भौतिक चमत्कार ले युक्त पश्चिमा समाज को संस्कार र संस्कृति ले एसलाई ओझेल मा पार्न खोजिरहेको छ । एस सङ्क्रमणकालीन अवस्था मा विद्वान् लेखक बाट सनातन धर्म संस्कृति अन्तरगत का गर्भाधान देखि मृत्यु सम्म का सोह्र संस्कारहरु लाई वैज्ञानिक आधार मा सरल तथा सुबोध विधिविधान सहित प्रस्तुत गर्ने जुन कार्य भएको छ, त्यो ज्यादै स्तुत्य छ । एसबाट एउटा महत्त्वपूर्ण प्राज्ञिक योगदान थपिएको मैले अनुभव गरेको छू । मेरा विचार मा प्राचीन तर शाश्वत मानवीय मूल्य र मान्यता बोकेका संस्कारहरु लाई तर्कपूर्ण विज्ञान सम्मत पृष्ठभूमि मा सर्वसाधारण ले समेत सजिलै बुझ्ने गरी मौलिक ढङ्ग ले प्रस्तुति गरिएको एस किसिम को यो पहिलो पुस्तक हो र एसले समाज मा एउटा महत्त्वपूर्ण ऐतिहासिक स्थान बनाउने छ ।

एसको अध्ययन ले अज्ञान र अल्पज्ञान का कारण आफ्नै संस्कार-संस्कृति प्रति नकारात्मक आस्था राख्नेहरु का धारणा मा सकारात्मक परिवर्तन ल्याइदिनेछ, सकारात्मक आस्था राख्नेहरु मा आत्मविश्वास जगाइदिनेछ र जानीजानी कर्मकाण्ड गर्ने गराउने, पण्डित पुरोहित तथा यजमानहरु लाई तत्सम्बन्धी यथार्थ ज्ञान प्रदान गर्नेछ भन्ने विश्वास मैले लिएको छू । सबैले अध्ययन गर्नै पर्ने एति महत्त्वपूर्ण पुस्तक लेखेर विद्वान् डा. नारायणप्रसाद अधिकारी ले हामीलाई ठूलो गुन लगाउनुभएको छ । उहाँलाई धन्यवाद सहित हार्दिक शुभकामना दिन चाहन्छू ।

– प्रा. डा. दिलबहादुर क्षेत्री

पूर्ण, क्याम्पस, पोखरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मैले भन्नै पर्ने

कर्मकाण्ड न मेरो पेशा हो न रुचि तर म बाँचेको परिवेश र परिस्थिति ले मलाई एतातिर कलम चलाउने प्रेरित गऱ्यो र यो पुस्तक लेखियो ।

विवाह, व्रतबन्ध, पास्नी जस्ता संस्कारमूलक समारोहहरु मा आमन्त्रित का रूप मा जाँदा कहिलेकाहीं यज्ञमण्डप मा कर्मकाण्ड गर्दैरहेको देख्ने र सुन्ने अवसर पनि प्राप्त हुन्छ । जब अलि ध्यान दिएर विशेष चासो का साथ हेर्न, सुन्न र बुझ्न खोज्छू मेरा मन मा दुईटा विपरीत अनुभूति सँगसँगै उदाउँछन् । ती हुन्- गौरव र ग्लानि ।

हजारौं-हजार वर्ष अगाडी नै क्रान्तदर्शी, रहस्यदर्शी ऋषिहरु ले हाम्रो जीवन लाई सुसंस्कृत र सार्थक पार्न कति धेरै कुराहरु को अनुसन्धान र आविष्कार गरेर दिएका रहेछन् र कस्तो उन्नत आदर्श र सिद्धान्त को अवधारणा स्थापित गरिदिएका रहेछन् भनेर बडो गौरव को अनुभव गर्छू एकातिर भने अर्कातिर तेस्तो महान् आदर्श लाई व्यवहार मा उतार्न हामीबाटै भएको लापर्वाही, बेवास्ता र उपेक्षा देखेर ग्लानि र खिन्नता को अनुभव हुन्छ । संस्कारहरु को एसरी ह्रास हुनुको कारण के होला भनेर जब सोच्न थाल्छू- मेरा मगज मा निम्नलिखित सम्भावित कारणहरु देखा पर्छन् -

१. भाषिक दुर्बोधता
२. महत्त्वबोध को अभाव
३. जिज्ञासा र जानकारी मा उदासीनता
४. व्यवहार मा अकुशलता

प्रथमतः हामीले गर्ने सबै संस्कार र कर्मकाण्ड को मूल भाषा संस्कृत छ जसको अर्थ प्रायःजसो यजमानहरु ले बुझ्दैनन् । यजमान ले मात्र होइन कर्म गराउने अधिकांश पुरोहितहरु ले पनि बुझ्दैनन् । केवल विधि र प्रविधि मिलाएर मात्र कर्म गरिन्छ, गराइन्छ । हुन सक्छ एसरी प्रयुक्त भाषै नबुझी तेसको अर्थै नबुझी गर्नुपर्ने हुनाले एसप्रति मानिसहरु को आकर्षण घट्न गएको होस् । हुन सक्छ भाषा बुझे पनि उक्त कर्म वा संस्कार को महत्त्व के छ, गर्नाले के फाइदा हुन्छ र नगर्नाले के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
हानि हुन्छ भन्ने जानकारी नभएर पनि एसप्रति उदासीनता बढेको होस् । हुन सक्छ, अज्ञान का कारण ले वा आत्तुरी का कारण ले पण्डित पुरोहितहरु ले यजमान वा कर्ता लाई सम्बन्धित कर्म को महत्त्व व्यावहारिक र वैज्ञानिक धरातल मा उतारेर बुझाउन नसकेर होस् । हुन सक्छ, कुनै कुरा जान्न वा बुझ्नकै लागि जिज्ञासा गर्दा पनि चित्त बुझ्दो उत्तर नपाएकाले र अझ उल्टै जिज्ञासुहरु का जिज्ञासा को अवमूल्यन गर्न खोज्ने प्रवृत्ति का कारण ले एसो भएको होस् । हुन सक्छ, व्यवहार मा अकुशलता र समय सापेक्ष नहुँदा एस्तो स्थिति आएको होस् । चाहे जे भएर होस् संस्कार को मूल्य र उपादेयता मा प्रश्न चिन्ह लागेको अवस्था छ ।

कुनै पनि नीति-नियम, शासन-शास्त्र, विधिविधानहरु समय र समाजसापेक्ष हुन्छन् । देशकाल र परिस्थिति को परिवर्तन सँगै तेस्ता नियम, शास्त्र तथा विधिविधान का स्वरूप मा पनि हेरफेर एवं परिवर्तनहरु हुने गर्छन् । प्राचीन काल मा तेस्तो परम्परा रहेको बुझिन्छ । तर अहिले तेस्तो चलन नहुनाले तिथिबाह्य जस्ता देखिने कतिपय कुराहरु लाई समाज ले पचाउन गाह्रो मानिरहेछ । फलस्वरूप कैयौं विधिविधानहरु उपेक्षित हुँदै जान थालेका छन् ।

एस्तै-एस्तै कारण ले महत्त्वहीन जस्ता बनेर समाज जीवन बाट ओझेल पर्दै जान थालेका कतिपय हाम्रा परम्परित संस्कार लाई फर्केर हेर्दा त्यहाँ भित्र कैयौं कुराहरु ज्यादै महत्त्वपूर्ण र अवहेलना गर्न नहुने देखिएकाले ती संस्कारहरु लाई हाम्रो समाज र सामाजिक जीवन मा जीवन विज्ञान कै आधार मा प्रतिष्ठित गर्नु आवश्यक सम्झी यो पुस्तक तयार पार्ने प्रयत्न गरिएको छ । यद्यपि पुस्तक को आकार विस्तार का भय ले सबै कुरा को मसिनो अध्ययन-विश्लेषण गर्न सकिएको छैन र संस्कार विधि लाई छोटो छरितो बनाउने क्रम मा तेति आवश्यक नदेखिने कैयौं प्रसङ्ग र तत्सम्बन्धी ऋचा तथा मन्त्रहरु लाई छोडिएको पनि छ तर आवश्यक अंशहरु लाई भने अर्थ वा भाव सहित उल्लेख गरिएकै छ ।

साथै संस्कारहरु लाई वैज्ञानिक पृष्ठभूमि मा सकेसम्म सङ्क्षिप्त सुबोध तथा व्यावहारिक बनाएर प्रस्तुत गर्ने प्रयास यहाँ भएको छ । कर्म मा प्रयुक्त हुने प्रायः सबै संस्कृत का पङ्तिहरु, श्लोकहरु तथा मन्त्रहरु लाई सरल नेपाली पद्य तथा गद्य भाषा मा अनुवाद पनि गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अनि कर्म गर्ने विधि पनि नेपाली भाषा मा सुबोध बनाएर प्रस्तुत गरिएको छ । एस पुस्तक को सहयोग बाट सम्माननीय पढेलेखेकाहरु ले पनि संस्कारहरु को महत्त्व बुझ्ने छन् र पण्डित पुरोहितहरु को अभाव वा अनुपस्थिति मा पनि आफ्ना संस्कारहरु आफैले सम्पन्न गर्न सक्ने छन् भन्ने विश्वास मैले लिएको छू ।

हाम्रा संस्कार का बारेमा केही बुझ्ने जिज्ञासा जागेदेखि र केही लेख्ने जाँगर पलाएदेखि यो पुस्तक तयार पार्दा सम्म मैले जे जति व्यक्ति, संस्था, पुस्तक, पत्रिकाहरु बाट सहयोग लिएँ ती सबैप्रति हार्दिक आभार व्यक्त गर्दछू ।

एस ग्रन्थ प्रति आफ्ना अमूल्य मन्तव्य प्रदान गर्नु हुने प्रा. डा. तुलसीराम वैद्य ज्यू, नायब बडागुरु प्रा. डा. माधव भट्टराई ज्यू, प्रा. डा. दिल बहादुर क्षेत्री ज्यू, प्रा. मुकुन्दशरण उपाध्याय ज्यू, आचार्य लक्ष्मीशरण देव ज्यू, प्रा. हरिशरण उपाध्याय ज्यू प्रति विशेष आभारी छू । उत्साहपूर्वक हरेक किसिम का प्राविधिक सहयोग गर्नुहुने मेरा मित्र श्री शोभाकान्त गौतम ज्यू लाई हार्दिक धन्यवाद-ज्ञापन गर्दछू । एस पुस्तक मा प्रयोग गरिएका रेखाचित्रहरु बनाइदिएर सहयोग गर्नुहुने श्री विश्वराज पराजुली प्रति पनि कृतज्ञ छू । मेरा एस्ता कार्य मा उत्साह को उर्जा थप्ने श्रीमती लक्ष्मी अधिकारी र भाईहरु शालिग्राम अधिकारी, गोविन्दप्रसाद अधिकारी र हरिप्रसाद अधिकारी पनि हार्दिक धन्यवाद का पात्र छन् ।

थप विषयवस्तु तथा व्याकरण सम्बन्धी नवीन मान्यता को प्रयोग गरेर तृतीय संस्करण प्रकाशित गर्न पाउँदा आँफूलाई गौरवान्वित भएको महसूस गरेको छू । व्याकरण सम्बन्धी नवीन मान्यता का आधार मा भाषिक सम्पादन गर्न सहयोग गर्नुहुने आदरणीय मित्र लोकमणि पौडेल ज्यू मा हार्दिक आभार व्यक्त गर्दछू ।

एस पुस्तक को प्रकाशन मा हार्दिकतापूर्वक सहयोग गरेर आकर्षक साजसज्जा का साथ छपाइदिने **गोरखा पब्लिकेशन्स प्रा. लि.** तथा पुस्तक को आवरण तथा भित्री लेआउट डिजाइन मा सहयोग गर्ने प्रकाशन का कर्मचारीहरु सुषमा तिमल्सिना एवं अञ्जिता थापा लाई मन भरि को धन्यवाद ज्ञापन गर्दछू । अस्तु ।

– डा. नारायण प्रसाद अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

विद्वान् लेखक डा. नारायणप्रसाद अधिकारी को अत्यन्त लोकप्रिय प्रस्तुत कृति प्रकाशन गर्ने अवसर पाउँदा हामी हर्षित छौं । वि. सं. २०६३ साल को भदौ महिना मा यो पुस्तक पहिलो पटक छापिएको थियो । पुस्तक बजार मा अप्राप्य भएको केही वर्ष पछि वि. सं. २०६९ साल मा ब्राह्मण समाज नेपाल ले सहृदयतापूर्वक दोस्रो संस्करण निकालेर बजार मा ल्यायो । त्यो पनि केही समय मै दुर्लभ बन्यो । तेसपछि एसलाई आद्योपान्त संशोधन गरी व्याकरण सम्बन्धी नवीन मान्यता को प्रयोग गरेर प्रकाशित गर्ने लेखक को सदिच्छा अनुरूप यो पुस्तक प्रकाशित गरिएको छ ।

प्रस्तुत पुस्तक का विषय मा प्रा. डा. दिलबहादुर क्षेत्री ले भने झैं "एस ग्रन्थ को अध्ययन ले अज्ञान, अल्पज्ञान र अन्धज्ञान का कारण आफ्नै संस्कार-संस्कृति प्रति नकारात्मक आस्था राख्नेहरु का धारणा मा सकारात्मक परिवर्तन ल्याइदिनेछ, सकारात्मक आस्था राख्नेहरु मा आत्मविश्वास जगाइदिनेछ, र जानीनजानी कर्मकाण्ड गर्ने गराउने, पण्डितपुरोहित तथा यजमानहरु लाई तत्सम्बन्धी यथार्थ ज्ञान प्रदान गर्नेछ" भन्ने विश्वास मैले लिएको छू ।

गत संस्करण मा त्रुटिवश परेका केही अवैज्ञानिक कुराहरु एस संस्करण मा हटाइएको छ भने केही नवीन विषयहरु थपिएको पनि छ । कतिपय पाठकहरु को सुझाव लाई पनि हृदयंगम गरेर हल्का परिमार्जन गर्ने प्रयास पनि एसमा भएको छ ।

पाठकहरु ले एसलाई सहर्ष मन पराउनुहुने छ भन्ने हामीले आशा एवं विश्वास लिएका छौं । एस संस्करण मा पनि त्रुटिवश कतिपय कुराहरु छुटेका हुन सक्छन् । तेसका लागि हामी क्षमाप्रार्थी छौं र आगामी संस्करण मा तेसलाई सच्याउने प्रयास गर्ने छौं ।

– **गोरखा पब्लिकेशन्स प्रा. लि.**
धुम्बाराही, पीपलबोट
काठमाण्डू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कार

संस्कार शब्द को व्युत्पत्ति र अर्थ

संस्कार संस्कृत भाषा बाट नेपाली मा आएको शब्द हो। यो शब्द 'कृ' धातु मा 'सम्' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको छ। एसको शाब्दिक अर्थ हो राम्रो सँग गरिने काम वा राम्रो काम तर व्यवहार मा संस्कार शब्द ले माझ्नु, शुद्धयाउनु, चोख्याउनु, परिमार्जन गर्नु वा तेस्तै शुद्धीकरण को धार्मिक कृत्य भन्ने अर्थ बुझाउँछ। भाषा को लामो इतिहास मा प्रसङ्ग अनुसार संस्कार शब्द को प्रयोग यज्ञ का सामग्रीहरु को परिष्कार, निर्मलीकरण, शिक्षा, प्रशिक्षण, प्रभाव, स्वभाव, छाप, स्मरणशक्ति, अभिषेक आदि अर्थ मा पनि भएको छ। सर्वप्रथम ऋग्वेद मा शुद्ध वा पवित्र बनाउने अर्थ मा संस्कार शब्द प्रयुक्त भएको पाइन्छ। तेसपछि शतपथ ब्राह्मण तथा छान्दोग्य उपनिषद् मा निर्मलता र स्वच्छता को अर्थ मा एसको प्रयोग भएको भेटिन्छ। महर्षि जैमिनी ले चम्काउनु भन्ने अर्थ मा एसको प्रयोग गरेका छन्। वादरायण व्यास ले आफ्नो ब्रह्मसूत्र मा- व्यक्ति मा असल वातावरण का गुणहरु आरोहण गर्नका लागि विधिपूर्वक जे-जस्ता कर्म गरिन्छ तिनैको नाम संस्कार हो भनेका छन्। यही कुरा को उल्लेख उनले भागवत मा पनि गरेका छन्-

संस्कारा यदविच्छिन्नाः सद्विजोऽ जगाद यम्
इज्याध्ययनदानानि विहितानि द्विजन्मनाम्।
जन्मकर्मावदातानां क्रियाश्चाश्रमचोदिता : ॥ (भागवत ७।११।१३)

आयुर्वेद मा कुनै औषधि लाई रसायन बनाउने क्रम मा गरिने विधि लाई संस्कार भनिएको छ। जसरी प्राकृतिक खानी बाट प्राप्त फलाम, सून आदि कच्चा धातु लाई बारम्बार अग्नि र अन्य उपकरण का सहयोग ले शुद्ध र गुणस्तरीय बनाइन्छ, तेसैगरी मातृगर्भ बाट पशुवत् पैदा भएको मानव-शिशु लाई शिक्षादीक्षा, सत्सङ्ग, सद्भाव, वातावरण, परिवेश र सूझबूझ आदि कुरा ले सुसभ्य मानिस बनाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

मानव जीवन मा संस्कार को महत्त्व

हाम्रा प्राचीन तत्त्ववेत्ता ऋषिहरु ले एउटा मानिस लाई उसको सामान्य अवस्था बाट उठाएर सुसभ्य, सुसंस्कृत र देवतुल्य विकसित मनुष्य बनाउने जुन उपायहरु को खोजी गरे तिनै कुराहरु को समष्टि नाम संस्कार हो। तिनै संस्कारहरु को ठीक-ठीक उपयोग गरेर हजारौं लाखौं मानिसहरु ले आफ्नो जीवन लाई भव्य, दिव्य, सफल र सार्थक बनाए। संस्कार मानव लाई आफ्नो उन्नति वा उत्थान को चरमोत्कर्ष मा पुऱ्याउने प्रमुख साधन रहँदै आएको कुरा नकार्न सकिंदैन। तर, समय र परिस्थिति मा आएको परिवर्तन ले कालान्तर मा ती संस्कारहरु उपेक्षित हुन पुगे। संस्कार का नाम मा परम्परा धान्ने कार्य मात्र भयो फलस्वरूप मानवजाति फेरि दीनहीन बन्दै उही पाशविकता को शिकार बन्न पुग्यो; मानवता गिऱ्यो।

मानिस अहिले जहाँ आइपुगेको छ; त्यहाँ एकैछिन उभिएर अतीत तिर हेर्दा एकातिर मानिस ले छोड्नु पर्ने अनेक विकृतिहरु लाई संस्कृति का नाम मा अँगाल्दै आएको देखिन्छ भने अर्कातिर कतिपय छोड्नै नहुने कुरा पनि परम्परागत वा पुराना कुरा भनेर छोड्दै आएको देखिन्छ। कतिपय नितान्त जीवनवादी र विज्ञानसम्मत कुराहरु लाई रुढिधर्म र अन्धविश्वास का आवरण ले ढाकेर बेकम्मा बनाएको पनि देखिन्छ। तर, अब त्यो आलोकमय अतीत माथी लागेको अन्धविश्वास र रुढिवाद को पर्दा पनि खोल्नु पर्ने र अनन्त सम्भावनामय भविष्य का बाटा मा छरिएका जडतापूर्ण अवरोधहरु पनि हटाउनु पर्ने बेला आएको छ। बेला आएको छ- धराशायी हुँदै गएको मानवता लाई फेरि उठाउने, मानव को मनोभूमि उच्च पार्ने र मानवीय चेतना लाई अझ जगाउने। एसका लागि सशक्त माध्यम बन्न सक्छन् हाम्रा शुभ संस्कारहरु। तेसैले ती सुषुप्त संस्कारहरु लाई वैज्ञानिक धरातल मा पुनर्जागरित र पुनःस्थापित गर्नुपर्ने आवश्यकता अहिले खट्किएको छ। संस्कार ले नै हामीलाई सुसंस्कृत, सुसभ्य र समुन्नत बनाउँछन्। संस्कार मूलतः शुद्धीकरण को प्रक्रिया हो। जीवात्मा अनेकौं पाशविक योनिहरु पार गरेर मनुष्ययोनि मा आएको हुनाले उसमा थुप्रै पाशविक वृत्तिहरु, अनेक दोष र कमजोरीहरु रहेका हुन्छन्। तिनको सफाई गरेर उसलाई विशुद्ध मानव, अझ दिव्य मानव बनाउने उद्देश्य ले मानिस का निमित्त गर्भावस्था देखि नै विभिन्न संस्कार को व्यवस्था गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कार को वैज्ञानिक पक्ष

जीव र जीवन का बारे मा लामो तथा सूक्ष्म अध्ययन अनुसन्धान गरेर नै जीवनवैज्ञानिक ऋषिहरु ले समाज मा संस्कारहरु को व्यवस्था गरेका हुन्। तात्त्विक रूप मा भन्नु पर्दा संस्कार भनेको अस्वच्छ, अस्वस्थ र अपरिष्कृत जीव लाई स्वच्छ, स्वस्थ र परिष्कृत बनाउने आध्यात्मिक उपचारविधि हो। अर्थात् शरीर र मन मा रहन गएका दोषहरु मेटाउँदै, कमीकमजोरीहरु हटाउँदै असल एवं दिव्य गुणहरु थप्दै मानिस लाई सुसभ्य र सुसंस्कृत बनाउने शास्त्रीय कर्म नै संस्कार हो।

सम्बन्धित कर्म गर्दा उच्चारण गरिने वेदमन्त्रहरु को पावन तथा शक्तिशाली ध्वनितरङ्ग ले, यज्ञीय वातावरण ले र तेस बखत मन मा राखिने शुभ भावना ले वा तिनको संयुक्त स्पन्दन ले व्यक्ति को गुण, कर्म र स्वभाव मा विशिष्ट परिवर्तन ल्याइदिन्छन्। यही नै एस बाट हुने आध्यात्मिक तथा मनोवैज्ञानिक उपचार हो। एस्तो उपचार ले व्यक्तित्व-विकास मा आश्चर्यजनक परिणाम प्राप्त हुन्छ र व्यक्ति लाई सुसंस्कृत, विकसित, सौजन्यपूर्ण र कर्तव्यपरायण बनाउन मद्दत गर्छ। शास्त्रहरु मा एस्ता संस्कारहरु को विस्तृत चर्चा भएको पाइन्छ।

संस्कारहरु को मूलभूत उद्देश्य मानिसहरु जीवन का महत्त्वपूर्ण क्षणहरु लाई बढ्ता ध्यान दिएर उपयोगी बनाउन सक्षम होऊन् भन्ने नै हो। संस्कारहरु को आयोजना ले मानिस का विशेष कर्महरु ले सामाजिक स्वरूप ग्रहण गर्दछन् र ती घटनाहरु ले विशेष उत्सव को रूप मा मनाउने अवसर दिन्छन्। संस्कार को आयोजन ले जीवन का विविध पक्ष मा मानसिक र भौतिक तबर ले टेवा पुऱ्याउनु सँगै मानिस लाई समाज मा घुलमिल हुन मद्दत गर्दछ।

संस्कार को संख्या र क्रम

ऋषिहरु ले देश, काल, पात्र र परिस्थिति अनुसार संस्कारहरु को संख्या फरक-फरक निर्धारण गरेका छन्। तेसैले संस्कारहरु को संख्या कहीं ११, कहीं १२, १३, १६, २४, ३१ र कहीं ४८ सम्म रहेको पाइन्छ। हाम्रो परम्परा मा तीमध्ये सोह्र संस्कार बढी चर्चित भए तापनि व्यवहार मा भने ती सबैको समुचित पालना भएको देखिन्न। गर्भाधान त हुन्छ तर तेसलाई संस्कार को रूप दिइन्न। पुंसवन, सीमन्तोन्नयन र जातकर्म जस्ता अत्यन्त महत्त्वपूर्ण संस्कारहरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
गर्ने छोडिएका छन् । नामकरण, व्रतबन्ध, विवाह र अन्त्येष्टि संस्कारहरु सामान्यतया गरिएको देखिन्छ तर तिनका प्रयोजन को अज्ञानता ले गर्दा विधिविधान मा प्रशस्त त्रुटि देखिन्छन् । निष्क्रमण, अन्नप्राशन, मुण्डन वा छेवर, कर्णवेध, अक्षरारम्भ जस्ता कर्महरु परम्परित रूप मा मात्र गरिन्छन् तर तिनमा प्रयुक्त हुने विधिविधान को पर्वाह गरिन्न । चूडाकरण, उपनयन, वेदारम्भ र समावर्तन लाई व्रतबन्ध कै नाम बाट त्यही समय मा एकैसाथ सम्पन्न गरिन्छ । तिनको पृथक् महत्त्वबोध गर्न छोडिसकिएको छ । नाक, कान छेड्ने जस्ता कुराहरु पनि शृङ्गार का लागि गहना लगाउने उद्देश्य बाहेक अरु प्रयोजन नदेखिनाले छुट्दै गएका छन् । तर यहाँ एस पुस्तक मा गर्भाधान देखि मृत्यु सम्म का निम्नलिखित सोह्र संस्कारहरु को उपयोगिता र विधि लाई सङ्क्षिप्त रूप मा प्रस्तुत गरिएको छ -

१. गर्भाधान संस्कार
२. पुंसवन संस्कार
३. सीमन्तोनयन संस्कार
४. जातकर्म संस्कार
५. नामकरण संस्कार
६. निष्क्रमण संस्कार
७. अन्नप्राशन संस्कार
८. केशान्त संस्कार
९. कर्णवेध संस्कार
१०. अक्षरारम्भ संस्कार
११. चूडाकरण संस्कार
१२. उपनयन संस्कार
१३. वेदारम्भ संस्कार
१४. समावर्तन संस्कार

व्रतबन्ध/व्रतादेश

१५. विवाह संस्कार
१६. अन्त्येष्टि संस्कार

यी बाहेक षष्ठिकापूजन (छैठी), जन्मोत्सव र विवाहोत्सव लाई पनि आवश्यक संस्कार ठानेर यहाँ समावेश गरिएको छ ।

ooo

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्भाधान संस्कार

संस्कार का रूप मा गर्भाधान

मानसिक र शारीरिक दृष्टि बाट गर्भधारण गर्न र वीर्यदान गर्न योग्य स्त्री-पुरूष को समागम बाट जीवात्मा नयाँ गर्भ मा स्थापित हुनुलाई 'गर्भाधान' भनिन्छ। हिन्दू संस्कारहरु मा एसलाई मानव जीवन को पहिलो संस्कार मानिएको छ। दाम्पत्य जीवन को एउटा प्रमुख उद्देश्य असल गुण ले युक्त निरोगी, दीर्घायु, र सुशील सन्तान जन्माउनु पनि हो तर अधिकांश दम्पतीहरु व्यावहारिक रूप मा एस उद्देश्य प्रति तेति सचेत भएको पाइन्न। विवाह हुनु र सन्तान जन्मिनु सहज र स्वाभाविक कुरा हो तर विशिष्ट किसिम को सन्तान जन्माउनु वा जन्माउने प्रयत्न गर्नु विशेष कुरा हो। एसका लागि केही विधिविधानहरु को पालना गर्नुपर्छ। अधिकांश सन्ततिहरु बाबुआमा को चाहना विना खेलखेल मै जन्मिन्छन्। एसरी जन्मिने सन्तान सुसंयोग ले कुनै असल पनि हुन्छन्; त्यो छुट्टै कुरा हो तर एस्तो बेहोशी मा जन्मिएका सन्तानहरु सामान्यतया बाबुआमा र समाज का लागि भार बनिरहेका हुन्छन् जसले गर्दा अधिकांश दम्पतीहरु को गृहस्थजीवन तेति सुखदायी बन्न पाउँदैन। जीवन लाई सुखी, कर्म लाई सार्थक र सन्तान लाई सुशील बनाउनका लागि पतिपत्नी दुवै शारीरिक, मानसिक र आत्मिक रूप ले शुद्ध भएर सन्तानोत्पादन हेतु विधिपूर्वक गरिने समागम संस्कार लाई गर्भाधान संस्कार भनिन्छ।

गर्भाधान बाटै एउटा जीवात्मा अव्यक्त बाट व्यक्त हुन्छ, निराकार बाट आकार मा आउँछ। यहीं देखि उसको एस जीवन को यात्रा शुरु हुन्छ। यात्रा राम्रो-नराम्रो, सुखद-दुःखद कस्तो हुन्छ भन्ने कुरा जसरी साइत ले बताउँछ, तेसैगरी जीवन सफल, असफल सुखी-दुःखी कस्तो हुन्छ भन्ने कुरा गर्भाधान ले बताउँछ। गर्भाधान भन्नु जीवनयात्रा को पहिलो साइत हो। तेसैले प्राचीन रहस्यदर्शी जीवनवैज्ञानिक ऋषिहरु ले गर्भाधान लाई जीवन को पहिलो संस्कार मानेका छन् किनभने यहीं बाट मानवजीवन लाई सुन्दर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
र सुसंस्कृत बनाउने अभियान शुरू हुन्छ। तर, वर्तमान मा गर्भाधान लाई संस्कार का रूप मा अपनाउने चलन हराइसकेको छ। गर्भाधान पछि गर्नुपर्ने पुंसवन, सीमन्तोन्नयन, जातकर्म जस्ता संस्कारकर्महरु पनि विधिपूर्वक गरेको पाइन्न।

विचारणीय कुरा के छ भने जब हामी कुनै यात्रा को तयारी गर्छौं, साइत जुराउँछौ। खेतीपाती का लागि बीउ, बियाड राख्दा पनि दिन, बार, बेला को विचार गर्छौं। कुनै निर्माण कार्य थाल्दा, मठमन्दिर, घरगोठ, कलकारखाना आदि को शिलान्यास गर्दा दिन, बार, तिथि, नक्षत्र आदि को शुभाशुभ हेर्छौं। संस्कारमूलक अन्य कर्महरु पास्नी, छेवर, व्रतबन्ध, विवाह आदि गर्दा पनि शुभ बेला, शुभ लग्न र ग्रहदशा जुराउँछौं तर एस धर्ती का लागि नयाँ पाहुना को जीवनयात्रा कै आरम्भ गर्भाधान जस्तो अत्यन्तै महत्त्वपूर्ण कर्म गर्दा भने न हामी तिथिबार को ख्याल गर्छौं; न शुभ बेला पर्खिन्छौं; न शुभमुहूर्त हेर्छौं; न विधिविधान कै पर्वाह गर्छौं। एसरी जीवन को आरम्भ मै लापर्वाही गर्न पुग्छौं र जीवनभरि चिन्ता गर्छौं- सन्तान गुणवान्, सुशील, सुन्दर र भने जस्ता भएनन् भनेर। स्वयं जन्म लिने सन्तान ले पनि आफ्नो जीवन भने जस्तो नभई असफल भएकामा दुःख मान्छ, भाग्य लाई दोष दिन्छ, विषादपूर्ण जीवन बाँच्न बाध्य हुन्छ। यी एस्ता कुराहरु को परिहार गर्दै इच्छा अनुसार का छोराछोरी जन्माएर जीवन लाई सुखमय र सार्थक बनाउने उपाय र विधिविधान को खोजी प्राचीन जीवनवैज्ञानिक ऋषिहरु ले गरेका छन् जसको ठीक सँग पालना गर्नाले उपयुक्त परिणाम प्राप्त हुने कुरा निश्चित छ। तिनै रहस्यदर्शी ऋषिहरु ले आयुर्वेद, उपनिषद्, गृह्यसूत्र आदि ग्रन्थ मा बताएका केही विधिहरु को उल्लेख यहाँ गरिन्छ।

क्षेत्र-शुद्धि

प्राचीन अध्यात्मविज्ञान तथा आधुनिक परामनोविज्ञान दुवै आत्मतत्त्व को अध्ययन गर्ने सूक्ष्म विज्ञान हुन्। इनका अनुसार अस्तित्व मा शुभ वा अशुभ संस्कार ले युक्त अनन्त आत्माहरु विचरण गरिरहन्छन्। तिनीहरु आफ्ना लागि उपयुक्त जीव-गर्भ को खोजी मा हुन्छन्। शुद्ध आहारविहार, पवित्र भावना र असल आचारविचार ले युक्त भएको संयमित र पवित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गर्भतिर शुभ संस्कार ले युक्त भएका पवित्र आत्माहरु आकर्षित हुन्छन् भने अशुद्ध आहारविहार, नराम्रो भावना र खराब आचारविचार भएका गर्भ तिर अशुभ संस्कार बोकेका आत्माहरु ले आफ्नो आश्रय बनाउँछन्। राजा शुद्धोदन र महामाया ले आषाढ महीना मा सात दिन सम्म उत्सव मनाएर व्रत बसी विधिपूर्वक गर्भाधान गरेको र राति सपना मा देवीदेवताहरु ले सेवा गरिएकी महामाया का सामू सुमेध नामक एउटा बोधिसत्त्व आत्मा आएर "तपाईं मेरी आमा बनिदिनुहोस्, तपाईंको पवित्र गर्भ मा आश्रय लिएर म अन्तिम पटक पृथ्वी मा जन्मिन चाहन्छू" भनेको अनि तेसै गर्भ बाट गौतम बुद्ध को जन्म भएको प्रसङ्ग बुद्धसाहित्य मा पढ्न पाइन्छ भने खराब समय मा गर्भाधान गरेकाले कश्यप र दिति बाट हिरण्याक्ष र हिरण्यकशिपु जस्ता आसुरी जीवात्मा ले जन्म लिएको प्रसङ्ग श्रीमद्भागवत मा छ। एस्ता अनगिन्ती उदाहरणहरु धार्मिक तथा सन्तसाहित्य मा देख्न पाइन्छन्। हामी गर्भ मा आएर जन्मेका सन्तान लाई कस्तो शिक्षादीक्षा र संस्कार दिने भनेर त खूब विचार गर्छौं तर गर्भ मा कस्तो आत्मा लाई बोलाउने वा महान् आत्मा लाई कसरी गर्भ मा आकर्षित गर्ने भन्ने बारे मा भने विचारै गर्दैनौं। स्मृतिसङ्ग्रह मा भनिएको छ-

निषेकाद् वैजिकं चैनो गार्भिकं चापमृज्यते
क्षेत्रसंस्कारसिद्धिश्च गर्भाधानफलं लभेत्।

अर्थात्- संस्कारपूर्वक गर्भाधान गर्नाले रजवीर्य तथा गर्भसम्बन्धी दोष नाश हुन्छ र संस्कार द्वारा क्षेत्र को शुद्धि हुन्छ, यही नै गर्भाधान संस्कार को फल हो।

आहार-शुद्धि

जस्तो अन्न उस्तै तन, जस्तो तन तेस्तै मन र जस्तो तन-मन तेस्तै जीवन भन्ने उखान ले जीवन राम्रो बनाउन आहार राम्रो हुनु पर्छ भन्ने कुरा को बोध गराउँछ। उपनिषद् मा पनि भनिएको छ- **"आहारशुद्धौ सत्वशुद्धिः सत्वशुद्धौ ध्रुवा स्मृतिः।"**

गीता लगायत अन्य धर्मशास्त्र, आयुर्वेद तथा स्वास्थ्यविज्ञान ले पनि जीवन मा आहार को महत्त्व बारे प्रशस्त प्रकाश पारेका छन्। सबैको एउटै निष्कर्ष छ- जीवन राम्रो बनाउन लाई आहार राम्रो हुनु पर्छ। अतः आहार सम्पूर्ण जीवन भरि नै शुद्ध, सात्विक र बल, वीर्य, ओजवर्धक तथा पौष्टिक हुनु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पर्छ। यो सर्वसम्मत सिद्धान्त हो। तेसो हुन नसके पनि कमसेकम गर्भाधान को बेला मा त हाम्रो आहार अवश्य नै राम्रो हुनु पर्छ किनभने अघिपछि को आहार ले आफ्नो जीवन लाई मात्र असर पार्छ भने गर्भाधान का बेला को बाबुआमा को आहार ले त गर्भ मा आउने, हुर्किने र जन्मिने शिशु लाई समेत असर पार्छ। महान् चिकित्साशास्त्र आयुर्वेद मा भनिएको छ-

आहाराचारचेष्टाभिर्यादृशीभिः समन्वितौ।
स्त्रीपुंसौ समुपेयातां तयोः पुत्रोऽपि तादृशः॥

अर्थात्- गर्भाधान का समय मा स्त्री र पुरुष ले जस्तो आहार, आचरण, विचार र चेष्टा गर्छन् तिनको सन्तान पनि तेस्तै किसिम को हुन्छ।

अतः गर्भाधान का बखत र तेसको अघिपछि बाबुआमा दुवै को र गर्भ धारणपश्चात् आमा को आहार मा विशेष ध्यान पुऱ्याउनु पर्छ। यहाँ केवल गर्भाधान का बेला को आहार को चर्चा गरिन्छ।

गर्भाधान को दिन र तेसभन्दा पूर्व का दिनहरु मा पनि पतिपत्नी दुवै ले हल्का, सुपाच्य, ताजा, शक्तिवर्धक र स्वादिष्ट खानेकुराहरु मात्र खानु पर्छ। भोजन को पवित्रता र सात्त्विकता मा पनि उत्तिकै ध्यान दिनु पर्छ। बासी, डढेका, काँचा, उग्रगन्ध र उग्रस्वादयुक्त, गरिष्ठ, मादक र तामसी खालका खानेकुरा खानु हुँदैन। खासगरी तेस दिन को भोजन मा मुंग र चामल मिसाएर बनाएको घृतमिश्रित खिचडी उत्तम मानिएको छ। सीमित मात्रा मा ताजा मिठाईंहरु र खीर खानु पनि राम्रो हुन्छ। पेय मा फल को रस वा मह मिसाएको दूध पिउनु उपयुक्त हुन्छ। गर्भाधान का बेला खाना का कारण ले पेट भारी भएको अनुभव पनि नहोस् र भोक वा तिर्खा लागेको अनुभव पनि नहोस्। संसर्ग गर्नुभन्दा तीन घण्टा पहिले खाना र एक घण्टा पहिले मह राखेको दूध पिउनु राम्रो हुन्छ।

शारीरिक स्थिति

गर्भाधान मा पतिपत्नी को शारीरिक अवस्था पूर्ण सन्तुलित हुनु पर्छ। दुवै स्वस्थ हुनु पर्छ। भोक र तिर्खा बाट मुक्त हुनु पर्छ। कुनै रोग ले ग्रस्त भएको बेला मा वा शरीर मा पीडा भइरहेका अवस्था मा रहेको गर्भ स्वस्थ हुँदैन। दुवै ले यथाशक्य शृङ्गार गर्नु राम्रो हुन्छ। वस्त्राभूषणहरु सफा, आरामदायी र आकर्षक हुनु पर्छ। आफूलाई मन पर्ने सुगन्ध को प्रयोग गर्न सकिन्छ। शारीरिक तथा मानसिक अवस्था ठीक नभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अवस्था मा गर्भ रह्यो भने तेसबाट लुलो, लङ्गडो, ढाड कुप्रिएको, असन्तुलित मन भएको वा सुस्त मनःस्थिति को शिशु पैदा हुने डर हुन्छ। अतः गर्भाधान का बेला दुवै को शरीर स्वस्थ र मन प्रसन्न हुनु पर्छ।

मानसिक अवस्था

गर्भाधान का समय मा सबैभन्दा महत्त्वपूर्ण भूमिका पतिपत्नी को मानसिक अवस्था ले खेल्ने गर्छ। एति बेला को बाबुआमा को मनोदशा को प्रभाव गर्भ मा प्रवेश गर्ने भ्रूण मा निकै गहिरो सँग पर्ने हुनाले गर्भोपनिषद् आदि शास्त्रहरु मा गर्भाधान गर्दा गर्भाधानकर्ता को मन प्रसन्न र शुभ भावना ले भरिएको हुनु पर्छ भनिएको छ। एस बखत आफूलाई कस्तो किसिम को सन्तान को चाहना छ त्यही अनुसार को मनोभाव तयार पार्नु उपयुक्त हुन्छ। यदि बाबुआमा लाई आफ्ना सन्तान महान् कलाकार, साहित्यकार बनून् भन्ने चाहना छ भने महान् कलाकार, साहित्यकारहरु को सम्झना गर्दै तिनका तस्बीर र कलाकृति को अवलोकन र आस्वादन गर्नुपर्छ। दार्शनिक एवं वैज्ञानिक किसिम का सन्तान को चाहना हुनेले तेस्तै किसिम का व्यक्तिहरु को र ज्ञानी, ध्यानी, सन्त, भक्त, योगी सन्तान चाहनेले तदनुरूप का व्यक्तित्व र विभूतिहरु को वा आँफूलाई मन पर्ने भगवान् का स्वरूपहरु को चिन्तनमनन, तिनका चित्रपटहरु को वा मन्दिरहरु को दर्शन गर्नु राम्रो हुन्छ। सुत्ने कोठा लाई पनि तेस्तै महान् व्यक्ति वा भगवान् का तस्वीर तथा महावाक्यहरु ले सजाउन सकिन्छ। शास्त्रपाठ, इष्टमन्त्र तथा महामन्त्रहरु को जप ले पनि मन लाई दिव्यता तिर उन्मुख बनाइदिन्छ।

भगवान् धन्वन्तरि ले भन्नुभएको छ- "ऋतुमती भएको चौथो दिन स्नान गरेर स्त्री ले सर्वप्रथम जस्तो मानिस लाई देख्छिन्, तेस पटक गर्भाधान भएर जन्मिने सन्तान पनि तेस्तै किसिम को रूप, गुण र स्वभाव को हुन्छ। अतः ऋतुस्नान पछि स्त्री ले आफूले आदर्श ठानेका महापुरुष तथा भगवत्विग्रह आदि को दर्शन चिन्तन गरून् वा आफ्नै पति को दर्शन गरून्।" भक्तिवेदान्त स्वामी प्रभुपाद ले आफ्ना शिष्यहरु लाई एस्ता अवसर मा धेरै भन्दा धेरै यो महामन्त्र जप्ने निर्देशन दिनुभएको छ-

"हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे,
हरे राम हरे राम, राम राम हरे हरे।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

श्वासप्रश्वास

गर्भाधान का समय मा विचार पुऱ्याउनु पर्ने अर्को पनि एउटा कुरा छ त्यो हो- श्वासप्रश्वास को अवस्था। हाम्रो श्वास सधैं एउटै गति मा एकैतिर बाट मात्रै चल्दैन। कहिले दायाँ र कहिले बायाँ नाक बाट चल्छ। दाहिने तिर बाट सास चल्नु लाई सूर्य गति भनिन्छ भने बायाँ तिर बाट चल्नु लाई चन्द्र गति भनिन्छ। हाम्रा सम्पूर्ण क्रियाकलाप मा श्वासप्रवाह को ठूलो प्रभाव हुन्छ। एस विषय को एउटा छुट्टै शास्त्र छ जसलाई 'स्वरोदय शास्त्र' भनिन्छ। गर्भाधान का बेला मा पुरुष को दाँया नासापुट बाट र स्त्री को बायाँ नासापुट बाट सास चल्नु लाई उत्तम मानिन्छ। यदि स्वतः एस्तो अवस्था नभए प्राणायाम द्वारा वा अन्य उपाय ले पनि श्वासप्रवाह लाई आफूले चाहेको गति मा ल्याउन सकिन्छ। अर्थात् दायाँ नासापुट मा श्वास ल्याउन १५-२० मिनट बायाँ कोल्टो सुत्ने र बायाँ तर्फ श्वासप्रवाह ल्याउनका लागि १५-२० मिनेट दायाँ कोल्टो सुत्नु पर्छ।

आसन

कामशास्त्र मा सम्भोग का धेरै तरीका र आसनहरु को चर्चा छ। कहीं त एस्ता आसनहरु ८४ सम्म पुऱ्याइएको पाइन्छ। यौनक्रिया को आनन्द लिन र मनोरञ्जन गर्न ती थरीथरी का यौनआसनहरु इच्छानुसार प्रयोग गर्न सकिने भए पनि खास गर्भाधान कै प्रयोजन का लागि स्त्री ले सजिलो सँग उत्तानै सुत्नु उपयुक्त हुन्छ। किनभने दाहिने कोल्टो पर्दा कफ को प्रभाव बढी पर्ने, बायाँ कोल्टो पर्दा पित्त बढ्ने र घोप्टो वा घुँडा टेकेर लिइएमा वायु को प्रभाव बढी पर्ने हुन्छ। उत्तानो अवस्था मा यी तीनै तत्त्व सामान्य स्थिति मा हुन्छन्। तेसैले आयुर्वेद शास्त्र मा यही आसन लाई गर्भाधान का लागि सबैभन्दा उपयुक्त मानिएको छ। गर्भाधान का लागि गरिने सम्भोग का बेला स्त्री ले शिरानी पूर्व वा उत्तर तिर गर्नु राम्रो हुन्छ।

ठाउँ

गर्भाधान का लागि स्थान को पनि उस्तै महत्त्व छ किनभने ठाउँ को प्रभाव तन र मन मा नपरी छोड्दैन। एसका लागि एकान्त ठाउँ, सुसज्जित कोठा, सफा सुग्घर तथा सुन्दर परिवेश, आरामदायी बिस्तरा, सुगन्धित वातावरण हुनु पर्दछ। देवमन्दिर, मसानघाट, जङ्गल, अर्काको घर, चौबाटो, पानीभित्र तथा गौशाला जस्ता ठाउँ गर्भाधान का लागि उपयुक्त हुँदैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समय

गर्भाधान का लागि समय को पनि ज्यादै महत्त्वपूर्ण भूमिका हुन्छ। कुसमय मा भएको गर्भाधान खतरापूर्ण र अशुभ हुन्छ। सामान्यतया महीनावारी भएको ९६ घण्टा सम्भोग का लागि निषिद्ध समय हो। एस बाहेक दुवै पक्ष का अष्टमी, एकादशी, औंसी र पूर्णिमा तिथि तथा ग्रहणकाल निषिद्ध छन्। सूर्योदय र सूर्यास्त को बेला पनि निषिद्ध छ। सन्ध्याकाल को गर्भाधान बाट आसुरी प्रवृत्ति का सन्तान जन्मिन्छन् भन्ने प्रमाण श्रीमद्भागवत तृतीय स्कन्ध मा दिइएको छ। कुनै व्रत, उपवास र पितृश्राद्ध का दिन पनि गर्भाधान गर्नु हुँदैन। यी बाहेक का समय मा, खास गरी रात को समय सूर्यास्त भएको तीन घण्टा पछि देखि सूर्योदय भन्दा तीन घण्टा अघि सम्म उपयुक्त मानिन्छ। तेसमा पनि रात को ९ बजे देखि १२ बजे सम्म को बेला सबैभन्दा उत्तम मानिएको छ। बार का हिसाब ले सोमबार का रात को सन्तान बुद्धिमान्, सन्तोषी र मातृभक्त हुन्छ भने बिहीबार को सन्तान सबै प्रकार का उत्तम गुण ले युक्त हुन्छ। तेसैगरी शुक्रबार को सन्तान विद्वान्, तपस्वी र ऐश्वर्यवान् हुन्छ भनिएको छ। मानवजाति का अग्रज तथा मार्गदर्शक मनु ले आफ्नो स्मृतिग्रन्थ मा लेखेका छन्-

ऋतुः स्वाभाविकः स्त्रीणां रात्रयः षोडशः स्मृताः
चतुर्भिरितरैः सार्धमहोभिः सद्विगर्हितैः ॥
तासामाद्याश्चतस्रस्तु निन्दितैकादशी च या।
त्रयोदशी च शेषस्तु प्रशस्ता दशरात्रयः ॥
युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु।
तस्माद् युग्मासु पुत्रार्थी संविशेदार्तवे स्त्रियम् ॥ (मनु ३, ४६-४८)

अर्थात्- महिलाहरु को गर्भाधान को स्वाभाविक समय रजोदर्शन का दिनदेखि १६ रात सम्म को हुन्छ। यी मध्ये पहिलो चार रात सम्म वा रज बन्द नभए सम्म सहवास गर्नै हुँदैन। तेसैगरी १३ औं रात पनि अशुभ मानिन्छ र बाँकी रहेका १० रात्रिहरु गर्भाधान का लागि उपयुक्त हुन्छन्। तिनमा पनि छोरो चाहनेले ६, ८, १०, १२, १४, १६ रात्रि मा र छोरी चाहनेले ५, ७, ९, ११, १५ रात्रि मा समागम गर्नु राम्रो हो। तर पाँचौं र छैटौं रात्रि का सन्तानहरु उत्तम नहुने भएकाले ती रातहरु त्याग्नु वेश छ भन्ने शास्त्रवचन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसो भनेर पाँचौं र छैटौं दिन मा पनि रक्तस्राव हुन सक्ने सम्भावना लाई ध्यान दिइएको हुन सक्छ। एस्तो व्यवस्था गर्नुका पछाडी ज्यादै सूक्ष्म वैज्ञानिक कारणहरु हुन सक्छन् जसको सम्बन्ध स्त्री र पुरुष मा हुने रज र वीर्य को घटीबढी, गुणवत्ता र कामोत्तेजना सँग पनि जोडिएको होस्।

गर्भाधानविधि -१

पारष्कर गृह्यसूत्र तथा शतपथ ब्राह्मण आदि ग्रन्थहरु मा असल सन्तान प्राप्ति को उद्देश्य राखेर गृहस्थ दम्पती द्वारा गरिने गर्भाधान का लागि विशेष नियम तथा विधि को उल्लेख पाइन्छ। जस अनुसार-

१. रज बन्द भएपछि पत्नी लेस्नान आदि नित्यकर्म सकेर पवित्र हुने।
२. शुद्ध बनेर कुनै देवमन्दिर जाने वा महापुरुष को दर्शन गर्ने वा कोठा मा भगवान्, महापुरूषहरु तथा इष्टदेव का तस्वीरहरु सजाउने।
३. पञ्चोपचार (चन्दन, फूल, धूप, दीप, नैवेद्य) वा षोडशोपचार ले दीप कलश, गणेश लगायत श्रीविग्रह को पूजा गर्ने।
४. यथाशक्य आफूले पाएका मन्त्र वा महामन्त्र को जप गर्ने।
५. चलन, परम्परा, निष्ठा वा रूचि अनुसार स्तुति, वन्दना र शास्त्रपाठ वा ध्यान-साधना गर्ने र अन्त मा भगवान् मा कर्म समर्पण गर्ने।

तेसपछि सम्भव भए उपयुक्त पात्र लाई अन्न, वस्त्र, द्रव्य आदि दान गर्ने। शुद्ध शाकाहारी, पवित्र, रूचिकर, सुपाच्य र शक्तिवर्द्धक भोजन गर्ने। सकेसम्म दूध, फल, मिठाईं, खीर, मह, ताजा घिउ वा मक्खन जस्ता वस्तु लाई भोजन मा समावेश गर्ने। आफूले चाहेजस्तो सन्तान को कल्पना गर्दै तेस्तै गुण, रूप र विशेषताहरु को चिन्तन गर्दै, आफ्ना इष्टदेव, महापुरुष, आदर्श व्यक्तित्व वा भगवान् को स्मरण तथा चर्चा गर्दै र सकारात्मक र राम्रा विचारहरु मन मा भर्दै दिन बिताउने। साँझ पनि तेस्तै रूचिकर र सुपाच्य सात्विक भोजन गर्ने। शयनकक्ष मा जानुपूर्व दुवैले मह मिसाएको दूध एक-एक गिलाँस पिउने। शयनकक्ष मन्द सुगन्ध र मन्द उज्यालोयुक्त होस्। रूचि अनुसार सजाइएको सुकोमल बिस्तरा होस्। मन खोलेर प्रेमपूर्ण वार्तालाप गरियोस्। प्रेमक्रीडाहरु चलून्। इच्छित सन्तान का बारे मा चर्चा चलोस्। दुवैका मन मा उस्तै उत्तम भावना अङ्कित होऊन्। "हामी बाट सुन्दर, स्वस्थ, मेधावी र उत्तम गुण ले युक्त सन्तान जन्मिनेछ" भन्ने संकल्प गर्दै पूर्व शिरानी गरेर शुभ बेला मा गर्भाधान गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बृहदारण्यक उपनिषद् मा गर्भधारण का बेला पतिपत्नी ले देवताहरु सँग एस्तो प्रार्थना गर्ने निर्देशन दिइएको छ-

गर्भं धेहि सिनीवालि गर्भं धेहि पृथुष्टके ।
गर्भं ते अश्विनीदेवावाधत्तां पुष्करस्रजौ ॥

अर्थात्- हे कल्याणी, महादेवी सिनीवालि पृथुष्टक ।
गर्भधारण का लागि देऊ सामर्थ्य उत्तम ॥
राम्रा कमल का फूल तथा माला लगाउने ।
गर्भ पुष्टि गरून् साथै अश्विनी का कुमार ले ॥

गर्भविज्ञान अनुसार गर्भाधान पश्चात् कम्ती मा ३० देखि ५० मिनेट सम्म सम्बन्धित महिला उठ्नु हुँदैन । तेसपछि उठेर दुवै ले पानी को प्रयोग गर्न सक्छन्; नुहाउन सक्छन् ।

गर्भाधानविधि-२

गर्भाधान को अर्को वैदिक विधि पनि छ जस अनुसार-

१. रजोवती भएपछि रज बन्द भएको दिन बिहान स्नान आदि नित्यकर्म सकेर पवित्र भएपछि सम्भव भए आफैले पूजासामग्री, चामल, चन्दन, अक्षता, धूप, दीप, फूल आदि र हवन का लागि पायस समेत तयार बनाई पूजास्थल मा जाने वा घरै मा एस्तो ठाउँ बनाउने ।
२. संक्षिप्तविधि ले वेदी मा वा अन्य कुनै पात्र मा (मक्कल आदि मा) अग्नि स्थापना गर्ने ।
३. पूर्वादिक्रम ले दीप, गणेश, कलश को स्थापना गरी यथाविधि आफ्ना इष्टदेव र ग्रह आदिको पूजाप्रार्थना गर्ने (पूजाविधि पूर्वाङ्गकर्म मा छ) ।
४. अग्नि प्रज्ज्वलन गरी निम्न मन्त्रहरु पढ्दै तीन-तीनपटक आहुति दिने ।
ॐ अग्नये स्वाहा - ३, ॐ अनुमतये स्वाहा - ३
ॐ देवाय सवित्रे सत्यप्रसवाय स्वाहा - ३
५. एसपछि फेरि दुवैले **'ॐ अग्नये स्विष्टकृते स्वाहा'** भनेर अग्नि मा एक एक आहुति दिने ।
६. आहुति दिएर बाँकी रहेको चरू पायस (खीर) अर्को चोखो भाँडा मा खन्याएर राख्ने र तेसमा अलिकति घिउ मिसाएर दुवै ले खाने । अनि दुवैले आचमन गरी हात धोएर शुद्ध हुने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सामग्री : इष्टदेव, भगवान् तथा महापुरूषहरू का तसबीरहरू, फूल, धूप, दीप, चन्दन, अक्षता, नैवेद्य, फल, मिठाइँ, मह, दूध, चामल, पायस (खीर), हवन का लागि मक्कल, समिधा, कपूर, आगो, पञ्चपात्र, अंखोरा, पूजाथाली, पञ्चपल्लव वा आँप पीपल का पात दूबो ।

७. तेसपछि पति ले कलश मा राखेको पञ्चपल्लव हात मा लिएर कलश को जल द्वारा तलको मन्त्र पढ्दै आँफूलाई र पत्नी लाई अभिषेक गर्ने ।

ॐ उत्तिष्ठातो विश्वावसोऽन्यामिच्छ प्रकर्तव्यम् संजाया पत्या सह ।

अर्थात्- हे विश्वावसु ! उठ र इनलाई छाडेर अन्यत्रै जाऊ; यी मेरी प्रियतमा हुन् ।

८. निम्नलिखित मन्त्र पढ्दै भगवान् मा कर्मसमर्पण गरी यथाशक्य दान, भोजन आदि गर्ने गराउने-

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वाऽनुसृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

अर्थात्-शरीर, बोली मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय ले स्वभाव ले ।
गरिन्छ जे-जे सब गर्छू अर्पण, परेश नारायण मा म भक्ति ले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसपछि दिनभरि को समय मन मा शुभ विचार गर्दै, भगवान् वा इष्टदेव को स्मरण गर्दै, महापुरुष को चर्चा गर्दै र शुभ कर्म गर्दै बिताउने। साँझ मा पनि पहिले उल्लेख गरिए अनुसार को पवित्र भोजन गरेर यथासमय शयनकक्ष मा जाने। गर्भाधान को समय भएपछि पति ले निम्नलिखित मन्त्र उच्चारण गर्दै वा तेसको भाव स्मरण गर्दै पत्नी लाई अङ्कमाल गर्ने:

ॐ अमो ह्यस्मि सा त्वं सा त्वमस्यमोऽह्म् ।
सामाह्यस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वम् ॥
तावेहि संरभावहै सह रेतो दधावहै पुषे पुत्राय वित्तये ।

अर्थात्- म प्राण हूँ तिमी वाणी, तिमी वाणी म प्राण हूँ।
म साम हूँ तिमी ऋक् हौ, म स्वर्ग धरती तिमी ॥
यो गर्भाधान का लागि, बनौं तत्पर धैर्य ले।
जन्मोस् सुन्दर सन्तान, हाम्रै यो रजवीर्य ले ॥

एसपछि दुवै ले मन मा प्रसन्नता र हृदय मा आनन्द को अनुभूति गर्दै पूर्व शिरानी गरेर तलका मन्त्र वा मन्त्र को भाव हृदयङ्गम गर्दै गमन गर्नु-

ॐ विष्णुर्योनिं कल्पयतु, त्वष्टा रूपाणि पिंशतु ।
आसिञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते ॥
ॐ यथाग्निगर्भा पृथिवी यथा द्यौरिन्द्रेण गर्भिणी ।
वायुर्दिशां यथा गर्भ एवं गर्भं दधामि तेऽसौ ॥

अर्थात्- विष्णु ले योनि को शुद्धि, त्वष्टा सुन्दरता दिऊन्।
प्रजापति दिऊन् बीज, धाता गर्भ लिने बनून् ॥
अग्नि ले पृथिवी लाई, स्वर्ग लाई सुरेन्द्र ले।
दिशा लाई वायु ले झैं, म गर्भ राख्दछू प्रिये ॥

गर्भाधान गरेको एक घण्टा पछि मात्रै पतिपत्नी ले स्नान गर्न हुन्छ। तेसपछि दुग्धपान गर्नु राम्रो हुन्छ। एसरी विधिपूर्वक गरिएको गर्भाधान बाट इच्छानुसार को सन्तान प्राप्त हुन्छ भन्ने शास्त्रीय मत छ।

ooo

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुंसवन संस्कार

अर्थ र उपयोगिता

गर्भ मा स्थित भ्रूण लाई पुरुषत्व प्रदान गर्ने कर्म नै पुंसवन हो। एसका सम्बन्ध मा ऋषि शौनक ले भनेका छन्-

पुमान् प्रसूयते येन कर्मणा तत् पुंसवनम्।

अर्थात्- जुन कर्म ले गर्भस्थ भ्रूण पुरुष भएर जन्मिन्छ त्यही नै पुंसवन हो।

गर्भ निर्दोष होओस्, स्वस्थ र पुष्ट होस्; गर्भ मा रहेको भ्रूण पुरुष होस्; ज्ञानी र गुणी होस् अनि शक्ति र स्मृति ले पनि सम्पन्न होस् भनेर गरिने संस्कार लाई पुंसवन संस्कार भनिन्छ। शास्त्र का अनुसार गर्भाधान भएको तीन महीना मा शुक्ल पक्ष तथा शुभ नक्षत्र पारेर गर्भ चल्नु भन्दा अगावै यो संस्कार गर्नु पर्छ-

अथातः पुंसवनं तृतीये मास्यापूर्यमाणपक्षे पुण्ये नक्षत्रे।

पुंसवन कर्म ले तेति बेला संस्कार को रूप प्राप्त गर्‍यो जति बेला समाज मा आपसी द्वन्द्व र अन्य कतिपय कारण ले पुरुष जाति को संख्या निकै घट्यो। स्त्रीपुरुष को सामाजिक सन्तुलन मिलाउनका लागि समाजवैज्ञानिकहरु ले पुरुष-सन्तति उत्पादन लाई प्रोत्साहन दिए। फलस्वरूप दम्पतीहरु मा पुरुष-सन्तति को माग बढ्न गएकाले गर्भस्थ भ्रूण लाई विशिष्ट मन्त्रोच्चारण का प्रभाव ले र अन्य औषधीय प्रयोग ले पुरुषत्व प्रदान गर्ने वा क्रोमोजोम (Chromosome) को गुणपरिवर्तन गर्ने विज्ञान को विकास भयो। तेतिमात्र नभएर एसमा प्रयोग गरिने मन्त्र र औषधि ले असमय मै हुने गर्भपात रोक्ने, गर्भ को शुद्धीकरण गर्ने र गर्भस्थ भ्रूण लाई विशिष्ट गुण सम्पन्न, स्वस्थ, पुष्ट, शक्ति र स्मृति ले युक्त बनाउने जस्ता कार्य पनि गर्ने भएकाले यो संस्कार केवल पुरुष सन्तान का लागि मात्र नभएर हरेक सन्तति का लागि गरिनु पर्ने ठानियो किनभने हरेक दम्पती ले आफ्नो सन्तान छोरो होस् वा छोरी जे भए पनि हृष्टपुष्ट, निरोगी र गुणवान् होस् भन्ने चाहन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

परिवार मा छोरो चाहिएको हो कि छोरी चाहिएको हो तेसको निर्णय सम्बन्धित बाबुआमा ले नै गर्ने कुरा हो। छोरो चाहिएको हो भने अश्विनी, भरणी, कृतिका, रोहिणी, मूल, पूर्वाषाढा, उत्तरषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपदा, उत्तरभाद्रपदा, रेवती, मृगशिरा यी पुरुष नक्षत्र मा चन्द्रमा भएका बेला पारेर पुंसवन संस्कार गर्ने र छोरी चाहनेले आर्द्रा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, हस्ता, चित्रा, स्वाती यी स्त्री नक्षत्र मा चन्द्रमा भएको बेला यो संस्कार गर्ने निर्देशन शास्त्रकारहरु ले दिएका छन्। एसका दुई पक्ष छन्- १. भावनात्मक पक्ष र २. उपचारात्मक पक्ष। दुवै पक्ष का लागि शुभ समय र शुभ संकल्प आवश्यक हुन्छ। भावनात्मक पक्ष का सम्बन्ध मा सामवेद मन्त्रब्राह्मण १.४.९ मा भनिएको छ-

ॐ पुमांसौ मित्रावरूणौ पुमांसावश्विनावुभौ।
पुमानग्निश्च वायुश्च पुमान् गर्भस्तवोदरे॥
ॐ पुमानग्नि : पुमानिन्द्र : पुमान् देवो बृहस्पतिः।
पुमांसं पुत्रं विन्दस्व तं पुमान्नु जायताम्। (सामवेद मन्त्रब्राह्मण १.४.९)

अर्थात्- मित्रावरूण पुरुष हुन्; अश्विनीकुमार पुरुष हुन्, अग्नि र वायु पनि पुरुष हुन्। इनका प्रभाव ले तिम्रा गर्भ बाट पनि पुरुष सन्तति पैदा होस्। तेसैगरी अग्नि, इन्द्र, बृहस्पति आदि पनि पुरुष हुन्। इनका प्रभाव ले तिम्रो गर्भ मा पुरुष सन्तति कै बास होस्।

विधि

पुंसवन संस्कार लाई वैदिक र लौकिक दुवै विधि ले सम्पन्न गर्न सकिन्छ। वैदिक विधि अनुसार पति-पत्नी दुवै ले प्रातःकालीन स्नान जप आदि नित्यकर्म सकेर सफा तथा शुद्ध वस्त्राभूषणहरु धारण गरी पूजास्थल मा जाने। पूजास्थल घर मा वा आफ्नै कोठा मा पनि बनाउन सकिन्छ। त्यो नभए आफूलाई पायक पर्ने मन्दिर मा पनि जान सकिन्छ।

पूजा का लागि सर्वप्रथम शुद्ध आसन मा बसेर पानी अचाउनू अनि तलको मन्त्र उच्चारण गर्दै आफू र आफ्ना वरपर शुद्ध जल छर्किनू-

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यः स्मेरत् पुण्डरीकाक्षं स बाह्याभ्यान्तरः शुचिः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



सामग्री : शुद्ध जल, जलपात्र, कुश, जौ, तिल, चन्दन, अक्षता, फूल, फल, नैवेद्य, वस्त्र, धूप, दीप, कलश, हवन का लागि मकल वा उपयुक्त पात्र वा स्थान, घिउ, चरू, पायस, आगो, माटा को भुँड्को, आरती, दक्षिणा पूजा का लागि गणेश को प्रतीक वा तसबीर, लक्ष्मीनारायण को प्रतीक वा तसबीर ।

अनि हात मा जौ, तिल, कुश, पानी लिएर तल लेखिएको संकल्प गर्नू।

ॐ अद्येह... गोत्रः... प्रवरः... नामाहं ममास्यां गर्भवतिभार्यायां अद्यकर्तव्यगर्भसंस्कारद्वारा अस्यामुत्पत्स्यमानापत्यस्य बीजगर्भसमु- (वैनोनिवर्हणस्मृत्युद्बोध प्रतिबन्धकीभूतदुरितोपशमन स्वादृष्टानु रूपल्लाद्रवयोत्पत्ति प्रतिरोधककर्मनिरसनपूर्वकं पुंरूपतावाप्ति ज्ञानोदय सिद्ध्यर्थं श्रीमत्परमेश्वर प्रतिये पुंसवनाख्यं कर्म तत्पर्वाल्लत्वेन दीपकलशगणेशपूजनपूर्वकं श्रीलक्ष्मीनारायणपूजनं च करिष्ये ।

तेसपछि बत्ती बालेर बत्ती को पूजा गर्ने, तेसैगरी गणेश र कलश को पूजा गर्ने। कलश कै पृष्ठभाग मा नवग्रहहरु को र मातृकाहरु को पूजा गर्ने (पूजाविधि पूर्वाङ्गकर्म मा छ)। तेसपछि बीच मा स्थापना गरिएका लक्ष्मीनारायण भगवान् लाई तल लेखिएको मन्त्र उच्चारण गर्दै पूजा गर्ने-

ॐ नमो भगवते महापुरुषाय महानुभावाय महाविभूतिपतये सह महाविभूतिभिर्बलिमुपहराणि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- सम्पूर्ण महाविभूतिहरु का स्वामी हे महानुभाव भगवान् पुरुषोत्तम ! महाविभूतिहरु सहित हजुरलाई प्रणाम गर्छू र हजुरलाई यी पूजा उपहार सामग्री समर्पण गर्छू ।

एसपछि तल दिइएको मन्त्र एक-एक पटक उच्चारण गर्दै भगवान् श्रीलक्ष्मीनारायण लाई क्रमशः आवाहन, आसनं, अर्घ्य, पाद्य, आचमन, स्नान, वस्त्र, यज्ञोपवीत आभूषण, चन्दन, फूल, धूप, दीप, नैवेद्य, दक्षिणा, प्रणाम समर्पण गर्ने -

ॐ नमो भगवते महापुरुषाय महानुभावाय महाविभूतिपतये स्वाहा महाविभूतिभिर्बलिमुपहराणि । आसनं समर्पयामि । श्रीलक्ष्मीनारायणाभ्यां नमः ।

एसरी पूजा गरिसकेपछि तलको मन्त्र पढेर भगवान् लक्ष्मी नारायण लाई नमस्कार गर्ने-

अलं ते निरपेक्षाय पूर्णकाम नमोस्तु ते ।
महाविभूतिपतये नमः सकलसिद्धये ॥
विष्णुपत्नि महामाये महापुरुषलक्षणे ।
प्रायेथा मे महाभागे लोकमातर्नमोऽस्तु ते ॥ (श्रीमद्भागवत ६.१९.४।६)

अर्थात्- हे निरपेक्ष, हे पूर्णकाम, हे समस्त विभूतिहरु का स्वामी, हे सकलसिद्धिस्वरूप भगवान् ! हजुरलाई बारम्बार प्रणाम छ । हे माहामाया-स्वरुपिणी विष्णुप्रिया ! भगवान् का सम्पूर्ण गुण ले युक्त महाभाग्यवती हे जगन्माता म माथी प्रसन्न हुनुहोस्, हजुरलाई मेरो बारम्बार प्रणाम छ ।

यहाँनेर सम्भव भए भगवान् लाई अर्पण गरेर बचेको पायस ॐ नमो भगवते महापुरुषाय महाविभूतिपतये स्वाहा भन्दै १२ पटक सम्म अग्नि मा आहुति दिने (अग्नि वेदी थापेर वा त्यो नभए सानो मकल वा तेस्तै भाँडा मा पनि जगाउन सकिन्छ ।) यो महामन्त्र जप गर्ने (आहुति दिन सम्भव नभए १२ माला वा १२ पटक) :

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे
हरे राम हरे राम राम राम हरे हरे ।

यी कर्महरु गर्दा गर्भवती ले मेरो गर्भस्थ शिशु इच्छानुसार को गुणवान् हुनेछ भन्ने भावना लिइरहनू । एसपछि महाभोग र आरती अर्पण गर्नू; यथाशक्य दान र प्रसाद वितरण गर्नू; अनि यज्ञको प्रसादस्वरूप पायस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
तथा गर्भवती लाई खान मन लागेका अन्य वस्तुहरु खान दिनू। यो कर्म एतिमै पनि अन्त्य गर्न सकिन्छ, तर सम्भव भए एसको अर्को उपचारात्मक कर्म पनि गर्नु राम्रो हुन्छ।

२. उपचारात्मक विधि : पुंसवन संस्कार को अर्को उपचारात्मक पक्ष पनि छ जस अनुसार माथी बताइए अनुसार को कर्म सकेर पतिपत्नी दुवै वर को रुख भएका ठाउँ मा जानू। हातगोडा धोएर आचमन गरी वरका रुख मा हाँगाहरु बाट पलाएर तलतिर लर्किएका जरा (दारी) र पूर्वउत्तर फर्किएका हाँगा मा पलाएका तर नफक्रिसकेका दुईवटा सग्ला मुना चुँडेर लिनू। अनि तेसलाई घर मा ल्याएर कुशका जरा र सम्भव भए कुशकै हरिया पात समेत मिसाएर राम्ररी पिस्नू। तेसबाट निस्किएको रस सफा कपडा ले छानेर नउग्लने भाँडा मा राख्नू र बेलुकीपख शुभबेला विचार गरी चन्द्रमा को स्थिति अनुसार पूर्व वा पश्चिम शिर पारेर तकिया को आड लगाई गर्भिणी का दाहिने नाक मा पेट सम्म पुग्ने गरी उक्त औषधीय रस राखिदिनू। छोरी को चाहना गर्नेले बायाँ नाक मा राखिदिनू। नाक मा उक्त रस राख्दा तलको मन्त्र पढ्नू-

ॐ अद्भ्यः सम्भृतः पृथिव्यै रसाच्च विश्वकर्मणः समवर्तताग्रे।
तस्य त्वष्टा विदधद्रूपमेति तन्मर्त्यस्य देवत्त्वमाजानमग्रे ॥

अर्थात्- हे सर्वेश्वर हे विष्णु ! विश्वब्रह्माण्ड का पिता।

सृजनालोक यो तिम्रो, तिमीमै छ विसर्जित ॥
तिम्रै इच्छा हुँदा योग, भएर पञ्चभूत को।
ग्रहसूर्यहरु जन्मे, पृथिवी पनि जन्मियो ॥
स्वेच्छा ले पृथिवी भित्र, नारायण स्वयं तिमी।
मनुष्य रूप मा आयौ, मुक्तिदाता गुरू बनी ॥
तिम्रै चैतन्य को अंश, यो जीव गर्भभित्र छ।
थपेर दिव्यता एस्मा, सुरक्षा एसको गर ॥

(आयुर्वेद अनुसार एस्तो औषधि ले गर्भवती आमा र गर्भस्थ शिशु दुवै को बल बुद्धि र तेज बढाउँछ साथै गर्भकालीन सम्पूर्ण कष्टहरु नाश गर्छ।)

एसपछि पनि गर्भस्थ शिशु तेजस्वी र ओजस्वी होस् भन्नका लागि एउटा नयाँ तथा चोखो माटा को सानो भाँडा मा चोखो जल भरेर गर्भिणी का काख मा राखिदिने र पति ले आफ्ना दाहिने हात को साहिंली औंला ले पत्नी को पेट छुँदै यो मन्त्र ले अभिमन्त्रण गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ सुपर्णोद्रसि गरूत्माँस्त्रिवृत्ते शिरो गायत्र्यञ्चक्षुर्बृहद्रथन्तरे पक्षौ ।
स्तोमद्रआत्माच्छन्दांस्यङ्गानि यजूँषि नाम ॥
साम ते तनूर्वामदेव्यं यज्ञायज्ञियं पुच्छं धिष्ण्याः शफाः ।
सुपर्णोऽसि गरूत्मान् दिवं गच्छ स्वः पत ॥

अर्थात्- गरूडरूप हे अग्नि ! तिम्रा सुन्दर प्वाँख छन् ।
ॐकार शिर हो तिम्रो आँखा गायत्र साम हुन् ॥
पखेटामय छन् तिम्रा, रथन्तर तथा बृहद् ।
आत्मास्वरूप हो स्तोम, अङ्गप्रत्यङ्ग छन्द हुन् ॥
यजुर्वेद रह्यो नाम, सामवेद शरीर हो ।
यज्ञयज्ञीय यो साम, तिम्रो पुच्छर झैं बन्यो ॥
धिष्ण्य अग्नि पनि तिम्रा, खुरनङ्ग्रास्वरूप हुन् ।
छन् अग्निदेवता तेस्ता, आकाशैतिर उड्दछन् ॥
गरी आकाश को यात्रा, पुगेर स्वर्ग मा महान् ।
बनाइदेऊ यो गर्भ लाई, अत्यन्त वीर्यवान् ॥

एसपछि उठेर दुवै ले दानदक्षिणा प्रसाद आदि वितरण गर्नू अनि आफ्ना पारिवारिक जन तथा इष्टमित्र का साथ इच्छानुसार सात्त्विक तथा पवित्र भोजन गर्नू ।

ooo

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu University

CC-0.In Public Domain. Digitization by eGangotri

सीमन्तोन्नयन संस्कार

सीमन्तोन्नयन को शाब्दिक अर्थ गर्भिणी को सीमन्त (केशराशि) लाई उन्नयन अर्थात् मास्तिर फर्काउनु र सिउँदो बनाउनु हो। तर एसको भाव चाहिँ अलि गहिरो छ। एस संस्कार को पहिलो उद्देश्य गर्भवती को अमङ्गलनाश हो। गर्भवती लाई कष्ट दिने र उसको गर्भ लाई क्षति पुऱ्याउन खोज्ने अनेक अशुभ शक्तिहरु बाट बचाएर तिनलाई सुरक्षित राख्ने सोच एसमा पाइन्छ। गर्भवती र गर्भस्थ शिशु लाई कुनै प्रकार को शारीरिक तथा मानसिक आघात नपुगोस् र शिशु लाई दीर्घायुष्य प्राप्त होस् भन्ने एसको दोस्रो उद्देश्य हो भने गर्भिणी लाई सन्तुष्ट पार्नु, प्रसन्न राख्नु र उनी प्रति पति तथा परिवार को माया दर्शाउनु एसको तेस्रो उद्देश्य हो। सीमन्तोन्नयन का बारे मा ऋग्वेद मा भनिएको छ-

येनादिते सीमानं नयति प्रजापतिर्महते सौभगाय।
तेनाहमस्यै सीमानं नयामि प्रजामस्यै जरदष्टि कृणोमि॥

अर्थात्- प्रजापिता ले जसरी गरेथे, सीमन्त आफ्नी अदिति प्रिया को।
सीमन्त तेस्तैगरी गर्छू ऐले, दीर्घायु सन्तान बनून् भनेर।

महाराज मनु ले सीमन्तोन्नयन संस्कार लाई गर्भाधान संस्कार जत्तिकै महत्त्वपूर्ण मानेका छन्। गर्भाधान मा असल सन्तति का निमित्त बीजारोपण गरिन्छ भने सीमन्तोन्नयन मा आफ्ना नवसन्तति भित्र शुभ संस्कार को बीजारोपण गरिन्छ। यो संस्कार गर्भ रहेको चार, पाँच र छ महीना सम्म मा गरिन्छ। कहीं आठौं महीना मा पनि सीमन्तोनयन गर्ने चलन छ। एति बेला गर्भ केवल एउटा मांसपिण्ड मात्र नभएर इन्द्रियहरु ले युक्त भइसक्छ। उसमा हृदय को पनि विकास भइसकेको हुन्छ। तेसैले एस अवधि पछि गर्भवती लाई दौर्हृदा अर्थात् दुई वटा हृदय भएकी भनिन्छ। अब उनमा आफ्नो र बच्चा को गरी दुई वटा हृदय हुन्छन्। चारपाँच महीना पछि गर्भवती को शरीर र मन मा ठूलो परिवर्तन देखा पर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

थाल्छ। गर्भस्थ शिशु का इच्छा वा चाहनाहरु गर्भिणी का इच्छा र चाहना बनेर व्यक्त हुन्छन् तेसैले एस बखत गर्भिणी का चाहनाहरु परिपूर्ति गर्न पति र अन्य पारिवारिक जनहरु सचेत रहनु पर्छ अन्यथा गर्भ मा रहेका शिशु का चाहनाहरु अपूर्ण हुन्छन्। एस समय मा गर्भिणी आमा मा परेको प्रभाव ले शिशु लाई पनि प्रभावित पार्छ। एस्तै अवस्था मा नारदले हिरण्यकशिपु की पत्नी कयाधु लाई दिएको उपदेशका प्रभाव ले प्रह्लाद जन्मजात ज्ञानी भएको कुरा श्रीमद्भागवत मा आउँछ। अर्जुन ले सुभद्रा लाई सुनाएको युद्धकला सम्बन्धी ज्ञान का प्रभाव ले गर्भ मा रहेका अभिमन्यु जन्मजात तेस्तो शूरवीर भएर देखा परेको कुरा महाभारत मा आउँछ। शुकदेव ले आमा का गर्भ मै भगवान् शिव को ज्ञान प्राप्त गरेको कुरा पुराणहरु मा पाइन्छ। भगवान् राम ले आफ्ना गर्भस्थ शिशु मा तपस्वी ऋषिहरु को दिव्य ज्ञान को संस्कार परोस् भनेरै सीता लाई गर्भिणी अवस्था मा ऋषिआश्रम मा पठाएको कुरा रामायण मा छ र अत्याधुनिक वैज्ञानिक अनुसन्धान ले पनि पाँच/छ महीना को गर्भस्थ शिशु लाई गर्भिणी आमा मार्फत् राम्रो वा नराम्रो संस्कार दिन सकिने वा प्रशिक्षित गर्न सकिने कुरा को पुष्टि गरेको छ।

जहाँसम्म गर्भिणी लाई प्रसन्न बनाइराख्ने कुरा छ तेसमा पनि एउटा गहिरो मनोविज्ञान छ। आमा को खुशी, प्रसन्नता र शान्ति को प्रभाव गर्भस्थ शिशु मा पर्छ किनभने शिशु को शरीर, मन तथा हृदय आमा को शरीर, मन र हृदय सँग जोडिएको हुन्छ। आमा ले खाएका खाद्यपदार्थ को रस बाट उसको शरीर सम्पोषित हुन्छ। अतः आमा र शिशु दुवै को मानसिक तथा शारीरिक विकास लाई ध्यान मा राखेर यो संस्कार गरिन्छ। एस अवस्था मा गर्भवती आमा का मन मा धेरै किसिम का कुराहरु खेल्छन्। तिनको मानसिक अवस्था निकै संवेदनशील हुन्छ तेसैले एस्तो समय मा घर का परिवार को तथा श्रीमान् को स्नेह, सद्भाव र प्रेम को आवश्यकता तिनलाई अझ बढी हुन्छ। आफ्ना पति र परिवारजनहरु को प्रेमप्रदर्शन ले गर्भवती लाई मानसिक तृप्ति प्राप्त हुन्छ जसको अप्रत्यक्ष प्रभाव गर्भस्थ शिशुमा पर्छ। एस संस्कार लाई विधिपूर्वक सम्पन्न गर्नाले गर्भिणी का शरीर को अमङ्गल नाश हुन्छ, गर्भ लाई क्षति पुऱ्याउने भूतप्रेत आदि सूक्ष्मतत्त्व को निवारण हुन्छ र गर्भ मा संस्कार तथा शुभलक्षणहरु को वृद्धि हुन्छ भन्ने शास्त्रीय मान्यता छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

यो संस्कार केवल पहिलो गर्भ का लागि मात्र गर्ने र अन्य गर्भ मा नगरे पनि हुन्छ भन्ने मान्यता पनि लोक मा छ। तर, गर्भवती को कष्ट निवारण, गर्भस्थ शिशु को रक्षा र उसमा असल संस्कार को स्थापना जस्ता कुरा प्रत्येक गर्भ र प्रत्येक सन्तति का निमित्त आवश्यक हुने हुनाले सबै गर्भ का लागि यो संस्कार गर्नु उपयुक्त हुन्छ। विशेष गरी मृगशिरा, पुनर्वसु,, पुष्य, तिष्य, हस्ता, मूल, श्रवण, आश्विनी, रेवती, अनुराधा र उत्तरभाद्रपदा नक्षत्र पारेर आइतबार, मङ्गलबार र बिहीबार का दिन वर्जित योग र तिथिहरु लाई छोडेर शुभमुहूर्त मा दिउँसो को समय मा यो संस्कार गरिनु पर्छ। यदि एसभन्दा अघि गरिने पुंसवन संस्कार नगरिएको भए त्यो पनि एसै साथ गर्नुपर्छ र सीमन्तोन्नयन नगर्दै शिशु जन्मियो भने पनि उक्त शिशु लाई साथ मा लिएर यो संस्कार गर्नु भन्ने निर्देश शास्त्रकारहरु ले गरेका छन्।

सीमन्तोन्नयनविधि

१. सीमन्तोन्नयन संस्कार सम्पन्न गर्ने दिन प्रातःकालीन स्नान, ध्यान, जप, पूजा, पाठ, आदि नित्यक्रिया सकेर, सफा, शुद्ध वस्त्राभूषणहरु पहिरिएर हातगोडा धोई यज्ञस्थल मा वा मन्दिर मा जाने।

२. कुश युक्त शुद्ध आसन मा पत्नी लाई दायाँ पारेर बस्ने।

३. तीन पटक आचमन गरी हात धोएर तलका मन्त्र पढ्दै आफू र आफ्ना वरिपरि कुशतिल सहित को कर्मपात्र को चोखो जल छर्किने-

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यान्तरः शुचिः॥

४. निम्नलिखित मन्त्र पढ्दै भगवान् को स्मरण गर्ने

ॐ नमो भगवते तुभ्यं वासुदेवाय धीमहि।
प्रद्युम्नायानिरूद्धाय नमः सङ्कर्षणाय च॥
ॐ अङ्गानि यस्य सकलेन्द्रियवृत्तिमन्ति,
पश्यन्ति पान्ति कलयन्ति चिरं जगन्ति।
आनन्दचिन्मयसदुज्ज्वलविग्रहस्य,
गोविन्दमादिपुरुषं तमहं भजामि॥

५. जौ, तिल, कुश सहित को जल लिएर तलको मन्त्र पढ्दै सङ्कल्प गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ तत्सत् ॐ विष्णुः विष्णुः विष्णुः अद्येह .... गोत्रः .... प्रवरः..... नामाहं श्रीमत्परमेश्वर प्रतिये सकलअभीष्ट सिद्धये च भार्यया सह संस्काररूपं सीमन्तोन्नयनाख्यं कर्म करिष्ये ।

६. अब दुवै ले तलका मन्त्रहरु उच्चारण गर्ने-

ॐ पुण्याहम्, ॐ पुण्याहम्, ॐ पुण्याहम् (आज को दिन पुण्यमय होओस्-३)

ॐ स्वस्ति, ॐ स्वस्ति, ॐ स्वस्ति (आज को दिन शुभ होओस्-३)

ॐ ऋद्धिः, ॐ ऋद्धिः, ॐ ऋद्धिः (आज को दिन ऐश्वर्यमय होओस्-३)

ॐ वृद्धिः, ॐ वृद्धिः, ॐ वृद्धिः (आज को दिन सद्गुण वृद्धि गर्ने होओस्-३)

ॐ कल्याणम्, ॐ कल्याणम्, ॐ कल्याणम् (आज को दिन कल्याणकारी होओस्-३)

ॐ शान्तिः, ॐ शान्तिः, ॐ शान्तिः (आज को दिन शान्तिप्रद होओस्-३)

ॐ श्रीः, ॐ श्रीः, ॐ श्रीः (आज को दिन शोभावर्द्धक होस्-३)



सामग्री : शुद्ध जल, जलपात्र, कुश, जौ, तिल, चन्दन, अक्षता, फूल, फल, नैवेद्य, वस्त्र, धूप, दीप, कलश, पञ्चपल्लव, दूबो, सुपारी, हवन का लागि मकल वा उपयुक्त पात्र वा स्थान, घिउ, चरू, पायस, आगो, माटा को भुँड्को, आरती, दक्षिणा पूजा का लागि गणेश को प्रतीक वा तसबीर, लक्ष्मीनारायण को प्रतीक वा तसबीर वर पीपल का एकएक बित्ता लामा छेस्काहरू, दुम्सी को काँडा, काँगियो र गर्भिणी लाई मन पर्ने खाने लाउने कुरा।

पूजाविधि

(पूजा षोडशोपचार, पञ्चोपचार वा यथामिलितोपचार कुनै पनि विधि ले गर्न सकिन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(क) **षोडशोपचार-**आवाहन, आसन, पाद्य, अर्घ्य, आचमन, स्नानं, वस्त्रं, यज्ञोपवीतं, गन्धं, अक्षतान्, पुष्पाणि, धूपं, दीपं, नैवेद्यं, ताम्बूल पूँगीफलानि, दक्षिणा।

(ख) **पञ्चोपचार-** चन्दन, फूल, धूप, दीप र नैवेद्य।

(ग) **यथामिलितोपचार-** आवाहन, आसन, चन्दन, फूल, अक्षता, धूप, दीप, नैवेद्य आदि।

दीप पूजा- सर्वप्रथम ज्योति र प्रकाश स्वरूप बत्ती लाई एसरी पूजा गर्ने

आवाहन- भो दीपनारायण इहागच्छ इहतिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो, सुप्रसन्नो, सुवरदो भव, दीपनारायणाय नमः।

आसनम्- आसनं समर्पयामि श्रीदीपनारायणाय नमः,

फूल- पुष्पं समर्पयामि श्रीदीपनारायणाय नमः,

चन्दन अक्षता- चन्दनाक्षतान् समर्पयामि श्रीदीपनारायणाय नमः,

नैवेद्यं- नैवेद्यं समर्पयामि श्रीदीपनारायणाय नमः

अर्घ- अर्घ्यम् समर्पयामि श्रीदीपनारायणाय नमः

(दीप लाई सूर्य कै प्रतीक मानेर तलको मन्त्र पढ्दै अर्घ्य दिने)

एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर॥

गणेश पूजा - आवाहन, आसन, अर्घ, वस्त्र, यज्ञोपवीत, गन्धं (चन्दन), अक्षता, सिन्दुर, फूलमाला, आभूषणादि, धूप, लड्डु, फल, दूबो, सुपारी, भेटी, प्रार्थना आदिद्वारा पूजा गर्ने।

कलशपूजा - पञ्चपल्लव, दूबो, जल, आवाहन, आसन, अर्घ, फूल, चन्दन, अक्षता, फल, वस्त्र, द्रव्य, स्तुति प्रार्थना आदि द्वारा सम्पन्न गर्ने।

नवग्रहपूजा - कलश मै- सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु, यी नवग्रह को पूजा गर्ने- आवाहन, आसन, चन्दन, अक्षता, फूल, नैवेद्य आदि द्वारा गर्ने।

अनि नवग्रहस्तोत्र ले एसरी प्रार्थना गर्ने।

ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी।
भानुः शशी भूमिसुतो बुधश्च॥
गुरूश्च शुक्रः शनिराहुकेतवः।
सर्वे ग्रहाः शान्तिकरा भवन्तु॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- ब्रह्मा, विष्णु, महेशलगायत सूर्य, चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु, केतु यी सबै ग्रहहरु शान्तिदायक बनून् ।

आरोग्यं सविता तनोतु भवतां इन्दुर्यशो निर्मलम् ।
भूतिं भूमिसुतः सुधांशुतनयः प्रज्ञा गुरूर्गौरवम् ॥
काव्यः कोमलवाग्विलासमतुलं मन्दो मुदं सर्वदा ।
राहुर्बाहुबलं विरोधशमनं केतुः कुलस्योन्नतिम् ॥

अर्थात्- सूर्यनारायण ले निरोगी बनाऊन्; चन्द्रमा ले निर्मल कीर्ति प्रदान गरून्; मङ्गल ले समृद्धि बढाऊन्; बुधले बुद्धि बढाऊन्; बृहस्पति ले गौरव बढाऊन्; शुक्र ले मीठो बोल्ने शक्ति दिऊन्; शनि ले सुखैसुख प्रदान गरून्; राहु ले विरोधीहरु लाई परास्त गर्ने बाहुबल दिऊन् र केतु ले कुल को उन्नति गराऊन् ।

इष्टदेवपूजा -

अब वेदी का बीच मा सजाएर राखिएका आफ्ना आराध्यदेव राधाकृष्ण, लक्ष्मीनारायण आदि को विधिपूर्वक पूजन (पुंसवन संस्कार अनुसार) गर्नू। सम्भव भए यहाँनेर यज्ञवेदी मा वा मकल मा अग्नि जगाएर अग्नि पूजन गरी निम्नलिखित मन्त्र ले पायस को आहुति दिने-

ॐ विष्णवे स्वाहा, ॐ सूर्याय स्वाहा, ॐ प्रजापतये स्वाहा, ॐ वासुदेवाय स्वाहा, ॐ प्रद्युम्नाय स्वाहा, ॐ अनिरूद्धाय स्वाहा, ॐ सङ्कर्षणाय स्वाहा, ॐ इन्द्राय स्वाहा, ॐ शिवाय स्वाहा, ॐ दुर्गायै स्वाहा, ॐ नमो भगवते वासुदेवाय स्वाहा।

(आहुति दिन सम्भव नभए यथाशक्य महामन्त्र/इष्टमन्त्र जप गर्नू।)

सीमन्त (सिउँदो बनाउने)

एसपछि निर्धारित शुभमुहूर्त मा सून वा अन्य वस्तु बाट बनेको काइँयो हात मा लिएर आफ्ना आराध्यदेव इष्टदेव वा महापुरुषहरु को स्मरण गर्दै र तलका मन्त्रहरु उच्चारण गर्दै पति ले गर्भिणी पत्नी को निधार देखि चुल्ठा सम्म कपाल कोरिदिएर



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सिउँदो बनाईदिनू र उक्त काईयो त्यही कपाल मै छोडिदिनू (सम्भव भए काइँयो को सट्टा पहिले देखि ठिक्क पारिराखिएको डुम्री, बेल, वर, पीपल का एक-एक बित्ता लामा छेस्काहरु, तीन ठाउँ मा सेतो भएको दुम्सी का काँढा र तीनसरे कुश को पवित्र एकै मुठो बनाई तीनसरे पहेंलो धागा ले बाँधेर तेसैले कपाल कोरेर सिउँदो बनाउनू ।

सिउँदो बनाउँदा पढिने मन्त्र

भार्ये कल्याणि सुभगे दशमे मासि सुव्रते ।
सुप्रसूता भव प्रीता प्रसादाद् विश्वकर्मणः ॥
आयुष्मती कङ्कतिका वर्चस्वी मे शुभं कुरू ॥

अर्थात्- हे धर्मनिष्ठ ! कल्याणी हे सौभाग्यवती प्रिये !
कृपा ले विश्वकर्मा का दश मैना पुगे पछि ॥
जन्माऊ शुभसन्तान प्रसन्न भई सर्वदा ।
कल्याणकारी तेजस्वी यो कर्म का प्रभाव ले ॥

एस पछि पति र घर का अन्य परिवार ले, विशेष गरी सन्तानवती सधवाहरु ले र अन्य हितैषी जनहरु ले ती गर्भिणी लाई यथायोग्य उपहार, मीठा खाद्यवस्तुहरु प्रदान गरेर खुशी बनाउनू । दूध, घिउ, फलफूल, अन्न आदि को रास देखाउनू । असल सन्तान का लागि भगवान् सँग प्रार्थना गर्दै वरपर बसेर मङ्गलगान गर्नू ।

अनि भगवान् का लीलाकथा, महापुरुषहरु को जीवनी तथा वीर-वीराङ्गना, साधुसन्त, विद्वान्, विदुषीहरु का लोककल्याणकारी कर्मप्रसङ्गहरु सुनाउनू । स्वयं गर्भिणी ले पनि आफूले तेस्तै महान् गुणशील भएको असल सन्तान जन्माउने सङ्कल्प गर्नू । यी एस्ता क्रियाकलाप ले गर्भवती र गर्भस्थ भ्रूण मा सकारात्मक परिवर्तन ल्याउने कुरा प्रयोगसिद्ध छ ।

अन्तमा अभ्यागत, निमन्त्रित पाहुना तथा पारिवारिक जनहरु लाई भोजन गराउनू; यथाशक्य दान दिनू र स्वयं कर्ता ले पनि यज्ञमा भगवान् लाई अर्पण गरेको प्रसाद ग्रहण गर्नू ।

गर्भावस्था मा गर्भिणी ले पालना गर्नुपर्ने केही नियम

गर्भावस्था अत्यन्त संवेदनशील अवस्था भएकाले यति बेला को खानपान र विधिव्यवहार ले गर्भवती र गर्भस्थ शिशु दुवै लाई प्रभावित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पार्छ । एस अवधि मा स्वयम् गर्भिणी महिला ले र उसका पति वा परिवार ले गर्नुपर्ने कर्तव्य को उल्लेख आश्वलायनस्मृति, वाराहस्मृति, मत्स्यपुराण, पारस्करगृह्यसूत्र, सुश्रुत, वीरमित्रोदय आदि आचारग्रन्थहरुमा गरिएको छ, जस अनुसार-

१. गर्भावस्था मा अनेक भूत, प्रेत, पिशाच, राक्षसी आदि अशुभ शक्ति ले हानि पुऱ्याउन सक्ने भएकाले तिन बाट जोगिन का लागि सम्बन्धित महिला ले पवित्र मन्त्रहरु को जप, रक्षा सूत्र वा कवच (जन्तर) धारण गर्नु राम्रो हुन्छ ।

२. ठुलठूला रुख मा, पहाड का टाकुराहरु मा, मसान घाट मा, खण्डहरहरु मा जानुहुँदैन किनभने तेस्ता ठाउँहरु मा अनेक अशुभ तत्त्वहरु को निवास हुन्छ जसले गर्भ लाई हानि पुऱ्याउन सक्छन् ।

३. अपवित्र वा फोहोर ठाउँ मा, बालुवा र चुना को थुप्रामा, धमिरा को पोला मा बस्नुहुँदैन ।

४. ठूला नदी तथा समुद्र मा नुहाउनुहुँदैन ।

५. धेरै सुत्नु, मैथुन गर्नु, टुक्रुक्क बस्नु, मलमूत्र रोक्नु, रक्तदान गर्नु, आलस्ययुक्त हुनु पनि राम्रो होइन ।

६. कपाल तथा शरीर का अङ्गहरु खुला राख्नुहुँदैन ।

७. उत्तरतिर शिरान गरेर सुत्नुहुँदैन ।

८. अशान्त वातावरण मा बस्नु, चिसो खुट्टा लिएर सुत्नु, नराम्रा शब्दहरु उच्चारण गर्नु, चर्को स्वर ले कराउनु, रूनु, साँझ मा खानु, हात्तीघोडा मा चढ्नु, धेरै अग्लो ठाउँ मा उक्लनु, दिन मा सुत्नु, रात मा अनिदो बस्नु, बढी खानु, सडेगले का बासी चिज खानु, धेरै गरिष्ठ वस्तु खानु र बढी परिश्रम गर्नु हुँदैन ।

९. शरीर र लुगाकपडा सधैं सफा सुग्घर राख्ने, शरीर लाई सधैं सुरक्षित र वस्त्रआभूषणहरु ले सुसज्जित राख्ने, देवीदेवताहरु को पूजा प्रार्थना गरिरहने, मनतातोपानी ले नुहाउने, भगवान् का शुभचरित्रहरु, महान् व्यक्तिहरु का जीवन का राम्रा पक्षहरु र ज्ञानवर्द्धक कुराहरु पढ्ने सुन्ने गर्नुपर्छ ।

यी नियम पालना गर्नाले गर्भिणी को शरीर पनि स्वस्थ रहन्छ र उस बाट जन्मिने सन्तान पनि प्रतिभाशाली, दीर्घायु र गुणवान् हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भिणी का पति ले ध्यान दिनु पने कुराहरू

जसरी गर्भवती स्त्री ले आफू र गर्भस्थ शिशु को शारीरिक, मानसिक सुस्वास्थ्य का लागि विभिन्न नियमहरु पालना गर्नु आवश्यक छ तेसैगरी गर्भिणी का पति ले र अन्य परिवारजनहरु ले पनि केही नियमहरु को पालना तेस बखत गर्नुपर्ने कुराहरु को उल्लेख शास्त्रकारहरु ले गरेका छन्, जस अनुसार-

१. पतिको पहिलो कर्तव्य गर्भिणी पत्नी का इच्छाहरु पूरा गरिदिनु हो। अन्यथा गर्भ दोषयुक्त हुन सक्छ। एस कुरा मा परिवार का अन्य सदस्यहरु ले पनि ध्यान दिनु पर्छ।

२. गर्भ छ महीना को भए पश्चात् गर्भिणी सँग मैथुन गर्न हुँदैन।

३. टाढा को तीर्थयात्रा र शवयात्रा मा जानु हुँदैन। नयाँ घर बनाउने, युद्धमा भाग लिने, समुद्र मा स्नान गर्ने, ठूला रुखहरु काट्ने जस्ता कार्यहरु पनि सकेसम्म नगर्नू।

विशेष

गर्भवती को खानपान, राम्रा नराम्रा क्रियाकलाप, विचार तथा भावनाहरु को प्रभाव गर्भस्थ शिशु मा पर्ने भएकाले उसले आफ्नो आचरण मा विशेष ध्यान दिनु पर्छ। पति र परिवार का मानिसहरु को क्रियाकलाप र तिनले गर्भिणी प्रति गर्ने व्यवहार को प्रभाव पनि गर्भिणी आमा हुँदै गर्भस्थ भ्रूण मा पर्ने भएकाले एसमा घरपरिवार का सबै जनाले आफ्नो आचरण ठीक राख्नु पर्छ। गर्भमाथी कुनै पनि कुसंस्कार र अभाव को प्रभाव नपरोस् भनेर गर्भवती लाई तदनुरूप को उपयुक्त ठाउँ मा राखेर उसका उचित इच्छा, आकाङ्क्षा पूरा गरिदिने, खान मन लागेका असल वस्तु खान दिने, जस्तो व्यवहार ले उनी प्रसन्न हुन्छिन् तेस्तै व्यवहार गर्ने गर्नुपर्छ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जातकर्म संस्कार

शिशु जन्मिने समय को वरिपरि गरिने शास्त्रीय संस्कार लाई जातकर्म संस्कार भनिन्छ। तेसैले जातकर्म को सिलसिला शिशु जन्मिनु भन्दा अघि आमा लाई व्यथा लागे देखि नै शुरू हुन्छ। यदि घरै मा सुत्केरी गराउन लागिएको हो भने व्यथा लाग्ना साथ गर्भिणी लाई आरामदायी कोठा मा लगेर राख्नु पर्छ। सुत्केरी गराउने सहयोगी व्यक्ति र सुत्केरी सामग्री को व्यवस्था संगै पति ले वा अन्य अभिभावक ले हातमा तिलकुश सहित को पानी लिएर निम्नलिखित विनियोग र मन्त्र उच्चारण गर्दै सुत्केरी हुने महिला लाई सेचन गर्नु पर्छ -

विनियोग- एजतु इति मन्त्रस्य प्रजापतिर्ऋषिः पंक्तिश्छन्दः
गर्भो देवता अभ्युक्षणे विनियोगः

ॐ एजतु दशमास्यो गर्भो जरायुणा सह।
यथायं वायुरेजति यथा समुद्र एजति।
एवायं दशमास्योऽअस्रज्जरायुणा सह॥

अर्थात्- निस्कियोस् गर्भ यो शीघ्र सालनाल समेतको।
जसरी चल्छ यो हावा, जसरी चल्छ सागर।
तेसरी नै चलोस् गर्भ र आओस् साल बाहिर॥

नालच्छेदन

शिशु जन्मिए पछि तेसलाई नुहाई दिएर सफा गर्ने र स्तनपान गराउने यी दुई कार्य प्रमुख मानिन्छन्। तर तेसभन्दा पनि पहिले गरिन्छ- नाल काट्ने काम। नाल नकाटुन्जेल शिशु नाभि द्वारा आमा सँग जोडिएको हुन्छ। तेसैले उसको शरीर लाई आमा को शरीर भन्दा भिन्न ठानिंदैन। नाल काटिसकेपछि मात्र ऊ आमा बाट छुट्टिन्छ अनि मात्र दाजुभाईहरु लाई सूतक लाग्छ। नाल काट्दा शिशु को नाभिस्थान तिर आठ अङ्गुल (अमल) छोडेर काँचा धागा ले कसेर बाँध्नू र शिशु को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मङ्गल कामना गर्दै खिया नलागेको सफा र धारिलो हतियार ले एकै पटक मा काटिदिनू । एसो गर्दा बाँधेको गाँठो शिशु को नाभि तिरै परोस् । यदि साल नझरीकनै नाल काट्नु पर्ने भए माथी भने अनुसार को गाँठो पछि चार अमल को अन्तर मा अर्को गाठो पार्नू र ती दुवै गाँठा का बीच बाट नाल काट्नू । शिशु छोरो होस् वा छोरी दुवै मा कुनै भेदभाव गरिनु हुँदैन । हाम्रो मूल संस्कृति मा छोरी लाई उपेक्षा गर्ने दृष्टि छैन, बरू भनिएको छ- 'दशपुत्रस मा कन्या यस्य शीलवती सुता' अर्थात् सुन्दर शील स्वभाव भएकी एउटै कन्या दशपुत्र बराबर हुन्छिन् । सुशीलता नभए जति छोरा भए पनि कुल को उन्नति हुँदैन ।



सामग्री : शुद्ध जल, जलपात्र, कुश, तिल, जौ, सुत्केरी सामग्री, नयाँ पत्ती, सफा धागो, दही, दूध, मनतातो पानी, गाइ को घिउ, शुद्ध मह, रुपिया, पैसा, आगो बाल्ने मकल, माटा को घडा, कनि का र सर्स्यू ।

जातकर्मविधि

शिशु जन्मिइसकेर नाल काटेपछि शिशु का पिता वा अभिभावक ले शिशु को मुख हेर्नू र नवजात शिशु लाई पनि दही वा दूध सहित मनतातो पानी ले नुहाइदिएर सफा पार्ने व्यवस्था मिलाउनू । अनि आफूले पनि नदी मा वा घरै मा कपडै सित सुम्पानी ले नुहाउनू । सफा लुगा फेरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पितृहरु र ऋषिहरु लाई तलको मन्त्र ले नमस्कार गर्नू- "ॐ पितृपुरुषेभ्यो नमः, ॐ ऋषिदेवेभ्यो नमः ।" अनि तिलक आदि लगाएर सुत्केरी कोठा मा प्रवेश गर्नू । शिशु लाई सफा लुगा मा पूर्व तिर शिर गरी लिन लगाएर पिता ले मन्त्र पढ्नू-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यान्तरः शुचिः ॥

र कुशतिल मिसाएको शुद्ध जल ले आफू र शिशु लाई सेचन गर्नू । ग्रहदोष र अन्य दोष को परिहार का लागि सून, पैसा वा अन्य वस्तुहरु दान गर्नू वा दान गर्ने सङ्कल्प गर्नु वा दान का लागि छुट्याउनू ।

मेधाजनन

मेधाजनन खास गरी शिशु को मेधा वा बुद्धि शक्ति जगाउन गरिने महत्त्वपूर्ण कार्य हो । एसमा शिशु का पिता ले वा अन्य शुभेच्छु अभिभावक ले नवजात शिशु लाई घिउ तथा मह चटाउने गरिन्छ । महान् आयुर्विद् सुश्रुत का अनुसार एस अवस्था मा चटाएको घिउ र मह ले शिशु को मानसिक विकास मा सहयोग पुऱ्याउँछ । एसले शिशु को सौन्दर्य र मेधाशक्ति बढाउनुका साथै लाग्न सक्ने अपस्मार, शिरोवेदना, मृगी, अपच, ज्वरो जस्ता रोगहरु निवारण गर्छ र पाचनशक्ति, स्मृति, बुद्धि, तेज तथा आयु बढाउँछ । मेधाजनन का लागि सून वा चाँदी वा अरु कुनै भाँडा मा घिउ (सकेसम्म गाई को) र मह असमान भाग (घिउ बढी मह अलि कम) पारेर मिसाउनू । अनि तलको मन्त्र उच्चारण गर्दै सून वा चाँदी को सानो चम्चा वा टुक्रा वा औंठी सहित साहिंली औंला ले शिशु लाई चार पटक सम्म चटाउनू-

ॐ मेधां ते माधव वामनौ मेधं हरिर्ददातु ।
मेधां ते अच्युतानन्तौ आधत्तां पुष्करस्रजौ स्वाहा ॥

अर्थात्- माधव, वामन तथा हरि भगवान् ले तिमी लाई मेधा शक्ति (बुद्धि) प्रदान गरून् । कमलपुष्प का माला लगाएका अच्युत र अनन्त ले तिमी लाई मेधा प्रदान गरून् ।

घिउ मह चटाउने अर्को मन्त्र पनि छ-

ॐ भूस्त्वयि दधामि, ॐ भुवस्त्वयि दधामि
ॐ स्वस्त्वयि दधामि, ॐ भूर्भुवः स्वः सर्वं त्वयि दधामि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- हे बालक म भूलोक, भुवर्लोक र स्वर्लोक, यी तीनै लोक को सार तिमी मा राखिदिन्छू तिमी तीनै लोक का कुरा सम्झन सक्ने बन।

अथवा, **आयुर्वर्च्चो बलं मेधा वर्धतां ते सदा शिशोः ।**

एस शिशु को आयु, तेज, बुद्धि, बल सधैं, बढिरहोस्।

एस पछि बाबु ले वा अभिभावक ले बालक को नाइटो वा काननेर मुख लगेर तीन पटक सम्म निम्नलिखित मन्त्र उच्चारण गरेर फुकिदिनू-

ॐ त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम् ।
यद्देवेषु त्र्यायुषं तन्नोऽअस्तु त्र्यायुषम् ॥

अर्थात्- आयु कश्यप को जस्तो, होस् आयु जमदग्नि को।
देवता को सरी आयु होस्, तिम्रो पनि आयु त्यो ॥

अनि - **ॐ प्राणः, ॐ व्यानः, ॐ अपानः, ॐ उदानः, ॐ समानः**
भन्दै बालक को सर्वाङ्ग मा फुकिदिनू।

जन्मभूमि अभिमन्त्रण

शिशु का बाबु ले शिशु जन्मिएको भूमि मा दाहिने हात राखेर वा दाहिने हात को साहिंली औंला ले छोएर निम्न मन्त्र ले अभिमन्त्रण गर्नू-

ॐ वेद ते भूमिर्हृदयं दिवि चन्द्रमसि श्रितम्
वेदाहं तन्मां तद्विद्यात् पश्येम शरदः शतम्
जीवेम शरदः शतं श्रृणुयाम शरदः शतम्

अर्थात्- हे जन्मभूमि ! छौ दिव्य, तिम्रो हृदय उच्च छ।
एस्को आश्रय हो चन्द्र, जो सधैं छ सुशीतल ॥
मैले जान्दछु यो सत्य, जानोस् यो शिशु ले अब।
सुन्दै हेर्दै भई स्वस्थ, बाचौं वर्ष शताधिक ॥

अब निम्नलिखित मन्त्र पढ्दै शिशु को शरीर मुसार्नू-

ॐ अश्मा भव परशुर्भव हिरण्यमस्तृतं भव ।
आत्मा वै पुत्रनामासि त्वं जीव शरदः शतम् ॥

अर्थात्- ढुङ्गो झैं, बलिया होऊ, सून झैं होऊ सुन्दर।
आत्मा नै हौ तिमी मेरा, बाँच वर्ष शय तक ॥

अनि सुत्केरी लाई धन्यवाद दिंदै "**ॐ इडासि मैत्रावरूणी वीरे वीरमजीजनथाः । सा त्वं वीरवती भव याऽस्मान् वीरवतोऽकरत् ॥**" भन्नू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- इला हौ तिमी हे प्यारी ! हौ मैत्रावरूणी तिमी ।
वीर सन्तान जन्माई, दियौ हे धन्य छौ तिमी ॥

एसपछि सुत्केरी का दुवै स्तन मनतातो पानी ले धोएर पहिले दायाँ अनि बायाँ गरी शिशु लाई चुसाउनू । सुत्केरी बस्ने कोठा मा सुत्केरी को बिस्तरा को शिरानी पट्टि अलि पर अलिकति पोतेर वा सफा गेरु तलको मन्त्र पढ्दै एउटा जलपूर्ण घडा राखिदिनू-

ॐ आपो देवेषु जाग्रथ । यथा देवेषु जाग्रथ ।
एवमस्यां सूतिकायां सपुत्रिकायां जाग्रथ ।

अर्थात्- हे जल ! जसरी देवलोक मा दिव्यतापूर्वक जागा रहन्छौ तेसैगरी यी सूतिकागृह मा पनि जागा रहू ।

एसरी राखिएको पानी १० दिन का दिन सेलाइदिनू- माटा को भए घडै सित र धातु को भए पानी मात्र । एसैगरी सुत्केरी का कोठा मा चोखो ठाउँ वा भाँडा (मकल आदि) मा तलको मन्त्र ले अग्नि जगाउनू-

भगवन् ! प्रार्थयेऽहं त्वां सूतिकागाररक्षणे ।
प्रगल्भनाम्ना भो ! वैश्वानर ! आवाहितो भव ॥
प्रतिष्ठितो भव, सुप्रसन्नो वरदो भव ।
तावत् तिष्ठात्र मे ब्रह्मन् ! यावत् सूतिर्न शुद्ध्यति ॥

अर्थात्- सूतिकागार को रक्षा, निमित्त गर्छू प्रार्थना ।
प्रगल्भ भगवान् आऊ, वैश्वानर बनी यहाँ ।
विराज मान होस् देव !, वरदाता प्रसन्न भै ।
जहिले सम्म चोखिन्नन्, सुत्केरी तब सम्म नै ॥

कहीं एस अग्नि लाई दश दिन सम्म ननिभाई राख्ने र प्रत्येक दिन बिहान र बेलुकी उक्त अग्नि मा तलका मन्त्र पढ्दै कनिका र सर्स्यूं ले कम्ती मा दुई-दुई आहुति दिने चलन पनि छ । कहीं यो काम न्वारन को दिन एकै पटक पनि गरिन्छ ।

ॐ शण्डामर्का उपवीरः शौण्डिकेयऽउलूखलः ।
मलिम्लुचो द्रोणासश्च्यवनो नश्यतादितः स्वाहा ॥ इदमग्नये ।

अर्थात्- शण्डामर्क, उपवीर, शौण्डिकेय, उलूखल, मलिम्लुच ।
द्रौणास र च्यवन लाई यो आहुति प्राप्त होओस् ॥

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

षष्ठिकापूजन संस्कार

संस्कृत को षष्ठी शब्द बाट नेपाली मा छैटी बन्यो, जसको अर्थ हो छैठौं। शिशु जन्मिएको छैठौं दिन सम्पन्न गरिने हुनाले एसलाई छैटी भनिएको हो। छैटी पहिलो पटक जन्मिने छोरा को मात्र गर्ने चलन हाम्रो समाज मा छ तर शास्त्रीय कथन विचार गर्दा छैटी सबै सन्तान को गर्नु पर्ने देखिन्छ। छैटी का दिन षष्ठीदेवी को पूजा गर्नाले शिशु को विशेष कल्याण हुन्छ भन्ने शास्त्रीय मत छ र तेसै रात भावी ले उसका निधार मा भाग्य लेखिदिन्छन् भन्ने किंवदन्ती पनि प्रसिद्ध छ।

कार्ययोजना

एसमा कसैले काठ को पिरा वा थाली मा गोबर ले षष्ठीदेवी को मूर्ति तयार पारी तत्तत् स्थान मा कौडाहरु टाँसेर आँखा मुखहरु बनाई अरु रङ्ग वा सामग्री ले सिँगारेर उक्त प्रतिमा को पूजा गर्छन् भने कसैले थाल मा चामल फिँजाएर तेसैमा षष्ठीदेवी को आकृति बनाई पूजा गर्छन् र कसैले षष्ठीदेवी को चित्र नै अगाडी राखेर पनि पूजा गर्दछन्। षष्ठी का साथ दायाँ तर्फ स्कन्द को (कुमार को) र बायाँ तर्फ प्रद्युम्न को पनि प्रतिमा राखी पूजा गरिन्छ। षष्ठी पूजा बेलुका सन्ध्याकाल मा गरिन्छ; साथ मा अष्ट चिरञ्जीवी को पनि पूजा गरिन्छ। कर्ता ले पूजा नसके सम्म दिन मा केही खाँदैनन्; उपवास बस्छन्। तेस रात सुत्केरी कोठा मा अखण्ड दीप बालिन्छ र नाचगान भजन कीर्तन गर्दै भोज गरिन्छ। एस कार्य मा आफ्ना दाजु भाई इष्टमित्र र विशेष गरी शिशु का मावलीहरु लाई निमन्त्रणा गर्ने गरिन्छ। यो एउटा तेस्तो संस्कार हो; जो षोडश संस्कार भित्र नपरे पनि लोक प्रसिद्ध छ।

पूजाक्रम तथा विधि

शिशु का बाबु ले स्नान, जप, तिलक आदि नित्य कर्म सकेर शुद्ध सफा कपडा लगाएर आफ्ना गुरू परम्परा र भगवान् को स्मरण गर्दै पूजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्ने ठाउँ मा गई हात मा जौ, तिल, सर्स्यूं र फूल लिएर निम्नलिखित मन्त्र को उच्चारण गर्दै पूजा स्थल र आफ्नो आसन वरपर छर्नू-

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिसंस्थिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥

अर्थात्- एस भूमि मा यज्ञ लाई अनिष्ट गर्ने कुनै भूत प्रेतहरु छन् भने शिवजी का आज्ञा ले ती वरपर हटून् ।

अनि आसन मा बसेर कर्म पात्र बनाउनू र तीन टुक्रा कुश सहित कर्मपात्र को जल हात मा लिएर निम्नलिखित मन्त्र उच्चारण गर्दै वरपर र आफूलाई पनि छर्किनू र आचमन गर्नू-

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत्पुण्डरीकाक्षं स बाह्याभ्यान्तरः शुचिः ॥
ॐ पुण्डरीकाक्षः पुनातु -३

एसपछि चन्दन, अक्षता, फूल, सुपारी, जौ, तिल, कुश सहित कर्मपात्र को जल हातमा लिएर निम्नलिखित सङ्कल्प भन्नू-

अद्येह ... गोत्रः 'नामाहं मम अभिनवजातबालकस्य/बालिकाया दीर्घायुः आरोग्यावाप्तये सर्वोपद्रवशान्तये श्रीमत्परमेश्वर प्रतियर्थं षष्ठीमहोत्सवकर्म करिष्ये, तदङ्गतयाद्वारमातृषट्कृतिकाषोडशमातृणां, अष्टचिरञ्जीवि पूजनं च करिष्ये ।

अर्थात्- आज यहाँ 'गोत्र' नाम को मैले एस नवजात बालक/बालिका को दीर्घायु र आरोग्य प्राप्ति का लागि, सबै विघ्न बाधा शान्ति का लागि र परमेश्वर को प्रसन्नता का लागि यो छैटी उत्सव गर्छू साथ मा द्वारमातृ, षट्कृति का, षोडशमातृ का र अष्ट चिरञ्जीवी को पनि पूजन गर्छू ।

एस पछि पुण्याहवाचन सहित दीप, कलश र गणेश को पूजन गर्नू । अनि घर बाहिर गएर तलका मन्त्रहरु पढी क्षेत्रपालहरु लाई फल वा अन्न का परिकारहरु को बलि प्रदान गर्नू-

ॐ क्षेत्रपाल ! नमस्तुभ्यं सर्वशान्तिफलप्रद !।
बालस्य विघ्ननाशाय अर्पयामि इदम् बलिः ॥

अर्थात्- सम्पूर्ण शान्ति फल प्रदान गर्ने क्षेत्रपाल लाई नमस्कार गर्दै एस बालक को विघ्ननाश का निमित्त यो बलि अर्पण गर्दछू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसपछि सुत्केरी कोठा को ढोकानेर अक्षता का स-साना सात थुप्रा पार्ने र **"ॐ भूर्भुवः स्वः कुमार्याद्याः सप्तद्वारमातर इहागच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु"** भनेर सात द्वारमातृका लाई आह्वान गरी चन्दन फूल, अक्षता, नैवेद्य आदि ले एसरी क्रमै सँग पूजा गर्ने -

ॐ कुमार्यै नमः, ॐ धनदायै नमः

ॐ नन्दायै नमः, ॐ विपुलायै नमः

ॐ मङ्गलायै नमः, ॐ अचलायै नमः, ॐ पद्मायै नमः

अर्थात् - कुमारी धनदा नन्दा, विपुला मङ्गला तथा ।

पद्मा र अचला लाई, नमस्कार छ सर्वदा ॥

एस पछि पुन यज्ञस्थल मा आएर आसन मा बसी आचमन गरेर हात धोई स्थापित कलश मा निम्नलिखित मन्त्र उच्चारण गर्दै उमा सहित मृत्युञ्जय शिव को आवाहन गर्नू-

ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम् ।

ऊर्वारूकमिवबन्धनान्मृत्योर्मुक्षीय मा मृतात् ॥

अनि त्यहीं निम्नलिखित मन्त्र उच्चारण गर्दै भगवान् नारायण को पनि आवाहन गर्नू-

ॐ त्रैलोक्यपूजितः सौम्यः सदा विजयवर्धनः ।

शान्तिं कुरू गदापाणे नारायण नमोऽस्तुते ॥

अर्थात्- हे तीनै लोक मा पूज्य, सधैं जय दिलाउने ।

देऊ शान्ति गदाधारी, नारायण प्रणाम हे ॥

तेसैगरी त्यहाँ नवै ग्रह, तिथि, बार, नक्षत्र र योगहरु को एसरी वन्दना गर्ने -

आरोग्यं सविता तनोतु भवतामिन्दुर्यशो निर्मलम् ।

भूतिं भूमिसुतः सुधांशुतनयः प्रज्ञा गरूर्गौरवम् ॥

काव्यः कोमलवाग्विलासमतुलं मन्दो मुदं सर्वदा ।

राहुर्बाहुबलं विरोधशमनं केतुः कुलस्योन्नतिम् ॥

राज्यं स्यादचलं तिथिश्रवणतो वारात्तथायुश्चिरम् ।

नक्षत्रं कृतपापसञ्चयहरं योगो वियोगापहः ॥

अर्थात्- सूर्य ले आरोग्य दिऊन्; चन्द्रमा ले निर्मल कीर्ति फैलाऊन्; मङ्गल ले ऐश्वर्य दिऊन्; बुध ले विद्या दिऊन्; बृहस्पति ले गौरव बढाऊन्; शुक्र

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

ले मीठो बोल्ने शक्ति दिऊन्; शनि ले सर्वदा मङ्गलैमङ्गल प्रदान गरून्; राहु ले सबै किसिम का विरोधीहरु लाई समन गराऊन् र केतु ले कुल को उन्नति गराऊन्। तेसैगरी तिथिहरु ले धन सम्पति, पद- प्रतिष्ठा लाई अचल राखून्; बारहरु ले लामो आयु दिऊन्; नक्षत्रहरु ले सञ्चित पापहरु समाप्त पारुन् र योगहरु ले कहिल्यै स्वजन सँग वियोग नगराऊन्।

अष्टचिरञ्जीवी-पूजा

अब यज्ञस्थल मा थाल मा वा चौकी मा बनाइराखिए को अष्ट चिरञ्जीवीहरु को नाम अङ्कित चित्र मा प्रत्येक लाई क्रमै सँग पूजा गर्नू-



सामग्री : जलपात्र, शुद्ध जल, कुश, तिल, जौ, कर्मपात्र, चन्दन, अक्षता, फूल, फल, धूप, दीप, नैवेद्य, चामल, सुपारी, कलश, पञ्चपल्लव, दूबो, कपडा, दही, गणेश को चित्र वा प्रतीक, षष्ठीदेवी को चित्र वा प्रतीक, पिर्का वा थाली, अष्ट चिरञ्जीवी को प्रतीक वा पूजन चित्र, अबीर, सिन्दूर, पञ्चामृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूजाक्रम :

१. पूर्व दिशा मा अश्वत्थामा को पूजा गर्ने :

ध्यान- **ॐ श्यामवर्णं महावीर्यं खड्गपाणिं वरप्रदम् ।**
अश्वत्थामानमाचार्यं ध्याये द्रोणसुतं शिवम् ॥

अर्थात्- श्यामवर्ण खड्गधारी, तेजिला वरदायक ।
द्रोणपुत्र अश्वत्थामा, गुरू को ध्यान गर्छू म ॥

आवाहन- **भो अश्वत्थामन् इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव । ॐ अश्वत्थाम्ने नमः ।**

अर्थात्- हे अश्वत्थामा ! यहाँ आउनुहोस्; यहाँ बस्नुहोस्; मेरो पूजा स्वीकार्नुहोस्; मैले पूजा गरून्जेल यहीं सुस्थिर र प्रसन्न भई बस्नुहोस् र मलाई वरदान दिनुहोस् भन्दै चन्दन, अक्षता, फूल, फल, जल आदि अर्पण गरेर पूजा गर्ने ।

एसरी पूजा गरिसकेपछि तलको मन्त्र पढेर प्रार्थना गर्ने-

प्रार्थना- **ॐ ब्राह्मणाय नमस्तुभ्यं द्रोणाचार्यसुताय वै ।**
वेदवेदाङ्गपूर्णाय अश्वत्थाम्ने नमो नमः ॥

अर्थात्- हे द्रोणाचार्य का छोरा, दीर्घायु वीर ब्राह्मण ।
वेदवेदाङ्ग का ज्ञाता, अश्वत्थामा प्रणाम छ ॥

२. आग्नेय तर्फ बलि राजा को पूजन गर्ने-

ध्यान- **ॐ कृष्णवर्णं द्विबाहुं च सदा पातालसंस्थितम् ।**
रत्नाभयकरं ध्याये बलिं सद्बलदायकम् ॥

अर्थात्- कालो वर्ण रत्नयुक्त, द्विबाहु बलदायक ।
सधैं पाताल मा बस्ने, बलि को ध्यान गर्छू म ॥

आवाहन- **भो बले ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव । ॐ बलये नमः ।**

प्रार्थना- **ॐ भूमिः स्वर्गश्च पातालं येन दत्तं द्विजन्मने ।**
भविता योऽमरावत्यां महेन्द्रस्ते नमो बले ॥

अर्थात्- स्वर्ग, मर्त्य र पाताल, जस्ले दान गरी दियो ।
म ध्यान गर्छू, शुद्धात्मा, उनै बलि महेन्द्र को ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. दक्षिण तर्फ व्यास को पूजा गर्नेः

ध्यान- **ॐ नीलोत्पलसवर्णाभं सुपुस्तकलसत्करम् ।**
सर्वशास्त्रार्थतत्त्वज्ञं ध्याये व्यासमुनिं सदा ॥

अर्थात् -नीलो कमल झैं राम्रा, लिएका ग्रन्थ हात मा ।
सम्पूर्ण शास्त्र का ज्ञाता, व्यास को ध्यान गर्छू म ॥

आवाहन- **भो व्यास ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि**
तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ व्यासदेवाय नमः ॥

प्रार्थना- **ॐ सर्वशास्त्रार्थतत्त्वज्ञं वेदवेदाङ्गपारगम् ।**
शास्त्रमूलप्रवक्तारं पराशरसुतं भजे ॥

अर्थात्- वेदवेदाङ्ग का ज्ञाता, वक्ता सम्पूर्ण शास्त्र का ।
पराशरजी का पुत्र, व्यास लाई प्रणाम छ ॥

४. नैऋत्य तर्फ हनुमान् को पूजा गर्नेः

ध्यान- **वायुपुत्रं महावीरं रक्तवर्णं त्रिलोचनम् ।**
कन्दमूलफलप्रीतिं हनूमन्तं नमाम्यह्य् ॥

अर्थात्- रातो वर्ण महावीर, वायुपुत्र त्रिलोचन ।
फलाहारी हनूमान लाई मेरो प्रणाम छ ॥

आवाहन- **भो हनुमन् ! इहागच्छ, इह तिष्ठ मम पूजां गृहाण, यावत् पूजां करोमि**
तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव,वरदो भव । ॐ हनूमते नमः ॥

प्रार्थना- **अञ्जनानन्दनं वीरं जानकीशोकनाशम् ।**
कपीशमक्षहन्तारं वन्दे लङ्काभयङ्करम् ॥

अर्थात्- अञ्जनी पुत्र हे वीर ! सीता का शोकनाशक ।
अक्षघाती कपिश्रेष्ठ, लङ्का का भयकारक ॥

५. पश्चिम तिर विभीषण को पूजा गर्ने-

ध्यान- **पौलस्त्यकुलसम्भूतं कुंकुमाभं द्विबाहुकम् ।**
राक्षसाद्यैः परिवृतं सदा ध्याये विभीषणम् ॥

अर्थात्- रातो वर्ण दुई हात, पौलस्त्य कुल का सुत ।
म ध्यान गर्दछू तिम्रो, दैत्य बीच विभीषण ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आवाहन- **भो विभीषण ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ विभीषणाय नमः ॥**

प्रार्थना- **लङ्कावास नमस्तुभ्यं पौलस्त्यकुलसम्भव ।**
राक्षसाधिपते देव नमस्तेऽस्तु विभीषण ॥

अर्थात्- पौलस्त्यकुल का लाल, लङ्कावासी विभीषण ।
हे हे राक्षस का राजा ! तिमी लाई प्रणाम छ ॥

६. वायव्यकोण मा कृपाचार्य को पूजा गर्ने :

ध्यान- **ॐ धनुर्वाणधरं वीरं श्वेतपीतद्युतिं परम् ।**
भारद्वाजकुलोत्पन्नं कृपं ध्याये मलापह्व ॥

अर्थात्- धनुर्धारी महावीर, उज्याला गौर वर्ण का ।
भारद्वाज कृपाचार्य, गुरू को ध्यान गर्छू म ॥

आवाहन- **भो कृपाचार्य ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ कृपाचार्याय नमः ॥**

प्रार्थना- **ॐ द्विजर्षभ नमस्तुभ्यं भरद्वाजकुलोद्भव ।**
कृपाचार्य सदातुष्ट धीरवीरपराक्रम ॥

अर्थात्- प्रणाम गर्दछू दिव्य, श्रीभारद्वाज गोत्र का ।
कृपाचार्य गुरू लाई, धीर वीर स्वभाव का ॥

७. उत्तरदल मा परशुराम जी को पूजा गर्ने :

ध्यान- **ॐ जमदग्निकुलोद्भूतं व्योमाञ्जनसमप्रभम् ।**
ध्याये परशुरामं तं दधानं परशुं वरम् ॥

अर्थात्- जमदग्नि जी का पुत्र, नील गाजल वर्ण का ।
म ध्यान गर्दछू शूर, वीर परशुराम को ॥

आवाहन- **भो परशुराम ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ परशुरामाय नमः ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रार्थना - कार्तवीर्यस्य हन्तारं पर्शुहस्तं महाबलम् ।
एकविंशति निःक्षत्रं कुर्वन्तं त्वां नमाम्यह्म् ॥

अर्थात्- हे कार्तवीर्य का हन्ता, पर्शुधारी महाबल ।
नमस्कार तिमी लाई, पृथ्वी उद्धार कारक ॥

८. ईशान तर्फ मा मार्कण्डेय ऋषि को पूजा गर्ने :

ध्यान- **द्विभुजं जटिलं सौम्यं, सुवृद्धं चिरजीविनम् ।**
वराभयकरं ध्याये, मार्कण्डेयं महामुनिम् ॥

अर्थात्- सौम्य शान्त जटाधारी, चिरञ्जीवी तपस्वी को ।
म ध्यान गर्दछू वृद्ध, मार्कण्डेय महर्षिको ॥

आवाहन- **भो मार्कण्डेय ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ मार्कण्डेयाय नमः ।**

प्रार्थना- **मार्कण्डेय महाभाग, सप्तकल्पान्तजीवन ।**
आयुरारोग्यसिद्ध्यर्थं, प्रसीद भगवान् मुने ॥

अर्थात्- सातै कल्प भरि बाँच्ने, मार्कण्डेय महा मुनि ।
आरोग्य पूर्ण दीर्घायु देऊ, यै प्रार्थना गरें ॥

पूजित उपर्युक्त अष्टचिरञ्जीवी लाई धूप, दीप र नैवेद्य अर्पण गर्ने ।

षष्ठीदेवी को पूजा

अब कर्ता ले आफ्ना आसन अगाडी यज्ञमण्डप मा तयार पारेर राखिएको गोबर वा चामल को षष्ठीदेवी को आकृति वा चित्र मा निम्नलिखित मन्त्र पढेर आवाहन गर्नू-

ॐ आयाहि वरदे देवी महाषष्ठीति विश्रुते ।
शक्तिभिः सह बालं मे रक्ष जागरवासरे ॥ ॐ षष्ठीदेव्यै नमः

अर्थात्- आउनुहोस् षष्ठीदेवी, वरदान दिने गरी ।
शक्ति साथ लिई रक्षा, गर्नोस् जाग्राम मा बसी ॥

एसरी आवाहन गरिसके पछि तलका मन्त्रहरु पढ्दै विभिन्न उपचार ले षष्ठीदेवी को पूजा गर्नू-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आसनं समर्पयामि, ॐ षष्ठीदेव्यै नमः (आसनी चढाउने)

पाद्यं समर्पयामि, षष्ठीदेव्यै नमः (पाउ धुने जल चढाउने)

अर्घ्यं समर्पयामि, पष्ठीदेव्यै नमः (हात धुने जल चढाउने)

एसैगरी **आचमनीयं, स्नानीयं, पञ्चामृतस्नानं, शुद्धोदक स्नानं, वस्त्रयुग्मं** (जोर वस्त्र), **चन्दनं समर्पयामि श्री षष्ठीदैव्यै नमः**, एसरी नै **सिन्दूरं, अक्षतान्, यवतिलान्** (जौतिल) **पुष्पाणि, माल्यं, अलङ्कारादिसहितं सौभाग्यद्रव्यं, धूपं, दीपं, नैवेद्यं, आचमनीयं, ताम्बुलं, पूगीफलादीनि, नारिकेलादि फलं, उपायन द्रव्यं** (भेटी), **नीराजनं** (आरती), **कर्पूरवर्ति** (कपूर को आरती र नमस्कार) **"समर्पयामि षष्ठीदेव्यै नमः"** भन्दै उपर्युक्त वस्तु तथा भाव अर्पण गर्ने ।

अनि तलका मन्त्रहरु पढ्दै हात मा पुष्पाञ्जलि लिएर चढाउनू-

शक्तिस्त्वं सर्वदेवानां लोकानां हितकारिणी ।
मातृवद् रक्ष मे बालं महाषष्ठी नमोऽस्तुते ॥
गौर्याः पुत्रो यथा स्कन्दः शिशुः संरक्षितः पुरा ।
तथा ममाऽप्ययं बालो रक्ष्यतां षष्ठिके नमः ॥
जय देवि जगन्मातर्जगदानन्दकारिणि ।
प्रसीद मम कल्याणि महाषष्ठी नमोऽस्तु ते ॥

अर्थात्- देवताहरु की शक्ति, लोक की हितकारिणी ।
माता यो शिशु को रक्षा, गर षष्ठी हितैषिणी ॥
गरेथ्यौ जसरी रक्षा, गौरीपुत्र कुमार को ।
गर तेसैगरी रक्षा, यो मेरो सुकुमार को ॥
जय तिम्रो जगन्माता, जगदानन्दकारिणी ।
प्रसन्न होऊ कल्याणि, नमस्कार छ षष्ठिके ॥

एस पछि पष्ठीदेवी को दाहिने तिर कुमार (स्कन्द)को आवाहन गर्नू-

भो कार्तिकेय, स्कन्द ! इहागच्छ इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुंप्रसन्नो भव, वरदो भव । ॐ स्कन्दाय नम, कुमाराय नमः भन्दै पाद्य, अर्घ, आचमन, पञ्चामृत शुद्ध जल, फूल, चन्दन, अबीर, सिन्दूर, वस्त्र, जनै, नैवेद्य, दक्षिणा चढाएर कार्तिकेय को पूजा गर्नू र तलको मन्त्र पढ्दै प्रार्थना गर्नू-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कार्तिकेय महाबाहो गौरीहृदयनन्दन ।
कुमारं रक्ष मे भीतेर्महासेन नमोऽस्तुते ॥

हे कार्तिकेय ! हे गौरी का अत्यन्त प्रियपुत्र ! यो मेरो शिशु लाई सबै किसिम का भय र अनिष्ट बाट जोगाई दिनुहोस्, मेरो सादर प्रणाम छ ।

तेसैगरी षष्ठीदेवी को बायाँ भाग मा प्रद्युम्न को प्रतीक कल्पना गरेर एसरी आवाहन गर्नू-

भो प्रद्युम्न! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरोभव, सुप्रसन्नो भव, वरदो भव । प्रद्युम्नाय नमः ।

भन्दै कुमार लाई झैं नै विभिन्न उपचार ले प्रद्युम्न को पनि पूजा गर्नू र निम्नलिखित मन्त्र ले प्रार्थना गर्नू-

भो प्रद्युम्न ! महाबाहो लक्ष्मीहृदयनन्दन ।
कुमारं रक्ष मे भीतेः प्रद्युम्नाय नमो नमः ॥
त्रैलोक्यपूजित श्रीमन् सदा विजयवर्धन ।
शान्तिं कुरू गदापाणे प्रद्युम्नाय नमो नमः ॥

अर्थात्- हे लक्ष्मी जी का प्रिय नन्दन महाबाहु प्रद्युम्न जी ! मेरो एस शिशु लाई सबै किसिम का भय बाट रक्षा गरिदिनुहोस् । हे त्रिलोकपूजित गदाधारी प्रद्युम्नजी ! हजुर बाट निरन्तर सुखशान्ति र विजय को वरदान प्राप्त होओस्; हजुर लाई वन्दना छ । एसपछि षष्ठीदेवी को नजीकै एक ठाउँ मा दही मिश्रित अक्षता को थुप्रो लाएर त्यहाँ शिवा आदि षट्कृत्ति का को आवाहन र पूजन गर्नू -

भो षट्कृत्तिके ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिए भव, सुप्रसन्ना भव, वरदा भव ।
ॐ शिवायै नम, ॐ सम्भूत्यै नमः, ॐ सन्नत्यै नमः,
ॐ प्रतियै नमः, ॐ अनसूयायै नमः, ॐ क्षमायै नमः,
ॐ शिवादिषट्कृत्तिकेभ्यो नमः ।

त्यहींनेर दही अक्षता को अर्को थुप्रो बनाएर तेसमा षोडशमातृका को आवाहन गर्दै पूजा र नमस्कार गर्नू-

ॐ गौर्यै नमः, ॐ पद्मायै नमः, ॐ शच्यै नमः, ॐ मेधायै नमः,
ॐ सावित्र्यै नमः, ॐ विजयायै नमः, ॐ जयायै नमः, ॐ देवसेनायै नमः,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ स्वधायै नमः, ॐ स्वाहायै नमः, ॐ मातृभ्यो नम, ॐ लोकमातृभ्यो नमः
ॐ धृत्यै नम, ॐ पुष्ट्यै नमः, ॐ तुष्ट्यै नमः, ॐ कुलदेवतायै नमः ।

एसपछि घिऊ को धारा चुहाएर वसुधारा गर्नू अनि बालक का बाबु ले पूजित देवदेवी का अगाडी हात जोडेर तलको प्रार्थना गर्नू-

त्वं देवमाता दितिरब्धिजा त्वं गौरी त्वमेवाऽसि धृतिः क्षमा त्वम् ।
कीर्ति : समृद्धिर्भुवनस्य धात्री त्वमेव देवि प्रणतोऽस्मि तुभ्यम् ॥
जननी सर्वभूतानां बालानां त्वं विशेषतः ।
नारायणीस्वरूपेण बालं मे रक्ष सर्वतः ॥

अर्थात्- हौ देवमाता अदिती तिमी हौ, लक्ष्मी र गौरी धृति हौ क्षमा हौ ।
कीर्ति समृद्धि अनि लोकधात्री, देवी तिमी पर्दछु पाउ तिम्रो ॥
हौ सबैकी तिमी आमा, हौ यो बालक की पनि ।
नारायणी बनी रक्षा, गरिद्यौ एसको तिमी ॥

अनि शिशु की आमा ले पनि हात जोडेर एसरी प्रार्थना गर्नू-

तव प्रसादात् तनयस्य वक्त्रं, दृष्टं मया देवि नमोऽस्तु तुभ्यम् ।
सौभाग्यमारोग्यमभीष्टसिद्धिं देहि प्रजायाश्चिरजीवितां च ॥

अर्थात्- तिम्रा कृपा ले मुख देख्न पाएँ, सन्तान को देवि प्रणाम गर्छू ।
सौभाग्य आरोग्य अभीष्ट देऊ, चिरायु सन्तान गराइदेऊ ॥

एसपछि बालक को सर्वाङ्ग मा मुसार्दै बालरक्षाकवच पाठ गर्नू ।

बालरक्षाकवच -

अव्यादजोऽङ्घ्रिमणिमांस्तव जान्वथोरू ।
यज्ञोऽच्युतः कटितटं जठरं हयास्यः ॥
हृत्केशवस्त्वदुर ईश इनस्तु कण्ठं ।
विष्णुर्भुजं मुखमुरूक्रम ईश्वरः कम् ॥
चक्र्यग्रतः सहगदो हरिरस्तु पश्चात् ।
त्वत्पार्श्वयोर्धनुरसी मधुहाजनश्च ॥
कोणेषु शङ्ख उरूगाय उपर्युपेन्द्रः ।
स्तार्क्ष्यः क्षितौ हलधरः पुरुषः समन्तात् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

इन्द्रियाणि हृषीकेशः प्राणान् नारायणोऽवतु ।
श्वेतद्वीपपतिश्चित्तं मनो योगेश्वरोऽवतु ॥
पृश्निगर्भस्तु ते बुद्धिमात्मानं भगवान् परः ।
क्रीडन्तं पातु गोविन्दः शयानं पातु माधवः ॥
व्रजन्तमव्याद् वैकुण्ठ आसीनं त्वां श्रियः पतिः ।
भुञ्जानं यज्ञभुक् पातु सर्वग्रहभयङ्करः ॥
डाकिन्यो यातुधान्यश्च कुष्माण्डा येऽर्भकग्रहाः ।
भूतप्रेतपिशाचाश्च यक्षरक्षोविनायकाः ॥
कोटरा रेवती ज्येष्ठा पूतना मातृकादयः ।
उन्मादा ये ह्यपस्मारा देहप्राणेन्द्रियद्रुहः ॥
स्वप्नदृष्टा महोत्पाता वृद्धबालग्रहाश्च ये ।
सर्वे नश्यन्तु ते विष्णोर्नामग्रहणभीरवः ॥ (श्रीमदभागवत् १०.६.२२-२९)

अर्थात्- अजन्मा भगवान् ले तिम्रा खुट्टा को रक्षा गरून्; मणिमान् ले घुँडा को, यज्ञपुरुष ले साँप्रा को, अच्युत ले कम्मर को, हयग्रीव ले पेट को, केशव ले हृदय को, ईश्वर ले वक्षस्थल को, सूर्य ले कण्ठ को, विष्णु ले हात को, उरूक्रम ले मुख को र ईश्वर ले शिर को रक्षा गरून् । भगवान् चक्रधर रक्षा का लागि तिम्रा अगाडी रहून्; गदा लिएका हरि तिम्रा पछाडी रहून्; धनुष र खड्ग लिएका मधुसूधन तिम्रा दायाँबायाँ, शङ्खधारी उरुगाय तिम्रा चारैतिर, उपेन्द्र माथी, हलधर तल पृथ्वी मा र भगवान् परम्पुरुष तिमी लाई सबैतिर बाट रक्षा गर्दै रहून् । भगवान् हृषीकेश ले तिम्रा इन्द्रियहरु को, नारायण ले प्राणहरु को, श्वेतद्वीप का अधिपति ले चित्त को र योगेश्वर ले मन को रक्षा गरून् । हिंड्दा भगवान् वैकुण्ठ ले, बस्दा भगवान् श्रीपति ले तिम्रो रक्षा गरून् । भोजन गर्दा यज्ञभोक्ता भगवान् ले तिम्रो रक्षा गरून् । डाकिनी, राक्षसी र कुष्माण्डा आदि बालग्रह, भूत, प्रेत, पिशाच, यक्ष, राक्षस, विनायक, कोटरा, रेवती, जेष्ठा, पूतना, मातृका आदि र शरीर प्राण तथा इन्द्रियहरु लाई नाश गर्ने उन्माद, अपस्मार, नराम्रो सपना, वृद्धग्रह अनि बालग्रह जस्ता अनिष्टहरु भगवान् विष्णु का नामहरु को उच्चारण देखि भयभीत हुने सबै नाशियून् ।

यही कवच वा भगवान् का द्वादशनाम वा नारायण कवच लेखेर पहेंलो चोखो वस्त्र मा बेरी बालक का शिरान मा राखिदिनू । एसले बालक लाई सम्पूर्ण अनिष्ट बाट रक्षा गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनि निम्नलिखित सङ्कल्प पढ्दै दक्षिणा गर्नू-

ॐ अद्येह .... गोत्र ..... प्रवर .... नामाहं ममाभिनवजातबालकस्य बालग्रहादिनिवारणपूर्वकमायुरारोग्यत्तरोत्तरहर्षविजयप्राप्तिकामनयाविहितेऽस्मन् षष्ठीमहोत्सवकर्मणि कृतस्य षष्ठ्यादिदेवता पूजनकर्मणः साङ्गतासिद्ध्यर्थम् इमांदक्षिणांयथानाम गोत्रेभ्यो ब्राह्मणेभ्यो कन्याकुमारी सुवासिन्यादिभ्यश्च यथाभागं विभज्य यथाकालं दातुं समुत्सृजे, ॐ तत्सत् नमम श्रीकृष्णार्पणमस्तु ॥

अनि हात मा पानी लिएर घुमाउदै निम्नलिखित मन्त्र पढी सम्पूर्ण कर्म भगवान् नारायण मा समर्पण गर्नू ।

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्धयात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ॥

अर्थात्- शरीर वाणी मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय ले स्वभाव ले। गरें यहाँ जो सब गर्छू अर्पण, परेश नारायण मा म भक्ति ले ॥

अनि दुवै हात जोडेर एसरी प्रार्थना गर्नू-

प्रमादात् कुर्वतां कर्म प्रच्यव्येताऽध्वरेषु च ।
स्मरणादेव तद् विष्णोः सम्पूर्णं स्यादिति श्रुतिः ॥

अर्थात्-काम गर्दा कहीं भूल हुन्छ यज्ञादि मा पनि ।
विष्णु को नाम ले दोष मेटिन्छ जे भए पनि ॥

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञ क्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥
ॐ अच्युताय नमः-३ ।

अर्थात्-जस्को स्मरण ले नाम, लिना ले धर्मकर्म मा ।
कहीं त्रुटि भए पूर्ण हुने गर्छ अजान मा ॥
उनै अच्युत को गर्छू, भक्तिपूर्वक वन्दना ॥

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नामाकरण-संस्कार

नयाँ जन्मिएको शिशु लाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । एसलाई लोकभाषा मा न्वारन वा नुवारन भनिन्छ । यो चलन वैदिक र पूर्ववैदिक युग देखि नै चलिआएको पाइन्छ । यो संस्कार सामान्यतया शिशु जन्मिएको एघारौं दिन मा गरिन्छ तर कहीं जातकर्म सँगै नाम सुनाउने चलन पनि छ । एस बाहेक दशौं, बाह्रौं, तेह्रौं, सोह्रौं, उन्नाइसौं, बत्तीसौं, शयौं दिन मा, वर्ष दिन मा र दोस्रो वर्ष को पहिलो दिन सम्म मा पनि नामकरण गर्न सकिने उल्लेख छ तर संक्रान्ति, ग्रहण र श्राद्ध का दिन नामकरण गर्नु राम्रो मानिंदैन ।

शतपथ ब्राह्मण अनुसार नयाँ शिशु लाई उसको जन्मसमय को नक्षत्र र तिनका अधिपति देवीदेवता को नाम दिनु पर्छ किनभने एस्ता नामहरु विशिष्ट ध्वनि वा वर्णहरु बाट बनाइएका हुन्छन् जसले शिशु लाई अशुभ तत्त्व बाट बचाउन कवच को काम गर्छन् । जीवन मा नाम को ठूलो प्रभाव हुन्छ तेसैले नाम राम्ररी चुनेर मात्र राख्नु पर्छ । नाम राख्ने धेरै तरीका छन्-

१. ज्योतिष अनुसार जन्मनक्षत्र को पाऊ का आधार मा जुराइने नाम ।
२. बाबुआमा ले स्वेच्छा ले दिने लौकिक वा बोलाउने नाम ।
३. गुण का आधार मा राखिने नाम- राम, कृष्ण, सुशीला, करूणा आदि ।
४. वंश का आधार मा राखिने नाम- गर्ग, वाशिष्ठ, आत्रेय, वार्ष्णेय, भार्गव, गौतम, माण्डव्य, धौम्य इत्यादि ।
५. शारीरिक बनोट का आधार मा- वामन, डल्ले, लुरे, गोरे, काले आदि ।
६. वस्तु उपकरण का आधार मा राखिने नाम- चक्रपाणि, दण्डपाणि, पद्मपाणि, गिरिधर, शशिधर, कलाधर, दामोदर, गदाधर इत्यादि ।
७. इष्टदेव र कुलदेवता का आधार मा- शिव, शंकर, शिवानी, राधाकृष्ण, सीताराम, गणेश, सूर्य, देवी, विष्णु, कृष्ण, राम आदि ।
८. ऋतु का आधार मा- वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त, शिशिर ।
९. बार, तिथि र तिथिस्वामी का आधार मा- आदित्य, रवि, चन्द्र, सोम, मङ्गल, बुध, गुरू, शुक्र, शनि, पूर्णिमा, रूद्र, अग्नि, शेष, विष्णु आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यी मध्ये पहिलो र दोस्रो तरीका अपनाएर नाम राख्ने चलन हामी कहाँ बढ्ता छ। पहिलो विधि अनुसार नाम जुराउने पनि तीन तरीका छन्-

क) नक्षत्र का पाऊ को पहिलो अक्षर बाट कुनै ईश्वरीय नाम पारेर

नक्षत्र	पाउ	नाम
१. अश्विनी	चु, चे, चो, ला	चूडा, चेतन, चेतना, चोला, लावण्य
२. भरणी	ली, लु, ले, लो	लीला, लुना, लेख, लोक, लक्ष्मी
३. कृतिका	अ इ उ ए	अभिषेक, अम्बिका, इन्द्र, उमा, एकदेव
४. रोहिणी	ओ बा बि बु	ओंकार, वासु, विजय, विवेक, विष्णु, बुद्धि
५. मृगशिरा	बे बो का की	वेद, बोध, कामना, कालिका, किरण, कीर्ति
६. आर्द्रा	कु घ ङ छ	कुल, घन, घम, छत्र, कुन्ती, छवि
७. पुनर्वसु	के को हा ही	केदार, कोपिला, हीरा, हरि
८. तिष्य	हु हे हो डा	हुमा, हेमा, हेरम्ब, होम, डम्बर, डाँसु
९. अश्लेषा	डी डु डे डो	डील, डुक, डेजी, डोल, डमरु
१०. मघा	म मि मु मे	मधु, मिन, मुकुन्द, मेष, मेघ, मेधा
११. पूर्वफाल्गुनी	मो टा टी टु	मोहन, मोहिनी, टङ्क, टीका, टुकराज
१२. उत्तरफाल्गुनी	टे टो प पी	टेक, टोप, पवित्र, पीताम्बर
१३. हस्ता	पू ष ण ठ	पुण्डरिक, षडानन्द, ठाकुर, पुष्पा, पुरुषोत्तम
१४. चित्रा	पे पो र री	पेमा, प्रेम, पोष, रण, रत्न, रति, रीता
१५. स्वाती	रू रे रो ता	रूद्र, रेवती, रोहिणी, तारिणी
१६. विशाखा	ति तु ते तो	तिल, तुलसी, तेज, तोला
१७. अनुराधा	ना नी नू ने	नारायण, नारायणी, नीलकण्ठ, नूर, नेत्र
१८. ज्येष्ठा	नो या यी यू	नोना, नरेन्द्र, यज्ञ, यादव, यामी, युवराज
१९. मूल	ये यो भा भी	यम, योग, योगेन्द्र, भद्र, भामिनी, भीम, भीमा
२०. पूर्वषाढा	भू ध फा ढा	भूमि, भूषण, धर्म, धन, फाल्गुनी, ढक
२१. उत्तरषाढा	भे भो जा जी	भेष, भोज, जमुना, जगन्नाथ, जगत, जीवन
२१.१ अभिजित*	जु जे जो ख	जुना, जुही, जेजी, जोग, खगेन्द्र, खगी
२२. श्रवण	खि खु खे खो	खिम, खिमा, खिल, खुम, खेम, खोप
२३. धनिष्ठा	ग गी गू गे	गणेश, गङ्गा, गीता, गुरू, गेजा
२४. शतभिषा	गो सा सी सु	गोपाल, गोपी, सावित्री, सीता, सुशील
२५. पूर्वाभाद्रपदा	से सो दा दी	शेष, शेखर, शोभा, सोम, दधि, दमन, दीन
२६. उत्तराभाद्रपदा	दू थ झ ञ	दुर्गा, थम, झम, झमन, झपट
२७. रेवती	दे दो चा ची	देव, दोल, चन्द्र, चिन्तामणि, चित्र, चित्रा

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ख) नक्षत्र का स्वामी को नाम बाट

नक्षत्र	नक्षत्र का स्वामी	नाम
१. अश्विनी	अग्नि	अनल, पावक, अश्विनी
२. भरणी	यम	धर्म, यामिनी, यमी
३. कृतिका	अग्नि	वैश्वानर, कृति
४. रोहिणी	प्रजापति	बृहस्पति, लोकेश, रोहिणी
५. मृगशिरा	सोम	चन्द्र, शशी, मृगेन्द्र
६. आर्द्रा	रूद्र	शिव, शङ्कर, रूद्र
७. पुनर्वसु	अदिति	आदित्य, वसु, अदिति
८. पुष्य	बृहस्पति	गुरू, गौरव, बृहस्पति
९. अश्लेषा	सर्प	नाग, वासुकी, शेष, अनन्त
१०. मघा	पितृ	पितृ, अर्यमा
११. पूर्वफाल्गुनी	भग	भगवान्, भगवती
१२. उत्तरफाल्गुनी	अर्यमा	फाल्गुनी, उत्तरा
१३. हस्ता	सविता	सूर्य, रवि, हस्त
१४. चित्रा	त्वष्टा	चित्र, चित्रा
१५. स्वाती	वायु	अनिल, पवन, समीर
१६. विशाखा	मित्र	वैशाखी, मैत्रेय, मित्र
१७. अनुराधा	इन्दु	शशी, चन्द्र, कला
१८. ज्येष्ठा	निऋति	ऋत, ऋद्धि, ऋतम्भरा
१९. मूल	वरूण	वरूणा, मूलेश
२०. पूर्वाषाढा	अप	तोय, नीर
२१. उत्तराषाढा	विश्वदेव	विश्वराज, विश्वेश्वरी
२१.१ अभिजित*	वासुदेव	वासुकला, वासुदेव, अभि, जित
२२. श्रवण	विष्णु	वैष्णवी, हरि, श्रवण
२३. धनिष्ठा	वसु	वसुदेव, वसुधा, वसुन्धरा
२४. शतभिषा	वरूण	वरुण, वरुणा
२५. पूर्वभाद्रपदा	अजैकपाद	भद्र, भद्रिका
२६. उत्तरभाद्रपदा	अहिर्बुध्न्य	उत्तरा, श्रीभद्र
२७. रेवती	पूषा	पोषण, पुष्कर

**अभिजित लाई २८ औं नक्षत्र का रूप मा चिनिन्छ । एसको छुट्टै अस्तित्व नभएकाले एसलाई उत्तराषाढा र श्रवण नक्षत्र को मध्यभाग मानिन्छ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ग) महीना अनुसार

महीना	स्वामी
वैशाख	जनार्दन, जानकी
ज्येष्ठ/जेठ	उपेन्द्र, उपमा
आषाढ/असार	यज्ञपुरुष, दक्षिणा
श्रावण/साउन	वासुदेव, वासुकला
भाद्र/भदौ	हरि, हरिमाया
आश्विन/असोज	योगीश, योगमाया
कार्तिक/कात्तिक	पुण्डरीकाक्ष, दामोदर
मार्गशीर्ष/मंसीर	कृष्ण, कृष्णा
पौष/पुस	अनन्त, अनन्ता, नारायण
माघ	अच्युत, अच्युता
फाल्गुन/फागुन	चक्री, चक्र
चैत्र/चैत	वैकुण्ठ, विकुण्ठा

एसरी नक्षत्र, राशि तथा महीना अनुसार नाम राख्दा धर्म संस्कृति र कुलपरम्परा अनुसार इष्टदेव, महापुरुष तथा भगवान् का नाम पर्ने गरी मूल नाम राखिन्छ अनि तेस मूल नाम का पछाडी परम्परागत मध्य नाम- नाथ, दास, प्रसाद, शरण, दत्त, विक्रम, बहादुर, शमशेर तथा देवी, माया, मती, वती, कुमारी इत्यादि पद जोडेर र अन्त मा थर को नाम समेत थपेर नाम पूरा गरिन्छ।

जहाँ सम्म शिशु लाई नाम कसले सुनाउने भन्ने कुरा छ नक्षत्र अनुसार रहन गएको नाम शिशु का पिता वा अभिभावक ले जन्मेकै दिन शुद्धीकरण पछि शिशु का कान मा सुनाइदिनू र त्यो नाम गोप्य राख्नू तर एघारौं दिन मा व्यापक शुद्धीकरण पछि सुनाइने नाम गुरूपुरोहित वा आचार्य ले विधिपूर्वक घोषणा गरिदिनू तथा शिशु का कान मा सुनाइदिनू भन्ने शास्त्र को निर्देशन छ।

पिता ले नाम सुनाउँदा निम्नानुसार का वाक्यहरु भन्ने-

'हे शिशु ! हाम्रा इष्टदेव का अनुसार तिम्रो नाम ..... राखिएको छ। तिमी ..... महीना मा जन्मेका हुनाले तिमी लाई ..... पनि भनिने छ। तिमी ..... नक्षत्र को ..... पाऊ मा जन्मेका हुनाले तेस अनुसार तिम्रो नाम ..... हो तर हामी मातापिता ले तिमी लाई प्रेमपूर्वक ..... भनेर बोलाउनेछौं।

Prof. Madhav Prasad Pokhrel Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

न्वारन को अघिल्लो दिन अर्थात् शिशु जन्मिएको दशौं दिन सुत्केरी लाई व्यापक शुद्धि गराइन्छ जस अनुसार सुत्केरी लाई राम्रो सँग नुवाइधुवाइ गर्न लगाइन्छ अनि सूनपानी खान र वरपर तथा शरीर मा छर्किन लगाइन्छ। उसले प्रयोग गरेका सम्पूर्ण लुगा-कपडा, भाँडाहरु धोएर माझेर शुद्ध पारिन्छ। गाउँघर मा परालहरु ओच्छ्याएका भए फ्याँकिन्छ वा तेसलाई बालेर सुत्केरी ले आगो ताप्छन्। माटा का भाँडा प्रयोग गरेका भए फुटालेर फालिन्छ। सुत्केरी को कोठा पनि लिपपोत, धोइपखाली गरी सफा र चोखो बनाइन्छ अनि सुत्केरी लाई अर्को सफा सुविधा युक्त बिस्तरा दिइन्छ। तेस दिन सुत्केरी र सुत्केरी का सुसारेहरु लाई मेथी जाउलो खान दिने चलन छ।

एघारौं दिन शिशु लाई विधिपूर्वक दही मिश्रत मन तातो पानी ले वा अन्य औषधीय उपचार ले नुहाई दिएर सफा लुगा फेराइन्छ र शिशु का आमा र बाबु ले पनि विधिपूर्वक स्नान गरेर सफा शुद्ध वस्त्रहरु पहिरी अभिमन्त्रित पञ्चगव्य खाने र घर मा सबैतिर छर्किने गरिन्छ (पञ्चगव्य बनाउने विधि पूर्वाङ्गकर्म मा दिइएको छ)।

ज्येष्ठा, अश्लेषा र मूल नक्षत्र मा तथा कृष्णपक्ष को चतुर्दशी तिथि मा शिशु जन्मिएमा दुष्टयोग-शान्ति गरेर मात्रै नामकरण गर्नुपर्छ। जुम्ल्याहा र दाँत सहित जन्मिएको भए पनि शान्ति गर्नुपर्छ।

नामाकरणविधि



प्रथमतः शिशु का बाबु वा कर्ता बन्नेले स्नान जप, पाठ आदि आफ्नो नित्यक्रिया सम्पन्न गरेपछि जनै फेरेर शुद्ध वस्त्र धारण गरी यज्ञस्थल मा बस्नू र कर्मपात्र (पूर्वाङ्गकर्म अनुसार) तयार पारी तीन टुक्रा कुश सहित जल हात मा लिएर निम्नलिखित मन्त्र उच्चारण गर्दै आफू र वरपर छर्किनू-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः।
ॐ पुण्डरीकाक्षः पुनातु - ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसपछि आचमन गरेर जौतिलकुश सहित पानी समातेर निम्नलिखित प्रतिज्ञासङ्कल्प तथा ब्राह्मण वरण गर्नू-

"ॐ अद्येह ..... गोत्रः ..... प्रवरः ..... नामाहं ममास्याभिनवजातबालकस्य बीजगर्भसमुद्भवैनोनिवर्हणार्थमायुः श्रियोरभिवृद्ध्यर्थ व्यवहारसिद्धयर्थम्आरोग्याभ्युदयलम्भनार्थं च श्रीमत्परमेश्वर प्रतिये दीपकलशगणेशादिदेवतापूजनपूर्वक अद्यकर्तव्यनामकरणकर्मतदनन्तरं निष्क्रमणं सूर्यावेक्षणं भूम्युपवेशनं च यथाविधि करिष्ये, तत्तत्कर्मकर्तुं नानानामगोत्रान् ब्राह्मणाँश्च वृणे ।

अर्थात्- आज यहाँ .... गोत्र .... प्रवर र ..... नाम को मैले मेरो नवजात शिशु को रजवीर्य को संयोग बाट गर्भ मा भएका दोष को निवारण का लागि शिशु को आयु, ऐश्वर्य तथा आरोग्य वृद्धि का लागि र यी कर्महरु द्वारा भगवान् को प्रसन्नता का निमित्त दीप, कलश, गणेशहरु को पूजन गरेर आज सम्पन्न गरिने नामकरण र तेसपछि गरिने निष्क्रमण, सूर्यदर्शन, भूमिस्पर्श आदि कर्म यथाविधि सम्पन्न गर्ने प्रतिज्ञा गर्छू र उक्त कर्म गराउने ब्राह्मण को पनि वरण गर्छू ।

एसरी सङ्कल्प गरिसके पछि पुरोहित वा ब्राह्मण लाई टीका लगाइदिएर वरण गर्नू र दीप, कलश, गणेश स्थापना र पूजा गरी पुण्याहवाचन (पूर्वाङ्गकर्म अनुसार) गर्नू अनि कलशमै सूर्यादि नवग्रह र गौर्यादि षोडश मातृका को आवाहन तथा पूजा (पूर्वाङ्गकर्म अनुसार) गर्नू र आभ्युदयिक श्राद्ध को सट्टा सूनदान वा गोदान गर्नू ।

यज्ञवेदी मा विधिपूर्वक पार्थिव नाम का अग्नि (पूर्वाङ्गकर्म अनुसार) स्थापना गरेर हवन गर्ने ब्राह्मणहरु नियुक्त गरी महाव्याहृति होम, पुरुष होम र अन्य होम (पूर्वाङ्गकर्म अनुसार) गरिसकेपछि पहिल्यै नुहाएर शुद्ध वस्त्रहरु लगाएका सुत्केरी र शिशु लाई यज्ञमण्डप मा ल्याएर अग्नि को परिक्रमा गर्न लगाई दाहिने तिर पूर्व फर्काएर दाहिने कान माथी पर्ने गरी शिशु लाई आमा ले काख मा लिएर बस्नु र बालक ले समेत सुन्ने गरी तलका मन्त्रहरु उच्चारण गर्दै कनिका, सर्स्यु, भलायो, काँढा, हिलो आदि हात मा लिएर दुई पटक सम्म अग्नि मा हवन गर्नू-

(१) ॐ शण्डामर्का इति प्रजापति ऋषिरनुष्टुप् छन्दः अग्निर्देवता

Archive Collection Digitized by eGangotri & Sarayu Foundation Trust Kamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सूतिकाबालरक्षार्थं फलीकरणमिश्रसर्षपहोमे विनियोगः

ॐ शण्डामर्का उपवीर शौण्डिकेय उलूखलः ।
मलिम्लुचो द्रोणासश्च्यवनो नश्यतादितः स्वाहा ॥
इदम् शण्डामर्काभ्यामुपवीराय शौण्डिकेयोलूखलाय ।
मलिम्लुचाय द्रोणासाय च्यवनाय न मम ॥

शण्डामर्क, उपवीर, शौण्डिकेय, उलूखल, मलिम्लुच, द्रौणास, च्यवन सबै भागून् भनी तिनैलाई यो आहुति प्रदान गरिन्छ ।

(२) आलिखन्निति प्रजापतिर्ऋषिस्त्रिष्टुप छन्दः अग्निर्देवता सूतिकाबालरक्षार्थं फलीकरण मिश्रसर्षपहोमे विनियोगः-

ॐ आलिखन्ननिमिषः किंवदन्त उपश्रुतिः ।
हर्यक्षः कुम्भीशत्रुः पात्रपाणिर्नृमणिः ।
हन्त्रीमुख सर्षपारूणश्च्यवनो नश्यतादितः स्वाहा - इदमालिखतेऽ निमिषाय किंवदन्ताय उपश्रुतये हर्यक्षाय कुम्भीशत्रवे पात्रपाणये नृमणये हन्त्रीमुखाय सर्षपारूणाय च्यवनाय न मम ।

अर्थात्- आलिखन्, अनिमिष, किंवदन्त, उपश्रुति, हर्यक्ष, कुम्भीशत्रु, पात्रपाणि, नृमणि, हन्त्रीमुख, सर्षपारूण र च्यवन नामक दुष्ट ग्रहहरु भागून् र यो आहुति तिनैलाई समर्पित होओस् ।

एसरी हवन गरिसकेपछि पिता वा अभिभावक ले शिशु लाई हात मा लिएर यज्ञ को आगा माथी तीन पटक सम्म घुमाउँदै हातैहात मा उफार्ने चलन छ । तर एसो गर्दा थोरै पनि असावधानी भयो भने बच्चा हात बाट तल खस्ने सम्भावना भएको हुँदा यो चलन लाई सुधार्नु पर्ने देखिन्छ ।

नामश्रवण/नामघोषणा :

नामश्रवण वा घोषणा का दुई वटा प्रक्रिया वा विधि छन्- इन मध्ये कुनै एक वा दुवै विधि लाई सँगसँगै अपनाउन पनि सकिन्छ ।

(क) पहिलो विधि : दुईवटा किस्ती वा थाल मा बराबर चामल, फल, जनै, सुपारी, वस्त्र, भेटी राखेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तेस माथी नच्यातिएका राम्रा एकेकवटा पीपल का पात राख्नू र ती पात मध्ये एउटा मा केसरी कुंकुम कस्तूरी चन्दन मा चोपेर सून को तार वा कुश को टुक्रा ले ज्योतिष अनुसार जुराएको नाम र अर्को मा बोलाउने नाम एसरी लेख्नू-

ॐ स्वस्ति श्रीमन्मङ्गलमूर्तये नमः ..... नाम बालको दीर्घायुर्भूयात् ।
(छोरी भए) .....नाम्नी बालिका दीर्घायुर्भूयात् ।

अनि ती नाम लेखिएका पात मा निम्नलिखित मन्त्र पढ्दै चन्दन, फूल, दुबो, लावा, अबीर र अक्षता ले पूजा गर्नू-

ॐ मङ्गलं भगवान् विष्णुः मङ्गलं गरूडध्वजः ।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनम्हरिः ॥
मङ्गलं लक्ष्मणभ्राता मङ्गलं जानकीवरः
मङ्गलं सुन्दरो रामो मङ्गलं हनुमत्प्रियः ॥

एसपछि भजन कीर्तन, स्वस्तिवाचन र मङ्गलवाद्य का साथ गुरूपरम्परा र इष्टदेव लाई स्मरण गर्दै, शुभमुहूर्त मा बालक को दाहिने कान मा नाम सुनाउँदै एसो भन्नू-

.... नामासि बालक/बालिका त्वं दीर्घायुर्भूयाः

अर्थात्- .... नाम भएका बालक/बालिका तिमी दीर्घायु होऊ भनेर तीन पटक सम्म नाम सुनाइदिनू । अनि त्यो नाम लेखेको पीपल को पात, फूल र दूबो सहित बालक/बालिका को शिरान मा राखिदिनू ।

(ख) दोम्रो विधि : कुनै राम्रो नयाँ स्लेट/पाटी वा तेस्तै सुन्दर बोर्ड बनाएर तेसमा सुन्दर ढङ्ग ले रङ्गीबिरङ्गी उपकरणहरु ले नाम लेखेर तेस्तै चोखो कपडा ले छोपेर राख्ने । अनि नाम घोषणा गर्ने बेला भएपछि तेसलाई पूर्वोक्त विधि ले पूजा गरी मङ्गल ध्वनि र मङ्गलवाद्य का साथ मङ्गल मन्त्रहरु उच्चारण गर्दै अनावरण गरेर सबै लाई देखाउने र त्यहाँ उपस्थित भएका सबैले गुरूपुरोहित का पछि-पछि शिशु को नाम जयकार सहित एसरी उच्चारण गर्ने-

१. शिशु ..... को जय होस् । - ३
२. शिशु ..... को मङ्गल होस् । - ३
३. शिशु ..... धर्मपरायण होस् । - ३
४. शिशु ..... दीर्घायु होस् । - ३
५. शिशु ..... कर्तव्यपरायण होस् । - ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेखलाबन्धन

एसपछि शिशु लाई हेरेर बाबुआमा ले निम्नलिखित मन्त्र उच्चारण गर्दै मेखला बाँधिदिनू-

अङ्गादङ्गात् सम्भवसि हृदयादधिजायसे ।
आत्मा वै पुत्र नामासि त्वं जीव शरदः शतम् ॥

अर्थात् हे पुत्र/पुत्री तिमी मैरै आत्मा हौ; मेरा अङ्गअङ्ग बाट र मेरा हृदय बाट तिम्रो जन्म भएको छ; तिमी शय वर्ष सम्म बाँच ।

मेधाजनन

चोखो भाँडा (सून, चाँदी वा अरु कुनै धातु को)- मा असमान भाग बराबर नहुने गरी भाग मह र घिऊ मिसाएर सून वा चाँदी को सानो टुक्रा वा चम्चा वा औंठी सहित को हात ले चलाउँदै निम्नलिखित मन्त्रोच्चारण गर्दै अभिावक ले चार पटक सम्म शिशु लाई चटाइदिने-

ॐ प्रते ददामि मधुनो घृतस्य देवं सवित्रा प्रसूतं मघोनाम् ।
आयुष्मान् गुप्तो देवताभिः शतं जीव शरदो लोके अस्मिन् ॥

अथवा- ॐ मेधां ते माधववामनौ मेधं हरि ददातु ।
मेधां ते अच्युतानन्तौ आधत्तां पुष्करस्रजौ स्वाहा ॥

अर्थात्- माधव, वामन र हरि भगवान् ले तिमी लाई मेधा (बुद्धिशक्ति) प्रदान गरून् । कमल का फूल को माला लगाएका भगवान् अच्युत र अनन्त ले पनि तिमी लाई मेधा प्रदान गरून् ।

एसैगरी **"आयुर्वर्च्चो बलं मेधा वर्धतां ते सदा शिशोः ॥"**

अर्थात्- हे शिशु तिम्रो आयु, तेज, बल र बुद्धि सधैं बढिरहोस् भनी शिशु को मेधा वृद्धि को कामना गर्नू।

एसपछि तलको मन्त्र पढेर अग्नि मा विशेष आहुति दिनू-

ॐ भूर्भुवः स्वः । अग्निर्ऋषिः पवमानः ।
पाञ्चजन्यः पुरोहितः । तमीमहे महागव्यं स्वाहा ।
इदम् अग्नये पवमानाय, इदम् न मम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अभिषेक

शिशु र शिशु की आमा लाई निम्नलिखित मन्त्र पढ्दै पल्लव सहित पवित्र जल ले अभिषेक गर्ने -

मन्त्र १- ॐ आपो हिष्ठा मयो भुवस्तान ऊर्जे दधातन । महेरणाय चक्षसे ॥१॥

सुखसमृद्धि का स्रोत, तिमी हौ हे महान् जल ।
उपभोग गरौं हामी, पनि त्यो सुखवैभव ॥

मन्त्र २- ॐ यो वः शिवतमो रसस्तस्य भाजयते ह नः । उशतीरिव मातरः ॥

अत्यन्त हितकारी त्यो, छ तिम्रो रस हे जल ।
आमाको स्नेहझैं हामीलाई देऊ निरन्तर ॥

मन्त्र ३- ॐ तस्माऽरङ्ग मामवो यस्य क्षयाय जिन्वथ । आपो जन यथा च नः ॥

दिन्छौ तृप्ति सबै लाई, तिमी ले जसरी जल ।
गर त्यै तृप्ति को वर्षा, हामी माथी निरन्तर ॥

पूर्णाहुति

पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

सामग्री : फूल, फल, चन्दन, अक्षता, जौ, तिल, कुश, पञ्चगव्य, गहुँत, गोबर, गौ दुग्ध, गोदधि, सर्स्यू, भलायो, काँढा, हवन का लागि घिउ, चरू, पञ्चपात्र, कर्मपात्र, अर्घपात्र, रक्षाबन्धन, दीप, कलश, गणेश, नाम घोषणा का लागि नयाँ पाटी, पर्दा वा थाल, पीपल का सग्ला पात, तुलसी को डण्डी, शिशु लाई चटाउने मह घिउ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ मधुव्वाता ऋतायते, मधुक्षरन्तिसिन्धवः माध्वीर्नः सन्तोषधीः ।
मधुनक्तमुतोषसो मधुमत्पार्थिव रजः मधुद्यौरस्तु नः पिता ।
मधुमान्नो वनस्पतिः मधुमाँऽअस्तु सूर्यः माध्वीर्गावो भवन्तु नः ।
ॐ मधु ॐ मधु ॐ मधु ।

एसपछि निम्नलिखित सङ्कल्प पढेर दक्षिणा तथा भूयसी दक्षिणा को प्रतिज्ञा गर्नू-

ॐ अद्येह मम ... नाम्नो बालकस्य/नाम्न्या बालिकायाः कृतैतन्नामकरण- कर्मणः साङ्गतासिद्धयर्थं न्यूनातिरिक्तादिदोषपरिहारार्थं इमां (भूयसीं) दक्षिणां यथानामगोत्रेभ्यो यथानाम शर्मभ्यो ब्राह्मणेभ्यो दातुमह्मुत्सृजे ।

आज यहाँ गरिएको मेरो छोरो वा छोरी को नामकरण र तेसको अङ्गपूर्ति का निमित्त गरिएका हवनादि कर्म मा कुनै त्रुटि रहन गएका भए ती सबै दोष को निवारण र यज्ञ पूर्ति का निमित्त विविध नाम, गोत्र का ब्राह्मणहरु लाई म यो दक्षिणा समर्पित गर्दछू। एस पछि-

कायेनवाचा मनसेन्द्रियैर्वा बुध्यात्मना वा प्रकृतेःस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

यो मन्त्र पढेर सम्पूर्ण कर्म भगवान् मा समर्पण गर्नू, अनि यज्ञकुण्ड बाट अलिकति चरू को भस्म झिकेर तिलक बनाउनू। अनि-

ॐ त्र्यायुषं जमदग्ने : कश्यपस्य त्र्यायुषम् ।
यद्देवेषु त्र्यायुषं तन्नोऽअस्तु त्र्यायुषम् ॥

यो मन्त्र उच्चारण गर्दै ब्राह्मण ले कर्ता, शिशु र आमा लाई लगाइदिने र आगन्तुकहरु लाई प्रसाद वितरण गर्ने ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

निष्क्रमण-संस्कार

निष्क्रमण, नयाँ शिशु लाई घर बाट बाहिर निकाल्ने एउटा संस्कार हो। यो संस्कार शिशु जन्मेको चौथो महीना मा (तीन वटा पूर्णिमा पार गरेपछि) गर्नुपर्दछ भन्ने उल्लेख गरिएको पाइन्छ -

ततस्तृतीये कर्तव्यं मासि सूर्यस्य दर्शनम् ।
चतुर्थमासि कार्यं वै शिशोश्चन्द्रस्य दर्शनम् ॥

अर्थात्- शिशु लाई जन्मेको तेस्रो महीना मा सूर्य को र चौथो महीना मा चन्द्रमा को दर्शन गराउनू। तर पनि न्वारन कै दिन निष्क्रमण गराउने चलन लोकपरम्परा मा छ। कसैले अन्नप्राशन को दिन पनि निष्क्रमण संस्कार गराउँछन्। बालक लाई बाहिर ल्याउने कार्य बालक कै आमा वा धाई वा पिता ले गर्नू भन्ने पनि मुहूर्तसङ्ग्रह र विष्णुधर्मोत्तर मा उल्लेख छ। एस संस्कार को व्यावहारिक उद्देश्य शिशु लाई बाहिर को उन्मुक्त वातावरण एवं सूर्यचन्द्र लगायत सृष्टि को विराटता र विचित्रता सँग परिचित गराउनु हो।

नामकरण कै दिन निष्क्रमण गर्ने हो भने सङ्कल्प गर्दा 'निष्क्रमण' समेत भनेर उच्चारण गर्ने र नामकरण को कार्य सकिएपछि 'कायेनवाचा' गर्नु अघि निष्क्रमणको विधि सम्पन्न गर्न सकिन्छ।

निष्क्रमण-विधि

घर को बाहिर पट्टि आँगन वा खुल्ला ठाउँ मा एक हात जति ठाउँ सफा गरेर गोबर ले लिप्ने वा पानी ले धुने अनि तेसमा पीठा को रेखी ले स्वस्तिक चिन्ह र अष्टदल कमल बनाउने र कमल का बीच मा एउटा सानो गोबर को कुण्ड बनाएर पानी भर्ने ! कुण्ड बनाउन सम्भव नभएका ठाउँ मा कुनै सफा थाल वा भाँडा मा पानी भरेर राख्ने अनि तेसमा निम्नलिखित मन्त्र ले सूर्य को आवाहन गर्ने-

ॐ आकृष्णेनरजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यञ्च हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri





अर्थात्- दिन र रात को निर्माण गर्दै, स्वर्ग र मर्त्य को व्यवस्था मिलाउँदै, अमृत बर्साउँदै सून को रथ मा बसेर समस्त जगत् लाई हेर्दै, परिभ्रमण गर्ने हे भगवान् सूर्यनारायण ! म तपाईं लाई यहाँ आवाहन गर्दछू ।

अब निम्नलिखित श्लोक उच्चारण गर्दै तेसै कुण्ड मा सूर्य को पूजा तथा ध्यान गर्ने-

(क) नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतेस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मधारिणे विरिञ्चिनारायणशङ्करात्मने ॥

अर्थात्- जगत का एकमात्र नयनस्वरूप, तीनै लोक का सृष्टि, स्थिति र प्रलय का कारण स्वरूप, तीन वेदस्वरूप र तीनै गुण का धारणकर्ता ब्रह्माविष्णुमहेशरूप हे सविता ! म तपाईं लाई नमस्कार गर्दछू ।

(ख) ध्येयः सदा सवितृमण्डलध्यवर्ती-
नारायणः सरसिजासनसन्निविष्टः ।
केयूरवान् मकरकुण्डलवान् किरीटि-
हारी हिरण्मयवपुर्धृतशङ्खचक्रः ॥

अर्थात्- जुन सूर्य को प्रभामण्डल भित्र कमलपुष्प मा विराजमान भगवान् नारायण को निवास छ, जो केयूर, मकराकृत कुण्डल, मुकुट र शङ्खचक्र धारण गर्ने सुवर्णमय स्वरूप का हुनुहुन्छ उनै सूर्यनाराण को म ध्यान गर्छू । अब तलको श्लोक उच्चारण गर्दै सूर्य नारायण लाई अर्घ चढाएर नमस्कार गर्ने-

ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- हे अनन्त प्रकाशपुञ्ज तेजोमय जगत्पति श्रीसूर्य (! मैले अर्पण गरेको यो अर्घ्य ग्रहण गरेर म माथी अनुग्रह गर्नुहोस् ।

एसप्रकार ले सूर्य को आराधना गरिसकेपछि शिशु लाई वस्त्राभूषण ले अलङ्कृत गरेर वाद्यसङ्गीत भजनकीर्तन का साथ शिशु कै मामा, बाबु वा धाई ले निम्नलिखित मन्त्र पढ्दै पूजास्थल मा स्वस्तिक चिन्हाथि ल्याएर राखी अनि यो मन्त्र पढ्ने-

अप्रमत्तं प्रमत्तं वा दिवा रात्रावथापि वा ।
रक्षन्तु सततं सर्वे देवाः शक्रपुरोगमाः ॥

अर्थात्- यो शिशु बेहोशी मा होस् वा होस मा, दिन मा होस् वा रात्रि मा, इन्द्र को नेतृत्व मा रहेका सबै देवताहरु ले एसको रक्षा गरून् ।

सूर्यदर्शन

अनि शिशु ले पनि सुन्ने गरी र तलको मन्त्र उच्चारण गर्दै मङ्गलध्वनि का साथ श्रीसूर्य को दर्शन गराउने -

ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् ।
पश्येम शरदः शतं जीवेम शरदः शतं ।
श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः
शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ॥

अर्थात्- देवताहरु का परमप्रिय, सम्पूर्ण जगत् का नेत्रस्वरूप, परमपवित्र सूर्यनारायण पूर्व दिशा मा उदाउँदछन् । इनैका कृपा ले हामी शय वर्ष सम्म देख्न सक्ने, शय वर्ष सम्म सुन्न सक्ने, शय वर्ष सम्म राम्ररी बोल्न सक्ने, कसै सँग नझुकी शय वर्ष सम्म बाँच्न सक्ने र यो भन्दा अझ बढी बाँच्न सक्ने बनौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

काख परिवर्तन

एसपछि तलको मन्त्र उच्चारण गर्दै सर्वप्रथम आमा ले शिशु लाई उसका बाबु को काख मा राखिदिने । बाबु पछि हजुरबुबा, हजुरआमा तथा अन्य परिवारजनहरु ले पालैपालो काख मा लिएर अन्त मा शिशु की आमा लाई दिने-

रक्षन्तु सर्वदा सर्वे देवाः शक्रपुरोगमाः ।
अप्रमत्तं प्रमत्तं वा दिवा रात्रावथापि वा ॥
रक्षत्वं वसुधे देवि सन्ध्ये च जगतः प्रिये ।
आयुष्प्रमाणं सकलं देहि देवि नमोस्तुते ॥

अर्थात्- सधैँ रक्षा गरून् सारा इन्द्रादि देवता अब
बिहान बेलुका राती हे भूमि बन रक्षक ।
यो हामी सबको साझा एसैका हौं सबै जना
दीर्घायु देऊ हे देवी गर्छौं विनम्र प्रार्थना ।

एस क्रिया का पछाडी यो शिशु सबैको हो, सबैको समान स्नेह, ममता, सहयोग एसलाई प्राप्त होओस् र एसले पनि ती सबै प्रति आफ्नो दायित्व वहन गरोस् भन्ने शुभभावना रहेको पाइन्छ । एसका साथै 'कायेनवाचा' गरेर यज्ञ वा कर्म समाप्ति गर्ने र दानदक्षिणा तथा प्रसाद वितरण गर्ने ।

निष्क्रमण विधि सकिएपछि शिशु लाई नजीक को मन्दिर मा लगेर भगवान् को दर्शन गराउनु राम्रो हुन्छ । कसैले त निष्क्रमण का दिन भगवान् को दर्शन मात्रै गराएर पनि ल्याउँदछन् ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्नप्राशन संस्कार

(पास्नी वा भातखवाई)

अर्थ र उपयोगिता

नयाँ शिशु लाई पहिलो पटक अन्न खुवाउने वा भात खुवाउने संस्कार भएकाले एसलाई अन्नप्राशन वा भातखुवाइ भनिन्छ। कसैले एसलाई पास्नी पनि भन्दछन्। यो संस्कार छोरा को भए छ वा आठ महीना मा र छोरी को भए पाँच वा सात महीना मा गर्ने चलन छ। यदि शिशु को स्वास्थ्य र अन्य कारण ले तेस समय मा खुवाउन सम्भव नभए छोरी को नौ महीना वा एघार महीना मा र छोरा को दश वा बाह्र महीना मा गर्नैपर्छ, वर्ष कटाउनु हुँदैन। एस सम्बन्ध मा नारदस्मृति मा लेखिएको छ-

जन्मतो मासि षष्ठे वा सौरेणोत्तममन्नदम्।
तदभावेऽष्टमे मासे नवमे दशमेऽपि वा॥
द्वादशे वाऽपि कुर्वीत प्रथमान्नाशनं परम्।
संवत्सरे वा सम्पूर्णे केचिदिच्छन्ति पण्डिताः॥

जहाँ सम्म दिन को कुरा छ तेसका लागि- तिथि मा- द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, शुक्ल त्रयोदशी; बार मा- सोम, बुध, बृहस्पति, शुक्रबार; नक्षत्र मा- अश्विनी, रोहिणी, मृगशिरा, पुनर्वसु, तिष्य, उत्तरफाल्गुनी हस्ता, चित्रा, स्वाती, अनुराधा, उत्तरषाढा, श्रवण, धनिष्ठा, शतभिषा, उत्तरभाद्रपदा, अभिजित र रेवती लाई शुभ मानिएको छ। यी शुभदिन मा लाभ, अमृत तथा शुभ बेला पारेर चन्द्रमा को समेत विचार गरेर अन्नप्राशन गराउनू भन्ने शास्त्रीय निर्देशन छ।

अन्नप्राशनविधि

शिशु का बाबु वा कर्ता हुने व्यक्ति ले आफ्नो प्रातःकालीन नित्य क्रिया (स्नान, जप, पूजा पाठ आदि) सकेर सफा शुद्ध वस्त्रहरु लगाएर यज्ञस्थल मा बस्ने। सम्भव भए शिशु की आमा पनि सँगै बस्नु बेस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुन्छ। आचमन प्राणायाम गरिसकेपछि कर्मपात्र (पूर्वाङ्गकर्म अनुसार) बनाएर तेसैको जल हात मा लिएर निम्न मन्त्र पढ्दै आफूमा र वरपर छर्कनू।

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यःस्मरेत् पुण्डरीकाक्षं सबाह्याभ्यन्तरः शुचिः।
ॐ पुण्डरीकाक्ष पुनातु-३

घर मा ब्राह्मणहरु मार्फत् विशेष रूप ले गर्ने भए गोदान सङ्कल्प, ब्राह्मणवरण, आभ्युदयिक श्राद्ध, विधिपूर्वक अग्निस्थापना आदि गर्न सकिन्छ जसको विधि पूर्वाङ्गकर्म मा दिइएको छ। यदि सामान्य रूप ले कोठा मा आफै गर्ने भए पवित्र ठाउँ मा बसेर दीप, कलश, गणेश को स्थापना गरी तिनलाई पञ्चोपचार ले पूजा गर्नू। कलशमै नवग्रह को, गौर्यादि षोडश मातृका को, षण्ठीदेवी को आवाहन र पूजा गर्नू। कलश को अघिल्तिर आड मा एउटा थाली मा अष्टदल कमल को रेखी बनाएर तेसमा क्रमै ले अष्टचिरञ्जीवी को पूजा (हे. **षष्ठिका पूजन संस्कार**) गर्नू। अनि सानो वेदी वा मकल मा आगो बालेर शुचि नामक अग्नि लाई आवाहन गरेर संस्कार गर्नू। घिऊ मा चोबिएका केही साना समिधा ले प्रज्वलित बनाएको अग्नि मा निम्नलिखित मन्त्र ले पायस वा चरू को हवन गर्नू-

ॐ भूः स्वाहा ॐ भुवः स्वाहा, ॐ स्वः स्वाहा, ॐ भूर्भुवः स्वः स्वाहा।

अनि निम्न मन्त्र उच्चारण गर्दै अग्नि मा घिऊ को आहुति दिनू-

ॐ महाप्रसादान्नं वै एकं छन्दस्यम् तत् हि एकं भूतेभ्यः छन्दयति स्वाहा।
ॐ श्रीः वै एष यत् सत्त्वनो विरोचनो सङ्कर्षणो मयि सत्त्वम् अवदधातु स्वाहा।
ॐ अन्नस्य घृतम् एव रसः तेजः सम्पदार्थो तद् अनन्ताय जुहोमि स्वाहा।
ॐ विष्णवे क्षुधे स्वाहा ॐ श्री विष्णवे क्षुत्पिपासाभ्यां स्वाहा।

अब निम्न मन्त्र उच्चारण गर्दै पाँच प्राण लाई पायस को आहुति दिने-

ॐ प्राणाय स्वाहा, ॐ अपानाय स्वाहा, ॐ समानाय स्वाहा,
ॐ उदानाय स्वाहा, ॐ व्यानाय स्वाहा

अब पायस मा घिउ मिसाएर तलको मन्त्र पढ्दै अग्नि मा आहुति दिने-

ॐ प्राणेनान्नमशीय स्वाहा इदम् प्राणाय न मम।

अर्थात्- म प्राण वायु द्वारा अन्न प्राप्त गरूँ, यो आहुति प्राण लाई समर्पित छ।

ॐ अपानेन गन्धानशीयाय स्वाहा इदम् श्रोत्राय न मम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- म अपान वायु द्वारा सुगन्धहरु ग्रहण गर्न सक्नूँ, यो आहुति अपान वायु लाई समर्पित छ ।

ॐ श्रोत्रेण यशोऽशीय स्वाहा इदम् श्रोत्राय न मम ।

अर्थात्- म कान द्वारा यश प्राप्त गरूँ, यो आहुति श्रोत्र लाई समर्पित छ। एसपछि अग्नि मा निम्नलिखित मन्त्र ले आहुति पनि दिनू -

ॐ अग्नये स्वाहा, ॐ इन्द्राय स्वाहा, ॐ प्रजापतये स्वाहा,
ॐ विश्वेदेवाय स्वाहा, ॐ ब्राह्मणे स्वाहा, ॐ अन्नपूर्णायै स्वाहा

पूर्णाहुति -

ॐ मूर्धानं दिवोऽअरतिं पृथिव्या वैश्वानरमृतऽआजातमग्निं ।
कविं सम्राजमतिथिं जनानामासन्ना पात्रं जनयन्त देवाः स्वाहा ॥

एस मन्त्र ले नरिवल वा सुपारी वा अरु कुनै फल वस्त्र सहित हात मा लिएर पूर्णाहुति दिनू । तेस पछि धूप, दीप, नैवेद्य र पूर्णपात्र दक्षिणा समर्पित गर्नू ।

अब बालक वा बालिका लाई भात खुवाउन का निमित्त तोकिएको ठाउँ मा लिपपोत वा धोई, पुछी गरेर पञ्चगव्य छर्किएर शुद्ध बनाई एक पाथी धान फिँजाउनू र तेस माथी ठूलो पिर्का वा नयाँ चकटी र तेस माथी आसनीहरु ओछ्याएर ठिक्क पार्नू । तेसको पूर्व पट्टि सौभाग्यवती सधवाहरु ले वा आफ्नै जात परिवार का महिला ले गाँसेको ठूलो पतरी राख्नू अनि तेस माथी सून/चाँदी/चरेस आदि को थाल राख्नू । अनि तलको मन्त्र पढ्दै उक्त पात्र को स्पर्श वा पूजन गर्नू-

ॐ हिरण्मयेन पात्रेण, सत्यस्यापिहितं मुखम्
तत्त्वं पूषन्नपावृणु, सत्यधर्माय दृष्टये ॥

अब बालक का लागि पकाएको एक पाथी वा एक माना चामल को भात पस्केर त्यहाँ राख्नू अनि वरिपरि पतरी माथी नै दाल, तरकारी, पायस, पञ्चमृत, दही, सिकर्नी आदि व्यञ्जनहरु पनि घेरा लगाएर राख्नू र भगवान् लाई भोग लगाउनू ।

तेसपछि अनेक वस्त्राभूषण ले, तिलकहरु ले, फूलमाला ले अलङ्कृत र सुगन्धित द्रव्यहरु ले सुवासित बालक लाई ल्याएर तयार पारिएको आसन मा पूर्व पट्टि भोजन भएको पतरी तिर फर्काएर राख्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बालक का बाबु ले अन्नप्राशन सम्बन्धी सम्पूर्ण अरिष्ट नाश होस् भन्ने भाव ले केही पैसा वा सून दान दिनका निमित्त बालक लाई छुवाएर एकातिर राख्नू वा तत्कालै दान दिनू। अनि एउटा सानो पतरी वा दुना वा भाँडा मा त्यहाँ भएको खाने कुरा बाट थोरै-थोरै झिकेर छुट्याउनू जुन पछि गाई लाई खुवाउनु पर्छ। तेसपछि सून, चाँदी वा अन्य किसिम को नयाँ थाली वा प्लेट मा त्यहाँ ठूलो पतरी मा पस्किएका परिकारहरु थोरै-थोरै राख्नू र तलको मन्त्र पढ्दै मह र घिउ (असमान मात्रा मा) वा पञ्चामृत ले मुछ्नू-

ॐ मधुव्वाता ऋतायते, मधु क्षरन्ति सिन्धवः। माध्वीर्नः सन्त्वोषधीः ।
ॐ मधुनक्तमुतोषसो, मधुमत्पार्थिव रजः । मधुद्यौरस्तु नः पिता ।
ॐ मधुमान्नो वनस्पतिः मधुमाँऽअस्तु सूर्यः । माध्वीर्गावो भवन्तुनः ॥

अनि सून को असर्फी वा पैसा सहित को हात ले सर्वप्रथम शिशु की आमा ले र तेसपछि शिशु का बुबा ले निम्नलिखित पाँच मन्त्रहरु को उच्चारण गर्दै वा पुरोहित द्वारा गराउँदै पाँच पटक खुवाइदिनू-

१. **ॐ अच्युत अन्नपतेऽन्नस्यनो देहि ।**
नवीमस्यशुष्मिणः प्रदातारं तरिष ऊर्जमनो देहि ।
द्विपदे चतुष्पदे स्वाहाः प्राणाय स्वाहा ।

२. **ॐ जनार्दन अन्नपते कृणता अन्नं नो देहि ।**
पीयूषासिक्तं ते अन्नं यद् यद् युगे नो देहि ।
द्विपदे चतुष्पदे स्वाहाः ॐ अपानाय स्वाहा ॥

३. **ॐ लक्ष्मीनारायणो अन्नपते अन्नं अमृतं नो देहि ।**
कमलासंस्कृतं ते युक्तशेषं नो देहि ।
द्विपदे चतुष्पदे स्वाहा ॐ समानाय स्वाहा ॥

४. **ॐ अन्नपते यज्ञान्नम् अधियज्ञं त्वदीयं नो देहि ।**
सर्वदुर्लभं मनुष्यं वै सुधायुतं नो देहि ।
द्विपदे चतुष्पदे स्वाहा ॐ उदानाय स्वाहा ॥

५. **ॐ अन्नपते जनार्दन षड्रसं अमृतसिक्तम् ।**
निवेदितं ते सद् अन्नं नो देहि किल्विषापहं नो देहि ।
द्विपदे चतुष्पदे स्वाहा ॐ व्यानाय स्वाहा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तेसपछि परिवार तथा अन्य नातेदारहरु ले शुभकामना मन मा राखेर खुवाउनु पर्छ। आगन्तुक निमन्त्रितहरु ले चाँदी वा कुनै भाँडा मा भएको मह र घिऊ को असमान मिश्रण लाई सानो चम्चा ले चटाइदिन्छन् ।

एसरी बालक लाई भात खुवाइसके पछि ब्राह्मणहरु, कन्याकुमारीहरु तथा भान्जाभान्जीहरु लाई दक्षिणा दिई आमन्त्रितहरु सबैलाई भोजन गराएर आफूले पनि भोजन गर्नू ।

बालक लाई खुवाएको पतरी का परिकारहरु बालक का धाई सुसारे वा अन्य मानिसहरु लाई बाँडिदिनू र अलिकता पतरी मा नै बाँकी राखेर नजीक को दोबाटो वा चौबाटो मा लगेर राखिदिनू । बालक लाई भात खुवाउँदा अनेक मङ्गल ध्वनि बाजा-गाजा बजाउने माङ्गलिक स्तुतिहरु पाठ गर्ने वा कीर्तन गर्ने पनि चलन छ । भातख्वाई गरेपछि त्यो दिन सहित पाँच दिन सम्म लगातार भात खुवाइदिनु पर्दछ । भातख्वाई सकेपछि बालबालि का लाई मन्दिर मा लगेर भगवान् को दर्शन गराउनु पर्दछ ।

वृत्ति विचार

भात खुवाउने कार्य सकिए पछि बालक लाई बिस्तरा मा लगेर आराम सित सुताउने र उसका वरपर दायाँबायाँ कपडा, पुस्तक, कलम, कुची, भाँडा, हतियार आदि राख्ने । अनि बालक ले तत्कालै वा सुतेर बिउँझे पछि सर्वप्रथम जुन वस्तु छुन्छ वा जे मा हात राख्छ त्यही वस्तु वा व्यवसाय बाट उसले आफ्नो जीवनवृत्ति चलाउनेछ भन्ने विश्वास गरिन्छ ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केशान्त-संस्कार

(चुडाकरण वा मुण्डन वा छेवर)

हाम्रा धर्मशास्त्रहरु मा बालबालिका को सुस्वास्थ्य, सौन्दर्य र आयुर्वृद्धि तथा कल्याण का लागि उपयुक्त समय मा मुण्डन गरिदिनु पर्छ भन्ने निर्देशन छ। आश्वलायन गृह्यसूत्र मा लेखिएको छ-

तेन ते आयुषे वपामि सुश्लोकाय स्वस्तये।

अर्थात्- दीर्घायु, सौन्दर्य र कल्याण का लागि तिम्रा केशहरु काटिदिन्छू।

अधिकांश शिशुहरु को जन्मँदै कपाल पलाइसकेको हुन्छ। तेस्तो गर्भे कपाल शिशु छ महीना देखि एक वर्ष हुँदासम्म काटिदिनु पर्छ। किनभने तेस्तो कपाल काटिदिए पछि पलाउने नयाँ कपाल बढी सुन्दर बलियो र सघन हुन्छ। तेसैले एस अवस्था मा बालक होस् वा बालिका दुवै को कपाल मुण्डन गरिदिनु पर्छ। केशमुण्डन सँगै नखच्छेदन पनि गरिन्छ। शरीरविज्ञान अनुसार छ महीना देखि बाह्र महीना सम्म को अवधि बालबालिका को नयाँ दाँत निस्कने बेला हो। यति बेला बालबालिकाहरु अलि निर्बल हुन्छन् र एसको लगत्तै शरीर मा छाला सम्बन्धी रोगहरु निस्कने सम्भावना हुन्छ। यी कुराहरु बाट बचाउन र बालक को आयु, आरोग्य र तेज वृद्धि गर्ने उद्देश्य ले यो संस्कार गरिन्छ। एस सम्बन्ध मा यजुर्वेद मा भनिएको छ-

ॐ निवर्तयाम्यायुषेऽन्नाद्याय प्रजननाय रायस्पोषाय सुप्रजास्त्वाय सुवीर्याय ॥ - यजु अ. ३ मं. ३३।

अर्थात्- हे बालक ! तिम्रो दीर्घायु का लागि, तिमी लाई अन्नग्रहण गर्न सक्ने बनाउनका लागि, तिम्रो सौन्दर्य र सृजनशक्ति को अभिवृद्धि का लागि तथा ऐश्वर्य, बल र पराक्रम प्राप्ति का लागि तिम्रो मुण्डन गरिन्छ।

एसभन्दा पहिला गरिने संस्कार को मुख्य उद्देश्य गर्भ र जन्म सम्बन्धी अनेक दोषहरु को परिमार्जन हो भने एस संस्कार को उद्देश्य दोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
परिमार्जन का साथै शिशु मा नयाँ गुण र ऊर्जा थप्नु हो। एस क्रम मा मुण्डन पछि शिशु का शिर मा केशर मिश्रित नवनीत ले मालिस गरिन्छ जसले उसको मस्तिष्क लाई शक्ति र शीतलता प्रदान गर्छ। कसैले यो मुण्डन १, २, ३, ४, ५ वर्ष सम्म मा पनि गर्छन्। भनिएको छ-

तृतीये पञ्चमे वाऽब्दे चौलकर्म प्रशस्यते।
प्राग्वाऽसमे सप्तमे वा सहोपनयनेन वा॥

अर्थात्- तीन वा पाँच वर्ष मा मुण्डन गराउनु पर्छ। यदि सम्भव नभए सात वर्ष मा वा उपनयन सँगै पनि मुण्डन गर्न सकिन्छ।

यो मुण्डन लाई क्षौर वा छेवर पनि भनिन्छ र सकेसम्म छेवर को काम मामा का हात बाट हुनु पर्छ भन्ने लोक प्रचलन छ। एसका लागि शुभनक्षत्र रेवती, शतभिषा, स्वाती, हस्ता, ज्येष्ठा, तिष्य, पुनर्वसु, श्रवण, मृगशिरा, चित्रा, धनिष्ठा, अश्विनी, अभिजित मानिएका छन् भने तिथिहरु मा द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, एकादशी, त्रयोदशी उत्तम मानिएका छन्। बारहरु मा सोमबार, बुधबार, बिहीबार, शुक्रबार उत्तम हुन्छ। समय दिन को बाह्र बजे भित्र वा उपयुक्त बेला पार्नुपर्छ। शिशु की आमा रजस्वला भएका बेला मा यो कर्म गर्नुहुँदैन।

विधि-

बालकबालिका का बाबुआमा वा अभिभावक ले प्रातःकालीन नित्यकर्म-स्नान, जप पूजापाठ आदि सकेपछि पूजा कोठा मा वा कहीं पवित्र आसन मा बालक लाई लिएर बस्नू अनि **ॐ ऋषिदेवोभ्यो नमः** भनेर ऋषिहरु लाई नमस्कार गर्नू र **ॐ पितृपुरुषेभ्यो नमः** भनेर पितृहरु लाई नमस्कार गर्नू अनि आफ्ना इष्टदेव र कुलदेव लाई सम्झनू। केहीबेर

हरे राम हरे राम राम राम हरे हरे॥
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे।

यो महामन्त्र वा आफूले पाएको मन्त्र जप्नू। तेसपछि एउटा काँस को वा अन्य धातु को भाँडा मा चिसो पानी लिएर तेसमा कुश, तिल, जौ मिलाउनू तेसपछि अर्को भाँडा मा (सकेसम्म काँस को) तातो पानी ल्याएर तलको मन्त्र पढ्दै चिसो पानी मा मिसाउनू र मन तातो बनाउनू -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आ अयम् आगात् श्री विष्णु कुरू कुमारं एनम् एवतु वै मुण्डनं उष्णोदेकेन

अर्थात्- भगवान् विष्णु यहाँ आएर यो तातो पानी को प्रयोग गर्दै एस बालक को कपाल काटिदिऊन् ।

कपाल काट्ने मानिस तिर हेर्दै तलको मन्त्र पढेर भगवान् विष्णु को ध्यान गर्नू-

ॐ आ अयं आगात् सर्वेश्वरः श्रीभगवान् कुरू कुमारं एनम् आवतु वै मुण्डनं मन्त्रावशायिना क्षुरेण ।

अर्थात्- स्वयं भगवान् नै यहाँ आएर मन्त्रशक्ति ले युक्त छुरा ले एस बालक को कपाल काटिदिऊन् ।

निम्नलिखित मन्त्र उच्चारण गर्दै थाली वा कुनै भाँडा मा राखिएको कपाल काट्ने छुरा/कैंची/पत्ती आदि लाई पूजा गर्ने वा छुने र मन मन ले बालक मा रहेका असत् संस्कारहरु पुरानो कपाल सँगै काटियून् र नयाँ कलाप सँगै शुभ संस्कार तथा शुभ विचार को उदय होस् भन्ने भावना लिनू,

ॐ यत् क्षुरेण मज्जयता सुपेशसा, वप्त्वाऽऽवपति केशाँश्छन्धि शिरो माऽस्यायुः प्रमोषीः । (पारस्कर गृहसूत्र - २.१.१८)

अर्थात्- हे छुरा ! एस बालक लाई सुन्दर र संस्कृत पार्न का लागि केशहरु त काटिदेऊ तर एसका शिर मा कुनै चोट नलगाइदेऊ; जीवन र आयु मा कुनै विघ्न नपारिदेऊ ।

तेसपछि यो मन्त्र उच्चारण गर्दै छुरा वा पत्ती ले कपाल काटिदिने-

"सङ्कर्षणः कुरू कुमारमेनयेवतु वै मुण्डनं स्वधिते मा एनं हिंसि ।"

अर्थात्- बालक लाई कुनै घाउचोट नलाई संकर्षण ले मुण्डन गरिदिऊन् ।

अथवा, **ॐ त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम् ।**

यद्देवेषु त्यायुषं तन्नोऽस्तु त्र्यायुषम् ॥

एसरी काटिएको कपाल बाच्छा वा गाई को गोबर मा राखी नदी वा उपयुक्त ठाउँ मा विसर्जन गर्ने वा जमिन मा गाड्ने । अनि मन तातो पानी र दही आदि ले बालकबालिका लाई नुहाई दिएर उसका शिर मा केशर-चन्दन मिश्रित नौनीघिउ (पाएसम्म गाई को) घसिदिने । तेसपछि बालबालिका का आमाबाबु ले उसको टुप्पी राख्ने ठाउँ मा चन्दन ले ॐ वा स्वस्तिक चिन्ह 卐 लेखेर त्यहाँ निम्नलिखित मन्त्र उच्चारण गर्दै स्पर्श गर्ने-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ चिद्रूपिणि महामाये, दिव्यतेजःसमन्विते ।
तिष्ठ देवि शिखा मध्ये, तेजोवृद्धिं कुरूष्व मे ॥

अर्थात्-हे दिव्य तेज ले युक्त चैतन्यरुपिणी महामाया ! तपाईं एस बालक का शिखा मा बसेर एसको तेज बढाइदिनुहोस् ।

अब बाबुआमा एवं अभिभावक ले बालबालिका का मष्तिष्क मा शान्ति, बुद्धि, समता, पवित्रता, सरलता, उदारता, प्रसन्नता, ज्ञानविज्ञान र सङ्कल्प शक्ति को निवास होस् भन्ने कामना गर्दै निम्नलिखित प्रार्थना गर्नू-

ॐ स्वस्ति न ऽ इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्योऽअरिष्टनेमिः स्वस्तिनो बृहस्पतिर्दधातु ॥

एस संस्कार पछि पलाएको शिखा वा टुप्पी भने गृहस्थ जीवनभर काट्नु हुँदैन । अन्त मा, कपाल काटिदिने लाई सीधा, भेटीहरु दिने । आगन्तुकहरु लाई भोजन गराउने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कर्णवेध-संस्कार

परिचय र उपयोगिता :

बालबालिका को पहिलो पटक कान छेड्ने संस्कार लाई कर्णवेध-संस्कार भनिन्छ। कर्णवेध अर्थात् कान छेड्ने काम अहिले संसारभरि कै मानिसहरु ले गहना लगाउने उद्देश्य ले गर्दै आएको देखिन्छ तर हामी कहाँ प्राचीनकाल मा एस भन्दा पृथक् उद्देश्य ले कर्णवेध गर्ने चलन चल्यो। कान का विभिन्न ठाउँ मा शरीर का अनेक रोगहरु नियन्त्रण गर्ने विन्दु हुन्छन्। ती ठाउँ मा छेडेर धातु का मुन्द्राहरु प्रयोग गर्नाले तेस्ता रोगहरु बाट सधैँ का लागि मुक्ति पाउन सकिन्छ। कर्ण वेध गर्नाले विशेषतः अण्डकोश वृद्धि तथा अन्त्रवृद्धि जस्ता रोग बाट बच्न सकिन्छ भन्ने कुरा आयुर्वेद का महान् विद्वान् सुश्रुत ले लेखेका छन् -

शङ्खोपरि च कर्णान्ते त्यक्त्वा यत्नेन सेवनीम्।
व्यत्यासाद् वा शिरां विध्येदन्त्रवृद्धिनिवृत्तये॥

जन्मिएको छ वा सात महीना मा दाँत निस्कनु भन्दा पहिले छोरा वा छोरी को कान छेडिदिनु पर्दछ। तेति बेला सम्भव नभए पाँच वा सात बिजोर वर्ष मा चैत र पुस महीना, तिथिक्षय, क्षयमास, चतुर्मास, जन्म महीना, जन्म दिन र जन्मबार नपारी शुभ दिन शुक्लपक्ष पारेर कर्णवेध गर्न सकिन्छ। कसैले यो संस्कार भात ख्वाईकै दिन वा चूडाकरण का अवसर मा पनि सम्पन्न गर्दछन्। कर्णवेध का लागि सोमबार, बुधबार, बृहस्पतिबार र शुक्रबार उत्तम मानिन्छन्। शुक्लपक्ष का एकादशी, चतुर्दशी र अष्टमी बाहेक अरु तिथि मा अश्विनी, मृगशिरा, पुनर्वसु, तिष्य, हस्ता, चित्रा, अनुराधा, श्रवण, धनिष्ठा, रेवती र अभिजित नक्षत्र मा दिउँसो बाह्र बजे भन्दा पहिला शुभ समय मा छोरा वा छोरी को कान छेड्नू भन्ने शास्त्रीय निर्देश छ।

नाक छेड्ने चलन भएको परिवार मा एसै दिन नाक पनि छेडिदिनू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कान छेड्दा छोरा को भए पहिले दाहिने र पछि देब्रे कान छेंड्नू, छोरी को भए पहिला देब्रे र पछि दाहिने कान छेड्नू। सून, चाँदी वा फलाम को सियो वा मुन्द्रा ले पनि कान छेड्न सकिन्छ। छेडिसकेपछि कान मा कि तेल, बेसार ले भिजाएको काँचो धागो मुन्द्रा जस्तो पारेर बाँधिदिनू वा सून कै मुन्द्रा लगाइदिनू।

घरै मा कर्णवेध गर्ने भए परिवार वा निकटस्थ सधवा सौभाग्यवती सिपालु महिला का हात बाट छेडाउनू। कान छेडिदिने लाई चामल पैसा वा कपडा आदि दस्तुर वा सगुन दिने चलन छ। पहिले-पहिले वैद्य का हात बाट पनि कान छेड्ने गरिन्थ्यो। अचेल कान छेड्नका लागि सुनारहरु कहाँ वा सून का गरगहना पसल मा लैजाने चलन छ। तेहाँ मेशीन बाट सहजतापूर्वक कान छेडिन्छ। कान छेड्दा बालबालिका का आमा वा दिदीहरु ले काख मा लिएर उनीहरु ले मन पराउने खेलौना खेल्न दिनु सँगै गुलिया मिठाईहरु खान दिनु पर्दछ।

कर्णवेध-विधि

कर्णवेध मा पनि बच्चाबच्ची का आमाबाबु ले प्रातःकालीन स्नान, जप, पूजा आदि नित्यक्रिया सकेपछि आचमन मार्जन सङ्कल्प आदि गरेर दीप कलश र गणेश को पूजा गर्नू र पुण्याहवाचन, नवग्रहपूजा, मातृकापूजा, आभ्युदयिक श्राद्ध, कुलदेव इष्टदेव आदि को पूजा गर्नू अनि तेसपछि कर्णवेध को कार्य थाल्नू भन्ने शास्त्रीय निर्देश छ।

माथी भनिएका पूजा, श्राद्ध हवनादि क्रिया गर्न सम्भव नभए आफ्नो दैनिक कर्म स्नान, जप, पूजा आदि सकेर सम्बन्धित बालबालिका लाई नुहाइदिएर सफा कपडा लगाइदिनू र इष्टदेव को स्मरण गर्दै केही समय कीर्तन वा मङ्गलवाचन गर्नू अनि शुभ बेला शुरू भएपछि बालक वा बालिका लाई आफ्नै आमा ले वा परिवार का अन्य कन्या वा कसैले काख मा लिएर मिठाई खान दिनू र पश्चिम फर्काएर राख्नू अनि कान को लोती मा ठीक ठाउँ पहिल्याएर माहुर ले चिनो लगाउनू अनि सून चाँदी वा फलाम को सियो वा मुन्द्रा ले निम्नलिखित मन्त्र उच्चारण गर्दै कान छेडिदिनू-

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः।
स्थिरैरङ्गैस्तुष्टुवा सस्तनूभिर्व्यसेमहि देवहितं यदायुः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- सधैं यी कान ले हामी, सुनौं कल्याण का कुरा ।
देखौं यी नेत्र ले हामी, सधैं कल्याण का कुरा ॥
देवता को गरौं सेवा, सधैं स्वस्थ शरीर ले ।
बाँच्न पाऊँ पूरै आयु, देवता का प्रसाद ले ॥

एसपछि

कायेन वाचा मनसेन्द्रियैर्वा बुध्यात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

भन्दै सम्पूर्ण कर्म भगवान् मा समर्पण गर्नू । भगवान् को नामस्मरण गर्दै कान छेड्ने लाई दक्षिणा सगुन आदि दिनू, अनि आगन्तुकहरु लाई भोजन तथा प्रसाद वितरण गर्दै आफूले पनि भोजन गर्नू ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अक्षरारम्भ/विद्यारम्भ

बालबालिका लाई पढ्न, लेख्न सिकाएर ज्ञानविज्ञान का क्षेत्र मा प्रवेश गराउने अभियान को थालनी नै अक्षरारम्भ अर्थात् विद्यारम्भ हो। सन्तान जन्माएर मात्र बाबुआमा वा अभिभावक को कर्तव्य पूरा हुँदैन। तिनलाई खाने, लाउने र बस्ने व्यवस्था का साथै शिक्षादीक्षा दिने प्रबन्ध पनि गर्नुपर्छ। नीति मा भनिएको छ- **माता शत्रु पिता वैरी येन बालो न पाठित !** अर्थात् आफ्ना छोराछोरी नपढाउने आमा शत्रु र पिता वैरी हुन्। तेसैले अक्षरारम्भ लाई एउटा प्रमुख तथा महत्त्वपूर्ण संस्कार मानिएको छ। मानिस ले आफ्नो सभ्यता का विकासक्रम मा जब लेखनकला को आविष्कार गऱ्यो र वर्णमाला को विकास गऱ्यो। त्यहीं देखि लेख्य चिन्ह वा वर्णमाला आफ्ना सन्ततिहरु लाई सिकाउने सिलसिला मा एस संस्कार को जन्म भएको हो।

महत्त्व

हुनत आफ्ना छोराछोरी लाई अक्षरहरु पढ्न र लेख्न सिकाउने काम जहाँ, जसले, जसरी, जुन बेला पनि गर्न सक्छ; तर शुभ समय र शुभ बेला पारेर शास्त्रीय विधिपूर्वक गराइने विद्यारम्भ वा अक्षराम्भ को प्रभाव अर्कै हुन्छ। एसरी प्रारम्भ गरिएको विद्या ले नै जीवन मा सार्थक र सकारात्मक परिणाम दिन सक्छ। त्यही विद्या हो, जसको समुचित उपयोग ले जीवन लाई सृजनात्मक र महान् बनाउँछ भने दुरूपयोग ले जीवन लाई विध्वंसात्मक बनाउने सम्भावना पनि हुन्छ। विद्या वा ज्ञान को दुरूपयोग ले नै आज को मानवसमाज एति विध्वंसात्मक, अशान्त र तनावग्रस्त भएको हो भनेमा अत्युक्ति नहोला। अतः बालबालिका लाई दिइने विद्या को आरम्भ पनि शुभ समय मा, उपयुक्त ढङ्ग ले, विधिपूर्वक, असल व्यक्ति वा गुरू बाट गराइनु पर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अक्षरारम्भ को समय

हुनत प्राचीन काल मा अभिमन्यु, शुकदेव, प्रह्लाद आदि ले मातृ गर्भ मै सत्शिक्षा पाएका थिए भन्ने उल्लेख पाइन्छ र वर्तमान मा आधुनिक विज्ञान ले पनि मातृगर्भ मा रहेको भ्रूण लाई प्रशिक्षित गर्न सकिने धारणा प्रकाश मा ल्याएको छ। जन्मेपछि त समाज र परिवार अनुसार शिशु ले विविध कुराहरु सिक्दै जान्छ । बालक को मस्तिष्क अक्षर चिन्न सक्ने भएपछि चूडाकर्म पश्चात् शास्त्रीय विधि अनुसार अक्षरारम्भ गराउनु पर्दछ। बच्चा दुई भन्दा बढी को भएपछि कुनै पनि उपयुक्त समय अक्षरारम्भ का लागि उचित हुन्छ । कुनै समाज मा बालबालिका आफ्नो दाहिने हात टाउका माथी बाट घुमाएर आफ्नो देब्रे कान छुन सक्ने जहिले हुन्छन् त्यही आधार मा अक्षरारम्भ गर्ने प्रचलन छ।

शुभ दिन

अक्षरारम्भ का लागि सूर्य उत्तरायण भएको बेला वा मंसिर देखि जेठ सम्म को समय उपयुक्त मानिन्छ। कतिपय ले माघशुक्लपञ्चमी/ श्रीपञ्चमी वा सरस्वतीजयन्ती का दिन नै आफ्ना छोराछोरी को विद्यारम्भ गराउँछन्। दिन हेराएर नै गर्ने हो भने अश्विनी, आर्द्रा, चित्रा, श्रवण, पुनर्वसु, तिष्य, रेवती, अनुराधा, स्वाती, हस्ता यी नक्षत्रहरु, द्वितीया, तृतीया, पञ्चमी, षष्ठी, दशमी, एकादशी, द्वादशी यी तिथि र सोम, बुध, गुरू तथा शुक्र यी चार बारहरु उत्तम मानिन्छन्।

सामग्री

गणेश, सरस्वती तथा इष्टदेव का तस्बिर, गुरू वा गुरू को प्रतीक र पूजासामग्री मा- अबीर, अक्षता, चन्दन, फूल, फल, भेटी, जल, कापी वा स्लेट वा पाटी, कलम वा खरी र पुस्तक आदि।

अक्षरारम्भविधि

पूजा का लागि मण्डप वा विशेष चौकी वा उत्तम स्थान बनाएर त्यहाँ बत्ती बाली धूप जलाएर तलको मन्त्र पढ्दै पवित्रीकरण गर्ने -

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत्, पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनि सोही मन्त्र पढ्दै आफूलाई र वरपर जल छर्किने। तेसपछि **माधवाय नमः, केशवाय नमः, नारायणाय नमः** भन्दै पानी अचाउने र **गोविन्दाय नमः** भनेर हात धुने।

विद्या, विवेक, बुद्धि र सद्भाव का प्रतीक का रूप मा **गणेश** को पूजा गर्ने। भाषा, लिपि, कला, विज्ञान, दर्शन, शिल्प आदि को प्रतीक का रूप मा **सरस्वती** को पूजा गर्ने। तेसैगरी अभीष्ट कामना पूर्ति का निमित्त राधाकृष्ण, लक्ष्मीनारायण, सीताराम, उमामहेश आदि को **इष्टदेव** को पूजा गर्ने।

तेस बखत उपयोग गरिने कापी वा पाटी वा स्लेट, कलम वा चक वा खरी तथा पुस्तक को पूजा गर्नु सँगै अक्षरारम्भ गराउने गुरू लाई फलफूल दिएर प्रणाम गर्ने। माता लाई ब्रह्मातुल्य, पिता लाई विष्णुतुल्य र गुरू लाई महेशतुल्य मानेर नमस्कार, प्रणाम गर्न लगाउने।

गुरूर्ब्रह्मा गुरूर्विष्णुः, गुरूर्देवो महेश्वरः।
गुरूः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः॥

बालबालिका लाई पढ्ने-लेख्ने कुरा को महत्त्व बुझाउने कथा सुनाउने-

विद्यया लुप्यते पापं विद्ययाऽऽयुः प्रवर्धते।
विद्यया सर्वसिद्धिः स्याद्विद्ययाऽमृतमश्नुते॥

अर्थात्- विद्या अध्ययन गर्नाले पाप नाश हुन्छ, विद्या ले आयु बढ्छ। विद्याद्वारा सबै सिद्धि प्राप्त गर्न सकिन्छ र विद्याद्वारा अमृतत्व चाख्न पाइन्छ।

तेसपछि पश्चिमाभिमुख बाल/बालिका र पूर्वाभिमुख गुरू भएर परिवेश अनुसार रजत पाटी मा सुवर्ण लेखनी ले वा स्लेट मा खरी ले वा कागज मा कलम ले सर्वप्रथम गुरू ले श्री गणेशाय नमः, श्री सरस्वत्यै नमः, ॐ भूःभुवःस्वः इत्यादि लेखेर वर्णमाला का अक्षरहरु- अ, आ, इ, ई..., क, ख, ग, घ..., A, B, C, D... इत्यादि लेख्ने र बालक लाई तेसै माथी त्यही अनुरूप लेख्न लगाउने वा हात समातेर लेखाउनु सँगै भन्न पनि लगाउने। तीन पटक सम्म तेस्ता मङ्गलवाक्य भनेर अक्षरहरु लेख्न लगाएपछि अक्षरारम्भ को विधि पूरा हुन्छ। अनि गुरू लाई दक्षिणा, उपहार आदि दिएर प्रणाम गरी आशीर्वाद लिएर आगन्तुकहरु लाई फल मिष्ठान्न वितरण गर्दै कर्म समापन गर्ने। ०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्रतबन्ध/व्रतादेश

व्रतबन्ध के हो ?

व्रतबन्ध को शाब्दिक अर्थ हुन्छ व्रत को बन्धन वा व्रत मा आबद्ध हुनु वा व्रतहरु को बन्धन मा रहनु। व्रत को तात्पर्य यहाँ शुभ सङ्कल्प वा असल प्रतिज्ञा भन्ने हो। विशेष नियमहरु को परिपालन लाई पनि व्रत भनिएको छ। एउटा मानव लाई बाल्यावस्था देखि नै उच्च आदर्श ले युक्त, लक्ष्यउन्मुख जीवन बिताउने सङ्कल्प वा प्रतिज्ञा गराएर उसको जीवन लाई सार्थक, पूर्ण र दिव्य बनाउने उद्देश्य ले एस संस्कार को व्यवस्था गरिएको हो। मानिस लाई आफ्नो परिवेश, परिवार, पूर्वज, प्राणीहरु, प्रकृति र परमेश्वर प्रति समेत उत्तरदायी बनाउँदै लैजाने सामाजिक जीवन को प्रारम्भ हो- व्रतबन्ध। अब उसले खानपान, रहनसहन, विधिव्यवहार मा संयमित हुनु पर्छ किनभने ऊ अब सुसंस्कृत र सुसभ्य मानवसमाज को एउटा जिम्मेवार सदस्य बन्न जाँदै छ। संसार का प्रायः सबै मानव समाज र संस्कृति मा नयाँ कुमार-कुमारीहरु लाई विभिन्न परीक्षा लिएर, शिक्षादीक्षा दिएर, धार्मिक कृत्यहरु सम्पन्न गराएर, केही समय एकान्तवास गराएर, धार्मिक विधि-निषेधहरु को प्रशिक्षण दिएर, समुन्नत गराएर सामाजिक जीवन मा प्रवेश गराइन्छ। सनातन वैदिक परम्परा मा एस प्रक्रिया को सामूहिक नाम व्रतबन्ध हो।

व्रतबन्ध किन गर्ने ?

व्रतबन्ध लाई कहीं उपनयन र कहीं यज्ञोपवीत संस्कार पनि भनेको पाइन्छ तर उपनयन र यज्ञोपवीतधारण व्रतबन्ध भित्रै समेटिने कुरा हुन्। खास गरी व्रतबन्ध भित्र निम्नलिखित चार संस्कारहरु पर्दछन् जसलाई एस पुस्तक मा अलग अलग प्रकरण मा विश्लेषण गरिएको छ।

१. चूडाकरण, २. उपनयन, ३. वेदारम्भ र ४. समावर्तन

प्रथमतः चूडाकरण गरेर किशोर वा किशोरी ले आफू लाई ब्रह्मतेज र ब्रह्मज्ञान धारण गर्नका लागि उपयुक्त पात्र बनाउँछन्। तेसपछि उपनयन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मार्फत् ज्ञानविज्ञान को आर्जन का लागि गुरू का समीप, गुरूकुल वा शिक्षालय मा प्रवेश गर्छन्। वेदारम्भ अन्तर्गत गुरू बाट जीवन सम्बन्धी, जगत् सम्बन्धी र ईश्वर सम्बन्धी ज्ञान हासिल गर्छन् अर्थात् धर्म आर्जन गर्ने कला, अर्थ आर्जन गर्ने कला, विषयवस्तु को उपभोग गर्ने कला र अन्त मा मृत्युकला अर्थात् आगामी जीवन वा मुक्ति मार्ग लाई सुन्दर बनाउने कला समेत सिक्दछन् अनि समावर्तन गरेर गुरू बाट ज्ञान र आशीर्वाद लिएर बिदा भई गृहस्थाश्रम वा कर्म क्षेत्र मा लाग्दछन्। एसरी व्रतबन्ध का चार तह पार गरेको व्यक्ति समाज को जिम्मेवार नागरिक बन्न पुग्छ। समाज मा रहेर उसले अरुको पनि हित गर्छ र आफ्नो पनि कल्याण गर्छ।

व्रतबन्ध- पहिले र अहिले

व्रतबन्ध का यी चार कृत्य पूरा गर्न झण्डै १६ वर्ष लाग्छ। सात/आठ वर्ष को उमेर मा चूडाकरण गरेर ऊ गुरू का समीप मा उपनीत हुन्छ वा शिक्षालय मा प्रवेश गर्छ। त्यहाँ बसेर जीवनोपयोगी विविध शिक्षा आर्जन गर्न उसलाई लगभग १६ वर्ष लाग्छ। एसरी २४/२५ वर्षमा ऊ शिक्षालय बाट दीक्षान्त गरेर गुरू सँग बिदा भई आफ्नो जीवन को व्यावहारिक कार्य क्षेत्र मा फर्किन्छ। एसबाट ऊ शिक्षित हुनुका साथै ब्रह्मचर्य को पालना ले तेजोमय बनेको हुन्छ। विवाहयोग्य हुन्छ। हाम्रा अग्रज जीवन वैज्ञानिक ऋषिहरु ले हामीलाई प्रदान गरेको परम्परा र व्रतबन्ध को अवधारणा एस्तो थियो। तर, त्यो उज्ज्वल परम्परा अहिले छायाँ मा परेको छ, व्रतबन्ध को त्यो गौरवमय अवधारणा विकृत बनिसकेको छ। आजभोलि हामी व्रतबन्ध का ती चारै तह लाई दुई/चार घण्टा मै सिद्ध्याइदिन्छौं। फटाफट कपाल खुइल्यायो; हतपत जनै भिराइदियो; मन्त्र सुनायो; वेदपाठ र भिक्षा को अभिनय गऱ्यो; अनि घडा को पानी खन्याएर अभिषेक गऱ्यो; व्रतबन्ध सकियो। कुनै अभिनेता ले नाटक का मञ्च मा एकैछिन मा रामलीला को अभिनय गरेर सिद्ध्याए जस्तो हुन्छ- अहिले को व्रतबन्ध। तेसैले व्रतबन्ध अघि र पछि को आचार विचार र जीवन शैली मा कुनै फरक भेटिन्न। न त खुइलो टाउको र पहेंलो जनै को डोरो बाहेक व्यक्तित्व मा कुनै परिवर्तन नै देखिन्छ। सारांश मा भन्दा व्रतबन्ध जस्तो महान् संस्कार अहिले केवल एउटा सांस्कृतिक कर्मकाण्ड मात्रै हुन पुगेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुनत अहिले पनि हामी हाम्रा बालबालिका लाई पाँच/छ वर्ष मा विद्यालय मा भर्ना गर्छौं र २४/२५ वर्ष मा उनीहरु विभिन्न शैक्षिक उपाधि आर्जन गरेर कार्य क्षेत्र मा प्रवेश गर्छन् तर तेसले संस्कार को रूप लिएको छैन। अधिकांश व्यक्तिहरु सँग उनीहरु लाई दिइएको शिक्षा र उनीहरु को निजी स्वभाव बीच तालमेल नहुँदा जीवनै निरस र निष्फल बन्न पुगेको अनुभव छ। बालबालिका को स्वभाव लाई चिनेर तेस अनुरूप को शिक्षा दिनसके मात्रै उनीहरु को व्यक्तित्व पूर्ण रूप ले विकसित हुन पाउँछ। प्राचीन गुरूकुल मा, लाग्छ; यो विशेषता थियो; तेसैले तत्कालीन गुरूकुल बाट निस्केका स्नातकहरु दीप्त, तृप्त र पूर्ण मानिस बन्न सके। अहिले पनि मनोवैज्ञानिक ढङ्ग को शिक्षा हुनु पर्दछ त भनिन्छ तर तेसले पूर्ण व्यावहारिक रूप लिन सकेको देखिन्न।

व्रतबन्ध का दुई प्रतीक- टुप्पी र जनै

व्रतबन्ध संस्कार मा खास गरी दुईवटा प्रतीक सबैले देख्ने गरी धारण गरिन्छन्- टुप्पी र जनै। प्रारम्भ मा यी दुई वस्तु मात्र प्रतीक थिए तर पछि यी कुराहरु जातीयता सँग पनि जोडिन पुगे। शिखा र सूत्र हिन्दुत्व को प्रमुख पहिचान नै बन्न पुग्यो। तर, अहिले आएर इनैको औचित्य माथी प्रश्न उठिरहेछ। व्रतबन्ध एउटा सांस्कृतिक कर्मकाण्ड का रूप मा जीवित रहे पनि टुप्पी र जनै हदै सम्म उपेक्षित बनिरहेका छन्। जनै सम्म लुगा ले छोपिने हुनाले शरीर मा रहन पाएको छ तर टुप्पी को भने नामोनिसान मेटिने अवस्था छ किनकि टुप्पी बाहिरै देखिन्छ र देखाउनु भनेको मानौं आधुनिकता को अपमान हो। तेसैले एसबारे केही चर्चा गर्न यहाँ उपयुक्त ठानियो।

टुप्पी को आविष्कार

प्रथमतः टुप्पी का विषय मा कुरा गर्दा टुप्पी को आविष्कार कसरी भयो ? किन भयो ? वा टुप्पी राख्ने चलन किन चलाइयो यी प्रश्नहरु उठ्न सक्छन्; उठ्नै पर्छ। किनभने, हाम्रा संस्कार, संस्कृति सँग सम्बन्धित हरेक कुराहरु को व्यवस्था तर्कसङ्गत र वैज्ञानिक आधार मा गरिएको भए पनि अहिले त्यो पक्ष छायाँ मा परेको छ। हाम्रा प्राचीन मनीषीहरु जति बेला जीवन जगत् का हरेक क्षेत्र मा विद्यमान सूक्ष्मतम रहस्यहरु खोज्ने काम मा लागेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

थिए तेति बेला उनीहरु ले मानिस का टाउका माथी पलाउने रौंहरु को आवश्यकता र उपयोगिता का बारे मा पनि खोजी गरे; सोचे। एकातिर शरीर वा जीवन को सबभन्दा महत्त्वपूर्ण तत्त्व मस्तिष्क भएकाले तेसको सुरक्षा का लागि प्रकृति ले टाउका मा हाडैहाड को तेति साह्रो खप्पर बनाइदिएको र तेतिले पनि नपुगेर तेस माथी अझ लामालामा रौंहरु बाक्लै पलाउने व्यवस्था गरिदिएको उनीहरु ले अनुभव गरे भने अर्कातिर योग र तन्त्रविद्या को गहन अध्ययन गर्दा मानवीय मस्तिष्क र मेधा को विकास का लागि टाउका माथी पलाउने कपाल ले पनि महत्त्वपूर्ण भूमिका खेल्दा रहेछन् भन्ने कुरा पत्ता लगाए। त्यही आधार मा कपाल कति सम्म काट्न हुने र कति काट्न नहुने भन्ने कुरा को व्यवस्था गरे।

एकातिर मानवीय सौन्दर्य बोध को विकास सँगै शारीरिक सौन्दर्य का लागि र छरितोपन का लागि कपाल छोट्याउने वा मुड्याउने सोच पैदा भयो भने अर्कातिर महत्त्वपूर्ण अङ्ग मस्तिष्क को रक्षा का लागि प्रकृति ले दिएको वरदान स्वरूप कपाल काटेर टाउको खुइलो पार्न नहुने तर्क उभियो। तपस्यारत चिन्तक ऋषिमुनिहरु कपाल मुडाउने कुरा को विपक्ष मा उभिए भने घर गृहस्थी र सांसारिक विधिव्यवहार मा लागेकाहरु हेर्दै भद्दा देखिने झ्याङ्ले कपाल काटेर वा छाँटेर सफा र सुन्दर पार्नु पर्छ भन्नेमा अडिग देखिए। यी दुवै विचार को औचित्य लाई मनन गर्दै केही ऋषिहरु ले एउटा मध्य मार्ग निकाले। जस अनुसार मस्तिष्क को ज्यादै महत्त्वपूर्ण केन्द्रीय भाग माथी का रौंहरु यथावत् राख्ने र तेसदेखि वरपर का रौंहरु तथा लोग्ने मानिस को गाला र चिउँडो तिर पलाउने दाह्री समेत काटिदिंदा वा छाँटिदिंदा खासै फरक नपर्ने देखी टाउका को केन्द्रीय भाग भँवर परेको ठाउँ को कपाल छाडेर अन्यत्र को काटिदिने चलन चलाइयो। एसरी टुप्पी को आविष्कार भयो। दारी जुँगा नहुने हुनाले र अन्य सौन्दर्य का कारण ले महिलाहरु लाई कपाल काट्ने नियम लागू गरिएन।

टुप्पी को महत्ता र उपयोगिता

प्राचीनकाल का शिव, ब्रह्मा, विष्णु, राम, कृष्ण, वशिष्ठ, विश्वामित्र, कपिल, कणाँद आदि हुँदै मध्यकाल तथा अर्वाचीन काल का कतिपय ऋषि, मनीषी, साधु, महात्मा, धर्माचार्य, चिन्तक, कवि, दार्शनिकहरु आफ्ना केशहरु लाई प्राकृतिक कवच ठानेर यथावत् राख्ने पक्ष मा देखिए; देखिदै छन्। व्यास,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाल्मीकि, नारद, होमर, सुकरात, प्लेटो, जिसस क्राइष्ट, तुलसीदास, गुरूनानक, शेक्सपियर, आइन्स्टन, न्यूटन, कार्लमार्क्स, रवीन्द्रनाथ, अरविन्द, लेखनाथ, महेश योगी, ओशो रजनीश सत्य साई बाबा, रामदेव, जग्गी वासुदेव, रविशंकर आदि को स्वरूप ले यही कुरा को पुष्टि गरिरहेछ। कपाल वा शिखा को असाधारण महत्त्व बुझेर नै शिख धर्म का गुरू नानकदेव ले आफ्ना अनुयायीहरु लाई आजीवन पञ्चशिखा वा पञ्चकेश नकाट्ने आदेश दिए तेसै हुनाले एस धर्म-सम्प्रदाय लाई शिखा प्रधान धर्म- शिखा धर्म वा शिख धर्म भनियो। हुनत शिष्य वा शिक्षा बाट पनि शिख शब्द बन्न सक्दछ।

टाउका को जुन ठाउँ मा टुप्पी राखिन्छ त्यो मष्तिष्क को मुख्य केन्द्र हो। एसै मुन्तिर योगीहरु ले परिकल्पना गरेको सहस्रारचक्र हुन्छ जसलाई शरीर र मन का सम्पूर्ण वृत्तिहरु को नियन्त्रक मानिन्छ। यहाँ ब्रह्मरन्ध्र रहेको छ। यो ठाउँ मानिस का मूलभूत शक्तिहरु विवेक-शक्ति, दृढता-शक्ति, दूरदर्शिता-शक्ति, प्रेम-शक्ति र संयम-शक्ति को पनि केन्द्र हो। कतिपय साधकहरु एसलाई आत्मतत्त्व को निवासस्थान पनि मान्दछन् किनभने एस चक्र मा ध्यान केन्द्रित हुँदा साधक लाई आत्मतत्त्व को साक्षात्कार हुन्छ। एस्तो महत्त्वपूर्ण केन्द्र को सुरक्षा गर्नु र एसलाई शक्तिशाली बनाउनु प्रत्येक व्यक्ति को मुख्य कर्तव्य नै हो। टुप्पी एसको बाह्य सुरक्षाकवच हो। कुनै निश्चित रेडियो केन्द्र बाट प्रक्षेपित रेडियो वा टी.भी. का श्रव्य वा श्रव्यदृश्य तरङ्ग लाई एन्टेना मार्फत् घरघर मा रहेका रेडियो टी.भी.ले समातेर प्रसारण गरेझैं ब्रह्माण्ड को केन्द्र बाट प्रक्षेपित हुने ईश्वरीय प्रेरणा वा विविध सकारात्मक भावतरङ्ग लाई योगध्यान जस्ता माध्यम बाट मानिस का मस्तिष्क ले समात्छ, ग्रहण गर्छ, अझ तेस ठाउँ मा लामा रौंहरु शिखा वा टुप्पी भए मस्तिष्क लाई त्यो कार्य गर्न अझ सजिलो हुन्छ अर्थात् टुप्पी वा शिखा का माध्यम बाट मस्तिष्क लाई बाह्य प्रेरणा, ईश्वरीय प्रेरणा, मनोबल प्राप्त गर्न तथा दिव्य आत्मिक शक्ति ग्रहण गर्न सजिलो हुन्छ भन्ने सूक्ष्म वैज्ञानिक तथ्य कै आधार मा ऋषिहरु ले शिर मा जटाजूट राख्ने गरेका हुन् र टुप्पी तेसैको संक्षिप्त रूप हो। बाह्य अन्तरिक्ष बाट वा सूर्यादि ग्रह बाट टुप्पी मार्फत् प्राप्त हुने सकारात्मक स्पन्दन वा तरङ्गहरु तत्काल फर्किएर फेरि बाहिरै प्रवाहित नहोऊन् भन्नका लागि टुप्पी मा शिखा वा ब्रह्मग्रन्थि पार्ने गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तन्त्र का दृष्टि मा टुप्पी

तन्त्र शास्त्र ले शरीर मा सात चक्र को परिकल्पना गरेको छ, जसमध्ये सबैभन्दा तलको चक्र मूलाधार हो भने सबै भन्दा माथीको सहस्रार चक्र हो। अरु स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा चक्रहरु बीच मा पर्छन्। बाह्यजगत् बाट शक्ति वा ऊर्जा ग्रहण गर्ने काम यी दुई चक्र ले गर्छन्। पार्थिव शक्ति वा पार्थिव ऊर्जा ग्रहण गर्ने कार्य मूलाधार चक्र ले गर्छ भने आकाशीय वा अन्तरिक्षीय ऊर्जा ग्रहण गर्ने कार्य सहस्रार चक्र ले गर्छ। कसै बाट शुभकामना, शुभभावना, शुभ आशीष लिनु पर्दा यही चक्र को प्रयोग हुन्छ। तेसैले हामी कसै बाट आशीर्वाद लिँदा टाउको झुकाउँछौं। शिर झुकाएरै कसैलाई ढोग्छौं किनकि तेस्तो ऊर्जा प्राप्त गर्ने बाटो यही केन्द्र हो। तेसैगरी कसैका शिर मा हात राखेर आशीर्वाद दिन्छौं। शरीर मा कुनै भूत प्रेत जस्ता अशुभशक्ति प्रवेश गरे भने पनि तिनलाई भगाउँन, फुकफाक गर्दा यही ठाउँ मा टुप्पी वा चुल्ठो समातेर फट्कारिन्छ। पुराणहरु का अनुसार शिखा क्षेत्र मा समग्र देवीदेवता तथा तीर्थहरु को वास हुन्छ र यो ठाउँ सधैं पवित्र हुन्छ। तेसैले कुनै शुभकार्य गर्दा, न्यास तथा सङ्कल्प गर्दा, तिलक लगाउँदा पनि यहाँ छुने गरिन्छ।

शरीर विज्ञान अनुसार शरीर भरि फैलिएका सम्पूर्ण नाडीहरु को नियन्त्रक सुषुम्ना नाडी को केन्द्र पनि यही शिखा क्षेत्र नै भएकाले संसार का प्रायः सबै साधना-संस्कृति मा एस क्षेत्र लाई बुद्धि को केन्द्र मानेर उच्च महत्त्व दिइएको छ। तेसैले एसंको सुरक्षा गर्न कसैले जटाजूट पाले; कसैले टुप्पी राखे; कसैले टाउका को घेरा को कपाल छोटो पारेर पनि यहाँनेर को कपाल लामो राख्ने चलन गरे र कसैले टोप लगाउने, कसैले टोपी लगाउने, कसैले पगडी बाँध्ने जस्ता परम्परा बसाले। ती सबैको उद्देश्य त्यही केन्द्र को रक्षा हो तर टुप्पी ले उक्त केन्द्र को रक्षा गर्नुको साथै तेसको सक्रियता मा समेत सहयोग पुऱ्याउने हुनाले एसको महत्त्व बढी छ भन्ने धारणा सम्बन्धित शास्त्रकारहरु को छ।

टुप्पी को विपक्ष

तर केही अध्यात्मवैज्ञानिक महापुरुषहरु टुप्पी र जनै को विपक्ष मा पनि देखा परेका छन्। गौतम बुद्ध ले आफ्ना मत मा दीक्षित हुन आउने लाई मुण्डन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
गराउँदा टुप्पी राख्ने व्यवस्था गर्नुभएन; फलतः भिक्षुभिक्षुणीहरु, लामा तथा आनीहरु अध्यात्मसाधक भए पनि टुप्पी राख्दैनन्। शङ्कराचार्य का अनुयायी संन्यासीहरु पनि संन्यास ग्रहण गर्दा शिखा-सूत्र हटाउने गर्छन्। तेसैगरी आनन्द मार्ग का प्रर्वतक आनन्दमूर्ति जी ले पनि आफ्ना साधक-साधिकाहरु लाई जनै र टुप्पी विहीन हुने निर्देशन दिनुभएको छ जो विचारणीय छ।

जनै के हो ?

जनै को खास नाम यज्ञोपवीत हो जसको शब्दगत अर्थ हुन्छ यज्ञ मा लगाउने वा यज्ञ गर्दा धारण गर्ने। प्राचीन पूर्ववैदिक तथा वैदिक काल मा पनि यज्ञ गर्ने व्यक्ति ले अरुबाट पृथक् देखिनका लागि काँध मा यज्ञीय सङ्कल्प को परिचायक मृगचर्म वा वस्त्रखण्ड पहिरने गर्थे। भनिएको छ-

यज्ञाख्यः परमात्मा य उच्यते यैश्च होतृभिः।
उपवीतो यतोऽस्येदं तस्माद्यज्ञोपवीतनम्॥

अर्थात्- यज्ञरूपी परमात्मा का लागि भनेर जुन उपवीत धारण गरिन्छ त्यही नै यज्ञोपवीत हो।

उत्तरवैदिक तथा ब्राह्मणग्रन्थ काल मा एसले सूत्र को रूप लियो। यो सूत्र कपास को वा सनपाट को वा भेडा का उनको हुनु पर्ने व्यवस्था भयो। मनु ले भने-

कर्पासमुपवीतं स्यात् विप्रस्यार्थे वृत्तं त्रिवृत्।
शाणसूत्रमयं राज्ञो वैश्यस्याविकसूत्रजम्॥

अर्थात्- ब्राह्मण ले कपास को, क्षेत्रिय ले सन को र वैश्य ले उनको तीनसरे धागो लगाउनू।

तर, पछि सबैले कपास कै धागो लगाउने थिति बस्यो। कालान्तर मा एसलाई अरु कुरा को पनि प्रतीक बनाएर तीनसरे यज्ञोपवीत हमेसा लगाइराख्नु पर्ने नियम बनाइयो; साथै एसको निर्माण का लागि पनि विशेष विधि को व्यवस्था गरियो।

जनै बनाउने विधि र अर्थ

जनै बनाउने प्रत्येक धागा को लम्बाई आफ्ना चार औंला मा ९६ पटक बेरिन पुग्ने हुनु पर्छ किनभने चार औंला ले मानिस का चार अवस्था जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय को प्रतिनिधित्व गर्छन् भने ९६ संख्या ले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जीवन जगत् का २५ तत्त्व, ३ गुण, १५ तिथि, ७ बार, २७ नक्षत्र, ४ वेद, ३ काल र १२ महीना को प्रतिनिधित्व गर्छन् जसलाई जोड्दा ९६ हुन्छ। यो लम्बाइ एउटा मानिस को उचाइ बराबर हुन्छ। ९६/९६ अङ्गुल का तीन टुक्रा धागा लाई एकै ठाउँ मा मिलाई तेब्बर पारेर एउटा सरो बनाइन्छ। यी तीन वटा संख्या ले सत्त्व, रज र तम, यी तीन तत्त्व वा गुण को बोध गराउँछन् जस बाट चराचर जगत् को निर्माण भएको छ। तेसलाई फेरि तेब्बर पारेर अर्को सरा बनाइन्छ। यी तीन संख्या ले जीवन मा देवऋण, ऋषिऋण र पितृऋण चुक्ता गर्नुपर्ने बोध गराउँछन्। तिनलाई ब्रह्मा, विष्णु र महेश को प्रतीक पनि मानिन्छ। एसरी ३X३=९ गरी प्रत्येक सरा मा नौ वटा धागा हुन्छन्। यी नौ धागा मा निम्नलिखित नौ देवताहरु र धर्म का नौ गुणहरु को प्रतिष्ठा गरिन्छ-

ॐकारः प्रथमे तन्तौ द्वितीयेऽग्निस्तथैव च।
तृतीये नागदैवत्यं चतुर्थे सोमदेवता॥
पञ्चमे पितृदैवत्यं षष्ठेचैव प्रजापतिः।
सप्तमे मरूतश्चैव, अष्टमे सूर्य एव च।
सर्वे देवास्तु नवमे इत्येता स्तन्तुदेवताः॥

अर्थात्- पहिलो मा ॐकार (ब्रह्म), दोस्रो मा अग्नि (तेज), तेस्रो मा नाग (धैर्य), चौथो मा सोम (शीतल प्रकाश), पाँचौं मा पितृ (सृजन), छैठौं मा प्रजापति (पालनपोषण), सातौं मा वायु (स्वच्छता), आठौं मा सूर्य (तेज वा प्रताप), नवौं मा सर्वदेवता (सर्वत्र दिव्य दर्शन) को निवास हुन्छ।

तेसैगरी उपर्युक्त नौ तन्तु मा धैर्य, क्षमाशीलता, इन्द्रिय संयम, अचौर्य, पवित्रता, बुद्धिमत्ता, विद्या, सत्यता र अक्रोध, यी नौ दिव्य गुणहरु को पनि आह्वान गरिन्छ। तिनै नौ धागा बाट बनेको प्रत्येक तीन सरा लाई विशेष गाँठो पारेर जोडिन्छ जसलाई ब्रह्मग्रन्थि भनिन्छ। एस्ता ग्रन्थि वा गाँठा आफ्ना गोत्र वा प्रवर अनुसार तीन वा पाँच सम्म हुन्छन्। एस प्रकार एउटा तीन सरे जनै तयार हुन्छ जसले उपर्युक्त अर्थ बोध गराउँछ र धारण गर्ने व्यक्ति लाई ती कुराहरु प्रति सजग र सचेत बनाउँछ। यति मात्र नभएर विशेष किसिम ले अभिमन्त्रित गरिएको जनै मा अन्य दैवीशक्ति पनि समाविष्ट हुन्छन्, जसले लगाउने लाई आयु, तेज र बल प्रदान गर्छ, जसको सङ्केत जनै लगाउँदा पढिने निम्नलिखित मन्त्र मा गरिएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः

अर्थात्- यज्ञोपवीत परं पवित्र छ; एसको निर्माण पहिले प्रजापति ले गरेका हुन् यो पवित्रकर्ता, आयुवर्धक छ र एसले बल र तेज प्रदान गर्दछ । जनै को अर्को नाम ब्रह्मसूत्र पनि हो । एस सम्बन्ध मा शास्त्रवचन छ-

सूचनाद् ब्रह्मतत्त्वस्य, वेदतत्त्वस्य सूचनात् ।
तत्सूत्रमुपवीतत्त्वाद् ब्रह्मसूत्रमिति स्मृतम् ॥

अर्थात्- ब्रह्मतत्त्व र वेदतत्त्व को पनि सूचक भएका ले एसलाई ब्रह्मसूत्र भनिएको हो ।

जनै को उद्देश्य र उपयोगिता :

यज्ञोपवीत को मुख्य लक्ष्य का बारे मा ऋग्वेद मा भनिएको छ -

त्रिरस्यता परमा सन्ति सत्यस्यार्हा देवस्य जनिमान्यग्ने ।
अनन्ते अन्त परिवीतं आगाच्छुचिः शुक्रो अर्हो रोरुचानः ॥

अर्थात्- यज्ञोपवीत का तीन मुख्य लक्ष्य छन्- सत्य व्यवहार को आकाङ्क्षा, अग्निसमान तेजस्विता र दिव्य गुणहरु मा पवित्रता को प्राप्ति । यी कुराहरु एस बाट राम्ररी प्राप्त हुन्छन् ।

एस बाहेक कौषीतकी ब्राह्मण, पारस्करगृहसूत्र, महाभारत आदि ग्रन्थहरु मा पनि यज्ञोपवीत लाई दीर्घजीवन, सुस्वास्थ्य, बल, तेज, बुद्धि, प्रतिष्ठा, विजय र सुख प्रदायक सूत्र मानिएको छ । एस्तो महत्त्वपूर्ण यज्ञोपवीत मानिस ले सधैं धारण गर्नुपर्छ । यही नै सनातन विधि हो भन्ने मान्यता वशिष्ठस्मृति को छ-

उपवीती भवेन्नित्यं विधिरेषः सनातनः ।

यजुर्वेद भन्दछ- यज्ञोपवीत धारण गरेका पुष्ट र बलवान् मानिसहरु लाई नमस्कार छ **"उपवीतिने पुष्टानां पतये नमः ॥"**

एसरी यज्ञोपवीत वा जनै को महत्त्व बुझिसकेका व्यक्ति वा वटु का मन मा "मैले ब्रह्मसूत्र लगाएको छु; जीवन लाई उद्देश्य मूलक बनाउने प्रतिज्ञा लिएको छु; तीन किसिम का ऋण बाट मुक्त हुने सङ्कल्प गरेको छु; विषय भोग मा मात्र न अल्मलिएर मैले परमार्थ-प्राप्ति सम्म पुग्नु छ र सामाजिक दायित्वहरु पनि वहन गर्नु छ" भन्ने मनोवैज्ञानिक प्रभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रहिरहन्छ र एसले व्यक्ति लाई कर्तव्य परायण, सदाचारी, परोपकारी, पुरुषार्थी, निर्भीक र साहसी बनाइराख्न मद्दत पुऱ्याउँछ ।

शास्त्रहरु ले यज्ञोपवीत धारण गरेपछि मात्रै व्यक्ति लाई वेद पढ्ने (ज्ञानविज्ञान का क्षेत्र मा प्रवेश गर्ने) यज्ञ गर्ने तथा व्रतहरु गर्ने अधिकार प्राप्त हुन्छ भनेका छन् । मानौं यज्ञोपवीत ज्ञान विज्ञान का बाटा मा हिंड्ने र सामाजिक उत्तरदायित्व वहन गर्नका लागि दिइएको अनुमति पत्र (लाइसेन्स) हो; यो द्विजत्व को परिचायक पनि हो ।

कान मा जनै किन ?

जनैधारी केही नैष्ठिकहरु दिसा-पिसाब गर्दा दाहिने कान मा जनै बेर्ने गर्छन् । यो शास्त्रीय निर्देश हो । एसका पछाडी दुइटा कारणहरु देखा पर्छन् । **पहिलो हो-** भावनात्मक र **दोस्रो हो-** शरीर वैज्ञानिक । भावनात्मक कारण अनुसार मलमूत्र त्याग का समय मा शरीर को तल्लो भाग विशेष गरी कमर मुनि को भाग दूषित हुन्छ; अपवित्र हुन्छ तेसैले पवित्रता को प्रतीक जनै लाई शुचि नभइन्जेल कान मा राख्नु पर्छ। आचारमयूख मा भनिएको छ-

अग्निरापश्च वेदाश्च सोमः सूर्योऽनिलस्तथा ।
सर्वेदेवास्तु विप्रस्य कर्णे तिष्ठन्ति दक्षिणे ॥

अर्थात्- अग्नि, आप, वेद, सोम, सूर्य, अनिल लगायत सबै देवताहरु विप्र का दाहिने कान मा निवास गर्छन् ।

तेसैले कान लगायत शिरो भाग सधैं पवित्र हुने गर्छ । दोस्रो शरीर विज्ञान अनुसार मानिस को वीर्य कोष हुँदै मल मूत्रद्वार सम्म पुग्ने 'लोहितिका' नामक नाडी को मुख्य केन्द्र कान को फेद मा हुन्छ । मलमूत्र त्याग को बेला जनै लगेर कान का फेद मा बेरिदिंदा उक्त नाडी केन्द्र प्रभावित भई वीर्यकोष मा सङ्कुचन र मल मूत्रद्वार मा शिथिलता आउने हुनाले एकातिर मलमूत्र त्याग्दा बल पर्नाले अनायास वीर्यपतन हुने समस्या बाट जोगिन सकिन्छ भने अर्कातिर सहज ढङ्ग ले मलमूत्र को विसर्जन हुन्छ । विशेष गरी दाहिने कान को सम्बन्ध मूत्राशय र बायाँ कान को सम्बन्ध गुदद्वार सँग हुने हुनाले 'मूत्रे तु दक्षिणे कर्णे, पुरीषे वाम कर्णके' भने शास्त्र वचन अनुसार मूत्रत्याग गर्दा दाहिने कान मा र मल त्याग गर्दा बायाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कान मा जनै बेर्ने चलन छ वा दुवै क्रिया सँगसँगै हुने स्थिति मा दुवै कान मा जनै बेर्ने पनि चलन छ। कान को फेद देखि बाह्य घेरो हुँदै टुप्पो वा लोती सम्म शारीरिक रोग निवारण गर्ने विभिन्न केन्द्रहरु हुन्छन्। ती केन्द्रहरु चिनेर दबाव दिँदा, छेड्दा, प्वाल पारेर धातु का मुन्द्राहरु, गहनाहरु लगाउँदा बहुमूत्र, प्रमेह, मधुमेह, ववासीर जस्ता दर्जनौं रोगहरु बाट बच्न सकिन्छ भन्ने आयुर्वेदिक, अक्यूप्रेसर, अक्यूपञ्चर आदि उपचार विज्ञान का आधार मा यी कुराहरु ले संस्कार को रूप पाएका हुन्। महिला वा पुरुषहरु ले कान छेडेर गहना लगाउनुका पछाडी पनि त्यही शरीर वैज्ञानिक कारण रहेको बुझिन्छ। नाथ सम्प्रदाय का कानचिरा जोगीहरु ले कान का बीच भाग मा ठुलै प्वाल पारेर कुण्डल लगाउनु को कारण पनि यही हुन सक्छ।

जनै कसले लगाउने ?

प्राचीन वैदिक काल मा यज्ञोपवीत यज्ञ मा दीक्षित भएकाले वा यज्ञकर्ता ले मात्र लगाउने हुनाले यो कुनै जात वा वर्ग मा सीमित थिएन। फेरि जन्मजात हरेक व्यक्ति शूद्रसमान हुन्छ; संस्कार गरेपछि मात्र द्विज बन्दछ भन्ने मान्यता हुँदा संस्कार सबैको गर्न सकिन्थ्यो। स्त्री र शूद्र को पनि संस्कार गरिन्थ्यो यदि उनीहरु व्रत का नियमहरु पालना गर्न तयार भए भने। यमसंहिता मा भनिएको छ-

पुरा कल्पे तु नारीणां मौञ्जिबन्धनमिष्यते।
अध्ययनं च वेदस्य सावित्रीवचनं तथा॥

अर्थात्- प्राचीनकाल मा नारीहरु जनै पनि लगाउँथे, वेद पनि पढ्थे र गायत्री पनि जप्थे। तेसैगरी -

शूद्राणामदुष्टकर्मणामुपनयनम्।
इदञ्च रथकारस्योपनयनम्।
अदुष्टकर्मणां शूद्राणामुपनयनम्॥

अर्थात्- दुष्ट कर्म नगर्ने शूद्रहरु व्रतबन्ध का लायक छन् र रथकारहरु को पनि उपनयन गरिनु पर्छ।

उपर्युक्त दुवै भनाई अनुसार दुष्ट कर्म नगर्ने र जनै को मर्यादा पालन गर्न सक्ने सबै लाई यज्ञोपवीत दिन सकिने कुरा स्पष्ट हुन्छ। हुन त एसका विपक्ष मा पनि कैयौं शास्त्रोक्तिहरु छन् तर जहाँ सम्म अधिकार को कुरा छ तेसमा स्वयं वेदशास्त्र बाधक देखिन्न।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महिला र जनै

पारस्करगृह्यसूत्रमा भनिएको छ -

स्त्री यत्र उपवीता अनुपवीताश्च ।

अर्थात्- महिलाहरु जनै लगाएका र नलगाएका पनि छन् ।

तेसैगरी अन्यत्र भनिएको छ-

द्विविधास्त्रियो ब्रह्मवादिन्यः सद्योवध्वश्च । तत्र ब्रह्मवादिनां उपनयन अग्नि गन्धनंवेदाध्ययनं स्वगृहे भिक्षावृत्तीश्च । वधूनान्तूपस्तिर्थ विवाहे कदाचिदुपनयनं कृत्वा विवाहः कार्यः ॥

अर्थात्- स्त्रीहरु दुई किसिम का हुन्छन्- ब्रह्मवादिनी र नववधू। ब्रह्मवादिनीहरु ले उपनयन, अग्निहोत्र र वेदाध्ययन गर्छन् । तिनले आफै घर मा भिक्षा गर्नुपर्छ । नववधू ले पनि कम्ती मा विवाह का समय मा त यज्ञोपवीत लगाउनु पर्छ अर्थात् यज्ञोपवीत गरेर मात्र विवाह गर्नुपर्छ ।

गोभिलस्मृति मा पनि एस बारे एसरी उल्लेख गरिएको छ-

प्रावृत्तां यज्ञोपवीतिनीमभ्युदा नर्यञ्नयेत् । सोमोऽददत् गन्धर्वायेति ॥

अर्थात्- कन्या लाई यज्ञोपवीत धारण गराएर अनि कपडाहरु ओढाएर पति का नजीक लैजानू र **'सोमोऽददत्'.....** यो मन्त्र उच्चारण गर्नू ।

एसप्रकार एकातिर स्त्री शूद्र आदि सबै लाई जनै लगाउने अधिकार रहेको सिद्ध गर्ने उक्तिहरु पाइन्छन् भने अर्कातिर वैवाहिक विधि नै स्त्री को वैदिक संस्कार हो भन्ने मनुस्मृति को वचन छ ।

वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकःस्मृतः ।
पतिसेवा गुरौ वासो गृहार्थेऽग्निपरिक्रिया ॥

अर्थात्- विवाह नै स्त्रीहरु का लागि यज्ञोपवीत संस्कार हो । कर्म घर मा गएर गरिने पति सेवा आदि नै गुरू कुल मा बसेर गरिने गुरूसेवा हो र भोजन बनाउने आदि घर को काम नै अग्नि होत्र हो अतः उसले यज्ञोपवीत वेदाध्ययन । गुरू सेवा आदि गर्नुपर्दैन ।

तेसैगरी भागवत्मा भनिएको छ-

स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा

अर्थात्- स्त्री शूद्र तथा पतित ब्राह्मणहरु का लागि त्रयी- वेद सुनेर धारण गरिने शास्त्र होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपर्युक्त उक्तिहरु मा महिला र शूद्रहरु लाई यज्ञोपवीत निषेध गरेको देखिन्छ। यी दुवै थरी मत को अनुशीलन गर्दा के कुरा स्पष्ट हुन्छ भने प्राचीन वैदिक युग मा महिला लाई महिला भएकै कारण ले यज्ञोपवीत निषेध थिएन।

स्त्री को जनै पुरूष लाई

प्राचीन काल मा कुमार-कुमारी दुवै ले व्रतबन्ध गरेर जनै लगाउन सक्थे तर जनै को गरिमा र पवित्रता को रक्षा का लागि जुन नियमहरु बनाइए ती नियमहरु यथावत् पालन गर्न युवा-अवस्था मा पुगेका महिलाहरु लाई गाह्रो हुने देखियो किनभने प्रत्येक महीना मा मासिक स्राव भइरहने, बेलाबेला मा प्रसव हुने र प्रसव पछि नवजात शिशु लाई स्तनपान गराउनु पर्ने अनि उसको मलमूत्र, च्याल, सिँघान आदि बाट समेत जनैको पवित्रता जोगाउन गाह्रो हुने भयो। एस्तै व्यावहारिक कारण ले गर्दा गृहस्थ महिला लाई जनै अनिवार्य गर्न नहुने मानियो तर यो जनै जीवन को एउटा ज्यादै महत्त्वपूर्ण संस्कार प्रतीक भएका ले धारण गर्नैपर्ने पनि ठानियो। एस्तो अवस्था मा विद्वान्हरु ले एउटा मध्यम मार्ग खोजे जस अनुसार पति लाई पत्नी को आधा अङ्ग मानिने हुनाले विवाह पश्चात् पत्नी का भाग को जनै पनि पति ले नै थपेर लगाउने व्यवस्था भयो। अब एउटा किशोर ले व्रतबन्ध मा तीन सरा भएको यज्ञोपवीत लगाउने र विवाह का बेला पत्नी का भाग को तीन सरा समेत थपेर छ सरा को जनै लगाउने चलन चल्यो। यता हामी कहाँ कुमारीहरु को व्रतबन्धै नगर्ने र कुमारहरु लाई भने व्रतबन्ध कै बेला मा दुइटै जनै एकै साथ अर्थात् ६ वटै सरा को जनै लगाइ दिने गर्न थालियो। हुन सक्छ मध्यकाल मा बालविवाह को प्रचलन हुँदा किशोर को व्रतबन्ध सँगै विवाह गरिने हुनाले व्रतबन्ध कै अवसर मा दुइटै जनै सँगसँगै लगाईदिने चलन चलाइयो।

शूद्रता र जनै

जहाँ सम्म शूद्रहरु लाई जनै लगाउन निषेध गरिएको कुरा छ, शास्त्रीय आधार मा हेर्दा शूद्रता भन्ने कुरा वंशानुगत नभएर वृत्तिगत वा कर्मगत हो। जन्मँदा सबै शूद्रवत् हुन्छन् र संस्कार गरेपछि ती द्विज बन्दछन् अनि ज्ञानगुन को अनुशीलन गर्दै पूर्ण ज्ञानी भएपछि क्रमशः विप्र र ब्राह्मण बन्न पुग्छन् भन्ने शास्त्रवचन छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जन्मना जायते शूद्रः संस्कारात् द्विज उच्यते ।
वेदपाठी भवेत् विप्रो ब्रह्म जानाति ब्राह्मणः ॥

एस बाट के स्पष्ट हुन्छ भने संस्कार हींन अवस्था नै शूद्र हो र संस्कारहरु द्वारा पूर्णतया सुसंस्कृत अवस्था ब्राह्मण हो । शूद्रता मानवीय विकास यात्रा को प्रारम्भ हो भने ब्राह्मणत्व तेसको पूर्णता हो। जो यात्रा को प्रारम्भ मै छ; अगाडी बढ्नै चाहँदैन; सुसंस्कृत हुनै चाहँदैन; विधिनियम को पालना गर्दैन, मानवीय मूल्यमान्यता को पर्वाह गर्दैन; जीवन आदर्श को उपेक्षा गर्छ र खानपान, रहनसहन, विधि व्यवहार मा जो छाडा छ तेसैको नाम शूद्र हो । तेस्ता आस्था र आदर्श विहीन व्यक्ति लाई व्रतबन्ध को प्रतीक स्वरूप यज्ञोपवीत दिनु भनेको यज्ञोपवीत को दुरूपयोग गर्नु हो। अतः ब्राह्मण परिवार मा जन्मेर पनि दुष्ट कर्म गर्ने लाई यज्ञोपवीत दिनुहुँदैन र शूद्र परिवार मा जन्मेर पनि अदुष्ट कर्म गर्ने वा सत्कर्म गर्ने छ भने उसलाई उपनयन तथा यज्ञोपवीत गरिदिनू भन्ने शास्त्रीय निर्देश (अदुष्टकर्मणां शूद्राणामुपनयनम्) उपयुक्त नै देखिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चूडाकरण-संस्कार

चूडाकरण अर्थात् चूडाकर्म । चूडाकर्म-संस्कार मा दुई वटा कार्य प्रमुख हुन्छन्- १. जुटिका बन्धन र २. मुण्डन । जुटिका बन्धन को अर्थ काटिने केश लाई अभिमन्त्रित कपडा र कुश ले केही समय तीन भाग मा बाँधेर राख्नु हो भने मुण्डन को अर्थ टुप्पी बाहेक सबै केशहरु विशेष मन्त्रोच्चारणपूर्वक खौरिनु भन्ने हो । एस कार्य का लागि सर्वप्रथम उपयुक्त ठाउँ मा, घर भित्र, बाहिर, नदी किनार, मन्दिर वा तीर्थ मा पञ्चभूसंस्कार गरेर रेखी ले वेदी तयार गरिन्छ । घर मा गरिंदा दिदीबहिनी वा सम्बन्धित महिलाहरु द्वारा निर्दिष्ट ठाउँ मा जिउँती पनि लेखिन्छ ।

१. एस संस्कार का लागि विधिपूर्वक निर्मित वेदी मा पूर्वाङ्ग कर्म मा उल्लेख गरिए अनुसार सत्य नाम का अग्नि को आवाहन तथा स्थापना आदि पूर्वाङ्ग कर्म गर्ने ।

२. यज्ञस्थल मा चूडाकरण गर्ने बालक वा बालक का बाबु वा दुवै लाई उपयुक्त आसन मा पूर्व फर्केर बस्न लगाई जल, तिल, कुश सहित तलको सङ्कल्प गराउने-

सङ्कल्प - ॐ अद्येह ...गोत्र .... प्रवर .... नामाहं मम/अस्य कुमारस्य करिष्यमाणचूडाकरणसंस्कारान्तर्गतजूटिकाबन्धनाख्यं कर्म यथाविधि करिष्ये ।

३. कर्ता ले पुरोहित लाई तपाईं लाई 'जूटिकाबन्धनकर्मणि त्वामहं वृणे' अर्थात् 'यो यज्ञ सम्पन्न गर्नका लागि आचार्य का रूप मा वरण गर्छू' भनेर टीका लगाइदिने ।

४. **कर्ता र पुरोहित दुवै ले हात जोडेर-** आज को दिन र यो कर्म पुण्यमय होओस्, शुभ होओस्, समृद्धिपूर्ण होओस्, उन्नति गराउने खाल को होओस्, कल्याण कारी होओस् शान्ति पूर्ण होओस्, शोभायुक्त होओस् भनेर प्रार्थना गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५. कर्ता ले यज्ञ मा स्थापित दीप, गणेश, कलश, ग्रह, मातृ का, अग्नि आदि को पूजा गरी पुष्पाञ्जलि चढाउने, भोग लगाउने अनि इष्टदेव, कुलदेव र गुरूदेव लाई सम्झेर प्रणाम गर्ने ।

६. मुख्य कर्ता वा बालक लाई यज्ञ स्थल भन्दा केही पर लगेर चन्द्र मा भएको दिशा तिर सम्मुख वा दाहिने फर्काएर बसाल्ने ।

७. कलात्मक पतरी वा सिँगारिएको थाल मा बालक को टाउका मा बेर्न पुग्ने नाप को हलेदा ले रंगाएको वा पहेंलो एउटा कपडा फैलाएर राख्ने अनि तेस माथी अरु तीन वटा स-साना धजा आकार का कपडा का टुक्रा पनि छुट्टाछुट्टै फैलाएर राख्ने र तिनमा क्रमशः निम्नलिखित देवताहरु को आवाहन गर्ने-

पहिलो मा- ब्रह्माको- ॐ ब्रह्मन् इहागच्छ, इह तिष्ठ, ॐ ब्रह्मणे नमः ।
दोस्रो मा- विष्णु को- ॐ विष्णो इहागच्छ, इह तिष्ठ, ॐ विष्णवे नमः ।
तेस्रो मा- शिव को- ॐ शिव इहागच्छ, इह तिष्ठ, ॐ शिवाय नमः ॥

८. अब पाएसम्म तीन ठाउँ मा सेतो भएको दुम्सी को काँढा ले त्यो नभए कुश का टुक्रा ले बालक को कपाल लाई टुप्पी बाहेक तेस देखि अगाडी को थाप्लो एक भाग र पछाडी को भाग लाई दाहिने र देब्रे गरी दुई भाग जम्मा तीन भाग मा छुट्टयाएर पछाडी को दाहिने भाग लाई पहिले ब्रह्मा को पूजा गरेको कपडा को टुक्रा ले बाँध्ने, बायाँ भाग लाई विष्णु को पूजा गरेको दोस्रो टुक्रा ले बाँध्ने र अगाडी को भाग लाई शिव को पूजा गरेको अन्तिम टुक्रा ले बाँध्ने । बाँध्न नमिल्ने कपाल भए ती टुक्राहरु तत्तत् ठाउँ मा राखिदिने । अनि थाल मा राखिएको ठूलो कपडा को टुक्रा ले बालक को सबै कपाल छोपिने गरी बाँधिदिने ।

९. अब यदि चूडाकर्म संस्कार भन्दा पहिले गरिनु पर्ने गर्भाधानादि कुनै पनि संस्कार गर्न बाँकी रहेको भए तेसको प्रायश्चित्त स्वरूप त्यही वेदी मा तल लेखिए अनुसार को हवन गर्नू-

सङ्कल्प- अद्येह मम/अस्य कुमारस्य गर्भाधानादिचौलान्तसंस्काराणां कालातिपत्तिजनितदोषनिवृत्तिद्वारा श्रीपरमेश्वर प्रतियर्थमनादिष्ट प्रायश्चितहोममहं करिष्ये ।

विनियोग - ॐ महाव्याहृतीनां प्रजापतिर्ऋषिर्गायत्युष्णिगनुष्टुप्छन्दांसि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अग्निवायुसूर्य देवताः अत्र अनादिष्टप्रायश्चित्तार्थे होमे विनियोगः -

ॐ भूःस्वाहा इदमग्नये न मम ।

ॐ भुवःस्वाहा इदम् वायवे न मम ।

ॐ स्वःस्वाहा इदम् सूर्याय न मम ।

ॐ भूर्भुवस्वः स्वाहा इदम् प्रजापतये न मम ।

ॐ इदम् अग्निवरूणाभ्यां स्वाहा इदम् अग्नि वरूणाभ्यां न मम ।

ॐ इदम् अग्नये स्वाहा इदम् अग्नये न मम ।

ॐ इदम् मरूद्भ्य सेवकेभ्यो स्वाहा इदम् मरूद्भ्य न मम ।

ॐ इदम् वरूणाय स्वाहा इदम् वरूणाय न मम ।

कर्ता ले आसन मा बसेर पवित्र जल हात मा लिई तलको मन्त्र पढ्दै सेचन गर्ने-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।

यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥

सङ्कल्प- अद्येह मम/अस्य बालकस्य बीजगर्भसमुद्भवैनोनिवर्हणेन बलायुर्वर्चोऽभिवृद्ध्यर्थ श्रीमत्परमेश्वर प्रतिये चूडाकरणाख्यं कर्माहं करिष्ये ।

- कपाल काटिदिने मानिस लाई यज्ञ वेदी को दक्षिण तर्फ आसन मा राखेर टीका र माला लगाइदिने ।

- तातो र चिसो पानी मिसाउने मन्त्र -

ॐ उष्णेन उदकेनेह्यदिते केशान्वप ।

हे वायु ! तिमी तातो जल सँग मिसिन आऊ, हे अदिति ! तिमी केश काट्ने तातो चिसो पानी मिसाउने काम मा सहयोग गर ।

- कपाल भिजाउने मन्त्र -

ॐ सवित्रा प्रसूता दैव्या आप उन्दन्तु ते तनूं दीर्घायुत्वाय वर्चसे ।

अर्थात्- सूर्य बाट उत्पन्न दिव्य जल ले बालक को आयु र तेज बढाउन गरिने चूडाकरण मा केश भिजाइदिऊन् ।

- छुरा वा कपाल काट्ने यन्त्र हात मा लिने मन्त्र -

ॐ शिवो नामासि स्वधितिस्ते पिता नमस्तेऽअस्तु मा हि सीः ।

वज्र का सन्तान हे कल्याणकारी छुरा ! तिमी लाई नमस्कार छ । तिमी ले मलाई आघात नपुऱ्याऊ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

- दाहिने तिर को केश काट्ने मन्त्र -

ॐ येनावपत्सविता क्षुरेण सोमस्य राज्ञो वरुणस्य विद्वान्
तेन ब्राह्मणो वपतेदमस्यायुष्यं जरदष्टिर्यथासत्

अर्थात्- जुन छुरा ले स्वयं सूर्य ले सोम र वरूण को केश काटेका थिए, त्यही छुरा ले हे ब्राह्मण हो एस बालक को केश काटेर एसलाई पूर्णायु बनाइदेऊ ।

काटेको केश टिपेर, दिदीबहिनी ले थाल मा लिइराखेको गोबर मा राख्ने ।

- पछिल्तिर को केश काट्ने मन्त्र -

ॐ त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम् ।
यद्देवेषु त्र्यायुषं तन्नोऽस्तु त्र्यायुषम् ॥

- देब्रेतिर को कपाल काट्ने मन्त्र -

ॐ येन भूरिश्चरा दिवं ज्योक्चपश्चाद्धि सूर्यम् ।
तेन मे वपामि ब्राह्मणा जीवातवे जीवनाय सुश्लोक्याय स्वस्तये ॥

अर्थात्- जुन मन्त्रशक्ति ले मन्त्रिएको वायु चिरकाल सम्म धर्ती, आकाश र सूर्यलोक मा समेत चल्दछ त्यही मन्त्र ले मन्त्रिएको छुरा ले तिम्रो जीवन, आयु, कीर्ति र कल्याण का लागि केश काटिदिन्छू ।

सामग्री : पूजन सामग्री, हवन सामग्री, रेखी (रंगवल्ली), पहेंलो कपडा, तातो एवं चीसो पानी, छूरा, बाच्छा को गोबर, पतरी वा प्लेट, बुकुवा वा नौनी घिउ, सिधा, दक्षिणा वा भेटी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

- टुप्पी बाहेक टाउका मा बाँकी रहेका सबै केश काट्न छुरा चलाउने मन्त्र -

ॐ यत्क्षुरेण मज्जतया सुपेशसा वप्त्वाऽऽवपति
केशाँश्छिन्धि शिरो माऽस्यायुः प्रमोषीः ॥

अर्थात्- हे छुरा ! एस बालक लाई सुन्दर र संस्कृत पार्नका लागि केशहरु त काटिदेऊ तर शिर मा कुनै चोट नलाइदेऊ, जीवन र आयु मा विघ्न नगरिदेऊ ।

एसरी काटिएको केश लाई दिदीबहिनी ले गोबर मा राखेर माथी बाट कपडा ले छोपेर नदी वा पवित्र ठाउँ मा लगेर सेलाउनू ।

मुण्डन गरिएको शिर मा दिदीबहिनी ले/नौनी घिउ/दही/बुकुवा आदि घसिदिनू र बालक लाई नुहाउन लाउनू ।

- केश काटिदिने लाई दक्षिणा दस्तुर सीधा फलफूल आदि दिने गुरू, पुरोहित, आचार्य तथा अन्य आगन्तुकहरु लाई यथेष्ट दक्षिणा भेटी र प्रसाद अर्पण गर्ने ।

- 'कायेनवाचा' भनेर सबै कर्म भगवान् मा अर्पण गर्ने ।

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्धयात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

अर्थात्- शरीर, बोली, मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय का स्वभाव ले ।
गरें यहाँ जे सब गर्छू अर्पण, परेश नारायण मा म भक्ति ले ॥

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपनयन-संस्कार

चूडाकरण-संस्कार मा बताइए अनुसार कपाल खौरिने कार्य सकेपछि बुकुवाहरु घसिदिएर स्नान गराई बालक लाई पहिले देखि तयार पारी राखिएको यज्ञवेदी- अग्निवेदी को पश्चिम तर्फ आचार्य का दाहिने तिर शुद्ध आसन मा बसाल्ने अनि **'अपवित्रः पवित्रो वा····· '** उच्चारण गर्दै पानी अचाउन लगाउने । तेसपछि तलको सङ्कल्प गराउने-

सङ्कल्प -

ॐ अद्येह... गोत्रोत्पन्न... नामाहं मम अनेकजन्मार्जितकल्मष निवारण पूर्वकं द्विजत्वसिद्ध्यायज्ञोपवीत वेदाध्ययनाद्यधिकार सिद्धयर्थं श्रीमत्परमेश्वर प्रतिये उपनयनकर्माहं करिष्ये ।

अनि कुमार लाई हात जोडेर पूर्वमुख गरी बस्न लगाउने र आचार्य ले भन्ने आचार्य- **"ॐ ब्रह्मचर्यम् आगाम्" इति ब्रूहि ।**

(म ब्रह्मचारी विद्यार्थी भएर वेदाध्ययन गर्न आएको छू, भन ।)

कुमार- "ॐ ब्रह्मचर्यम् आगाम्" (म ब्रह्मचारी भएर अध्ययन गर्छू ।)

आचार्य- "ॐ ब्रह्मचारी असानि" इति ब्रूहि (ब्रह्मचारी विद्यार्थी हुन्छू भन ।)

कुमार- "ॐ ब्रह्मचारी असानि" (म ब्रह्मचारी विद्यार्थी हुन्छू ।)

कौपीन-मेखलाग्रहण

अब आचार्य ले कुमार लाई तलको मन्त्र पढ्दै पहिले देखि तयार पारिराखेको धोती वा कौपीन र मेखला दिने वा लगाइदिने-

ॐ येनेन्द्राय बृहस्पतिर्वासः पर्यदधादमृतम् ।
तेन त्वा परिदधाम्यायुषे दीर्घायुष्ट्वाय बलाय वर्चसे ॥

इन्द्र लाई दिए वस्त्र, जसरी गुरूदेव ले ।
तेसैगरी तिमीलाई, दिन्छू वस्त्र म प्रेम ले ।
लगाई वस्त्र दीर्घायु, तेजस्वी बलवान् भए ॥

Prof. Madhav Prasad Pokharel Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



आचार्य बाट प्राप्त मेखला आदि वस्त्र लगाइसकेपछि कुमार ले दुई पटक आचमन गर्ने । अनि आचार्य ले मनमन ले गायत्री को स्मरण गर्दै कुमार को टुप्पी मा शिखा पारिदिने । एसपछि फेरि कुमार लाई दुईपटक आचमन गर्न लगाउने ।

यज्ञोपवीत दान

अब कुमार ले काँस का आठ ओटा स-साना कचौरा वा दुना मा चामल राखी तेस माथी एकेकोटा सिङ्गा सुपारी, यथाशक्य भेटी (पैसा) र एक-एक जोर जनै राखेर जौ, तिल, कुश, जल लिई तिन लाई छुँदै निम्नलिखित सङ्कल्प गर्नू-

ॐ अद्येह..... गोत्रोत्पन्न ..... मम उपनयनकर्मणा द्विजत्वसिद्ध्या कामचारादिपरिहारेण उपयुक्तसदाचारग्रहणाय यज्ञोपवीतधारणाधिकारसिद्ध्यर्थं इमानि तण्डुलपूर्णपात्रस्थानि सफलानि सद्रव्याणि यज्ञोपवीतानि प्रजापतिदैवतानि यथानामगोत्रेभ्यो यथानामब्राह्मणेभ्यो (वटुभ्यो) दातुमहमुत्सृजे ॐ तत्सत् ।

अब यी जनै सहित का आठ ओटा कचौरा वा बोहोता (दुना) आठ जना ब्राह्मण लाई टीका लगाएर दिनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu University

CC-0.In Public Domain. Digitization by eGangotri

यज्ञोपवीतपूजन

कुमार लाई लगाउन भनी तयार पारेको जनै खोलेर दुवै हात का बूढीऔंला मा लिई हात लाई अर्ध सम्पुटित पार्ने अनि निम्नलिखित मन्त्रहरु पढ्दै तेसमा आत्मबल का प्रतीक ब्रह्मा, समृद्धि का प्रतीक विष्णु, व्यवस्था का प्रतीक महेश, परामक्रम का प्रतीक सूर्य र परमार्थ का प्रतीक यज्ञपुरुष को आवाहन गर्ने-

ब्रह्मा- **ॐ ब्रह्मजज्ञानं प्रथमं पुरस्ताद् विसीमतः सुरूचोवेनऽआवः ।**
सबुध्न्याऽउपमाऽअस्य विष्ठाः सतश्चयोनिमसतश्च विः ।
ॐ ब्रह्मणे नमः । आवाहयामि, स्थापयामि, ध्यायामि ॥

अर्थात्- सर्धै पूर्व मा उदित भएर माथी का सम्पूर्ण लोकहरु लाई र साकार तथा निराकार समस्त जगत् का आश्रय स्वरूप अन्तरिक्ष र दिशाहरु लाई प्रकाशित गर्ने सूर्य रूप ब्रह्मदेव लाई नमस्कार गर्छू, आवाहन गर्छू, स्थापना गर्छू र ध्यान गर्छू ।

विष्णु- **ॐ इदम् विष्णुर्विचक्रमे, त्रेधा निदधे पदम् । समूढमस्य पा सुरे स्वाहा ।**
ॐ विष्णवे नमः आवाहयामि, स्थापयामि, ध्यायामि ॥

अर्थात्- जसले ठूलो पराक्रम देखाउँदै तीन लोक मा आफ्नो पाउ राख्नुभयो वा जसका पाउ मा सबै लोकहरु विद्यमान छन् । उनै भगवान् विष्णु लाई म प्रणाम गर्छू, आवाहन गर्छू, स्थापना गर्छू र ध्यान गर्छू ।

महेश- **ॐ नमः शम्भवाय च मयो भवाय च नमः शङ्करााय च**
मयस्कराय च नमः शिवाय च शिवतराय च ॥
ॐ शिवाय नमः । आवाहयामि, स्थापयामि, ध्यायामि ॥

अर्थात्- जगत् को कल्याण र सुख का मूल स्रोत परमानन्द दायी शान्त तथा निर्विकार परम कल्याण रूप भगवान् शिव लाई प्रणाम गर्छू, आवाहन गर्छू, स्थापना गर्छू र ध्यान गर्छू ।

यज्ञ (परमार्थ)-
ॐ यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ।
ते ह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ॥
ॐ यज्ञ पुरुषाय नमः । आवाहयामि, स्थापयामि, ध्यायामि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- देवताहरु ले यज्ञ द्वारा नै यज्ञ स्वरूप परमपुरुष को आराधना गरे। तेस यज्ञ बाट पहिले धर्म उत्पन्न भयो। त्यही धर्म का आचरण ले देवताहरु महिमा शाली बनेर स्वर्ग को उपभोग गर्न पुगे। जहाँ पुराना साध्य देवताहरु निवास गर्छन्; उनै यज्ञरूप परमपुरुष लाई म प्रणाम गर्छू, आवाहन गर्छू, स्थापना गर्छू र ध्यान गर्छू।

सूर्य (तेजस्विता वा पराक्रम)-

ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यंच।
हिरण्मयेन सविता रथेन देवो याति भुवनानि पश्यन्॥
ॐ सूर्याय नमः। आवाहयामि, स्थापयामि, ध्यायामि॥

अर्थात्- दिन र रात को निर्माण गर्दै, स्वर्ग र मर्त्य को व्यवस्था मिलाउँदै, अमृत वर्षाउँदै सून का रथ मा बसेर समस्त जगत् लाई हेर्दै भ्रमण गर्ने सूर्य नारायण लाई म नमस्कार गर्छू, आवाहन गर्छू, स्थापना गर्छू तथा ध्यान गर्छू।

कुमार लाई जनै लगाइदिने-

अब आचार्य ले विधिपूर्वक तयार पारेर अभिमन्त्रण गरिएको र उपर्युक्त देवताहरु को आवाहन गरिएको यज्ञोपवीत (जनै) आफ्ना हात मा लिई १० पटक सम्म गायत्री मन्त्र उच्चारण गरेर मुसार्नु र तलको मन्त्र ले विनियोग गर्नू-

ॐ यज्ञोपवीतमिति मन्त्रस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दो लिङ्गोक्ता देवता पुण्यकर्मानुष्ठानसिद्धयर्थम् उपवीतधारणे विनियोगः।

एसपछि तलको मन्त्र उच्चारण गर्दै कुमार को दाहिने हात उचालेर टाउका बाट देब्रे काँध मा अडिने गरी सव्य बनाएर जनै पहिराइदिनू-

जनै लाउने मन्त्र-

ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात्।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः॥
ॐ यज्ञोपवीतमसि यज्ञस्य त्वा यज्ञोपवीतेनोपनह्यामि।

अर्थात्- छ यज्ञ सूत्र अति नै पवित्र, ब्रह्मा सँगै लाउन जन्मिएको।
बढाउने आयु र ब्रह्मतेज, म लाउँछू आदर ले जनै यो॥
यज्ञ ले यज्ञ कै लागि यज्ञोपवीत लाउँछन्।
म यहाँ यज्ञ कै लागि त्यै यज्ञ सूत्र लाउँछू॥

जनै लगाए पछि कुमार ले दुई पटक पानी अचाएर हात धुनू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अञ्जलिपूरण

आचार्य ले आफ्नो अञ्जलि भरि वा आचमनी मा जल लिएर तलको मन्त्र पढ्दै तीन पटक कुमार का अञ्जलि मा भरिदिने र कुमार ले उक्त जल प्रत्येक पटक माथी आकाश तिर हुत्याइदिने-

मन्त्र १- **ॐ आपो हिष्ठा मयो भुवस्तान ऊर्जे दधातन महेरणाय चक्षसे ॥**
सुखसमृद्धि का स्रोत, तिमी हौ हे महान् जल ।
उपभोग गरौं हामी, पनि त्यो सुखवैभव ॥

मन्त्र २- **ॐ यो वः शिवतमो रसस्तस्य भाजयते ह नः उशतीरिव मातरः ॥**
अत्यन्त हितकारी छ त्यो तिम्रो रस हे जल ।
आमा को स्नेह झैं, हामीलाई देऊ निरन्तर ॥

मन्त्र ३- **ॐ तस्माऽरङ्ग मामवो यस्य क्षयाय जिन्वथ । आपो जन यथा च नः ॥**
दिन्छौ तृप्ति सबैलाई, तिमीले जसरी जल ।
गर त्यै तृप्ति को वर्षा, हामीमाथी निरन्तर ॥

अब निम्नलिखित विनियोग मन्त्र पढ्दै आचार्य ले कुमार लाई सूर्य को दर्शन गराउनू कुमार ले सूर्य तिर फर्केर हात जोडी सूर्य लाई नमस्कार गर्नू-

विनियोग- **ॐ तच्चक्षुरिति मन्त्रस्य दध्यङ्ङाथर्वणऋषिरक्षरातीतपुर उष्णिग्छन्दः श्रीसूर्योदेवता सूर्योदीक्षणे विनियोगः ।**

मन्त्र- **ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् ।**
पश्येम शरदः शतं, जीवेम शरदः शतं
श्रृणुयाम शरदः शतम्प्रब्रवाम शरदः शत
मदीनाः स्याम शरदः शतं, भूयश्च शरदः शतात् ॥

अर्थात्- सारा संसार का आँखा, देवताहरु का प्रिय ।
उदाउँछन् नि यी सूर्य, हाम्रा आँखा अघिल्तिर ॥
कृपा ले इनकै हामी शय, वर्ष जिऔं अनि ।
देखौं, बोलौं, सुनौं स्पष्ट, शय वर्ष पुगे पनि ।
नपरोस् झुक्न क्वै सँग, नडराऔं कसै सँग ।
शय वर्ष बढी बाँच्न सक्ने, बनौं मजा सँग ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हृदयालम्भन

अब तलको मन्त्र पढ्दै आचार्य ले कुमार को हृदय (छाती मा) स्पर्श गर्ने-

मन्त्र -ॐ मम व्रते ते हृदयं दधामि मम चित्तमनु चित्तं तेऽस्तु ।
मम वाचमेकमना जुषस्व बृहस्पतिष्ट्वा नियुनक्तु मह्यम् ॥

अर्थात्- यो मेरै व्रत मा तिम्रो, आओस् हृदय जोडिन ।
तिम्रो चित्त पुगोस् मेरै, चित्त लाई समाउन ॥
मेरा वचन मा तिम्रो, मन लागि रहोस् सधैं ।
हिंडाऊन् गुरू ले बाबु, तिमी लाई त मै सँगै ॥

आचार्य ले कुमार को दाहिने हात को बूढी औंलो समातेर तलको मन्त्र उच्चारण गर्ने-

मन्त्र - ॐ इन्द्रस्य ब्रह्मचार्यसि, अग्निराचार्यस्तव
अह्माचार्यस्तव श्री.....नाम कुमार ।

अर्थात्- हे..... नाम का कुमार ! तिमी प्रथमतः इन्द्र प्रजापति का विद्यार्थी हौ; अनि अग्नि प्रजापति का विद्यार्थी, तेस पछि मात्र तिमी मेरा विद्यार्थी हौ । अर्थात् म तिम्रो तेम्रो गुरू हूँ ।

तेसपछि आचार्य ले निम्नलिखित मन्त्र उच्चारण गर्दै क्रमै सँग कुमार लाई विभिन्न देवताहरु का संरक्षण मा समर्पण गर्नू र कुमार पनि दुवै हात जोडी ती-ती दिशा तिर झुक्नू ।

ॐ प्रजापतये त्वेत्यादिनां यजुषां प्रजापाति ऋर्षिर्लिङ्गोक्ता देवता रक्षार्थं समर्पणे विनियोगः

१- **आचार्य - ॐ प्रजापतये त्वा परिददामि** (हे कुमार ! म तिमी लाई प्रजापति का संरक्षण मा समर्पण गर्छू ।)
कुमार - हात जोडेर पूर्वतिर झुक्नू ।

२ - **आचार्य - ॐ देवाय त्वा सवित्रे परिददामि** (हे कुमार ! म तिमी लाई सूर्यदेव का संरक्षण मा समर्पण गर्छू ।)
कुमार - हात जोडेर दक्षिण तिर झुक्नू ।

३ - **आचार्य - ॐ अद्भ्यस्त्वौषधीभ्यः परिददामि** (म तिमी लाई लता वृक्ष वनस्पतिहरु का हात मा समर्पण गर्छू ।)
कुमार - हात जोडेर पश्चिम तिर झुक्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४ - **आचार्य - ॐ द्यावापृथिवीभ्यान्त्वा परिददामि** (म तिमी लाई संरक्षण का निमित्त आकाश र पृथिवी का हात मा सुम्पिन्छू ।)

कुमार - हात जोडेर उत्तर तिर झुक्नू ।

५ - **आचार्य - ॐ विश्वेभ्यस्त्वा देवेभ्यः परिददामि** (म तिम्रो संरक्षण गर्न सम्पूर्ण देवताहरु का हात मा सुम्पिन्छू ।)

कुमार - हात जोडेर माथी आकाश तिर फर्किनू ।

६ - **आचार्य** - ॐ सर्वेभ्यस्त्वा भूतेभ्यो परिददामि (म तिम्रो रक्षार्थ सम्पूर्ण भूत, पञ्च महाभूत, देवयोनि तथा प्राणीहरु का हात मा सुम्पिन्छू ।)

कुमार - हात जोडेर तल भुइँ तिर झुक्नू ।

अब कुमार लाई तीन पटक अग्नि को परिक्रमा गराई पहिले कै ठाउँ मा आचार्य को बायाँ तर्फ बस्न लगाउनू ।

हवन

सर्वप्रथम हवन गर्न तोकिएका ब्राह्मण लाई निम्नलिखित सङ्कल्प पढेर टीका लगाई वरण गर्ने-

ॐ अद्येह·····गोत्रोत्पन्न····· नाम्नो मम अद्यकर्तव्योपनयनहोमकर्मणि कृताकृतावेक्षणरूपब्रह्मकर्मकर्तुं ····· गोत्रोत्पन्नं ····· नाम ब्राह्मणम् एभिश्चन्दनपुष्पाक्षतद्रव्यादिभिर्ब्राह्मणत्वेन त्वाम् युष्मान वृणे ।

ब्राह्मणले भन्नू - **वृतोऽस्मि वृताः स्मः ।**

निम्नलिखित मन्त्र पढेर अग्नि को प्रार्थना गर्ने-

मन्त्र - **ॐ चत्वारि शृङ्गा त्रयोऽअस्य पादा द्वे शीर्षे सप्त हस्तासोऽअस्य ।**
त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्याँऽआविवेश ॥

अर्थात्- चारोटा सीङ छन्, तीन पाउ छन्, शिर छन्, दुई ।
सातोटा हात छन्, बद्ध छ तीनै तिर बाँधिई ।
ती देव धर्ती मा आऊन् साँढे झैं गरी डुक्रिई ॥

आवाहन- **ॐ समुद्भवनामाग्ने इहागच्छ इह तिष्ठ अत्र आवाहितो भव सु प्रतिष्ठितो भव सुप्रसन्नो वरदो भव ।**

अर्थात्- हे 'समुद्भव' नाम का अग्निदेव यहाँ आउनुहोस्- हामी आवाहन गर्छौं; यहाँ बस्नुहोस्; प्रसन्न हुनुहोस् र वरदान दिनुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अग्नि वन्दना - **अग्नि प्रज्वलितं वन्दे जातवेदं हुताशनम् ।**
सुवर्णवर्णममलं समिद्धं सर्वतोमुखम् ॥
होमार्थं प्रार्थयेऽहं त्वां समिदाज्यैर्हुताशन ।
समुद्भवाख्य भो वैस्वानर आवाहितो भव ॥

ॐ स्वाहा शक्तियुताय समुद्भवनामाग्ने जातवेदसे नमः ॥

अर्थात्- हविभक्षी जातवेद, जलेका अग्निदेव हे ।
सुनौला रूप का ज्वाला, तिमीलाई प्रणाम छ ॥
समिधा घिउ ले गर्दै, होम का लागि प्रार्थना ।
समुद्भव अग्निदेव, गर्छू सादर अर्चना ॥

स्वाहा शक्ति ले युक्त समुद्भव नाम का जात वेद अग्नि लाई नमस्कार छ ।

होमसङ्कल्प

हरि ॐ तत्सत्, अद्येह अस्य ..... कुमारस्य अद्यकर्तव्योपनयनहोमकर्मणि प्रजापतिम्, इन्द्रम्, अग्निम्, सोमम्, वायुम्, सूर्यम्, कृष्णम्, विष्णुम्, शिवम्, अग्निवरूणौ, सवितारम्, वरूणम् स्विष्टकृतम् च आज्येन अहं यक्ष्ये ।

सङ्कल्प पछि आचार्य ले दाहिने हात को बूढी र साहिली औँला ले पवित्र समातेर प्रोक्षणी को जल चलाउदै माथी तिर छर्कनू । अनि कुमार लाई उपर्युक्त देवताहरु को स्मरण गर्दै स-साना डोला समिधा घिउ मा चोप्दै अग्नि मा हवन गर्न लगाउनू; अलिकति घिउ को आहुति पनि दिनू-

अब हवन गर्ने ब्राह्मण ले तलको सङ्कल्प सहित मन्त्रहरु पढ्दै अग्नि मा घिउ को आहुति दिनू-

ॐ प्रजापतय इति मन्त्रस्य प्रजापतिर्ऋषि स्त्रिष्टुप्छन्दः प्रजापतिर्देवता उपनयनकर्मणि आज्यहोमे विनियोगः-

ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये, न मम ।
ॐ इन्द्राय स्वाहा इदम् इन्द्राय, न मम ।
ॐ अग्नये स्वाहा इदम् अग्नये, न मम ।
ॐ सोमाय स्वाहा इदम् सोमाय, न मम ।

आहुति होम- **ॐ भूः स्वाहा, इदमग्नये न मम, ॐ भुवः स्वाहा इदम् वायवे न मम**
ॐ स्वः स्वाहा इदम् सूर्याय न मम, ॐ भूर्भुवस्व स्वाहा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्य होम-**ॐ मधुव्वाता ऋतायते मधुक्षरन्ति सिन्धव माध्वीर्न सन्तोषधि**
मधुनक्तमुतसशो मधुमत्पार्थिवं रजः मधु द्यौरस्तु न पिता
मधुमान्नो वनस्पति मधुमाँ अस्तु सूर्य माध्वीर्गावो भवन्तु नः
ॐ मधु, ॐ मधु, ॐ मधु, ह्यह्य स्वाहा

मङ्गलचतुष्टयहोम

ऋग्वेद- **ॐ अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम्**
यजुर्वेद- **ॐ इषेत्वोर्जेत्वा वायव स्थ देवो वः सविता प्रार्पयतु ।**
श्रेष्ठतमायकर्मण आप्यायध्वमघ्न्या इन्द्राय भागं ।
प्रजावतीरनमीवाऽऽयक्ष्मा मा वस्तेन ईशतमाघश
सो ध्रुवाऽऽस्मिन् गोपतौस्यात बह्वीर्यजमानस्य पशून्पाहि ॥

सामवेद- **ॐ अग्न आ याहि पीतये गृणानो हव्यदातये । नि होता सत्सि बर्हिषि ।**
अथर्ववेद- **ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं यो रभि स्रवन्तु नः ॥**

यहाँ थप होम गर्न चाहनेले पुरुष सूक्त होम वा आफ्नो गुरू परम्परा वा इष्टमन्त्र तथा इष्टदेव का नाम मा यथाशक्य हवन गर्न सक्छन् ।

स्विष्टकृत् होम-

ॐ अग्नये स्विष्टकृत इति मन्त्रस्य प्रजापतिर्ऋषि
स्त्रिष्टुपछन्दोऽग्निर्देवता स्विष्टकृद् होमे विनियोग -
अग्नये स्विष्टकृते स्वाहा इदमग्नये स्विष्टकृते, न मम ॥ (आज्य होम)

अब उपर्युक्त तरीका ले सुरा ले घिउ हवन गर्दा प्रोक्षणी पात्र मा चुहाएको हुतशेष घिउ एउटा प्लेट वा पात मा लिएर यजमान ले चाट्नू अनि आचमन गर्नू ।

आचार्य ले प्रणीता को जल ले तलको मन्त्र उच्चारण गर्दै आफू र कुमार लाई सेचन गर्नू-

मन्त्र - **ॐ सुमित्रिया नऽआपऽओषधयः सन्तु**
ॐ दुर्मित्रियास्तस्मै सन्तु योऽस्मान् द्वेष्टि यं च वयं द्विष्मः ॥

अर्थात्- यो प्रणीता को औषधि युक्त जल हाम्रा लागि मित्र झैं हितकारी होओस् र हाम्रो द्वेष गर्नेहरु का लागि शत्रु झैं अहितकारी होओस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनुशासनशिक्षा

अब आचार्य ले कुमार लाई निम्नलिखित शिक्षा दिनू र कुमार ले तेसको अनुमोदन गर्नू-

आचार्य	कुमार
ॐ ब्रह्मचारी असि (तिमी ब्रह्मचर्य मा रहनू)	असानि (हस् हुन्छ)
ॐ आपोऽशान (पानी अचाउने गर्नू)	अश्नानि (हस् अचाउँछु)
ॐ कर्म कुरू (स्नान, जप, ध्यान आदि कर्म गर्नू)	करवाणि (गर्छू)
ॐ मा दिवा सुषुप्था (दिउँसो नसुत्नू)	ॐ नस्वपानि (सुत्दिन)
ॐ वाचं यच्छ (धेरै नबोल्नू)	ॐ यच्छानि (बोल्दिन)
ॐ आपोऽशान (कर्म गरेपछि पानी अचाउनू)	ॐ अश्नानि (अचाउँछु)

मन्त्रदान

अब मन्त्र दान का लागि कुमार लाई तयार गर्नू (कसैले यहाँनेर कुमार लाई दही फल तथा मिठाई खुवाउने पनि गर्छन्। (मन्त्र सुन्नु अघि अरिष्ट शान्ति वा लग्नदोष निवारण का लागि तलका वाक्य भन्दै सून, पैसा वा गोदान गर्नू।)

ॐ अद्येह ह्यह्य नामाहं सकलारिष्टनिवृत्तिद्वाराशुभफलप्राप्तये ग्रहाणां प्रतिये च इदम् द्रव्यं सुवर्णं वाह्यह्य गोत्रायेह्यह्यनाम्ने ब्राह्मणाय दास्ये, ॐ तत्सत् न मम।

टीका लगाएर उक्त द्रव्य ब्राह्मण वा आचार्य लाई दिनू। आचार्य ले **'द्यौः शान्ति'** इत्यादि मन्त्र ले स्वस्ति वाचन गर्नू।

वेदी को उत्तर पट्टि पूर्व पश्चिम पारेर दुई जना बस्ने छुट्टाछुट्टै आसनी राख्ने। एक-एक ओटा पञ्चपात्र र आचमनी, गुरू दक्षिणा, फूल, माला वस्त्र आदि वस्तुहरु पनि राख्ने। अनि हातपाउ धोएर आचमन गरी आचार्य पश्चिम तिर को आसन मा पूर्व मुख गरी बस्ने र कुमार लाई आफू तिर पश्चिम मुख गराई राख्ने।

अब कुमार ले गुरु लाई माला लगाइदिएर, दोसल्ला ओढाइदिएर र अन्य वस्तुहरु गुरू का अगाडी राखेर गुरू को प्रार्थना गर्ने-

अज्ञानतिमिरान्धस्य, ज्ञानाञ्जनशलाकया।
चक्षुरून्मीलितं येन, तस्मै श्री गुरवे नमः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनि **"ॐ.....गोत्रः ह्यह्य नामाहं भो गुरो ! त्वाम् अभिवादय"** भन्दै दायाँ हात ले गुरू को दाहिने चरण र बायाँ हात ले बायाँ चरण छोएर ढोग्ने। गुरू ले **"भो.....कुमार आयुष्मान् भव"** भनेर आशीष दिने। अनि गुरू र शिष्य दुवै को शिर चोखो च्यादर वा दोसल्ला ले छोपिदिने र दुवै ले **ॐ ऋग्वेदाय स्वाहा, ॐ यजुर्वेदाय स्वाहा, ॐ सामवेदाय स्वाहा** भन्दै तीन पटक आचमन गर्ने अनि **ॐ अथर्ववेदाय नमः** भनेर हात धुने। अथवा **ॐ अच्युताय नम, ॐ गोविन्दाय नमः, ॐ केशवाय नम** भनेर आचमन गर्ने र **ॐ माधवाय नमः** भन्दै हात धुने।

अनि एसरी विनियोग गर्ने-

ॐ प्रणवस्य ब्रह्मा ऋषिर्दैवीगायत्रीत्छन्दः परमात्मा देवता, व्याहृतीनां प्रजापतिर्ऋषिः, गायत्र्युष्णिगनुष्टुप्छन्दांसि, अग्निवायुसूर्या देवताः, सावित्र्या विश्वामित्रऋषिर्गायत्रीछन्दः, सविता देवता सावित्रीदाने विनियोगः।

अब अरु कसैले नसुन्ने गरी कुमार को दाहिने कान नजीकै मुख लगेर गुरू ले तीन पटक सम्म बिस्तारै गायत्री मन्त्र सुनाउने र एक-एक शब्द भन्न लगाउने। ब्रह्म गायत्री ब्राह्मण लाई सुनाइन्छ भने क्षत्रिय र वैश्य का लागि क्षत्रिय र वैश्य गायत्री सुनाइन्छ। वा व्याहृतिरहित ब्रह्मगायत्री नै सुनाइन्छ। आवश्यकता र रुचि अनुसार अन्य गायत्रीहरु पनि दिन सकिन्छ। एसरी मन्त्र सुनाउँदा बाहिर का अरु कसैले नसुनून् भनेर मङ्गल धुनहरु बजाउने, कीर्तन गाउने आदि गरिन्छ।

(क) ब्रह्मगायत्री - **ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ॥**

(ख) क्षात्रगायत्री - **ॐ देव सवितः प्रसुव यज्ञं प्रसुव यज्ञपतिं भगाय। दिव्यो गन्धर्वः केतपूः केतं नः पुनातु व्वाचस्पतिर्व्वाज नः स्वदतु ॥**

(ग) वैश्यगायत्री - **ॐ विश्वा रूपाणि प्रतिमुञ्चते कविः प्रासावीद्भद्रं द्विपदे चतुष्पदे वि नाकमख्यत्सविता वरेण्योऽनुप्रयाणमुषसो विराजति ॥**

(घ) शिवगायत्री - **ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रूद्र प्रचोदयात् ॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ङ) विष्णुगायत्री : **ॐ नारायणाय विद्महे वासुदेवाय धीमहि तन्नो विष्णुः प्रचोदयात् ॥**

(च) लक्ष्मीगायत्री : **ॐ महालक्ष्म्यै च विद्महे विष्णुपत्न्यै च धीमहि तन्नो लक्ष्मीः प्रचोदयात् ॥**

(छ) गणेशगायत्री : **ॐ एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् ॥**

(ज) गोपालगायत्री : **ॐ गोपालाय विद्महे गोपीजनबल्लभाय धीमहि तन्नो कृष्णः प्रचोदयात् ॥**

(झ) कृष्णगायत्री : **ॐ वासुदेवाय विद्महे, गोपीजनबल्लभाय धीमहि तन्नो कृष्णः प्रचोदयात् ॥**

(ञ) रामगायत्री : **ॐ दाशरथाय विद्महे सीताबल्लभाय धीमहि तन्नो राम प्रचोदयात् ॥**

(ट) देवीगायत्री : **ॐ सच्चिदानन्दरूपां तां गायत्रीपतिपादिताम् । नमामि ह्रींमयीं देवीं धियो यो नः प्रचोदयात् ॥**

(ठ) सूर्यगायत्री : **ॐ आदित्याय विद्महे सहस्रकिरणाय धीमहि तन्नः सूर्यः प्रचोदयात् ॥**

मन्त्र सुनाइसके पछि आचार्य ले कुमार लाई पहिले झैं तीन पटक आचमन गराई हात धुन लगाउनू अनि शिष्य ले पहिले ठीक पारिराखेका गुरू भेटीहरु गुरू लाई अर्पण गरेर पहिले झैं गुरू का चरण मा ढोग गर्नू। गुरू ले पनि कुमार का शिर मा हात राखेर आशीर्वाद दिनू-

"ॐ आयुष्मान् भव सौम्य" चिरञ्जीवी भए बाबु भनी आशीर्वाद दिनु। एसपछि कुमार आफ्नो आसन बाट उठेर अग्नि लाई दायाँ पारेर वेदी को पश्चिम तिर बस्नू र तलका मन्त्रहरु पढ्दै अग्नि मा एक-एक ओटा समिधा हवन गर्नू-

१. **ॐ अग्ने सुश्रवःऽसुश्रवसं मा कुरू ।**
सुन्दर कीर्ति भएका हे अग्निदेव। मलाई पनि कीर्तिशाली बनाऊ।

२. **ॐ यथा त्वम् अग्ने सुश्रवःऽसुश्रवा असि ।**
सुन्दर कीर्ति भएका हे अग्निदेव ! मलाई पनि तिमी जस्तै कीर्तिमान् बनाऊ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. **ॐ एव मां सुश्रवः सौश्रवसं कुरू ।**

हे कीर्तिशाली अग्निदेव ! मलाई कीर्तिशाली मा पनि कीर्तिशाली बनाऊ।

४. **ॐ यथा त्वम् अग्ने देवानां यज्ञस्य निधिपाऽअसि ॥**

हे अग्नि ! जसरी तिमी देवताहरु का यज्ञभण्डार का संरक्षक छौ।

५. **ॐ एवं अहं मनुष्याणां वेदस्य निधिपो भूयासम् ॥**

हे अग्नि ! तेसैगरी मलाई पनि मनुष्यहरु का वेदरूपी ज्ञान भण्डार को संरक्षक बनाऊ ।

एसरी समिधा चढाएर अग्नि प्रदीप्त पारेपछि कुमार ले दाहिने हात मा जल लिएर ईशान देखि उत्तर सम्म दाहिने वर्त अग्नि लाई सेचन गर्नू। अनि फेरि तलको मन्त्र पढ्दै तीन पटक सम्म अग्नि मा एक-एक कुरेत लामा पलास का डोला समिधा हवन गर्नू-

ॐ अग्नये समिधम् आहार्षं बृहते जातवेदसे
यथा त्वमग्ने समिधा समिद्ध्यसे, एवं अहं आयुषा
मेधया वर्चसा प्रजया पशुभिर्ब्रह्मवर्चसेन समिन्धे ॥
जीवपुत्रो ममाचार्यो मेधावी अहम् असानि अनिराकरिष्णुर्यशस्वी
तेजस्वी ब्रह्मवर्चसी अन्नादो भूयास स्वाहा ॥

जातवेद अग्नि मा चढाउन मैले ल्याएको समिधा ले जसरी धप्प आगो बल्छ तेसैगरी म पनि जीवन मा आयु, स्मरण शक्ति, तेज, विद्या, धनधान्य ले धपक्क बल्न सकूँ। म मात्र नभएर मेरा गुरू पनि दीर्घायु सन्तति वाला होऊन्। म, पढेको कहिल्यै नबिर्सने, यशस्वी, ब्रह्मतेज ले युक्त, आज्ञाकारी र अन्न खाने बनूँ भनी यो आहुति समर्पण गर्छू।

अब कुमार ले तलका मन्त्रहरु उच्चारण गर्दै अग्नि मा हात सेक्दै आफ्नो अनुहार मुसार्नू-

१- **ॐ तनूपाऽअग्नेऽसि तन्वं मे पाहि ।**
२- **ॐ आर्युर्दाऽअग्नेऽस्यायुर्मे देहि ।**
३- **ॐ वर्चोदा अग्नेसि वर्चो मे देहि ।**
४- **ॐ अग्ने यन्मे तन्वाऽऊनं तन्मऽआपृण ।**
५- **ॐ मेधां मे देवः सविताऽआदधातु ।**
६- **ॐ मेधा मे देवी सरस्वती आदधातु**
७- **ॐ मेधां मे अश्विनौ देवावाधत्तां पुस्करस्रजौ ॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हे अग्नि देव ! तिमी हाम्रा शरीर का संरक्षक हौ तेसैले मेरो शरीर को रक्षा गर र मलाई आयु देऊ; तेज देऊ; मेरा शरीर का त्रुटिहरु पूरा गर। सूर्यदेव ले मलाई मेधा र बुद्धि प्रदान गरून्; भगवती सरस्वती र अश्विनी कुमार ले मलाई धारणा शक्ति सहित बुद्धि प्रदान गरून्।

एसपछि तल दिइएका मन्त्रहरु पढ्दै कुमार ले आफ्नो शिर देखि पाइताला सम्म का अङ्गहरु एक-एक गरेर छुनू-

ॐ अङ्गानि च मे इत्यादेर्यजुषः प्रजापतिर्ऋषिः लिङ्गोक्ता देवता अङ्गाप्यायने विनियोगः-

१- **ॐ अङ्गानि च मेऽआप्यायन्ताम्** (मेरा अङ्गहरु परिपूर्ण होऊन्) भन्दै दुवै हात ले शिर देखि पाउ सम्म छुनू -

२- **ॐ वाक् च मेऽआप्यायताम्** (मेरो वाणी परिपूर्ण होस्) मुख छुने।

३- **ॐ चक्षुश्च मेऽआप्यायताम्** (मेरा आँखा परिपूर्ण होऊन्) आँखा छुने।

४- **ॐ श्रोत्रं च मेऽआप्यायताम्** (मेरा कानहरु परिपूर्ण होऊन्) कान छुने।

५- **ॐ प्राणश्च मेऽआप्यायताम्** (मेरा प्राणहरु परिपूर्ण होऊन्) नाक का प्वाल छुने।

६- **ॐ यशो बलं च मे आप्यायताम्** (मेरा बल र कीर्ति परिपूर्ण होऊन्) दुवै पाखुरा छुने।

अब कुमार लाई पानी अचाउन लगाउनू र आचार्य ले सुरा को टुप्पा ले वेदी को भस्म झिकेर दाहिने हात को साहिंली औंला ले तलको मन्त्र भन्दै कुमार लाई टीका (तरेखु) लगाइदिनू।

ॐ त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम्।
यद्देवेषु त्र्यायुषं, तन्नो अस्तु त्र्यायुषम्॥

एसपछि कुमार ले देब्रे हात ले दाहिने कान र दाहिने हात ले देब्रे कान समातेर भुइँ मा झुकी तलका मन्त्रहरु पढ्दै क्रमशः अग्नि, वरूण, सूर्य र गुरू को दर्शन गर्नू-

१. **ॐ ..... गोत्रः ... प्रवरः... नामाहं भो वैश्वानर त्वामभिवादये।**
(... गोत्रः... प्रवर भएको ... नाम को मैले अग्नि देव लाई प्रणाम गर्छु)

२. **ॐ...गोत्रः...प्रवरः...नामाहं भो वरूण त्वाम् अभिवादये** (वरूण लाई ढोग्ने)

३. **ॐ...गोत्रः...प्रवरः...नामाहं भो सूर्य त्वाम् अभिवादये** (सूर्य लाई ढोग्ने)

४. **ॐ...गोत्रः...प्रवरः...नामाहं भो गुरो त्वाम् अभिवादये** (गुरू लाई ढोग्ने)

अनि गुरू ले कुमार का शिर मा हात राखेर **ॐ आयुष्मान् भव सौम्य** (चिरञ्जीवी होऊ बाबु) भनेर आशीर्वाद दिनू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भिक्षायाचन (भीख माग्ने)

एसपछि गुरूदक्षिणा का लागि कुमार लाई आफन्त सँग भिक्षा माग्न लगाइन्छ। एसका लागि देब्रे काँध मा एउटा लट्ठी मा झोली झुण्ड्याएर बोक्न लगाइन्छ र दाहिने हात मा भिक्षा पात्र लिएर वेदी का वरिपरि बसेका आफन्तजनहरु सँग तीन पटक सम्म घुमेर भिक्षा माग्न लगाइन्छ। भिक्षा सर्वप्रथम कुमार की आमा सँग र तेसपछि मान्यता क्रम मा पर्ने दुईजना अरु महिला (हजुरआमा आदि) सँग लिएपछि अनि अरु सम्बन्धीहरु सँग लिने चलन छ। भिक्षा मा चामल, फल, पैसा, असर्फी सूनचाँदी आदि पनि दिन सकिन्छ। आमा ले भिक्षा दिंदा प्रथम पटक चुलुवा पाथी, सिङ्गो फल र अन्य सामग्री, दोस्रो पटक चुलुवा मानो र अन्य सामग्री अनि तेस्रो पटक मुठीभरि चामल र अन्य वस्तुहरु दिने चलन छ। अरुले थोरै-थोरै गरेर तीन पटक वा एकै पटक मा सबै गरेर दिन सक्छन्।

ब्राह्मण कुमार ले भिक्षा माग्न जाँदा दाता का अगाडी पुगेर **ॐ भवति! भिक्षां मे देहि** (हजुर ! मलाई भिक्षा दिनुहोस्) भन्नु पर्छ र क्षत्रिय ले **ॐ भिक्षां भवति मे देहि** तथा वैश्य ले **ॐ भिक्षां मे देहि भवति।** भन्नु पर्छ।

एसरी भिक्षा बाट प्राप्त पैसा, चामल आदि सामग्री गुरू का अगाडी राखिदिएर गुरू लाई प्रणाम गर्नू।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेदारम्भ-संस्कार

उपर्युक्त तरीका ले उपनयन गरिएको कुमार लाई यज्ञ को पश्चिम भाग मा पूर्व तिर (यज्ञवेदी तिर) फर्काएर चोखो आसन मा बस्न लगाउनू र आचार्य ले जौ तिल सहित तीन टुक्रा कुश तथा पानी लिएर यो सङ्कल्प पढ्नू -

ॐ अद्येह..... गोत्रस्य..... नाम्नो अस्य कुमारस्य ब्रह्मवर्चसः सम्पादनपूर्वकं यथाविधि वेदारम्भ-तत्सम्बन्धि-होमकर्माहं च करिष्ये ।

एसपछि **ॐ समुद्भवनामाग्नये नमः** भनेर अग्नि लाई नमस्कार गर्दै तीन वटा समिधा घिउ मा चोपेर अग्नि मा चढाउनू र तलका मन्त्रहरु उच्चारण गर्दै सुरा ले घिउ को आहुति दिन थाल्नू ।

ॐ प्रजापतय इत्यादि मन्त्राणां प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः, प्रजापतिः, इन्द्रः, अग्निः, सोम आदि देवता आज्यहोमे विनियोग :-

ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये, न मम ।

ॐ इन्द्राय स्वाहा इदम् इन्द्राय, न मम ।

ॐ अग्नये स्वाहा इदम् अग्नये, न मम ।

ॐ सोमाय स्वाहा इदम् सोमाय, न मम ।

एसपछि क्रमशः ऋक्, यजु, साम र अथर्ववेद सम्बन्धी आहुति दिने । सर्वप्रथम **ऋग्वेद सम्बन्धी आहुति** -

ॐ पृथिव्यै स्वाहा इदम् पृथिव्यै न मम ।

ॐ अग्नये स्वाहा इदम् अग्नये, न मम ।

ॐ ब्रह्मणे स्वाहा इदम् ब्रह्मणे, न मम ।

ॐ छन्दोभ्य स्वाहा इदम् छन्दोभ्यो न मम ।

यजुर्वेद सम्बन्धी आहुति -

ॐ अन्तरिक्षाय स्वाहा इदमन्तरिक्षाय, न मम ।

ॐ वायवे स्वाहा इदम् वायवे, न मम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ ब्रह्मणे स्वाहा इदम् ब्रह्मणे, न मम।

ॐ छन्दोभ्यः स्वाहा इदम् छन्दोभ्यो न मम।

सामवेदसम्बन्धी आहुति -

ॐ दिवे स्वाहा इदम् दिवे न मम।

ॐ सूर्याय स्वाहा इदम् सूर्याय न मम।

ॐ ब्रह्मणे स्वाहा इदम् ब्रह्मणे न मम।

ॐ छन्दोभ्यः स्वाहा इदम् छन्दोभ्यो न मम।

अथर्ववेदसम्बन्धी आहुति -

ॐ दिग्भ्यः स्वाहा इदम् दिग्भ्यो न मम।

ॐ चन्द्रमसे स्वाहा इदम् चन्द्रमसे न मम।

ॐ ब्रह्मणे स्वाहा इदम् ब्रह्मणे न मम।

ॐ छन्दोभ्यः स्वाहा इदम् छन्दोभ्यो न मम।

सामान्य आहुतिहरू -

ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये न मम।

ॐ देवेभ्यः स्वाहा इदम् देवेभ्यो न मम।

ॐ ऋषिभ्यः स्वाहा इदम् ऋषिभ्यो न मम।

ॐ श्रद्धायै स्वाहा इदम् श्रद्धायै न मम।

ॐ मेधायै स्वाहा इदम् मेधायै न मम।

ॐ सदसस्पतये स्वाहा इदम् सदसस्पतये न मम।

ॐ अनुमतये स्वाहा इदम् अनुमतये न मम।

व्याहृति होम

विनियोग- ॐ तिसृणां महाव्याहृतीनां प्रजापतिर्ऋषिः क्रमेण गायत्युष्णिगनुष्टुप्छन्दांसि अग्निवायुसूर्या देवता आज्यहोमे विनियोगः -

ॐ भूः स्वाहा इदमग्नये न मम।

ॐ भुवः स्वाहा इदम् वायवे न मम।

ॐ स्वः स्वाहा इदम् सूर्याय न मम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रायश्चित्तहोम

ॐ भूर्भुवःस्व इति मन्त्रस्य विश्वामित्रऋषिः गायत्रीछन्दो वेदारम्भ कर्मणि सर्वप्रायश्चितहोमे विनियोगः -

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् स्वाहा इदम् सवित्रे न मम।

ॐ नमो भगवते तुभ्यं वासुदेवाय धीमहि प्रद्युम्नायानिरुद्धाय नमः सङ्कर्षणाय च। स्वाहा इदम् भगवते न मम।

अब आचार्य र कुमार वेदी को उत्तर वा पश्चिमतर्फ छुट्टाछुट्टै शुद्ध आसन मा बसेर ठीक मुहूर्त मा वेदग्रन्थ लाई आफ्ना अगाडी राख्नू। अनि उक्त ग्रन्थ लाई फूल, अक्षता, धूप, दीप, नैवेद्य, भोग, भेटी र पुष्पाञ्जलि अर्पण गर्दै पूजा गर्नू र ढोग्नू। अनि आचार्य ले ब्राह्मण भए चारै वेद का शुरू का कम्ती मा एक-एक मन्त्र पढाइदिने र अरु भए धनुर्वेद वा अर्थशास्त्र वा नीतिशास्त्र वा दुर्गासप्तशती का केही श्लोकहरु अर्थसहित पढाइदिने -



ऋग्वेद- **ॐ अग्निमी ले पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्**

अर्थात्- आफैं स्वयं अगाडी भै, गर्छ जो सबको हित।
स्वयं प्रकाश भै जस्ले, कर्म मा गर्छ प्रेरित॥
देवताहरु का लागि, लिन्छ जो हवि यज्ञ को।
प्रार्थना गर्छू त्यै दिव्य, रत्नधारक अग्नि को॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यजुर्वेद - **ॐ इषेत्वोर्जेत्वा वायवस्थ देवो वः सविता प्रार्पयतु ।**
श्रेष्ठतमाय कर्मण आप्यायध्व मघ्न्या इन्द्राय भागं ।
प्रजावतीरनमीवा अयक्ष्मा मा वा स्तेन ईशत माघश
सो ध्रुवा अस्मिन् गोपतौ स्यात्बह्वीर्यजमानस्य पशून्पाहि ॥

अर्थात्- तिम्रै हुन् सन्तति सारा, विश्व का यी चराचर ।
सविता देव हे आफ्ना, प्राणी को पालना गर ॥
कर्मिष्ठ हुनका लागि, परिन्छ बल कै भर ।
बलिया हुनका लागि, सबैमा प्रेरणा भर ॥

उद्योगी बन हे मान्छे, अघि बढ नरोकिय ।
नमार है कसैलाई, कसैबाट नमारिय ॥
देवताहरु का निम्ति, गर यज्ञ निरन्तर ।
र पाऊ देवता बाट, पनि नित्य महान् वर ॥

नछोओस् रोग ले कैल्यै, योग्य सन्तान जन्मिऊन् ।
तिम्रा हाकिम क्वै चोर, लोभी पापी छुचा नहून् ॥
बन ईश्वर का प्रेमी, जुटिद्यौ कर्मयज्ञ मा ।
पशु को धन को रक्षा, स्वयं ईश्वर गर्दछन् ॥

सामवेद - **ॐ अग्न आ याहि पीतये गृणानो हव्यदात ये । नि होता सत्सि बर्हिषि ।**

अर्थात्- हे अग्नि देवता आऊ यज्ञ को गर्न रक्षण ।
तिम्रै माध्यम ले गर्छन् देवता हवि भक्षण ॥
तिम्रो आशिष का निम्ति, गर्छू स्तुति प्रतिक्षण ।
होता ऋत्विज भै आऊ गर्छू आसन अर्पण ॥

अथर्ववेद - **ॐ शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं यो रभि स्रवन्तु नः ॥**

अर्थात्- हे दिव्य जल हे सारा, प्राणी का प्राण रक्षक ।
सुख समृद्धि का लागि, पाऊँ मधुर आशिक ॥
नदी मा जसरी बग्छौ, तरङ्ग लहरी बनी ।
हाम्रा हिर्दय मा आऊ, शान्ति को लहरी बनी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनुर्वेद का केही श्लोक -

एको रथो गजश्चैको, जनाः पञ्च पदातयः ।
त्रयश्च तुरगाश्चैव, पत्तिरित्यभिधीयते ॥
पत्तिं च त्रिगुणामेकमाहुः सेनामुखं बुधाः ।
त्रीणि सेनामुखान्येवं, गुल्म इत्यभिधीयते ॥
त्रयो गुल्मा गणो ज्ञेयो, वाहिनी तु गणास्त्रयः
स्मृतास्तिस्रस्तु वाहिन्यः, पृतनेति विचक्षणैः ॥

अर्थात्- एक रथ, एक हात्ती, पाँच पैदल सैनिक ।
तीन घोडा मिले देखि, एउटा 'पत्ति' बन्दछ ॥
तीन पत्ति मिले तेस्ता, त्यो सेनामुख बन्दछ ।
सेनामुख भए तीन, फेरि त्यो गुल्म बन्दछ ॥
तीन गुल्म गण हुन्छ, वाहिनी गण तीनका ।
तीनोटा बाहिनी मिल्दा, पृतना बन्छ एउटा ॥

एसप्रकार वेद को शिक्षा लिएपछि कुमार ले तलको मन्त्र पढ्दै गुरू का पाउ मा शिर राखेर ढोग्नू -

मातृवत् लालयित्री च पितृवत् मार्गदर्शिका ।
नमोऽस्तु गुरू सत्तायै, श्रद्धाप्रज्ञान्विताय च ॥

अनि पढेको कुरा नबिर्सनका लागि तलको मन्त्र उच्चारण गर्नू -

ॐ प्रतीकम्मे विचक्षणं जिह्वा मे मधुमद्वचः ।
कर्णाभ्यां भूरिशुश्रुवे मा त्वं हार्षीः श्रुतम्मयि ॥

अर्थात्- विशेषज्ञ बनोस् जिब्रो, बोली महसमान होस् ।
सुनियोस् कान ले धेरै, र सुनेको नबिर्सियोस् ॥

विशेष आहुति

व्रतबन्ध मा जीवन लाई व्रतमय बनाउने प्रतिज्ञा गरिन्छ, व्रत शील बन्नका लागि निम्नलिखित पाँच वटा देवताहरु सँग सहयोग मागिन्छ

१. ऊष्मा, प्रकाश र निरन्तर माथी उठिरहनका लागि अग्नि को,
२. गतिशील बनिरहन र प्राण रक्षा का लागि वायु को,
३. तेजस्विता, नियमितता र बोध शक्ति का लागि सूर्य को,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. शीतल व्यवहार र पोषण का लागि चन्द्र को,

५. सङ्गठन र जागरुकता का लागि इन्द्र को सहयोग चाहिन्छ।

तेसैले यहाँ ती पाँच देवता लाई विशेष आहुति प्रदान गरिन्छ।

१. **ॐ अग्ने व्रतपते व्रतं चरिष्यामि तत्तृ प्रब्रवीमि तच्छकेयम्।**
तेनर्ध्यासमिदमहम्, अनृतात्सत्यमुपैमि स्वाहा ॥
इदम् अग्नये इदम् न मम ॥

२. **ॐ वायो व्रतपते व्रतं चरिष्यामि तत्तृ प्रब्रवीमि तच्छकेयम्।**
तेनर्ध्यासमिदमहम्, अनृतात्सत्यमुपैमि स्वाहा ॥
इदम् वायवे इदम् न मम ॥

३. **ॐ सूर्य व्रतपते व्रतं चरिष्यामि तत्तृ प्रब्रवीमि तच्छकेयम्।**
तेनर्ध्यासमिदमहम्, अनृतात्सत्यमुपैमि स्वाहा ॥
इदम् सूर्याय इदम् न मम ॥

४. **ॐ चन्द्र व्रतपते व्रतं चरिष्यामि तत्तृ प्रब्रवीमि तच्छकेयम्।**
तेनर्ध्यासमिदमहम्, अनृतात्सत्यमुपैमि स्वाहा ॥
इदम् चन्द्राय इदम् न मम ॥

५. **ॐ व्रतानां व्रतपते व्रतं चरिष्यामि तत्तृ प्रब्रवीमि तच्छकेयम्।**
तेनर्ध्यासमिदमहम्, अनृतात्सत्यमुपैमि स्वाहा ॥
इदम् इन्द्राय इदम् न मम ॥

चन्द्रदेव इन्द्रदेव सूर्यदेव वायुदेव अग्निदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समावर्तन-संस्कार

समावर्तन मूलतः विद्यार्थी जीवन का अन्त मा दीक्षान्त समारोह का रूप मा वा गुरू कुल बाट घर फर्किंदा गरिने संस्कार हो। सामान्यतया उमेर को २४/२५ वर्ष मा दीक्षान्त हुन्थ्यो र तेसै बखत मा यो संस्कार गरिन्थ्यो। एस संस्कार पश्चात् उक्त युवक लाई समाज मा सम्मानित स्थान प्राप्त हुन्थ्यो। एस बारे ऋग्वेद ३/८/४ मा भनिएको छ -

युवा युवासाः परिवीत आगात् स उश्रोयान् भवति जायमानः।
तं धीरासः कवय उन्नयन्ति स्वाध्यो मनसा देवयन्तः॥

अर्थात्- जब उपवीत धारण गरिसकेको, सबै विद्या ले प्रकाशित भएको युवक उत्तम वस्त्र लगाएर गृहस्थ आश्रम मा प्रवेश गर्छ, ऊ कल्याण कारी कार्यहरु ले सुशोभित र सुप्रसिद्ध हुन्छ। उसलाई समाज का बुद्धिमान् तथा विद्वान् व्यक्तिहरु ले उच्च पद मा आसीन गराउँछन्।

समावर्तन को एस्तो गरिमामय स्वरूप अहिले ज्यादै सङ्कुचित बनेको छ। अहिले समावर्तन लाई व्रतबन्ध कै दिन तेसैको एउटा अङ्ग का रूप मा सम्पन्न गरेर परम्परा धान्ने काम मात्र गरिन्छ। एसका मुख्य तीन कार्यहरु छन्- १. गृहयज्ञ, २. समावर्तन स्नान र ३. दीक्षान्त-उपदेश।

गृहयज्ञ

वेदारम्भ/वेदाध्ययन को कार्य सकेपछि समावर्तन का लागि फेरि आचार्य ले जौ, तिल, फूल सहित तीन टुक्रा कुश लिएर कर्म पात्र को जल ले यो सङ्कल्प गराउनू-

ॐ अद्येह..... गोत्रस्य.....नोऽस्य अस्य ब्रह्मचारिणः स्नातकत्वसिद्धया ब्रह्मचर्यावस्थातो गृहस्थाश्रमान्तरप्राप्त्यर्थं श्रीपरमेश्वर प्रतिये समावर्तनकर्माहं करिष्ये।

अथवा अद्येह "नामाहं स्नातकत्वसिद्धये समावर्तनकर्म करिष्ये"।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अब कुमार ले जल आचमन गरी हात धोएर निम्नलिखित मन्त्र उच्चारण गर्दै अग्नि मा तीन पटक समिधा चढाउनू-

ॐ अग्नये समिधमिति मन्त्रस्य प्रजापतिर्ऋषिराकृति श्छन्दोऽग्निर्देवता समिदाधाने विनियोग :-

मन्त्र - **ॐ अग्नये समिधम् आहार्षं बृहते जातवेदसे ।**
यथा त्वम् अग्ने समिधा समिद्ध्यसे एवमह्मायुषा ।
मेधया वर्चसा प्रजया पशुभिर्ब्रह्मवर्चसेन समिन्धे ॥
ॐ जीवपुत्रो ममाचार्यो मेधावी अहं असानि
अनिराकरिष्णुर्यशस्वी तेजस्वी ब्रह्मवर्चसी
अन्नादो भूयासं स्वाहा ॥

अर्थात्- जातवेद अग्नि मा चढाउन मैले ल्याएको समिधा ले जसरी धप्प आगो बल्छ तेसैगरी म पनि जीवन मा आयु, स्मरण शक्ति, तेज, विद्या, धन्यधान्य ले धपक्क बल्न सकूँ । म मात्र नभएर मेरा गुरू पनि दीर्घायु सन्तति वाला होऊन् । म, पढेको कहिल्यै नबिर्सने, यशस्वी, ब्रह्मतेज ले युक्त, आज्ञाकारी र अन्न खाने बनूँ भनी यो आहुति समर्पण गर्छू ।

अग्नि प्रज्वलित भएपछि कुमार ले तलका सात मन्त्रहरु उच्चारण गर्दै सात पटक सम्म हात सेक्दै आफ्नो अनुहार मुसार्नू-

१ - **ॐ तनूपाऽअग्नेऽसि तन्वं मे पाहि** (हे अग्नि देव ! तिमी सबैका शरीर का संरक्षक हौ, मेरा शरीर को पनि रक्षा गर) भन्दै निधार देखि चिउँडा सम्म को अनुहार मुसार्नू ।

२ - **ॐ आयुर्दाऽअग्नेऽ स्यायुर्मे देहि ।** (आयुदाता अग्नि ! मलाई दीर्घायु देऊ)

३ - **ॐ वर्चोदाऽअग्नेसि वर्चो मे देहि ।** (तेजदाता अग्नि ! मलाई पनि तेज देऊ)

४ - **ॐ अग्ने यन्मे तन्वा ऊनं तन्मऽआपृण ।**
(हे अग्नि ! मेरा शरीर मा केही त्रुटि भए पूरा गर ।)

५ - **ॐ मेधां मे देवः सविता आदधातु ।**
(हे सविता ! देवता मलाई धारणा शक्ति सहित बुद्धि देऊ ।)

६ - **ॐ मेधां मे देवी सरस्वती आदधातु ।**
(हे सरस्वती ! मलाई धारण सहित को बुद्धि देऊ ।)

७ - **ॐ मेधाम्अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥**
(कमल का फूल को माला लगाएका अश्विनी कुमारहरु ले मलाई धारणा शक्ति सहित बुद्धि देऊन् ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसपछि आचार्य ले कुमार लाई एक पटक आचमन गराउनू। अनि दायाँ हात ले बाँया कान र बायाँ हात ले दायाँ कान समात्न लगाएर तलका वचनहरु उच्चारण गर्दै शिर निहुराई विभिन्न दिशा मा विभिन्न देवमूर्तिहरु लाई ढोग्न लगाउनू-

१ - **ॐ .....गोत्रः .....प्रवरः .....नामाहं भो वैश्वानर त्वाम् अभिवादये** भन्दै अग्नि लाई ढोग्ने।

२ - **ॐ .....गोत्रः .....प्रवरः .....नामाहं भो वरूण त्वाम् अभिवादये** भन्दै वरूण कलश लाई ढोग्ने।

३ - **ॐ .....गोत्रः .....प्रवरः .....नामाहं भो सूर्य त्वामभिवादये** भन्दै सूर्य तिर फर्केर ढोग्ने।

४ - **ॐ .....गोत्रः .....प्रवरः .....नामाहं भो गुरो त्वाम् अभिवादये** भन्दै गुरू लाई ढोग्ने।

अनि गुरू ले "आयुष्मान् भव सौम्य" (चिरञ्जीवी भए बाबु) भनेर कुमार लाई आशीर्वाद दिने।

समावर्तन/स्नान

अब यज्ञ को उत्तर पट्टि अष्टदल रेखी मा चामल को चारकुने पतरी वा प्लेट माथी पहिले देखि पूजा गरेर राखिएका आठ ओटा कलशहरु (घडाहरु) नेर गएर कुमार ले ती कलश का मुख मा राखिएका आँप, पीपल आदि का पात ले क्रमै सँग तलका मन्त्रहरु पढ्दै आँफैलाई सेचन गर्ने। सर्व प्रथम सबभन्दा दाहिने तिर रहेको कलश को जल ले पूर्व तिर टुप्पो फर्काएर ओच्छ्याएका कुश माथी टेकेर सेचन गर्ने -

ॐ तेन मामिति यजुषः प्रजापतिर्ऋषिरापो देवता समावर्तनकर्मणि अभिषेचने विनियोगः

१ - पहिलो घडा

मन्त्र- **ॐ तेन मामभिषिञ्चामि श्रियै यशसे ब्रह्मणे ब्रह्मवर्चसाय।**

श्री, यश, वेदार्थज्ञान र ब्रह्मतेज प्राप्ति का निमित्त म एस मङ्गल जल ले अभिषेक गर्छू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२ - दोस्रो घडा

मन्त्र- **ॐ येन श्रियमकृणुतां येनावमृशतां सुराम् ।**
येनाक्ष्यावभ्यषिञ्चतां यद्वां तदश्विना यशः ॥

हे अश्विनी कुमारहरु ! तपाईंहरु जुन जल का माध्यम बाट श्रीसम्पत्ति पूर्ण हुनुभयो; अमृतपान गर्ने हुनुभयो, दिव्य द्रष्टा र यशस्वी बन्नुभयो; म पनि त्यही पवित्र जल ले आफ्नो अभिषेक गर्छू ।

३ - तेस्रो घडा

मन्त्र- **ॐ आपो हिष्ठा मयोभुवस्ता नऽउर्जे दधातन । महेरणाय चक्षसे ॥**

हे जल ! तिमी सुख का स्रोत हौ, मलाई पनि परमानन्द रूपी सुख रस को उपभोग गराऊ ।

४ - चौथो घडा

मन्त्र- **ॐ यो वः शिवतमो रसस्तस्य भाजयतेह न । उशतीरिव मातर : ॥**

हे जल तिमी सबभन्दा हितकारी छौ मायालु आमाहरु ले झैं निरन्तर म माथी त्यो कल्याणमय आशीष बर्साऊ ।

५ - पाँचौं घडा

मन्त्र- **ॐ तस्माऽरङ्गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जन यथा च नः ॥**

हे जल ! जुन रस ले तिमी विश्व लाई तृप्त पार्छौ मलाई पनि त्यही आनन्द रस ले तृप्त पार ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसपछि छैठौं, सातौं र आठौं घडा को जल ले विनामन्त्र अभिषेक गर्ने। एसरी सबै घडा का जल ले सेचन गरिसकेपछि कुमार लाई यज्ञ मण्डप भन्दा केही पर पूर्व वा उत्तर तिर कुश ओछ्याएर बस्न लगाउने। अनि उसको शिर माथी सहस्रधारा - तामा को झारी) राखेर तेसैमाथी पहिले अभिषेक गरेका आठै ओटा कलश को जल खन्याएर सहस्र धारा स्नान गराउनू। स्नान पछि कुमार लाई नयाँ कपडा फेर्न लगाएर तलको मन्त्र पढ्दै नयाँ जनै फेर्न लगाउनू-

ॐ यज्ञोपवीतमिति मन्त्रस्य परमेष्ठी ऋषिः स्त्रिष्टुप्छन्दो लिङ्गोक्ता देवता यज्ञोपवीतधारणे विनियोगः

ॐ यज्ञोपवीतं परमं पवित्रं, प्रजापतेर्यत् सहजं पुरस्तात्।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं, यज्ञोपवीतं बलमस्तु तेजः॥
ॐ यज्ञोपवीतमसि यज्ञस्य त्वा यज्ञोपवीतेनोपनह्यामि॥

अब कुमार ले सूर्य तिर फर्केर गायत्री मन्त्र ले सूर्य को प्रार्थना गर्नू र **ॐ ऋषिदेवेभ्यो नमः। ॐ पितृपुरुषेभ्यो नमः** भन्दै ऋषिदेव र पितृपुरुष लाई पनि प्रणाम गर्नू।

अनि कुमार को दाहिने हत्केला मा दही तिल राखिदिएर चाट्न लगाउनू र मुख कुल्ला गराउनू। तेसपछि तलका मन्त्रहरु उच्चारण गर्दै उपलब्ध भए अनुसार का राम्रा-राम्रा वस्त्रहरु, आभूषणहहरु, फूलमालाहरु लगाउनू।

वस्त्र लगाउने मन्त्र

ॐ परिधास्यै यशोधास्यै दीर्घायुत्वाय जरदष्टिरस्मि।
शतं च जीवामि शरदः पुरूची रायस्पोषमभिसंव्ययिष्ये॥

अर्थात्- आङ ढाक्न, नाम राख्न र शय वर्ष को बूढो भइञ्जेल बाँच्न का लागि म यो वस्त्र लगाउँछू।

अन्य आभूषण लगाउँदा भनिने मन्त्र

ॐ अलङ्करणमसि भूयोऽलङ्करणं भूयान्।

अर्थात्- हे! अलङ्कार तथा आभूषण तिमी मेरा लागि अत्यन्त शोभादायक बन।

फूलमाला लगाउने मन्त्र

ॐ यद्यशोऽप्सरसामिन्द्रश्चकार विपुलं पृथु।
तेन सङ्ग्रथिताः सुमनसऽआबध्नामि यशो मयि॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- इन्द्र ले जसका माध्यम बाट अप्सराहरु को विशाल कीर्ति बढाइदिए त्यही कीर्ति प्राप्त गर्न म यी उनेका माला र फूलहरु लगाउँछू। अब सुरा ले अग्निवेदी बाट झिकेको यज्ञीय भस्म वा तरेखु तलको मन्त्र उच्चारण गर्दै निधार मा लगाउनू -

ॐ त्र्यायुषं जमदग्ने कश्यपस्य त्र्यायुषम् ।
यद्देवेषु त्र्यायुषं तन्नोऽअस्तु त्र्यायुषम् ॥

अर्थात्- आयु कश्यप को जस्तो होस् आयु जमदग्नि को ।
देवताहरु को जस्तै, हाम्रो आयु चिरायु होस् ॥

दीक्षान्त उपदेश - १

अब गुरू ले गुरू बाट/गुरूकुल बाट/यज्ञ बाट बिदा हुन लागेका कुमार लाई एसरी उपदेश दिन्छन्-

सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदः । आचार्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः ॥१॥

अर्थात्- बोल बोल्नै परे सत्य, हिंडिद्यौ धर्ममार्ग मा ।
अल्छी नगर स्वाध्याय जस्तो पावन कर्म मा ॥
प्रिय जे छ गुरू लाई, टक्याऊ त्यही दक्षिणा ।
जन्माऊ सन्तति राम्रा, भोग गृहस्थ जीवन ॥

सत्यान्न प्रमदितव्यम् । धर्मान्न प्रमदितव्यम् ।
कुशलान्न प्रमदितव्यम् । भूत्यै न प्रमदितव्यम् ॥
स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् ।
देवपितृकार्याभ्यां न प्रमदितव्यम् ॥२॥

अर्थात्- कहिल्यै नचुके सत्य, कुरा बोल्न र सुन्नमा ।
न माने कहिल्यै झर्को, धर्म को काम गर्नमा ॥
जहाँ देखिन्छ कल्याण, आफ्नो र अरुको पनि ।
तेस्ता कामहरु गर्न, कहिल्यै नहटे पछि ॥
धन ले कर्म ले नित्य, आफूलाई उठाउनू ।
नगरी कहिल्यै अल्छी, सम्पन्नता बढाउनू ॥
नयाँ-नयाँ कुरा सिक्नू, आत्मज्ञान बढाउनू ।
'भैगयो अब के पढ्ने', भन्ने बानी हटाउनू ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

देवता पितृ को सेवा, श्राद्ध सम्मान गर्दिनू ।
एसलाई पनि यौटा, ठूलै कर्तव्य सम्झिनू ॥

मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव ।
अतिथिदेवो भव । यान्यनवद्यानि कर्माणि, तानि सेवितव्यानि
नो इतराणि । यान्यस्माकं सुचरितानि ।
तानि त्वयोपास्यानि । नो इतराणि ।

अर्थात्- आमा, बाबु गुरू आफ्ना, अतिथि देवतुल्य हुन् ।
सदैव गर सम्मान, यी सधैं पूजनीय छन् ॥
तिम्रा कर्महरु जे-जे, छन् अनिन्दित उत्तम ।
अरु व्यर्थ कुरा छाडी, तिनैको गर सेवन ॥
हाम्रा आचार जे-जे छन्, सत्य कल्याण कारक ।
अपनाऊ तिनैलाई, नबनी लोकनिन्दक ॥

ये के चास्मच्छ्रेयांसो ब्राह्मणाः ।
तेषां त्वयाऽऽसनेन प्रश्वसितव्यम् ॥
श्रद्धया देयम् । अश्रद्धयादेयम् । श्रिया देयम् ।
ह्रिया देयम् । भिया देयम् । संविदा देयम् ॥

अर्थात्- आफू भन्दा ठूला कोही, आए विद्वान ब्राह्मण ।
उपयुक्त गरी सेवा, देऊ विश्राम आसन ॥
नदेऊ क्यै अश्रद्धा ले, देऊ श्रद्धा र प्रेम ले ।
देऊ शक्ति अनुसार, सधैं प्रसन्न चित्त ले ॥
डर ले, लाज ले देऊ, देऊ विनम्र भाव ले ।
दिनु कर्तव्य हो तिम्रो, देऊ शुद्ध विचार ले ॥
गर सहायता तिन्को, जो दुःखी असहाय छन् ।
गर आदर तेस्ताको, जो गुणी ज्ञानवान छन् ॥

देशान्तरगमन

देशान्तर गमन पढ्न का लागि घर छोडेर गुरूकुल तिर जाँदा वा उपनयन पछि घर बाट बिदा भई हिँड्दा को कृत्य हो तेसैले यो कृत्य समावर्तन भन्दा पहिले हुनु पर्ने हो तर अहिले देशान्तरगमन, समावर्तन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जस्ता कृत्यहरु केवल परम्परागत रीत मात्रै हुन पुगेकाले र व्रतबन्ध कै दिन समावर्तन पनि गरिने हुनाले यहाँ देशान्तरगमन को प्रसङ्ग अन्त मा राखिएको हो- केवल जानकारी का लागि ।

हाम्रो प्राचीन गुरूकुलीय परम्परा मा उपनयन संस्कार सम्पन्न गरेका वटुहरु उच्च विद्याध्ययन का लागि काश्मीर, काशी वा एस्तै दूरदेश मा जाने गर्थे । आज को जस्तो यातायात र सञ्चार को साधन सुविधा नभएको तेस बखत लामो समय लगाएर यात्रा गर्नुपर्थ्यो । एसरी छुट्टिएका व्यक्तिहरु ले लामो समय सम्म परस्पर को हालखबर पाउन गाह्रो हुन्थ्यो । तेस्तो बेला मा एउटा किशोर घर छाडेर दूरदेश जाने कुरा बाबु, आमा र गुरूजन सबैका लागि दुःखदायी हुन्थ्यो । स्वयं किशोर का लागि पनि एस्तो यात्रा जोखिम पूर्ण तथा कष्टकर हुने गर्थ्यो तैपनि ज्ञान-आर्जन नगरे सम्म जीवन सार्थक नहुने हुनाले जति कष्ट गरेर भए पनि मानिसहरु पढ्नका लागि देशान्तर जाने गर्थे । एस्तै परदेश गमन का लागि घर बाट छोरो बिदा हुन लाग्दा छोरा, आमा, बाबु र गुरूजनहरु का बीच हुने संवाद को एउटा सानो नमूना यहाँ प्रस्तुत गरिन्छ-

कुमार - शृणु मातर्मयोक्तं यदहं यास्ये वनान्तरे ।
तत्रैव शारदां देवीं वरार्थे प्रार्थयाम्यहम् ॥
सेवां कृत्वा गुरोस्तत्र काश्मीरे वाऽपि शोभने ।
विद्यासङ्ग्रहणं कृत्वा आगमिष्ये पुनर्गृहम् ॥

अर्थात्- आमा सुन्नुस् कुरा मेरो, म जान्छू परदेश मा ।
जहाँ छन् शारदा देवी, गर्छू सेवा र प्रार्थना ॥
गरेर गुरू को सेवा, राम्रो काश्मीर देश मा ।
पढी विद्वान् भई ठूलो, घरै मा फर्कने छु म ॥

आमा - बाल्यादेव मया पुत्र पालितः कृच्छ्रतः सदा ।
वृद्धावस्थामहं याता पुत्र त्वं पालनं कुरू ।
स्वकर्तव्यं परित्यज्य कथं यास्यसि काननम् ॥

अर्थात्- बाबु ! कष्ट सही कैयौं, पालेकी हूँ यहाँतक ।
अब वृद्ध भएँ तिम्रै, आश गर्दछु केवल ॥
हामी अशक्त बन्दैछौं, बसौंला कसरी यहाँ ।
आफ्नो कर्तव्य छोडेर, नजाऊ परदेश मा ॥

Prof. Madhav Prasad Dhimichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बालक- **ब्रह्मचर्ये कृते तत्र शुश्रूषापूर्वक गुरोः ।**
स्नात्वाऽहं सर्वतीर्थेषु आगमिष्ये पुनर्गृह्म ॥
स कुलान्युद्धरेत् सप्त यस्तीर्थानि भ्रमेद् वटुः ।
आगमिष्ये ततो मातर्वर्षः द्वादशमध्यंतः ॥

अर्थात्- ब्रह्मचारी बनी आमा, सुसार गुरू को गरी ।
सबै तीर्थ नुहाएर, फर्किन्छू जसरी पनि ॥
म सातै कुल तार्ने छू, घुमेर तीर्थ-तीर्थ मा ।
अनि आउँछु हे आमा ! म बाह्रै वर्ष सम्म मा ॥

गुरू- **माता तीर्थं पिता तीर्थं, तीर्थं स्वजनबान्धवा : ।**
वचने च गुरूस्तीर्थं गुरूरभ्यागतः परः ॥
एतद्वाक्यं मयोक्तं ते जानीहि हितकारणम् ।
उत्साहवृद्धि माङ्गल्यं कुरू पुत्र गृहेवसन् ॥

अर्थात्- बा-आमा-बन्धु-आफन्त, सबै तीर्थ समान हुन् ।
अतिथि, गुरू को वाणी, पनि तीर्थ समान हुन् ।
गर सेवा इनैलाई, मान यो घर मै बसी ।
तिम्रो हित एसैमा छ, कर्तव्य पनि हो यही ॥

बालक- **भरणं पोषणं चैव भोजनं रससंयुतम् ।**
कारितं मे त्वया तात प्रियदेव नमोऽस्तुते ॥
गुरूणा सर्वशास्त्राणि दत्तानि ज्ञानवृद्धये ।
गुरू सन्तोषणार्थाय दक्षिणां दातुमुत्सहे ॥

अर्थात्- मीठो भोजन ले बाबा, मेरो पालनपोषण ।
गर्नु भो दुःख ले सम्झी, गर्दै छू आज वन्दना ॥
दिनु भो शास्त्र को शिक्षा, मेरो ज्ञान बढाउन ।
गुरू हजुर का लागि, टक्र्याउँछू म दक्षिणा ॥

एति भनेर बालक ले आफ्ना माता, पिता र गुरू लाई यथोचित भेटी उपहार तथा दक्षिणा टक्र्याएर चरण मा ढोगिदिनू । एसपछि वटुक गुरू सँगै जाने र १२ वर्ष सम्म गुरूकुल मा रहेर विद्या आर्जन गर्ने शास्त्रीय विधान छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दीक्षान्त उपदेश - २

एस पछि गुरू ले कुमार लाई उसले दैनिक जीवन मा पालन गर्नुपर्ने नियम वा अनुशासन को शिक्षा दिनू-

अति नै जरूरी तेस्तो, काम क्यै नपरीकन ।
नजानू है कसै बाबु, रात मा अरुका घर ॥
सिनेमा क्लब पार्टी मा, अनि अश्लील ठाउँ मा ।
नजानू इनले सक्छन्, मन नै धमिल्याउन ॥

नहेर्नू नजीकै बाट, इनार पोखरी तिर ।
नचढ्नू रुख मा झार्न, काँचा र बतिला फल ॥
नगर्नू स्नान बुङ्गै भै, ढिस्का खाल्टा नफड्किनू ।
नबोल्नू नमीठा शब्द, छाडा गीत नगाउनू ॥

खान लाउनका लागि, कसै सँग नमागनू ।
पानी मा घाम मा हिंड्दा, शिर नाङ्गो नपारनू ॥
पानी का मूल वा धारा, खोला नदी किनार मा ।
खेतीपाती र बाटा मा, मलमूत्र नत्यागनू ॥

हिंड्दा-हिंड्दै उभिएर, वा सूर्य तिर फर्किई ।
आगो, पानी बर्गैचा मा, मलमूत्र नत्यागनू ॥
नगर्नू अरु को हत्या, आत्महत्या नसोचनू ।
अत्याचार अनाचार, गरी धर्म नछोडनू ॥

निन्दा नगर्नू अर्काको, झूठो साक्षी नबस्दिनू ।
अर्काको धन मा लोभ, नगर्नू नरिसाउनू ॥
नगर्नू कहिल्यै द्रोह, समाज, कुल, देश को ।
गुरू, मित्र, बुबा, आमा, आफन्त, इष्टमित्र को ॥

बिहान-बेलुका नित्य, गर्नू सन्ध्या र साधना ।
गायत्री मन्त्र को, इष्ट देव को गर्नू सम्झना ॥
गर्नू सम्मान ठूला को, गर्नू सज्जन सङ्गत ।
र गर्नू गुरू को सेवा, पालना गर्नू यी व्रत ॥

ब्रह्मचारी बनी विद्या, पढी ज्ञानी बनीकन ।
विवाहादि गरी फेरि भोग्नू गृहस्थ जीवन ॥

Prof. Madhav Prasad Timilsina Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गुरू वा आचार्य बाट उपर्युक्त शिक्षा प्राप्त गरेपछि निम्नलिखित सङ्कल्प पढ्दै गुरू लाई गोदान/द्रव्यदान वा अन्य वस्तु दान गरेर दिने -

ॐ अद्येह ..... गोत्रः.....प्रवरः ..... नामाहं मम चूडोपनयन वेदारम्भसमावर्तनकर्मणां साङ्गतासिद्धयर्थं इमां गां वा इदम् द्रव्यं वस्तुविशेषं च..... गोत्राय..... नाम्ने ब्राह्मणाय/आचार्याय दक्षिणात्वेन तुभ्यमहं सम्प्रददे श्रीकृष्णार्पणमस्तु ।

अनि आचार्यले द्यौः शान्ति..... भन्दै पवित्र जल ले कुमार लाई सेचन गर्ने ।

पूर्णाहुति

विनियोग- ॐ मूर्धानमिति मन्त्रस्य भरद्वाजऋषिस्त्रिष्टुप्छन्दोऽग्नि देवतापूर्णाहुतिहोमे विनियोगः-

अब कुमार का हात बाट सुरा मा सिङ्गो नरिवल वा सुपारी, अवशिष्ट चरू आदि राख्न लगाएर घिउ का धारा चुहाउँदै तलको मन्त्र पढेर अग्नि मा हवन गर्ने-

ॐ मूर्धानन्दिवोऽअरतिं पृथिव्या वैश्वानरमृतऽआजातमग्निम् ।
कविं सम्राजमतिथिं जनानामासन्ना पात्रं जनयन्त देवाः स्वाहा ॥

अर्थात्- जसलाई देवलोक को पनि शिर मानिन्छ, सूर्य रूप ले जो सधैं आकाश मा विराजमान छ, अविनाशी अग्नि रूप ले जो प्रत्येक का घर-घर मा र घटघट मा निवास गर्नुहुन्छ जसलाई सम्पूर्ण लोक को उपकार गर्ने यज्ञ का लागि ऐश्वर्यवान्, कवि, सम्राट्, ऋषिहरु ले सबैका अतिथि र देवताहरु का पानपात्रस्वरूप मानेर उत्पन्न गरे तिनै अग्नि लाई यो आहुति स्वीकृत होस् । एसपछि सामूहिक दक्षिणा को सङ्कल्प गर्नू ।

भूयसी दक्षिणा सङ्कल्प

हरि ॐ तत्सत् पूर्व सङ्कल्पसिद्धिरस्तु अद्येह....गोत्रः.... प्रवरः ....नामाहं मम अद्यकृतैतत् चूडोपनयन, वेदारम्भ, समावर्तन कर्मणः साङ्गतासिद्धयर्थं न्यूनातिरिक्तादोषपरिहारार्थं च इमां भूयसीदक्षिणां यथानामगोत्रेभ्यो ब्राह्मणेभ्य दीनानाथेभ्यः कन्याकुमारी-सुवासिन्यादिभ्यश्च यथाभागं विभज्य दातुं समुत्सृजे, तत्सन्नमम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विसर्जन

आवाहन गरिएका सम्पूर्ण देवीदेवताहरु लाई गरिने सम्मान पूर्ण बिदाई नै विसर्जन हो। विसर्जन गर्दा यज्ञ वरपर तलका मन्त्र पढ्दै पुष्प वर्षा गर्नू वा लावा तथा पहेंला अक्षताहरु छर्नू-

ॐ उत्तिष्ठ ब्रह्मणस्पते देवयन्तस्त्वेमहे।
उप प्रयन्तु मरूतः सुदानव इन्द्र प्रादुर्भवा सचा॥

अर्थात्- देव पालक हे यज्ञ ! उठ्नुहोस् ब्रह्मणस्पति।
गर्दछौं प्रार्थना आफ्ना, ठाउँ मा जानुहोस् भनी॥
वरदान दिने हाम्रा, सम्पूर्ण देवताहरु।
इन्द्र का साथ मा जान, तयार हुनुहोस् प्रभु !॥

ॐ यान्तु देवगणाः सर्वे पूजामादाय मामिकाम्।
इष्टकामसमृद्धयर्थं पुनरागमनाय च।
गच्छ गच्छ सुरश्रेष्ठ स्वस्थानं परमेश्वर।
यत्र ब्रह्मादयो देवास्तत्र गच्छ सुरेश्वर॥

अर्थात्- पूजा अर्चा लिई हाम्रो, इच्छा पूर्ण गराउँदै।
फेरि आउनका लागि, जानुहोस् देवता सबै॥
आ-आफ्नै ठाउँ मा फेरि, जानुहोस् परमेश्वर।
सवारी होस् त्यहीं ब्रह्मा, आदि छन् देवता जहाँ॥

क्षमाप्रार्थना –

ॐ प्रमादात् कुर्वातां कर्म प्रच्यवेताध्वरेषु च।
स्मरणादेव तद्विष्णोः सम्पूर्णं स्यादिति श्रुतिः॥
ॐ यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम्॥

अब अन्त मा तलको मन्त्र पढ्दै सम्पूर्ण कर्म भगवान् मा समर्पण गर्ने-

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्धयात्मना वाऽनुसृतेः स्वभावात्
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि॥

अर्थात्- शरीर वाणी मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय ले स्वभाव ले।
मैले गरेका सब कर्म सादर, टक्र्याउँदै छु प्रभु लाई भक्ति ले॥

--oo--

Prof. Madhav Prasad Pamibhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जन्मोत्सव

जन्मोत्सव संस्कार लाई षोडश संस्कार भित्र राखिएको छैन तापनि प्राचीन काल देखि वर्तमान सम्म शुभ संस्कार कै रूप मा जन्मोत्सव मनाउने चलन समाज मा पाइन्छ। अहिले आएर यो प्रचलन अझ बढ्दो छ। महत्त्व का दृष्टि ले जन्मोत्सव अन्य संस्कार भन्दा कम छैन। यो उत्सव आफू बाट विगत मा भए गरिएका क्रियाकलापहरु को लेखाजोखा गरी आगामी दिन मा अझ असल कर्म र असल गुण को अवलम्बन गर्ने तथा कमसल गुण एवं कर्म को परित्याग गर्ने सङ्कल्प लिने उपयुक्त अवसर हो। साथै आफूलाई जीवन दिने, अवसर दिने, शक्ति-सामर्थ्य र बुद्धि-विवेक दिने अस्तित्व प्रति वा भगवान् प्रति, बाबुआमा प्रति, प्रकृति र परिवेश प्रति, समाज र सभ्यता प्रति कृतज्ञता वा धन्यवाद-ज्ञापन गर्ने अवसर पनि हो। जन्मदिवस का बेला लिइएका सङ्कल्प ले वर्षभरि व्यक्ति लाई तेस दिशा तिर लाग्न उत्प्रेरित गरिरहन्छन् तेसैले जीवन मा जन्मोत्सव वा जन्म दिवसोत्सव ले ठूलो महत्त्व राख्दछ।

हामी आफ्नो समाज र संस्कृति अनुसार ती-ती क्षेत्र का महान् व्यक्तित्व को स्मरण गर्दै तिनका गुण र योगदानहरु को सम्मान गर्दै विभिन्न दिवस, जयन्ती, जन्मोत्सवहरु मनाउँछौं- शिवरात्रि, रामनवमी, श्रीकृष्णजन्माष्टमी, बुद्धजयन्ती, क्रिसमस, पृथ्वीजयन्ती, भानुजयन्ती इत्यादि। जसरी आफ्ना आदरणीय महान् व्यक्तिहरु को जन्मोत्सव मनाएर जीवन मा तेस्तै महान् गुणहरु को आवाहन गरिन्छ तेसैगरी आफ्नै जन्मोत्सव मनाएर आफ्ना जीवन लाई थप उन्नतिशील बनाउने प्रतिज्ञा गर्नु पनि उत्तिकै आवश्यक छ। एस किसिम को उत्सव ले जीवन मा उमङ्ग, उत्साह र कर्मठता थप्छ एकातिर भने अर्कातिर आफ्ना छिमेकी, इष्टमित्र, परिजनहरु मा निकटता, प्रेम, सद्भावना, शुभेच्छा र आत्मीयता बढाउन सहयोग गर्छ। आत्मनिर्माण, सौभाग्य वृद्धि र चेतना विस्तार का लागि पनि जन्मोत्सव अत्यन्त उपयोगी हुनसक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जन्मोत्सव मनाउने तरीका

जन्मोत्सव सौर गणना अनुसार प्रत्येक वर्ष आफू जन्मेको महीना को गते वा तारीख अनुसार पनि मनाउने गरिन्छ र चन्द्रगणना अनुसार जन्म महीना को पक्ष र तिथि अनुसार पनि मनाउन सकिन्छ। रह्यो जन्मोत्सव कसरी मनाउने भन्ने कुरा, एसका लागि हामीकहाँ निम्नलिखित दुई तरीका बढी प्रचलित छन्।

१. सुधारिएको पश्चिमी तरीका
२. आफ्नै परम्परागत शास्त्रीय तरीका

१. जन्मोत्सव को सुधारिएको पश्चिमी तरीका :

हुनत अहिले को नयाँ पुस्ता मा आफ्नो परम्परागत तरीका भन्दा आयातीत पश्चिमी तरीका मा केही सुधारिएको जन्मोत्सव मनाउने (Happy Birth Day) चलन लोकप्रिय बन्दै गएको देखिन्छ। जस अनुसार क्रमशः

१. बिहानै उठेर नुहाईधुवाई गरेपछि चोखो लुगा लगाएर मन्दिर जाने र भगवान् को दर्शन गर्ने। वृद्धाश्रम वा अनाथाश्रम वा बालगृह मा गएर आफ्नो गच्छे अनुसार को भोजभतेर गराउने।
२. घर मा आएपछि जन्मोत्सव मनाउने व्यक्ति को नाम लेखिएको बर्थ डे केक बजार बाट ल्याउने वा घर मै बनाउने।
३. केक माथी वर्ष अनुसार मैन बत्तीहरु बाल्ने। आजकल वर्ष जनाउने अंकयुक्त मैनबत्ती पनि पाइन्छन्। वर्ष धेरै भएको छ भने एस्ता मैनबत्ती सहयोगी हुन्छन्।
४. उपस्थित सबैबाट "Happy Birth Day to You" भन्दै गाएर, नाचेर शुभकामना व्यक्त गरिन्छ।
५. कर्ता द्वारा नै बलेका बत्तीहरु फुकेर निभाउने र सजाइएको केक काटेर वितरण गर्ने, भोज गर्ने, आदि कर्महरु सहित जन्मोत्सव सम्पन्न गरिन्छ। अहिले आएर हामीकहाँ मैनबत्ती केक भन्दा बाहिर राख्ने तर ननिभाउने चलन पनि चल्न थालेको छ।

यो चलन बढी लोकप्रिय बन्दै गएकाले एसैमा हाम्रो शास्त्रीय विधि पनि केही हद सम्म समावेश गरेर जन्मोत्सव मनाउनु उचित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. जन्मोत्सव को शास्त्रीय विधि

हाम्रो आफ्नै शास्त्रीय विधि अनुसार मनाइने जन्मोत्सव को तरीका अलि छुट्टै किसिम को छ, जसमा-

१. सर्वप्रथम जन्मोत्सव का दिन कर्ता द्वारा नुहाइधुवाई गरेर शारीरिक शुद्धि गरिन्छ र पूजापाठ जपध्यान आदि गरेर मानसिक शुद्धि गरिन्छ, अनि नयाँ एवं राम्रा वस्त्र-आभूषणहरु पहिरिएर शरीर लाई सजाइन्छ।

२. आफू लाई जन्मदिने आमा-बाबु, पितृपुर्खाहरु लाई प्रणाम, सम्झना र सम्मान गरिन्छ।

३. जीवनदायी पाँच आधारभूत तत्त्वहरु को र ज्ञान, गुण, विद्या बुद्धि तथा जीविका प्रदान गर्ने जनहरु प्रति पूजा, सम्मान र कृतज्ञता ज्ञापन गरिन्छ।

४. सुस्वास्थ र दीर्घायु का लागि अष्ट चिरञ्जीवी को पूजा गरिन्छ।

५. बाँचिएका प्रत्येक वर्षहरु को प्रतीक स्वरूप एक-एक बत्ती र आगामी वर्ष अझ उज्ज्वल होस् भन्दै तेसको प्रतीक स्वरूप अलि ठूलो बत्ती बालिन्छ तर बालेका बत्तीहरु फुकेर निभाउने गरिन्न।

६. आगन्तुक शुभेच्छुहरु तथा मान्यजनहरु बाट शुभकामना तथा आशीर्वाद ग्रहण गरिन्छ।

७. गच्छे अनुसार खाद्य परिकारहरु तयार पारी भगवान् लाई अर्पण गरेर प्रसाद ग्रहण गर्ने र वितरण गर्ने गरिन्छ। साथ मा देश काल परिस्थिति र चलन अनुसार माङ्गलिक गीत वा नृत्य भजनकीर्तन आदि पनि गर्ने गरिन्छ।

पूजासामग्री तथा पूजाविधि :

जन्मोत्सव मनाउँदा जौ, तिल, कुश, दुबो, फूल, फल, चन्दन, अक्षता, नैवेद्य, धूप, दीप, आँप तथा पीपल का पात, चामल, सुपारी, पञ्चपात्र, जलपात्र, कर्मपात्र, कलश, बत्तीहरु तथा देवीदेवता का तसबीरहरु जम्मा पार्नु पर्छ। जन्मोत्सव गर्दा पनि अन्य माङ्गलिक अवसर मा जस्तै निम्नानुसार पूजा आरम्भ गर्नु पर्छ। प्रथमतः तलको मन्त्र उच्चारण गर्दै -

१. शुद्ध जल ले आँफू तथा वरपर अभिषेक गर्ने-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः॥
ॐ पुण्डरीकाक्षः पुनातु -३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. आचमन- **केशवाय नमः, माधवाय नमः, नारायणाय नमः,** हात धुने- **गोविन्दाय नमः**

३. तलको वाक्य उच्चारण गरेर सङ्कल्प गर्ने -

सङ्कल्प- अद्येह' गोत्र ' नामाहं मम आयुष्यवृद्धये, वर्षवृद्धिकर्म करिष्ये तदङ्गत्वेनदीप-कलश- गणेश-पूजनपूर्वकं सूर्यादिनवग्रह-मार्कण्डेयाद्यष्टचिरञ्जीवि-भूम्यादिपञ्चमहाभूत-पितृ-कुल मातृपितृ-गुरू-इष्टदेवपूजनञ्च करिष्ये ।

४. मूल बत्ती बाल्ने र तेसलाई चन्दन, अक्षता, फूल, जल, फल, चढाएर **चन्दनं समर्पयामि दीपनारायणाय नमः** भन्दै पूजा गर्ने । एसैगरी अन्य सामग्रीहरु पनि चढाउने ।

दीप प्रार्थना- **दीपः करोतु कल्याणं आरोग्यं सुखसम्पदम् ।**
सर्वदुःखविनाशाय दीपज्योतिर्नमोऽस्तुते ॥

५. गणेशपूजन का लागि आवाहन- **आसनं समर्पयामि श्री गणेशाय नमः ।** गणेश लाई पनि चन्दन, अक्षता, पुष्पहरु, फल, दूबो, दक्षिणा आदि सामग्री अर्पण गर्ने ।

प्रार्थना- **शिवतनयवरिष्ठं सर्वकल्याणमूर्तिं**
परशु-कमल-हस्तं शोभितं मोदकेन ।
अरुण-कुसुम-मालं व्याललम्बोदरं च
मम हृदयनिवासं श्रीगणेशं नमामि ॥

६. कलशपूजन -

कलशस्य मुखे विष्णुः कण्ठे रुद्र समाश्रितः ।
कुक्षौ तु सागराः सर्वे सप्तद्वीपवसुन्धरा ॥

इत्यादि मन्त्र ले आवाहन गर्दै त्यहाँ चन्दन, फूल, पञ्चपल्लव, दूबो, पञ्चरत्न फल आदि चढाउने ।

प्रार्थना- देवदानव संवादे (पूर्वाङ्गकर्म मा दिइएको छ ।)

एसपछि जन्मोत्सव को विशेष पूजा प्रारम्भ गर्ने । जन्मोत्सव मा विशेष गरी निम्नलिखित चार कार्यहरु गरिन्छन् । यी मध्ये अष्टचिरञ्जीवी पूजन लाई अलग्गै शीर्षक मा विस्तृत रूप मा दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१. पञ्चतत्त्व-पूजन

यो जगत्, विश्व ब्रह्माण्ड र हाम्रो शरीर पनि मूलतः पृथ्वी, जल, तेज, वायु, आकाश यी पाँच तत्त्वहरु ले बनेको छ। शरीर का हाडमासु लाई पृथ्वी, रगत, रज, वीर्य आदि लाई जल, आँखा लाई तेज, श्वासप्रश्वास तथा प्राण लाई वायु र नाकमुख कान लगायत समग्र खाली ठाउँ लाई आकाश तत्त्व मानिन्छ। यी पाँचै वस्तु स्वस्थ र सन्तुलित भए भने शरीर ठीक रहन्छ, जीवन सुन्दर हुन्छ तेसैले इनैको सु-सन्तुलन को कामना गर्दै जीवनदायी यी तत्त्वहरु प्रति कृतज्ञता-ज्ञापन गर्न इनको पूजन गरिन्छ। आफ्ना अगाडी पृथ्वी, जल, तेज, वायु, आकाश का प्रतीक स्वरूप चामल का पाँचवटा स-साना थुप्रा बनाएर तिनमा क्रमशः पूजा गर्नु पर्छ।

पृथ्वी-पूजन

ॐ स्योना पृथिवी नो भवानृक्षरा निवेशनी।
यच्छा नः शर्म सप्रथाः। अप नः शोशुचद्ध्वम्॥
ॐ पृथिव्यै नमः। आवाहयामि, स्थापयामि, पूजयामि, ध्यायामि।- यजु ३५.२१।

अर्थात्- हे पृथिवी ! सुखपूर्वक बस्न लायक बनेर तिमी हाम्रा लागि शुभ बन। हामी लाई कल्याण गर; हाम्रा सबै पापहरु नाश गरिदेऊ। पृथ्वी लाई नमस्कार गर्छु, आवाहन गर्छु, स्थापना, पूजा र ध्यान गर्छु।

जल-पूजन

ॐ सं मा सिञ्चन्त्वापः सं मा सिञ्चन्तु कृष्टयः।
सत्यं समस्नान् सिञ्चतु प्रजया च धनेन च, दीर्घमायुः कृणोतु मे॥
वरूणाय नमः आवाहयामि, स्थापयामि, पूजयामि, ध्यायामि॥

अर्थात्- नदी का जल ले, नद बा सिन्धु का जल ले र समुद्र ले मलाई सन्तति र सम्पत्ति दुवै कुरा ले सम्पन्न गराऊन् र दीर्घायु प्रदान गरून्, जलरूप वरूणदेव लाई नमस्कार गर्छु, आवाहन, स्थापना, पूजा तथा ध्यान गर्छु।

अग्नि-पूजन

ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत्।
पश्येम शरदः शतं, जीवेम शरदः शतं।
श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः
शतमदीना श्याम शरदः शतं भूयश्च शरदः शतात्॥
तेजसे नमः। आवाहयामि, स्थापयामि, पूजयामि, ध्यायामि। -यजु ३६.२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- देवताहरु का परम प्रिय सम्पूर्ण जगत का नेत्र स्वरूप परम पवित्र सूर्य नारायण पूर्व दिशा मा उदाउँछन् । इनका कृपा ले हामी शय वर्ष सम्म देख्न सक्ने, शय वर्ष सम्म सुन्न सक्ने, शय वर्ष सम्म राम्ररी बोल्न सक्ने र कसै सँग नझुकी शय वर्ष सम्म बाँच्न सक्ने र अझ तेस भन्दा पनि बढी बाँच्न सक्ने बनौं । समग्र तेज रूप सूर्यदेव लाई नमस्कार गर्छू, आवाहन गर्छू, पूजा गर्छू र ध्यान गर्छू ।

वायु-पूजन

ॐ आ वात वाहि भेषजं वि वात वाहि यद्रपः ।
त्वं हि विश्वभेषजं देवानँ दूत ईयसे ॥ अथर्व ४.१३
ॐ वायवे नमः आवाहयामि, स्थापयामि, पूजयामि, ध्यायामि ।

अर्थात्- हे वायु सम्पूर्ण औषधिहरु यहाँ ल्याऊ र हामी मा जति दोषहरु छन् ती सबै हटाऊ । देवताहरु को दूत जस्तो भएर ओहोर-दोहोर गरिराख्ने विश्व ब्रह्माण्ड का औषधि स्वरूप हे वायु ! तिमी ले मेरो कल्याण गर । वायु लाई नमस्कार गर्छू, आवाहन गर्छू, पूजा गर्छू र ध्यान गर्छू ।

आकाश-पूजन

ॐ स हि सत्यो यं पूर्वेद् चिद् देवासश्चियमीधिरे ॥
होतारंमन्द्र जिह्वमित् सुदीतिभिर्विभावसुम्
ॐ आकाशाय नमः । आवाहयामि, स्थापयामि, पूजयामि, ध्यायामि ।

अर्थात्- सत्य त्यही हो जो उज्ज्वल छ, चैतन्य छ, तेसले त्यो वाणी लाई पनि प्रसन्न राख्छ, जोपूर्वकाल मा भएका विद्वान्हरु का उज्ज्वल प्रकाश ले प्रकाशित भयो उनै सत्य स्वरूप आकाश ले मेरो कल्याण गरून् । आकाश लाई नमस्कार गर्छू, आवाहन गर्छू, पूजा गर्छू र ध्यान गर्छू ।

२. अष्टचिरञ्जीवी को पूजन

आफ्ना जीवन मा ठूलो साधना गरेर सिद्धि प्राप्त गरी कालजयी बनेका आठजना महापुरुषहरु विभीषण, हनुमान्, कृपाचार्य, अश्वत्थामा, बलि, व्यास, परशुराम र मार्कण्डेय को सम्झना आवाहन सम्मान ले हामी लाई पनि सफलता र दीर्घजीवन प्राप्त हुन्छ भन्ने भावना र उद्देश्य ले इनको पूजा गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. दीपप्रज्ज्वलन

प्रकाश जीवनदायी तत्त्व भएकाले तेस प्रति सम्मान (पूजा) र कृतज्ञता प्रकट गर्नु परम कर्तव्य हो एकातिर भने अर्कातिर अज्ञानरूपी अन्धकार मा ज्ञानरूपी प्रकाश जलिरहोस् भन्ने जीवन को परं चाहना हो। यही चाहना को प्रतीक मानेर बत्ती बालिन्छ र बत्ती को पूजा गरिन्छ। जन्मदिवस मा जति वर्ष भइयो तेतिवटै बत्ती बालेर एकातिर बितेका वर्षहरु को सङ्केत गरिन्छ भने तीमध्ये एउटा अलि ठूलो, अलि विशेष बत्ती बालेर आफू प्रवेश गरेको वर्ष अझ उज्ज्वल होस् भन्ने सङ्केत गरिन्छ। धेरै वर्ष भएकाको हक मा हरेक दश वर्ष को प्रतिनिधित्व एउटा बत्ती बाट हुने गरी बत्तीहरु बाल्न पनि सकिन्छ।

४. सङ्कल्पग्रहण

जन्मदिवस को सबै भन्दा मुख्य विषय हो- शुभसङ्कल्प। बितेका दिन वा वर्ष जे-जसरी बिते पनि अब आउने दिन शुभ कर्म गरेर बिताउनेछू, जीवन लाई सार्थक पार्नेछू, लोककल्याण का लागि समय निकाल्ने छू, सद्गुणहरु थप्दै जाने छू आदि सङ्कल्प वा प्रतिज्ञा एस अवसर मा लिइन्छ। सङ्कल्पग्रहण पछि कर्ता ले कायेन वाचा... भनेर पूजा विसर्जन गर्नु पर्दछ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अष्टचिरञ्जीवीपूजन

अब सँगै दिइएको कोठा र दिशा मा क्रमशः आठ चिरञ्जीवीहरु को पूजा गर्ने।



पूजाक्रम :

१. पूर्वदिशा मा अश्वत्थामा को पूजा गर्ने-

ध्यान-ॐश्यामवर्णं महावीर्यंखड्गपाणिं वरप्रदम्।

अश्वत्थामानमाचार्यं ध्याये द्रोणसुतं शिवम् ॥

अर्थात्- श्यामवर्ण खड्गधारी, तेजिला वरदायक।
द्रोणपुत्र अश्वत्थामा, गुरूको ध्यान गर्छू म ॥

आवाहन- **भो अश्वत्थामन् इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव। ॐ अश्वत्थाम्ने नमः।**

अर्थात्- हे अश्वत्थामा ! यहाँ आउनुहोस्; यहाँ बस्नुहोस् मेरो पूजा स्वीकार्नुहोस्; मैले पूजा गरून्जेल यहीं सुस्थिर र प्रसन्न भई बस्नुहोस् र मलाई वरदान दिनुहोस्; भन्दै चन्दन, अक्षता, फूल, फल, जल आदि अर्पण गरेर पूजा गर्ने।

एसरी पूजा गरिसकेपछि तलको मन्त्र पढेर प्रार्थना गर्ने-

प्रार्थना- **ॐ ब्राह्मणाय नमस्तुभ्यं द्रोणाचार्यसुताय वै।**
वेदवेदाङ्गपूर्णाय अश्वत्थाम्ने नमो नमः ॥

अर्थात्- हे द्रोणाचार्य का छोरा दीर्घायु वीर ब्राह्मण।
वेदवेदाङ्ग का ज्ञाता अश्वत्थामा प्रणाम छ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. आग्नेयतर्फ बलि राजाको पूजन गर्ने-

ध्यान- **ॐ कृष्णवर्णं द्विबाहुं च सदा पातालसंस्थितम् ।**
रत्नाभयकरं ध्याये बलिं सद्बलदायकम् ॥

अर्थात्- कालो वर्ण रत्नयुक्त, द्विबाहु बलदायक ।
सधैं पाताल मा बस्ने, बलि को ध्यान गर्छू म ॥

आवाहन- **भो बले ! इहागच्छ, इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव । ॐ बलये नमः।**

प्रार्थना- **ॐ भूमिः स्वर्गश्च पातालं येन दत्तं द्विजन्मने ।**
भविता योऽमरावत्यां महेन्द्रस्ते नमो बले ॥

अर्थात्- स्वर्ग, मर्त्य र पाताल, जस्ले दान गरी दियो ।
म ध्यान गर्छू, शुद्धात्मा, उनै बलि महेन्द्र को ॥

३. दक्षिण तर्फ व्यास को पूजा गर्ने :

ध्यान- **ॐ नीलोत्पलसवर्णाभं सुपुस्तकलसत्करम् ।**
सर्वशास्त्रार्थ तत्त्वज्ञं ध्याये व्यासमुनिं सदा ॥

अर्थात्- नीलो कमल झैं राम्रा, लिएका ग्रन्थ हात मा ।
सम्पूर्ण शास्त्र का ज्ञाता, व्यास को ध्यान गर्छू म ॥

आवाहन- **भो व्यास ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ व्यासदेवाय नमः ।**

प्रार्थना- **ॐ सर्वशास्त्रार्थ तत्त्वज्ञं वेदवेदाङ्ग पारगम् ।**
शास्त्रमूलप्रवक्तारं पराशर सुतं भजे ॥

अर्थात्- वेदवेदाङ्ग का ज्ञाता वक्ता सम्पूर्ण शास्त्र का ।
पराशरजी का पुत्र व्यास लाई प्रणाम छ ॥

४. नैऋत्य दलमा हनुमान् को पूजा गर्ने

ध्यान- **वायुपुत्रं महावीरं रक्तवर्णंत्रिलोचनम् ।**
कन्दमूलफलप्रीतिं हनूमन्तं नमाम्यहम् ॥

अर्थात्- रातो वर्ण महावीर, वायुपुत्र त्रिलोचन ।
फलाहारी हनूमान लाई मेरो प्रणाम छ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आवाहन- **भो हनुमन् ! इहागच्छ, इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ हनुमते नमः ।**

प्रार्थना- **अञ्जनानन्दनं वीरं जानकीशोकनाशनम् ।**
कपीशमक्षहन्तारं वन्दे लङ्काभयङ्करम् ॥

अर्थात्- अञ्जनी पुत्र हे वीर ! सीता का शोकनाशक ।
अक्षघाती कपिश्रेष्ठ, लङ्का का भयकारक ॥

५. पश्चिमदल मा विभीषण को पूजा गर्ने

ध्यान- **पौलस्त्यकुलसम्भूतं कुंकुमाभं द्विबाहुकम् ।**
राक्षसाद्यैः परिवृतं सदा ध्याये विभीषणम् ॥

अर्थात्- रातो वर्ण दुई हात, पौलस्त्य कुल का सुत ।
म ध्यान गर्दछू तिम्रो, दैत्य बीच विभीषण ॥

आवाहन- **भो विभीषण ! इहागच्छं, इह तिष्ठ, मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ विभीषणाय नमः।**

प्रार्थना- **लङ्कावास नमस्तुभ्यं पौलस्त्यकुलसम्भव ।**
राक्षसाधिपते देव नमस्तेऽस्तु विभीषण ॥

अर्थात्- पौलस्त्यकुल का लाल लङ्कावासी विभीषण ।
हे हे राक्षस का राजा ! तिमी लाई प्रणाम छ ॥

६. वायव्यदल मा कृपाचार्य को पूजा गर्ने

ध्यान- **ॐ धनुर्वाणधरं वीरं श्वेतपीतद्युतिं परम् ।**
भरद्वाजकुलोत्पन्नं कृपं ध्याये मलापह्म् ॥

अर्थात्- धनुर्धारी महावीर, उज्याला गौर वर्ण का ।
भारद्वाज कृपाचार्य, गुरू को ध्यान गर्छू म ॥

आवाहन- **भो कृपाचार्य ! इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ कृपाचार्याय नमः ।**

प्रार्थना- **ॐ द्विजर्षभ नमस्तुभ्यं भरद्वाजकुलोद्भव ।**
कृपाचार्य सदातुष्ट धीर वीरपराक्रम ॥

अर्थात्- प्रणाम गर्दछू दिव्य, श्रीभारद्वाज गोत्र का ।
कृपाचार्य गुरू लाई, धीर वीर स्वभाव का ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

७. उत्तरदल मा परशुरामजी को पूजा गर्ने

ध्यान- **ॐ जमदग्निकुलोद्भूतं व्योमाञ्जनसमप्रभम् ।**
ध्याये परशुरामं तं दधानं परशुं वरम् ॥

अर्थात्- जमदग्निजी का पुत्र, नील गाजल वर्ण का ।
म ध्यान गर्दछू शूर, वीर परशुराम को ॥

आवाहन- **भो परशुराम ! इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ परशुरामाय नमः ।**

प्रार्थना- **कार्तवीर्यस्यहन्तारं पर्शुहस्तं महाबलम् ।**
एकविंशतिनिःक्षत्रं कुर्वन्तं त्वां नमाम्यह्म् ॥

अर्थात्- हे कार्तवीर्य का हन्ता, पर्शुधारी महाबल ।
नमस्कार तिमी लाई, पृथ्वी उद्धार कारक ॥

८. ईशानदल मा मार्कण्डेय ऋषि को पूजा गर्ने

ध्यान- **द्विभुजं जटिलं सौम्यं, सुवृद्धं चिरजीविनम् ।**
वराभयकरं ध्याये, मार्कण्डेयं महामुनिम् ॥

अर्थात्- सौम्य शान्त जटाधारी चिरञ्जीवी तपस्वी को ।
म ध्यान गर्दछू वृद्ध, मार्कण्डेय महर्षि को ॥

आवाहन-**भो मार्कण्डेय ! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, वरदो भव । ॐ मार्कण्डेयाय नमः ।**

प्रार्थना- **मार्कण्डेय महाभाग, सप्तकल्पान्तजीवन ।**
आयुरारोग्यसिद्ध्यर्थं, प्रसीद भगवान् मुने ॥

अर्थात्- सातै कल्प भरि बाँच्ने, मार्कण्डेय महामुनि ।
आरोग्यपूर्ण दीर्घायु देऊ, यै प्रार्थना गर्रे ॥

एसरी अष्टचिरञ्जीवी को पूजा पूरा गरिसकेपछि सामूहिक रूप मा धूप, दीप तथा नैवेद्य आदि अर्पण गर्ने ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विवाह-संस्कार

दुई अलग अलग पारिवारिक पृष्ठभूमि का नर र नारी सँगसँगै जीवन बिताउनका लागि पूरा गरिने कानूनी वा धार्मिक प्रक्रिया लाई विवाह भनिन्छ। हिन्दूदर्शन मा विवाह जीवन कै अति महत्त्वपूर्ण र प्रमुख संस्कार हो। एसलाई अन्य सबै संस्कार र सबै आश्रम तथा पुरुषार्थहरु को पनि आधार मान्न सकिन्छ। शब्दगत अर्थ गर्दा विवाह ले समाज तथा परिवार प्रति विशेष दायित्व वहन गर्ने अवस्था बुझाउँछ भने प्राकृतिक रूप मा विवाह पुरुष र स्त्री को स्वाभाविक संयोग हो जहाँ बाट सन्ततिसृजना को शृङ्खला पनि शुरू हुन्छ। अझ व्यापकता मा जाँदा विवाह एउटा तेस्तो अवस्था को प्रतीक हो जहाँ पुरुषतत्व र स्त्रीतत्त्व वा प्रकृति र पुरुष को परस्पर संयोजन हुन्छ र विश्वब्रह्माण्ड का चर अचर प्राणीहरु को सृष्टि प्रक्रिया शुरू हुन्छ। मानव होस् कि पशुपक्षी, जलचर होस् वा थलचर सबैका जन्म को मूल कारण यही हो। जन्तुजगत् मा मात्र नभएर वृक्ष वनस्पतिहरु को उत्पादन मा समेत स्त्रीत्व र पुंसत्व को संयोग अपरिहार्य मानिन्छ। परागकण वा पुष्परेणु को सेचन विना फलफूल तथा अन्नबाली आदि को पनि उत्पादन हुँदैन। अतः विवाह एउटा एस्तै जैविक तथा प्राकृतिक व्यवस्था हो।

विवाह भन्नासाथ अहिले हामी मानिसहरु को जस्तो विधि र व्यवस्था बुझ्छौं पहिले तेस्तो थिएन। परस्पर को यौन आकर्षण ले जसरी पशुपक्षी का भाले-पोथीहरु को संयोग हुन्छ तेस्तै अवस्था थियो प्रारम्भिक काल का मानिसहरु को पनि। त्यही पशु तुल्य यौनजन्य मानवीय व्यवहार लाई परिष्कृत र व्यवस्थित गर्दै लाखौं वर्ष पछि मानिस ले विवाह संस्था को विकास गऱ्यो। भनिन्छ- विवाह लाई सुदृढ र व्यवस्थित संस्था बनाउने पहिला आचार्य भगवान् शिव हुन् तेसैले अझ सम्म पनि उमामहेश्वर वा शिवपार्वतीलाई प्रथम आदर्श दम्पती भनेर पूजा गरिन्छ, विशेष गरी विवाह का अवसर मा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संसार का सबै देशहरु मा अति विकसित, शिक्षित र सभ्य अवस्था देखि अत्यन्त अविकसित, अशिक्षित र असभ्य अवस्था सम्म का मानव जातिहरु मा विवाह का आ-आफ्नै रीति, नीति, विधि र परम्पराहरु छन्। तिनमा प्रायः शारीरिक आवश्यकता को पूर्ति, सांसारिक सुख र वंशविस्तार कै भाव बढी पाइन्छ, तर एता हाम्रा पूर्वज ऋषिमनीषीहरु ले विवाह व्यवस्था लाई शारीरिक वासनातृप्ति, सांसारिक सुख भोग र वंश विस्तार मा मात्र सीमित नराखी गृहस्थ धर्म को पालना गर्दै मोक्ष को अवस्था सम्म पुग्ने माध्यम बनाएका छन्। यहाँ विवाह लाई दुई शरीर र दुई मनबीच को सम्झौता मात्र नभएर जीवन लाई अझ सुसंस्कृत र अझ विकसित बनाउने एउटा महत्त्वपूर्ण संस्कार नै ठानिन्छ। अझ भनूँ हाम्रो विवाह शरीरिक र मानसिक तह पार गर्दै आत्मिक एकता को तह सम्म पुगेको छ र अँध्यात्मिक उपलब्धिमा सहयोगी समेत बनेको छ। तेसैले यो लामो सहयात्रा मा दाम्पत्य जीवन लाई स्थायी र सुमधुर बनाउनका लागि बाहिरी रूप, गुण, पद, सम्पन्नता मात्र नहेरेर ज्योतिष शास्त्र को सहयोग ले आन्तरिक गुण, वृत्ति, स्वभाव, संस्कार र ग्रहहरु को मैत्री, अमैत्री आदि कुराहरु को पनि गम्भीरतापूर्वक विचार गरिन्छ, जुराइन्छ।

विवाह का लागि उपयुक्त उमेर

जहाँ सम्म विवाह का लागि उमेर अवस्था र परिस्थिति को कुरा छ, मध्यकाल मा बालविवाह, अनमेल विवाह, बहुविवाह जस्ता विकृतिहरु देखिए पनि वैदिक ऋषिहरु ले कन्या लाई १६ वर्ष र कुमार लाई २४ वर्ष भन्दा पहिले विवाह गर्ने अनुमति दिएका छैनन्। एसका पछाडी दुई वटा कारण देखाइएको छ, पहिलो कुरा तेस अवधि भन्दा पूर्व उनीहरु शारीरिक रूप ले सक्षम र बौद्धिक रूप ले परिपक्व भइसकेका हुँदैनन् भने दोस्रो १६ र २४ वर्ष भन्दा कम उमेर का स्त्री पुरुष को संयोग बाट उत्पन्न हुने सन्तान प्रायः अल्पायु, अस्वस्थ र अधम खाल का हुने हुनाले तेस्तो व्यवस्था गरिएको हो। यो कुरा हजारौं वर्ष पछिको वर्तमान परिवेश मा पनि अनुपयुक्त लाग्दैन। कुमार आर्थिक रूप ले आफ्नै खुट्टा मा उभिन सक्षम भए पछि र कन्या सन्तानोत्पादन लागि परिपक्व तथा मानसिक रूप ले विवाह का लागि तयार भए पछि मात्रै विवाह गर्नु उत्तम हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विवाह का प्रकार

वयस्क युवायुवती गार्हस्थ जीवन का लागि दाम्पत्य सूत्र मा बाँधिने कार्य लाई हामी साधारणतया विवाह भन्छौं । विवाह को विधिविधान सबै समय मा सबै समाज मा एकै किसिम को पाइन्न । वैदिक काल मा एसका भेदहरु को स्पष्ट व्याख्या नगरिए पनि स्मृतिकाल मा विवाह आठ प्रकार का हुने कुरा स्वीकारिएको थियो ।

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ॥ मनुस्मृति - ३-२१

अर्थात्- ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकार का विवाह हुन्छन् ।

यी मध्ये प्रथम चार (ब्राह्म, दैव, आर्ष र प्राजापत्य) लाई प्रशंसनीय र पछिका चार (आसुर, गन्धर्व, राक्षस र पैशाच) लाई निन्दनीय मानिएको छ । तेसमा पनि अन्तिम का दुई (राक्षस र पैशाच) लाई त अति निन्दनीय मानिएको छ । अहिले ब्राह्म र आसुर खाल को विवाह समाज मा बढ्ता चलेको देखिन्छ तर ऐतिहासिक दृष्टि ले हेर्दा निन्दनीय मानिएका विवाहहरु अझ पहिले का हुन् जस्तो लाग्छ तेसैले यहाँ त्यही क्रम ले चर्चा गरिन्छ ।

पैशाच-विवाह

कन्या तथा उसका अभिभावक निदाएका बेला मा, नशा ले मातेका बेलामा वा अचेत भएका अवस्था मा वा छलकपटपूर्वक यौनसम्बन्ध कायम गर्नु वा कन्या अपहरण गर्नु लाई पैशाच-विवाह मानिएको छ । मनु भन्छन्-

सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः ॥ मनुस्मृति (३.२४)

अर्थात्- निदाएकी, नशा मा परेकी, अचेत अवस्था मा रहेकी वा एकान्त मा रहेकी कन्या सँग जबर्जस्ती ढङ्ग ले स्थापित गरिने यौनसम्बन्ध नै पैशाच किसिम को विवाह हो ।

एस्तो प्रचलन प्राचीन भारतवर्ष को पश्चिमोत्तर प्रान्त मा बसोबास गर्ने पिशाच जाति का मानिसहरु मा रहेकाले एसलाई पैशाच विवाह भनिएको हो । यो सबै भन्दा निन्दनीय र पापपूर्ण किसिम को विवाह हो । बर्बर खाल को बलात्कार मूलक एस्तो विवाह ले निरन्तरता नपाओस् भनेर एसलाई पछि अमान्य घोषित गरियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राक्षस-विवाह

राक्षसी किसिम को विवाह का सम्बन्ध मा मनु को भनाई छ -

हत्वा छित्वा च भित्वा च क्रोशन्तीं रूदतीं गृहात्
प्रसह्य कन्यां हरतो राक्षसो विधिरूच्यते ॥ (मनुस्मृति ३.३३)

अर्थात्- अभिभावकहरु बाट खोसेर, तिनलाई पिटपाट पारेर रूँदै कराउँदै गरेकी कन्या लाई बलपूर्वक हरण गरेर गरिने विवाह राक्षसी विवाह हो।

न त कन्या को न त उसका बाबुआमा को, कसैको पनि स्वीकृति नलिई जबर्जस्ती अपहरणपूर्वक गरिने हुनाले एसलाई राक्षसी विवाह भनिएको हो। सम्भवतः यो पनि विवाह का प्राचीन रूपहरु मध्ये एक थियो। प्रारम्भिक अवस्था का असभ्य तथा युद्धप्रिय मानिसहरु आफ्ना शत्रुहरु सँग लडाईं गर्थे र जितेमा तिनका छोरीहरु जबर्जस्ती अपहरण गरेर ल्याउँथे र पत्नी बनाउँथे। एसका लागि ठूलो दलबल र हातहतियार को समेत आवश्यकता पर्दथ्यो। विवाह गर्न जाँदा बलिया मानिसहरु लिएर, बन्दुक बोकेर जन्त जाने हाम्रो चलन त्यही प्राचीन राक्षसी विवाह को अवशेष हो भन्न सकिन्छ। हतियार को प्रयोग गरेर युद्ध गर्दा कहिलेकाहीं तिनका छोरीहरु पनि घाइते हुन्थे; टाउका मा चोट लागेर रगत बग्थ्यो। तेस अवस्था मा समातिएका युवतीहरु लाई पत्नी बनाउनु लाई उनीहरु गौरव ठान्थे। पछि टाउका मा चोट नलागे पनि जितेर ल्याएका युवती का सिउँदो मा रगत जस्तै देखिने सिन्दूर दल्न थालियो। सिन्दूर दल्ने काम जसले पहिला गर्छ त्यो उसैको पत्नी बन्नु पर्ने व्यवस्था गरियो। तेसैको अवशेष का रूप मा विवाह मा सिन्दूर हाल्ने चलन अहिले सम्म पनि हाम्रो समाज मा छ तर अहिले एसको अर्थ फेरिएको छ। आजभोलि एसलाई सौभाग्य को प्रतीक मान्ने गरिन्छ र विवाह मा सिन्दूर लगाउँदा तेस्तै सौभाग्य सूचक मन्त्र पढिन्छ।

स्त्रीपुरुष आपस मा राजी भए पनि अन्य पारिवारिक जन को इच्छा तेसमा बाधक बन्न पुग्दा अपहरण को स्थिति आउन सक्छ र कहिलेकाही बाबुआमा को स्वीकृति हुँदाहुँदै पनि कन्या को अस्वीकृति भएमा तिनका घरगाउँ बाट कन्या को हरण गरेर विवाह गरिन्थ्यो। कृष्ण र रूक्मिणी को विवाह एसैको एउटा उदाहरण हो। महाभारत मा भीष्म ले कुरूराजकुमारहरु को विवाह का लागि जबर्जस्ती काशीराज का छोरीहरु अपहरण गरेका थिए जसलाई राक्षसी विवाह को उदाहरण मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गान्धर्व-विवाह

विवाह को एस प्रकार लाई पैशाच र राक्षस-विवाह भन्दा राम्रो मानिन्छ किनभने एसमा कन्या र वर दुवै राजी खुशी एकअर्कालाई मन पराउँछन्; स्वीकार्छन्। यो विवाह सबभन्दा स्वाभाविक देखिन्छ किनभने वयस्क भएपछि विपरीत लिङ्गी प्रति आकर्षित हुनु प्राकृतिक नियम हो तेसैले विवाह को यो रूप सम्भवतः सबभन्दा पुरानो हो। जहाँ कन्या र वर दुवै ले स्वेच्छा ले आ-आफ्नो जीवन साथी छान्दछन् र त्यही आधार मा पतिपत्नी को सम्बन्ध गाँस्दछन् तेसलाई गान्धर्व विवाह भन्दछन्। एसबारे महाराज मनु को भनाई एस्तो छ -

इच्छयाऽन्योऽन्यसंयोगः कन्यायाश्च वरस्य च।
गान्धर्वस्य तु विज्ञेयो मैथुन्यः कामसम्भवः॥ (मनुस्मृति ३.३२)

अर्थात्- जब कन्या र वर कामवासना ले प्रेरित भएर स्वेच्छा ले परस्पर सम्बन्ध गाँस्छन् त्यही नै गान्धर्व विवाह हो।

एस किसिम को विवाह पारस्परिक कामुकता का आधार मा हुने हुनाले र कामुकता मानिस को नैसर्गिक तथा प्रारम्भिक गुण भएकाले एसलाई सबभन्दा स्वाभाविक र सबभन्दा पुरानो मान्न सकिन्छ तापनि हिमालय का तलहट्टी मा बस्ने गन्धर्व जाति का मानिसहरु मा एस्तो प्रचलन अपेक्षाकृत बढी भएकाले तिनैको नाम बाट एसलाई गान्धर्व विवाह नामकरण गरियो।

वैदिक युग को खुला समाज मा एस्तो प्रचलन लाई नराम्रो ठानिँदैनथ्यो बरू बाबुआमा ले आफ्ना छोराछोरी लाई प्रेमीप्रेमिका को चुनाव गर्न स्वतन्त्र छोडिदिन्थे र उनीहरु को उपयुक्त प्रेमप्रसङ्ग लाई स्वागतै गर्थे। रामायण तथा महाभारतकाल मा पनि एस्तो चलन थियो। शकुन्तला र दुष्यन्त को प्रेमविवाह तेसको उदाहरण हो जसलाई शकुन्तला का धर्मपिता ऋषि कण्व ले अस्वीकार गरेनन्। तैपनि कामुकता को क्षणिक आवेश मा निर्णय गरिने हुनाले, कन्या तथा वर को संस्कार, परिवेश, गुण, दोष तथा सम्बन्ध को स्थायित्व आदि का सम्बन्ध मा दूरगामी विचार नगरिने हुनाले र संस्कारमूलक धार्मिक विधिविधान समेत नहुने हुनाले जीवन वैज्ञानिक तथा समाज वैज्ञानिक ऋषिहरु ले एस्तो विवाह लाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उत्तम ठानेनन्। किनभने, कामवासना का आधार मा गाँसिएका एस्ता सम्बन्धहरु पछि गएर दुःखदायी, असफल र अभिशापमय भएका उदाहरणहरु धेरै भेटिए।

शास्त्रीय रूप मा एस्तो विवाह उत्तम नठानिएपछि बिस्तारै यो चलन घट्दै गयो। कन्या तथा वर को स्वतन्त्र रूप मा पति वा पत्नी छान्ने अधिकार खोसियो। यो अधिकार बाबुआमा वा अभिभावक मा सऱ्यो। सन्तान उनीहरुका सम्पत्ति जस्ता भए फलस्वरूप बालविवाह, अनमेल विवाह जस्ता विकृति को प्रवेश भयो।

आसुर-विवाह

आसुर विवाह लाई पैशाच, राक्षस र गान्धर्व भन्दा राम्रो मानिन्छ। एस विवाह को परिचय दिंदै महाराज मनु ले भनेका छन्-

ज्ञातिभ्यो द्रविणं दत्वा कन्यायै चैव शक्तितः।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते॥ (मनुस्मृति ३.३१)

अर्थात्- कन्या लाई वा कन्या पक्ष का बाबुआमा दाजुभाई आदि सम्बन्धीहरु लाई यथाशक्य धनसम्पत्ति दिएर कन्या सँग स्वच्छन्दतापूर्वक गरिने विवाह लाई आसुर विवाह भन्दछन्।

प्राचीन काल मा एस्तो विवाह को प्रचलन रहेको कुरा को सङ्केत वैदिक साहित्य र महाभारत आदि मा पाइन्छ। प्रारम्भ मा एस्तो विवाह लाई तेति नराम्रो मानिंदैनथ्यो। महाभारत का भीष्म ले कैयौ कुरूवंशी राजकुमारहरु को विवाह गर्नका लागि प्रशस्त पैसा दिएर पत्नीहरु किनेका थिए भन्ने उल्लेख छ। कसैकी कन्या लिएबापत उसका बाबुआमा बन्धुबान्धव लाई यथाशक्य धनसम्पत्ति, वस्तु आदि केही दिने कुरा तत्कालीन समाज मा असहज थिएन। वरपक्ष का ले पनि एसलाई स्वाभाविक जस्तो ठान्दथे तर पछि एसमा विकृति आयो। बाबुआमा ले आफूले जन्माएका छोराछोरी लाई निजी सम्पत्ति सरह मानेर पैसा लिएर नमिल्दो किसिम ले बेचबिखन गर्न थाले। पात्रता र योग्यता लाई भन्दा पैसा लाई प्राथमिकता दिनाले समाज मा ठूलो ओहोदा र धेरै पैसा हुनेले पैसा कै बल मा धेरै भन्दा धेरै कन्याहरु किनेर पत्नी बनाउन थाले। धनसम्पत्ति कै बल मा सानी बालिका लाई बूढो लोग्ने सँग विवाह गराइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

थालियो। सुन्दर सुशील कन्याहरु ले दुर्जन कुरूप गुणहीन पुरुषहरु को दासत्व स्वीकार्नु पर्ने भयो। समाज ले नारी लाई क्रीतदासी का रूप मा हेर्न थाल्यो। तेसैले समाज वैज्ञानिक ऋषिहरु ले एस प्रथा लाई रोक्न खोजे। फलस्वरूप पछि बनेका शास्त्रहरु मा एस प्रथा को निन्दा गर्न थालियो र एस्तो लेखियो-

शुल्केन ये प्रयच्छन्ति स्वसुतां लोभमोहिताः।
आत्मविक्रयिणः पापा महाकिल्विषकारकाः।
पतन्ति निरये घोरे घ्नन्ति चासप्तमं कुलम्॥ बौधायनधर्मसूत्र १.११.२१

अर्थात्- जसले लोभ मा परेर, शुल्क लिएर आफ्नी छोरी दिन्छन् तिनीहरु आत्मविक्रयी, महापापी तथा नरकगामी हुन्। तिनले आफू मात्र होइन आफ्ना ७ पुस्ता पहिले र ७ पुस्ता पछिका लाई समेत नरक हाल्छन्।

एस्ता कुराहरु बाट कन्याहरु को किनबेच गर्ने प्रचलन मा त केही कमी आयो तर तेसको ठीक विपरीत अर्को कुरीति शुरू भयो। अब कन्या को किनबेच होइन वर को किनबेच हुन थाल्यो। कन्या पक्षकाले वर वा वरपक्ष का लाई धनसम्पत्ति दिनु पर्ने, दहेज वा दाइजो दिनु पर्ने, गर्दुआ दिनु पर्ने कुचलन चल्न थाल्यो। कन्या विवाह गरेर दिँदा कन्या का पिता ले दक्षिणा तथा उपहार का रूप मा स्वेच्छा ले नगद वा वस्तु केही दिनु स्वाभाविक थियो, सहज थियो। एस्तो चर्चा वेद मा पनि पाइन्छ तर उत्तरवर्ती काल मा वर्तमान सम्म आइपुग्दा सर्वसाधारण का लागि यो चलन निकै कष्टकर, पीडादायक एवं जीवनघाती समेत बन्न पुगेको छ। एस आसुरी विवाह को भूत ले कतिपय समाज का साधारण गृहस्थहरु लाई नराम्ररी सताएको छ र यो चलन विवाह संस्था कै कलङ्क बनेको छ।

प्राजापत्य-विवाह

आसुर भन्दा अलि श्रेष्ठ हो प्राजापत्य विवाह। विवाह को एस विधि का सम्बन्ध मा भनिएको छ-

सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च।
कन्या या दानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः॥ (मनुस्मृति ३.३०)

अर्थात्- तिमी दुई सँगसँगै धर्म को (गृहस्थ धर्म को) परिपालन गर भन्ने वाणी द्वारा सम्झाएर पूजापूर्वक कन्या को दान गर्ने विवाह विधि प्राजापत्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कन्या माग्नका लागि स्वयं आएको वर को योग्यता विचार गरेर धर्मपूर्वक जीवनयापन गर्नका लागि पिता ले आफ्नी छोरी प्रदान गर्ने विवाह कै नाम प्राजापत्य हो। नाम अनुसार प्रजा अर्थात् सन्तति उत्पादन गरेर, तिनलाई पालनपोषण तथा शिक्षादीक्षा ले सुसंस्कृत र समर्थ बनाएर समाज लाई सुयोग्य सदस्य प्रदान गरी आफ्ना पूर्वज पितृहरु को ऋण र सामाजिक उत्तरदायित्व बाट मुक्त हुने उद्देश्य ले एस प्रकार को विवाह गर्ने चलन चल्यो। एस किसिम को विवाह मा पतिपत्नी दुवै को समान अधिकार हुने, दुवै पारस्परिक कर्तव्य बन्धन मा बाँधिने, दुवै को सहमति र समझदारी मा विवाह हुने भएकाले समाज अलि विकसित र सुसभ्य भइसकेपछि मात्र प्राजापत्य विवाह को विकास भएको हुनु पर्छ भन्ने अड्कल गर्न सकिन्छ।

कालक्रम मा पितामाता ले नै छोरी का लागि वर खोजिदिने, विवाह मा कन्या को भन्दा उसका आमाबाबु को निर्णय बलियो हुने र कन्या लाई बाबुआमा को इच्छानुसार दान गरेर दिइने जस्ता अवधारणा विकास हुन थालेपछि प्राजापत्य विवाह को मौलिक स्वरूप पनि विकृत हुन थाल्यो तैपनि यो विवाह पूर्वोक्त चारथरी का विवाह भन्दा उत्तम ठानिन्छ।

आर्षविवाह :

शास्त्रकारहरु ले आर्षविवाह लाई प्राजापत्य-विवाह भन्दा उत्तम मानेका छन्। एस्तो वैवाहिक विधि को प्रयोग विशेषतः ऋषिहरु को कुलपरम्परा मा गरिन्थ्यो। तेसैले एसको नाम आर्ष राखिएको हुनु पर्छ। ऋषिहरु धर्ममूलक यज्ञकर्म मा संलग्न रहन्थे। उक्त कार्य मा सहयोग पुऱ्याउनका लागि कन्यार्थी वर ले कन्या का पिता लाई एकजोर गाई मगनी स्वरूप उपहार दिनु पर्थ्यो तर एसको सम्बन्ध कन्या को किनबेच सँग कत्ति थिएन किनभने ती गाईहरु पछि कन्या सहित वर लाई नै फिर्ता गरिन्थ्यो। कन्या प्राप्ति का लागि वर ले विशेष योग्यता आर्जन गर्नु पर्थ्यो। उसले सांसारिक एवं व्यावहारिक ज्ञान का साथै आध्यात्मिक साधना मा पनि उच्चता हासिल गरेको हुनु पर्थ्यो। तेसैगरी कन्या मा पनि तदनुकूल एउटी असल नारी मा हुनु पर्ने गुणशील को विकास गर्नु, गराउनु आवश्यक ठानिन्थ्यो। यसरी हासिल आर्जन गरेका वर र कन्या का बीच

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आफ्नो परिवार र कुलपरम्परा मा मात्र सीमित नभएर बृहत्तर समाज प्रति को उत्तरदायित्व वहन गर्ने लक्ष्य सहित सम्पन्न हुने विवाह भएकाले एसलाई पूर्वोक्त पाँच किसिम का विवाह भन्दा उत्तम मानिएको हुनु पर्छ। एसबारे भनिएको छ-

एकं गोमिथुनं द्वे वा वरादादाय धर्मतः ।

कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते ॥ (मनुस्मृति ३.२९)

अर्थात्- एक वा दुई जोडी गाई वर बाट लिएर विधिपूर्वक धार्मिक ढङ्ग ले कन्या प्रदान गर्ने विवाह नै आर्षविवाह हो ।

दैवविवाह

कुनै किसिम को शर्त नराखीकन र कुनै प्रतिदान को पनि आशा नराखीकन निःस्वार्थ भाव ले गरिने हुनाले दैवविवाह लाई पूर्वोक्त छ विवाह मध्ये श्रेष्ठ मानिएको छ। देवयज्ञ मा संलग्न सुयोग्य पुरोहित सँग देवयज्ञ कै अवसर मा यजमान ले आफ्नी कन्या को विवाह गरिदिने हुनाले एस किसिम को विवाह लाई देव वा दैवविवाह भनिएको हो । आश्वलायन गृह्यसूत्र मा भनिएको छ-

ऋत्विजे विवते कर्मणि दद्यादलंकृत्य स दैवः ।

अर्थात्- वस्त्राभूषणहरु ले अलङ्कृत कन्या देवयज्ञ का ऋत्विज लाई विवाह गरेर दिनु नै दैवविवाह हो ।



यज्ञ का अवसर मा यज्ञका आचार्य लाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आफ्नी कन्या विवाह गरेर दिनुलाई तत्कालीन मानिसहरु ठूलो पुण्यकार्य सम्झन्थे। पछि यज्ञयागादि को परम्परा पनि क्षीण हुँदै गयो। अरु योग्यता नभएर केवल यज्ञ को आचार्य वा पुरोहित हुँदैमा तेसलाई छोरी दिनु पर्ने कुरालाई मानिसहरु ले उपयुक्त ठानेनन् र कन्या दान दिने वस्तु नभएकाले उसको सुखमय जीवन को समेत ख्याल राख्नु पर्छ भन्ने कुरा सोच्न थालियो। इनै कारण ले गर्दा विवाह को यो परम्परा पनि लोप हुँदै गयो।

ब्राह्म विवाह

विवाह को एस विधि लाई सर्वोत्तम मानिएको छ किनभने यो विवाह विवाह-व्यवस्था कै सबभन्दा परिष्कृत रूप हो। ब्राह्मविवाह का सम्बन्ध मा भनिएको छ-

आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम्।
आहूय दानं कन्याया ब्राह्मो धर्मः प्रकीर्तितः॥ (मनुस्मृति ३.२७)

अर्थात्- कन्या का पिता ले आफ्नी कन्या का लागि उपयुक्त गुण, शील, विद्या, रूप, यौवन ले युक्त वर को चयन गरी आफ्ना घर मा विधिवत् आमन्त्रित गर्छन्। वर बाट कुनै किसिम को शुल्क, उपहार आदि नलिईकन आदर सम्मान का साथ वस्त्रालङ्कार ले युक्त आफ्नी सुयोग्य कन्या यथाशक्य दक्षिणा सहित विधिपूर्वक विवाह गरेर सुम्पिन्छन्। विवाह को यही रूप लाई ब्राह्मविवाह भन्दछन्।

एसमा शुद्ध धार्मिक विचार बाहेक अन्य प्रत्युपकार तथा लौकिक कामना केही हुँदैन। एस किसिम को विवाह को प्रयोग हुनका लागि समाज निकै सुसभ्य र सुसंस्कारित भइसकेको हुनु पर्छ; तेसैले विवाह को यो रूप अरु भन्दा पछिको हुन सक्छ तर प्राचीन वाङ्मय ऋग्वेद मा एस किसिम को विवाह सोम र सूर्या का वीच सम्पन्न भएको चर्चा पाइने हुनाले वैदिक काल मै एस किसिम को विवाह का लागि उपयुक्त समाज बनिसकेको कुरा स्पष्ट हुन्छ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विवाहविधि

पूर्वकर्म

विवाह भन्दा पहिले विवाह कै दिन वा अघिल्लो दिन वर र वधू ले आ-आफ्नै घर मा वा मन्दिर मा निर्मित विवाह मण्डप का वेदी मा अग्नि स्थापना सहित पूर्वाङ्ग कर्म *(हे. पृष्ठ २४०)* सम्पन्न गर्छन् जसमा वर ले ग्रहशान्ति, नान्दीमुखी वा आभ्युदयिक श्राद्ध आदि गर्दछन् भने वधू ले इन्द्रायणी पूजा वा गौरीपूजा गर्दछन्। वरवधू को नखच्छेदन, केशविन्यास, विधिपूर्वक को स्नान आदि गराइन्छ। वरवधू लाई बुकुवा, बेसार र माटो दलेर निज का दाजूदिदी ले नुहाइदिने चलन पनि छ। पूर्वाङ्ग कै दिन एक जिउँती कोठा को निश्चय गरी एक वर्ष सम्म नमेट्ने हिसाब ले जिउँती लेख्ने चलन छ। इष्टदेव, दुलहा, दुलही, जन्ती आदि को चित्रांकन नै जिउँती हो।

वरयात्रा

पूर्वाङ्ग कर्म सकेपछि वर लाई वस्त्राभूषण पहिराएर शुभ समयमा, स्वस्तिवाचन, मङ्गलगान, मङ्गलबाद्य का साथ पूजामण्डप तथा जिउँती कोठा मा लगेर पूजित देवदेवी र इष्टदेव आदि लाई पुष्पाञ्जलि अर्पण गर्न लगाइन्छ। अनि आमा लाई उपहार भेटी राखेर ढोग्न लगाइन्छ र आमा का हात बाट दूध, दही आदि मङ्गल पेय ग्रहण गराएर पूर्ण कलश तथा मङ्गल शकुनहरु अघि लगाउँदै वर लाई घर बाट बिदा गरिन्छ जसलाई दुलाहा अन्माउने भनिन्छ। वर का साथ मा जाने अन्य मानिसहरु लाई पनि टीका लगाइदिएर सँगै बिदा गरिन्छ, जसलाई जन्ती अन्माउने भनिन्छ।

वरियात-स्वागत

निर्दिष्ट ठाउँ मा वरियात आइपुगे पछि कन्या पक्ष का पिता, दाजुभाई, इष्टमित्र आदि ले जन्ती लाई पुष्पवर्षा गरेर, जलअक्षता छर्किएर, टीका लगाइदिएर स्वागत गर्दछन् र उपयुक्त ठाउँमा राख्दछन्। एस कार्य लाई वरियात स्वागत वा जन्ती पर्सिने भन्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वयंवर

कन्या ले स्वयं आफै ले आफ्ना लागि उपयुक्त वर छान्ने कार्य नै स्वयंवर वा स्वयंवरण हो । तर अहिले एस कार्य ले एउटा औपचारिक रूप लिएको छ । जस अनुसार स्वयंवर कर्म मा निम्नानुसारका कार्यहरु गरिन्छन्-

१. सुन्दर र शुद्ध वस्त्राभूषणहरु ले सुसज्जित वर र वधू लाई स्वयंवर स्थल (मण्डप) मा ल्याउने-

२. वर र कन्या दुवै ले निम्नलिखित वाक्यहरु उच्चारण गर्दै आफ्ना पितृ, ऋषिहरु, मातापिता र गुरू लाई स्मरण गरेर प्रणाम गर्ने-

ॐ ऋषिदेवेभ्यो नमः (ऋषिहरु लाई नमस्कार)

ॐ पितृपुरुषेभ्यो नमः (पितृहरु लाई नमस्कार)

ॐ इष्टदेवेभ्यो नमः (इष्टदेव, कुलदेव लाई नमस्कार)

ॐ गुरूदेवेभ्यो नमः (आफ्ना गुरूहरु लाई नमस्कार)

ॐ मातृपितृचरणकमलेभ्यो नमः (बाबुआमा लाई प्रणाम)

३. अब कन्या ले तलको मन्त्र उच्चारण गर्दै कलश को जल चुहाउँदै तीन पटक सम्म वर को प्रदक्षिणा गर्ने-

ॐ मधुवाता ऋतायते मधुक्षरन्ति सिन्धवः माध्वीर्नः सन्तोषधीः मधुनक्तमुतषसो मधुमत्पार्थिव रजः मधुद्यौरस्तु नः पिता । मधुमान्नो वनस्पतिः मधुमांऽअस्तु सूर्यः माध्वीर्गावो भवन्तु नः । ॐ मधु ॐ मधु ॐ मधु ।

अर्थात्- मधुमय चलून् हावा, मधुमय बगून् नदी ।
मधुमय बनून् हाम्रा, खेतीपाती र सम्पत्ति ॥
मधुमय दिवा रात्रि, धर्ती यो मधु वास होस् ।
मधुमय बनून् हाम्रा, पितृ मधुर स्वर्ग होस् ॥
मधुमय बनून् सूर्य, लतावृक्ष वनस्पति ।
मधुमय बनून् हाम्रा, गाईवस्तु भए जति ॥
मधुमय बनोस् हाम्रो जिन्दगी यो सधैं भरी ॥

४. अब तलका प्रार्थना वाक्यहरु उच्चारण गर्दै तेसको भाव स्मरण गर्दै वधू ले वर लाई र वर ले वधू लाई टीका, माला, औंठी आदि लगाइदिने-

ॐ देवीन्द्राणि नमस्तुभ्यं देवेन्द्रप्रियभामिनि ।
आवयोः प्रीतिरतुला त्वत्प्रसादात् सदा भवेत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाण्डवानां द्रुपदजा यथा सत्या पतिव्रता ।
वायोरप्यञ्जना देवी यथा छाया विभावसोः ॥
शन्तनोश्च यथा गङ्गा चन्द्रस्य रोहिणी यथा ।
रूक्मिणी वासुदेवस्य रामस्य जानकी यथा ॥
धृतराष्ट्रस्य गान्धारी सावित्री ब्रह्मणो यथा ।
तथा भवेयं सततं शिवस्य पार्वती यथा ॥
सर्वे देवाश्च मुनयो मानवाः दाक्षिणा मम ।
मनसा कर्मणा वाचा वृत एष पतिर्मम ॥

अर्थात्- इन्द्र की प्रेयसी देवी ! इन्द्राणी प्रार्थना पुगोस् ।
तपाईं को कृपा पाई, हाम्रो प्रेम अखण्ड होस् ॥
अञ्जना सँग वायु को र छाया सँग सूर्य को ।
गङ्गा सँग शन्तनु को, रोहिणी सँग चन्द्र को ॥

राम को जानकी सङ्ग, रूक्मिणी सँग कृष्ण को ।
गान्धारी सँग जो प्रेम, थियो ती धृतराष्ट्र को ॥
शिव को पार्वती सङ्ग, जस्तो प्रेम अघि थियो ।
तेस्तै प्रगाढ होस् प्रेम, यी हामी दुई बीच को ॥

साक्षी राखेर सम्पूर्ण, मुनि मानव देवता ।
पतिपत्नी हुना लाई, भयौं राजी परस्पर ॥

५. अन्त मा, **मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरूडध्वजः**
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनम्हरिः भन्दै स्वयंवर समाप्त गर्ने ।

वाग्दान तथा वरणी

स्वयंवर पछि वर लाई उपयुक्त ठाउँ मा वा यज्ञ वेदी को पश्चिम पट्टि लगेर पूर्व फर्काईराख्नू र वाग्दान दिनेले शुद्ध वस्त्र लगाई हातगोडा धोएर आचमन गरी निम्नलिखित मन्त्र भन्दै हात मा तीन टुक्रा कुश लिएर कर्म पात्र को जल ले आफू लाई सेचन गर्नू-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥
ॐ पुण्डरीकाक्षः पुनातु - ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनि जौ, तिल, कुशसहित कर्म पात्र को जल लिएर निम्नलिखित सङ्कल्प पढ्ने-

ॐ अद्येह.... गोत्रः.... प्रवरः.... नाम अहं मम.... नाम्नी कन्यायाः करिष्यमाणविवाहाङ्ग भूत वाग्दानकर्म तथा च कन्या प्रतिग्रहार्थं समागतस्य.... गोत्रस्य.... प्रवरस्य..... नाम्नो वरस्य वरणं दीपकलशगणेशपूजनपूर्वकं यथाविधि करिष्ये-

एसपछि- कन्यादाता ले वर लाई पिर्का वा आसन मा राखी टीका लगाइदिने अनि यथोचित दक्षिणा तथा चन्दन अक्षता फूल दूबो हात मा लिएर-

ॐ अद्येह ..... गोत्र ..... प्रवर ..... शर्मा अहं मम..... गोत्रोत्पन्नाम्.....नाम्नीं कन्यां.....गोत्राय.....प्रवराय..... नाम्ने वराय शास्त्रोक्तविधिना दास्ये इति वाचं सम्प्रददे। यथामिलितोपचारैः त्वामहं वृणे भन्दै वरका हातमा दिनू र हात जोडेर भन्नू-

ॐ अव्यङ्गेऽपतितेऽक्लीबे दशदोषविवर्जिते।
इमां कन्यां प्रदास्यामि देवाग्निद्विजसन्निधौ॥
कन्या मम कुले जाता पालिता प्रीतिपूर्वकम्।
तुभ्यं वर प्रदास्यामि प्रीयतां पुरुषोत्तम!॥

अर्थात्- मानी सुयोग्य निर्दोष, राम्रो र गुणशील को,
दिन लाग्दै छू यी कन्या, साक्षी राखेर अग्नि को।
जन्मिनू यी कुल मा मेरा, गरी पालनपोषण,
अर्पिदै छू यहाँ लाई, अहिले प्रेमपूर्वक॥

अनि वर ले पनि हात जोडेर-

वृतोऽस्मि (वरण गरिएँ) भन्दै निम्नलिखित प्रतिज्ञा गर्नू

ॐ वाचा दत्ता त्वया कन्या आत्मार्थं स्वीकृता मया।
वरावलोकनविधौ निश्चिन्तस्त्वं सुखी भव॥

अर्थात्- दिनु भो प्रेम ले छोरी, सर्वस्वीकार गर्दछू।
इनलाई सुखी राख्ने, वाचा आजै म गर्दछू॥

अनि उपस्थित सबैले ईश्वर स्मरण गर्नू वा यो महामन्त्र उच्चारण गर्नू-

हरे राम हरे राम राम राम हरे हरे। हरे कृष्ण हरे कृष्ण...॥

एसपछि वरवधू सहित सम्पूर्ण आगन्तुक लाई भोजन गराउन लैजाने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कन्यादान

कन्यादान का लागि कन्या र वर लाई यज्ञस्थल नजीकै ल्याएर उपयुक्त आसन मा राख्ने । वर, कन्या र कन्यादान गर्नेले स्नान गरेर सफा शुद्ध वस्त्राभूषण लगाएको हुनु पर्छ । कन्यादान कर्ता ले कन्यादान सम्पन्न नगरून्जेल केही नखाने चलन पनि छ ।

वरवधू लाई आसन ग्रहण गराएपछि कन्यादाता ले पवित्र आसन मा बसेर तीन पटक आचमन गरी निम्नलिखित मन्त्र पढ्दै तीन टुक्रा कुश सहित कर्म पात्र को जल ले आफू लाई सेचन गर्ने-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥
ॐ पुण्डरीकाक्षः पुनातु

तेसपछि एउटा प्रायश्चित्त गोदान गर्ने । गोदान र दान प्रतिष्ठा को सङ्कल्प पृष्ठ १७३ मा उल्लेख गरिए अनुसार गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गोडा धुने

वरवधू को गोडा धुनका लागि जल, जलपात्र (अंखोरा, करूवा, आदि) को व्यवस्था गरेर ताउलो वा खड्कुलो माथी वरवधू का गोडा अड्याएर राख्ने। अनि दुलही पक्षकाले **पाद्यं प्रतिगृह्यताम्** (गोडा धुने जल लिनुहोस्।) भनेर दुलाहा लाई जल दिने र दुलाहा ले **ॐपाद्यं प्रतिगृह्णामि** (जलं ग्रहण गर्छु) भनेर उक्त जल ग्रहण गर्ने। अनि निम्नलिखित मन्त्र पढ्दै विनियोग गर्ने- **ॐ विराजो दोहोसीति प्रजापतिर्ऋषिर्यजुरापो देवता पादप्रक्षालने विनियोगः**

तेसपछि निम्नलिखित मन्त्र पढ्दै पहिले वर को दायाँ र बायाँ गोडा मा अनि वधू को बायाँ र दायाँ गोडा मा पानी खन्याउँदै गोडा धुने। एसरी पानी राखिदिने काम गोडा धोइदिनेहरु स्वयं ले पनि गर्दछन्।

ॐ विराजो दोहोसि विराजो दोहमशीय मयि पाद्यायै विराजो दोह

अर्थात्- विशिष्ट जल हे शुद्ध ! तिमी हौ रस उज्ज्वल।
पार उज्ज्वल सर्वत्र, बनी उज्ज्वल कारक।
यी पाउ धुन का लागि पवित्र उपयोग छ॥

गोडा धुँदा पहिले मुख्य कर्ता ले र पछि क्रमै सँग उपर्युक्त मन्त्र दोहोऱ्याउँदै कन्या पक्ष का सबैले इच्छा अनुसार वरवधू का गोडा धुने, टीका लगाइदिने र उपहारहरु दिने।

मधुपर्क दिने :

गोडा धुने र उपहार दिने काम सकिएपछि काँस का भाँडा मा घिउ, मह र दही (एक भाग घिउ, दुई भाग मह र चार भाग दही) मिसाएर बनाएको मधुपर्क **ॐ मधुपर्कं प्रतिगृह्यताम्** भन्दै कन्या पक्षकाले दुलाहा लाई दिने। दुलाहा ले **ॐ मधुपर्कं प्रतिगृह्णामि** भन्दै उक्त मधुपर्क हात मा लिएर दाहिने हात को बूढी र सांहिली औंला ले चलाउँदै तीनपटक थोरै थोरै भुइँ मा छर्किने र बाँकी मधुपर्क तलको मन्त्र पढ्दै तीन पटक खाने - **ॐ यन्मधुनो मधव्यं परमं रूपमन्नाद्यम्। तेनाहं मधुनोमधव्येन परमेण रूपेणान्नाद्येन परमो मधव्योन्नादोसानि।**

अर्थात्- मधुर, उत्कृष्ट र अन्न ले झैं बल प्रदान गर्ने तिम्रो जुन रूप छ, म तिम्रो त्यही मधुर र शक्तिशाली रूप को भक्षण गरेर तिमी झैं मधुर, मधुर प्रिय र अन्नभोजी बन्न सकूँ। अनि हात धोएर तीन पटक आचमन गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वस्त्रदान :

अब वर ले निम्नलिखित मन्त्र पढ्दै आफूले ल्याएका वस्त्रहरु वधू का हात मा दिने-

ॐ जरां गच्छ परिधत्स्व वासो भवाकृष्टीनामभिशस्तिपावा ।
शतं च जीव शरदः सुवर्च्चा रयिं च पुत्राननु संव्ययस्व ॥
आयुस्मतीदं परिधत्स्व वासः ॥

अर्थात्- लगाऊ यी लुगा प्यारी, वृद्धावस्था हुँदातक,
बन राम्री उज्याली र, बाँच वर्ष शताधिक ।
प्राप्त होस् चाहिए जस्तो, सुखसन्तान औ धन,
कहिल्यै पनि अन्यत्र, आकृष्ट नबनोस् मन ॥

अनि तलको मन्त्र पढ्दै वधू लाई उत्तरीय (पछ्यौरा वा दोसल्ला) ओढाइदिने ।

ॐ याऽअकृन्तन्नवयन्या अतन्वत, याश्च देवीस्तन्तूनभितो ततन्थ ॥
तास्त्वा देवीर्जरसे संव्ययस्व, आयुस्मतीदं परिधत्स्व वासः ॥

अर्थात्- जसरी कपडा बुन्ने, धागाहरु बने हुनन्,
जसरी तान लाएर, यी तैयार भए हुनन् ।
सबैलाई यथायोग्य, धन्यवाद दिईकन,
ओढाइदिन्छु यो राम्रो, पछ्यौरा तिमी लाई म ॥

तेसैगरी निम्नलिखित मन्त्र पढ्दै दुलही का गला मा मङ्गलसूत्र, हार, लगन को पोते आदि अलङ्गार लगाइदिने-

ॐ माङ्गल्यतन्तुनानेन तव सौभाग्यहेतुना ।
कण्ठे बध्नामि सुभगे त्वं जीव शरदां शतम् ॥

अर्थात्- तिम्रो सौभाग्य का लागि, दिन्छू यो सूत्रमङ्गल ।
गला मा यो सजाएर, बाँच वर्ष शय तक ॥

तेसपछि कन्या पक्ष का ले पनि वर लाई यथायोग्य वस्त्र आभूषणहरु समर्पित गर्ने र वरले निम्नलिखित वाक्य पढ्दै वस्त्र ग्रहण गर्ने वा लगाउने-

ॐ परिधास्यै यशोधास्यै दीर्घायुत्वाय जरदष्टिरस्मि
शतं च जीवामि शरदः पुरूचीरायस्पोषमभिसंव्ययिष्ये ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- शरीर ढाक्न का लागि, अनि सुन्दर देखिन,
प्रतिष्ठित भई बाँच्न, र लामो आयु पाउन ।
वृद्धावस्था हुँदा सम्म, सुखी समृद्ध देखिन,
यी वस्त्र यी अलङ्कार, सदा धारण गर्छू म ॥

तलको मन्त्र उच्चारण गर्दै वरवधू परस्पर हेराहेर गर्नू-

ॐ समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ ।
सं मातरिश्वा सं धाता समुदेस्ट्री दधातु नौ ॥

अर्थात्- विश्व का देवता देवी, विधाता प्रार्थना पुगोस् ।
हाम्रो हृदय यौटै होस्, बेमेल कहिल्यै नहोस् ॥

एसपछि, कर्ता ले कन्या र वर लाई लक्ष्मी र नारायण को रूप मा कल्पना गरी पानी ले दुवै को हात चिसो हुने गरी मुसार्दै चन्दन अक्षता को टीका र माला आदि लगाइदिनू। यहाँनेर कन्यादान गरिने लग्न को दोष नाश का लागि गोदान वा द्रव्यादान गर्ने पनि चलन छ ।

आँचल/लगनगाँठो

वर र वधू दुवै पक्ष बाट सात-सात हात लम्बाई भएका सफा र शुद्ध कपडा का टुक्रा ल्याएर दुवै का टुप्पा एक हात जति कन्या को माथी र वर को तल पारी खप्टेर राख्नू । तेसमा दुवै पक्ष बाट जनै सुपारी, पैसा, सर्सुं, कुंकुम र हलेदो (बेसार) को टुक्रा राख्नु र तेसैमाथी ब्रह्मा, विष्णु, महेश्वर को आवाहन गर्दै पूजा गर्नू अनि लग्न को बेला भएपछि त्यहींनेर बलियो गाँठो पारेर बाँध्नू । एसरी बाँधिएको लगनगाँठो कन्यादान सकिना साथ एउटा टुप्पो कन्या को गला मा वा ढाड मा र अर्को टुप्पो वर को गला मा राखिदिनू । विवाह सकिएपछि यो कपडा कन्या ले राख्नू र चतुर्थी का दिन मा फुकाउनू ।

कन्यादान को प्रतिज्ञा-सङ्कल्प

कन्यादाता ले जौ, तिल, कुश र कर्मपात्र को जल लिई निम्नलिखित सङ्कल्प पढ्नू-

ॐ अद्येह.....गोत्र.....प्रवर.....नमाहं सपत्नीकः मम
समस्तपितृणां निरतिशयानन्दब्रह्मलोकावाप्त्यादिकन्यादानकल्पोक्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समस्तफलप्राप्तये तथा च अनेन वरेण अस्यां कन्यायाम्
उत्पादयिष्यमाणयाःसन्तत्या मम द्वादशावरान् द्वादशापरान् पुरुषान्
आत्मानं च पवित्रीकर्तुम् श्रीमल्लक्ष्मीनारायण प्रतिये कन्यादानं करिष्ये ।

सङ्कल्प को कुश भुइँ मा छोडेर हात जोड्दै तलका मन्त्रहरु पढ्नू-

ॐ कन्यां कनकसम्पन्नां कनकाभरणैर्युताम् ।
दास्यामि विष्णवे तुभ्यं ब्रह्मलोकजिगीषया ॥
दाताहं वरूणो राजा द्रव्यमादित्यदैवतम् ।
वरोऽसौ विष्णुरूपेण प्रतिगृह्णात्वयं विधिः ॥

अर्थात्- वस्त्रालङ्कार ले युक्त, कन्या यी अति सुन्दर ।
विष्णु रूप तपाईं मा, गर्न चाहन्छु अर्पण ॥
मै छू वरूण झैं दाता, यो लक्ष्मीरूप द्रव्य छ ।
विष्णुरूप बनी हात, थापी स्वीकार्नुहोस् अब ॥

कन्यादान सङ्कल्प

एसपछि कन्यादाता ले भगवान् लाई सम्झेर कर्म पात्र को जल, जौ, तिल, कुश, फूल, दही, अक्षता सहित कन्या को दाहिने हात को बूढी औंला समात्ने । माथी बाट कसैले शङ्ख बाट अखण्ड जल धारा दिने र तल बाट वरले हात थापिरहेर निम्नलिखित संकल्प उच्चारण गर्ने -

हरिःॐतत्सत्, हरिॐतत्सत्, हरिॐतत्सत्, ॐविष्णु,ः ॐविष्णु,ः ॐविष्णु,ः अद्य श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारणस्य श्रीब्रह्मणो द्वितीयपरार्धे श्रीश्वेतवराहकल्पे वैवस्वतमन्वन्तरे मनौ सप्तमे प्रह्लादाधिपत्ये अष्टाविंशतितमे युगे सत्यत्रेताद्वापरान्ते कलौ कलियुगस्य प्रथमचरणे बुद्धावतारे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गतनेपालदेशे पाशुपतक्षेत्रे..... नाम्नि नगरे/ग्रामे स्थाने इह पुण्यभूमौ षष्टिसंवत्सराणां मध्ये..... नाम संवत्सरे श्री सूर्ये..... अयनगते.....ऋतौ मासोत्तमे..... मासे..... पक्षे... वासरान्वितायाम्..... पुण्यतिथौ..... राशिस्थिते श्रीसूर्ये..... राशिस्थिते चन्द्रमसि..... राशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथास्थानस्थितेषु सत्सु एवं ग्रहगुणविशेषेणविशिष्टायां यथानक्षत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

योगकरणमुहूर्तलग्नान्वितायां शुभवेलायां अद्येह.... गोत्र..... प्रवर... नामकः सपत्नीकोऽहं..... गोत्रस्य..... प्रवरस्य..... शर्मण..... प्रपौत्राय..... गोत्रस्य..... प्रवरस्य..... शर्मणः पौत्राय..... गोत्रस्य..... प्रवरस्य.....शर्मणः पुत्राय..... गोत्रस्य..... प्रवरस्य..... शर्मणः प्रपौत्रीं..... गोत्रस्य..... प्रवरस्य.... शर्मणः पौत्रीं..... गोत्रस्य..... प्रवरस्य..... शर्मणः पुत्रीम् (१) हरि ॐ तत्सत् -३, ॐ विष्णुः -३, अद्येह ..... गोत्र..... प्रवर.... नाम सपत्नीकः अहं.... गोत्रस्य.... प्रवरस्य.... शर्मणः प्रपौत्राय.... गोत्रस्य..... प्रवरस्य..... शर्मण पौत्राय..... गोत्रस्य.... प्रवरस्य.... शर्मणः पुत्राय.... गोत्रस्य..... प्रवरस्य..... शर्मणः प्रपौत्रीं, ... गोत्रस्य.... प्रवरस्य..... शर्मण..... पौत्रीं..... गोत्रस्य..... प्रवरस्य..... शर्मण....पुत्रीं (२) हरि ॐ तत्सत् -३, विष्णुः -३, अद्येह.....गोत्र.....प्रवर.....नाम सपत्निकोऽ..... गोत्रस्य..... प्रवरस्य..... शर्मण..... प्रपौत्राय.... गोत्रस्य.... प्रवरस्य.....शर्मण.... पौत्राय..... गोत्रस्य.... प्रवरस्य..... शर्मण... पुत्राय.... गोत्रस्य.... प्रवरस्य... शर्मण.... प्रपौत्रीं... गोत्रस्य... प्रवरस्य... शर्मण... पौत्रीं... गोत्रस्य... प्रवरस्यः शर्मणः पुत्रीम् (३)। मम पितृणां निरतिशयानन्दगोलोकावाप्त्यादिकन्यादानकल्पोक्तसमस्त फलप्राप्तिपूर्वकम्, अनेन वरेण अस्यां कन्यायां समुत्पादयिष्यमाणसन्तत्या द्वादशपूर्वान् द्वादशपरान् पुरुषान् आत्मानं च पवित्रीकर्तुं श्रीलक्ष्मीनारायण प्रतिये ..... गोत्राय.....प्रवराय.....शर्मणे नारायणस्वरूपाय वराय .....गोत्रोत्पन्नां.....प्रवरां.... नाम्नीं यथाशक्त्यलङ्कृतां श्रीरुपिणीम् इमां कन्यां प्रजापतिदेवताकां सहधर्माचरणद्वारात्रिवर्गसाधनार्थं देवाग्नि गुरूब्राह्मणसन्निधौ/भगवान् राधाकृष्ण/सीताराम/लक्ष्मीनारायण गौरीशंकर सन्निधौ पत्नीत्वेन तुभ्यं सम्प्रददे। ॐ तत्सत् प्रतिगृह्णातु भवान्॥

एति भनिसकेपछि कन्या को हात वर का हात मा राखिदिनू अनि हात जोडेर एसरी प्रार्थना गर्नू-

लक्ष्मीस्वरुपिणीं कन्यां यथाशक्तिविभूषिता।
....गोत्राय.....शर्मणे तुभ्यं दत्तेयं प्रतिगृह्यताम्॥

अर्थात्- लक्ष्मी स्वरूप यी कन्या, यथाशक्ति विभूषित।
समर्पण गरेको छू, स्वीकार गर्नुहोस् अब॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
(ठीक यही बेला मा लगन गाँठो बाँध्नू र वर को काँध मा एक छेउ र अर्को छेउ वधू को कम्मर मा बाँधिदिनू वा काँध मा राखिदिनू) अनि भन्नू-

जानकीरामयोः प्रीति रूक्मिणीकृष्णयोर्यथा ।
शिवयोश्च यथा प्रीतिर्वर्ततां युवयोस्तथा ॥

अर्थात्- जस्तो राम र सीता को, जस्तो रुक्मिणी कृष्ण को ।
शिवपार्वती को जस्तो तिम्रो दाम्पत्य प्रेम होस् ॥

अब वर ले कन्या को हात आफ्ना हात मा लिएर भन्नू-

"ॐ द्यौस्त्वा ददातु पृथिवी त्वा प्रतिगृह्णातु"

अर्थात्- आकाश ले तिमी लाई दिऊन् र पृथिवी ले तिमी लाई ग्रहण गरून् ।

कन्यादान को दान प्रतिष्ठा

जौ, तिल, कुश लिएर गाई वा रूपियाँ पैसा वा अन्य वस्तु छुँदै तलको सङ्कल्प पढ्नू र वर का हात मा दिनू-

हरिः ॐ तत्सत् पूर्वोक्त सङ्कल्पसिद्धिरस्तु ॐ अद्येह कृतैतत्कन्यादानकर्मणः प्रतिष्ठासाङ्गतासिद्धयर्थं इदम् सुवर्णं/द्रव्यं/ .....गोत्राय .....शर्मणे वराय तुभ्यमहं संप्रददे । तत्सन्नमम ॥

एसका साथ मा गाई दान गर्ने चलन पनि छ ।

गाई दान गर्ने भए सर्वप्रथम गाई लाई लक्ष्मी स्वरूप ठानेर पूजा गर्नू र निम्नलिखित मन्त्र पढ्दै नमस्कार गर्नू-

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमोनमः ॥ ॐ गवे नमः ॥

अर्थात्- कामधेनु स्वरूपा यी ब्रह्माकी पूज्य सन्तति ।
गाई को वन्दना गर्छू सुखवैभव दायिनी ॥

अनि कर्म पात्र को जलसहित जौ, तिल, कुश लिएर गाई को पुच्छर समाई निम्नलिखित संकल्प पढ्नू-

हरि ॐ तत्सत् ३, ॐ विष्णुः३, पूर्वसंकल्पसिद्धिरस्तु अद्येह.....गोत्र.....प्रवर....नाम सपत्नीकोऽहं कृतैतत् कन्यादानकर्मणः साङ्गतासिद्ध्यर्थं यथोक्त फलप्राप्त्यर्थम् च इमां यथाशक्ति सुपूजितां सवस्त्रां सालङ्कृतां/सवत्सां गां रूद्रदैवताकं.....गोत्राय .....शर्मणे सुपूजिताय वराय तुभ्यं संप्रददे ॐ तत्सन्नममः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माथीको मन्त्र उच्चारण गर्दै गाई को पुच्छर वर का हात मा दिनू अनि यो मन्त्र पढेर नमस्कार गर्नू-

ॐ कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।
तीर्थदेवमयी यस्मात् तस्मात् शान्तिं प्रयच्छ मे ॥
गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥

अर्थात्- गाई हौ कपिला पूज्या, देवताहरु की तिमी ।
तीर्थ रूपा देवरूपा देऊ, शान्ति सधैं तिमी ॥
अगाडी पनि हुनू गाई, गाई नै हुनू पछिल्तिर ।
हुनू मेरा मन मा गाई, बसूनू गाई सबै तिर ॥

अब कर्ता ले वर लाई लक्ष्य गर्दै कन्या लाई छोएर निम्नलिखित वाक्य पढ्ने-

ॐ कन्येयं मे कुले जाता पालिता वत्सरान् बहून् ।
तुभ्यं वर मया दत्ता पुत्रपौत्रविवर्धिनी ॥

अर्थात्- जन्मिन् यी कुल मा मेरा, गरी पालनपोषण ।
सुम्पिंदै छू तपाईंमा, बनूनू सौभाग्यवर्द्धिनी ॥

अनि कन्या का पितामाता ले वर लाई यी वचनहरु भन्ने -

धर्मस्याचरणं सम्यक् क्रियतामनया सह ।
धर्मे अर्थे च कामे च यत्वं नातिचरेर्विभो ॥

अर्थात्- यी कन्या लाई साथ मा लिएर जीवन मा धर्माचरण गर्नुहोला र धर्म गर्दा, सम्पत्ति आर्जन गर्दा र अन्य सांसारिक कार्य गर्दा पनि इनको उपेक्षा नगर्नुहोला ।

अनि वर ले **"ॐ नातिचरामि"** (तेसो कहिल्यै गर्नेछैन) भनेर प्रतिज्ञा गर्नू । एसपछि सबैले निम्नलिखित मन्त्र उच्चारण गर्दै भगवान् लाई प्रणाम गर्ने-

"ॐ यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम्"
ॐ अच्युताय नमः - ३

अर्थात्- जसको नाम उच्चारण गर्नाले अपूर्ण रहेका तपस्या यज्ञ र अन्य कार्यहरु सबै पूर्ण हुन्छन् उनै अच्युत भगवान् श्रीकृष्ण लाई प्रणाम गर्छू, प्रणाम गर्छू, प्रणाम गर्छू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एसरी कन्यादान को कार्य सकिएपछि कन्या लाई वरपक्ष बाट प्राप्त वस्त्राभूषणहरु पहिराएर यज्ञ स्थल मा लगिदिने र वर ले कन्या को हात वा आँचल समातेर तलको मन्त्र पढ्दै विवाह मण्डप मा बसाल्ने ।

ॐ यदैषि मनसा दूरं दिशोनु पवमानो वा ।
हिरण्यपर्णो वैकर्णः सात्वा मन्मनसां करोतु ॥

अर्थात्- तिम्रो मन उडी टाढा, पुग्यो भने कतैतिर ।
ल्याऊन् गरूड ले शीघ्र, फर्काएर यतैतिर ॥

यहाँनेर वर ले कन्या लाई प्रेमपूर्वक कुनै सुन्दर नयाँ नाम दिएर बोलाउन सक्छन् ।

विवाहमण्डप प्रवेश

अब वरबधू लाई कन्यादान कक्ष बाट विवाह मण्डप मा लैजाने। वरबधू दुवै ले अग्नि लाई दाहिने परिक्र मा गरी मण्डप को दक्षिण पट्टि वधू दायाँ र वर बायाँ तिर भई उत्तर फर्किएर परस्पर हेराहेर गर्नू । अनि फेरि अग्नि को प्रदक्षिणा गर्दै पश्चिम पट्टि पुग्नू र वधू दाहिने हुने गरी पूर्व फर्केर शुद्ध आसन मा बस्नू । अनि वर ले हात मा तीन टुक्रा कुश लिएर कर्म पात्र को जल ले आँफू र वधू लाई तीन पटक सम्म तलको मन्त्र पढ्दै सेचन गर्नू-

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः । ॐ पुण्डरीकाक्षः पुनातु ।

वरवधू दुवै ले- निम्निलिखित मन्त्र पाठ सहित मण्डप मा स्थापित दीप, कलश र गणेश लाई क्रमै सँग पुष्पाञ्जलि अर्पण गरेर नमस्कार गर्नू-

(१) सर्वप्रथम दीप लाई

ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरूवाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटियुगधारिणे नमः ॥

अर्थात्- हजार आँखा शिर हात पाउ का, हजार मूर्ति र हजार नाउँ का ।
हजार कोटी युग का नियन्त्रक, प्रभु तिमी मा छ सभक्ति वन्दना ॥

शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः ।
सर्वदुःखविनाशाय दीपज्योतिर्नमोऽस्तुते ॥

अर्थात्- शुभ कल्याण आरोग्य, र बढोस् सुखसम्पदा ।
प्रणाम गर्दछु दुःख हर्ता यी दीपज्योति मा ॥

Prof. Madhav Prasad Pamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ कर्म साक्षिणे दीपनारायणाय नमः ।

अर्थात्- सम्पूर्ण कर्म का साक्षीस्वरूप दीपनारायण लाई नमस्कार ।

(२) **कलश लाई-**

ॐ देवदानवसंवादे मथ्यमाने महोदधौ ।
उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् ॥
त्वत्तोये सर्वतीर्थानि देवा सर्वे त्वयि स्थिताः ।
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कर्मफलप्रदः ॥
त्वत्प्रसादादिमां पूजां कर्तुमीहे जलोद्भव ।
सान्निध्यं कुरू देवेश प्रसन्नो भव सर्वदा ॥

(३) **गणेश लाई-**

शिवतनयवरिष्ठं सर्वकल्याणमूर्तिं ।
परशुकमलहस्तं शोभितं मोदकेन ॥
अरूणकुसुममालां व्याललम्बोदरं च ।
मम हृदयनिवासं श्रीगणेशं नमामि ॥
वक्रतुण्डमहाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरू मे देव सर्वकार्येषु सर्वदा ॥
सिद्धिबुद्धिसहिताय गणाधिपतये नमः ।

अर्थात्- सिद्धिबुद्धि सहित का गणेशजी लाई नमस्कार ।

- **ॐ ब्रह्मणे नमः** (ब्रह्माजी लाई प्रणाम)
- **ॐ विष्णवे नमः** (विष्णु लाई प्रणाम)
- **ॐ प्रजापतये नमः** (प्रजापति लाई प्रणाम)

अग्निपूजा–

वरवधू दुवै ले तल बताइए अनुसार अग्नि को पूजा गर्नू ।

एष धूपः योजकनामाग्नये नम- धूपम् ।
एष दीपो योजकनामाग्नये नम- दीपम् ।
एष गन्धो योजकनामाग्नये नम- चन्दनम् ।
इदम् गन्धपुष्पं योजकनामाग्नये नमः- पुष्पम् ।
इदम् नैवेद्यं योजकनामाग्नये नमः - नैवेद्यम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अग्निप्रार्थना

अब वरवधू दुवै ले फूलअक्षता चन्दन लिएर निम्नलिखित मन्त्र उच्चारण गर्दै अग्नि को प्रार्थना गर्नू-

ॐ अग्निं प्रज्वलितं वन्दे जातवेदं हुताशनम् ।
सुवर्णवर्णममलं समिध्दं सर्वतोमुखम् ॥
होमार्थं प्रार्थयेऽहं त्वां चर्वाज्याभ्यां हुताशन ।
योजकाभिध भो वैश्वानर आवाहितो भव ॥
प्रतिष्ठितो भव तथा प्रसन्नो, वरदो भव ।
तावत् तिष्ठात्र मे ब्रह्मन् यावत्कर्म समाप्यते ।
ॐ स्वाहा शक्तियुक्ताय अग्नये जातवेदसे नमः ॥

अर्थात्- खारेका सून झैं शुद्ध, दन्किएका हुताशन ।
जातवेदा हविभोजी, अग्नि लाई नमो नमः ॥
म तिम्रो प्रार्थना गर्छु, चढाएर घिउ चरू ।
हे योजक ! महान् अग्नि, आएर बस यज्ञ मा ।
हे जातवेद ! हे अग्नि ! स्वहाशक्ति समन्वित ।
भएर यज्ञ मा आऊ, वरदाता भई बस ॥

एसपछि निम्नलिखित मन्त्र ले वरवधू दुवै ले होम को सङ्कल्प गर्नू-

हरिः ॐ तत्सत् ३ पूर्वसङ्कल्पसिद्धिरस्तु- अद्येह.....गोत्र..... प्रवर.....अहं (वर) तथा..... गोत्रोत्पन्ना.....प्रवरा.....नाम्नी देवी अहम् (वधूः) उभावेव अद्यकर्तव्यास्मद्विवाहहोमकर्मणिमहा-व्याहृतिहोमं, प्रायश्चित्तहोमं, राष्ट्रभृद्होमं, जयाहोमं, अभ्यातानहोमं च एभिः चर्वाज्यलाजादिहवनीयद्रव्यैः स्वयं वा ब्राह्मणद्वारा विधिना करिष्ये/कारयिष्ये ।

अनि निम्नलिखित मन्त्र पढ्दै दशै दिशाहरु लाई प्रणाम गर्ने-

पूर्व- पूर्वस्यां श्रीनारदाय स्वाहा
दक्षिणपूर्व- आग्नेयां श्रीकपिलदेवाय स्वाहा
दक्षिण- याम्ये श्रीयमभागवताय स्वाहा
दक्षिणपश्चिम- नैऋत्यां श्री भीष्मदेवाय स्वाहा
पश्चिम- प्रतीच्यां श्री शुकदेवाय स्वाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पश्चिमउत्तर- वायव्यं श्री जनकाय स्वाहा
उत्तर- उदीच्यां श्री सदाशिवाय स्वाहा
पूर्वउत्तर- ऐशान्यां श्री प्रह्लादाय स्वाहा
ऊर्ध्व (माथी)- उर्ध्वं श्री ब्रह्मणे स्वाहा
अध (तल)- अधः श्री बलिराजाय स्वाहा

तलको मन्त्र ले जल छर्किने (यज्ञमण्डप र आँफूलाई)

ॐ स्वस्ति नो गोविन्दःस्वस्ति नोऽच्युतानन्तौ
स्वस्ति नो वासुदेवो विष्णुर्दधातु
स्वस्ति नो नारायणो नरो वै
स्वस्ति नो पद्मनाभः पुरुषोत्तमो दधातु
स्वस्ति नो विश्वक्सेनो विश्वेश्वरः
स्वस्ति नो हृषिकेशो हरिर्दधातु
स्वस्ति नो वैनतेयो हरिः
स्वस्ति नोऽञ्जनासुतो हनुर्भागवतो दधातु
स्वस्ति स्वस्ति सुमङ्गलैकेशो महान्
श्रीकृष्णसच्चिदानन्दघनः सर्वेश्वरेश्वरो भद्रं दधातु ।

विंशति काष्ठिका होम-

बीस ओटा समिधा घिउ मा चोबेर अग्नि मा हवन गर्ने ।

आज्यसंस्कार-

हवनीय घिउ को कचौरा वेदी को अग्नि माथी तीन पटक घडी को दिशा मा घुमाएर भुइँ मा राखेपछि कर्म पात्र को जल छर्किने ।

श्रुवासंस्कार-

तेसैगरी सुरो लाई पनि पञ्च पात्र को जल छर्किएर अग्नि को उत्तर तर्फ तीन पटक घुमाउने ।

अग्निपर्युक्षण-

तलको मन्त्र उच्चारण गर्दै अग्नि माथी जल छर्किने-

ॐ प्रभो अनिरूद्ध प्रसुव यज्ञम् 'प्रसुव यज्ञपतिम्' भगाय पन सर्वभूतस्थ केतापुः केतम् नः पुनातु वागीश वाचं नः स्वदातु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

होम- (महाव्याहृति होम) घृताहुति -

निम्नलिखित मन्त्र उच्चारण गर्दै अग्नि मा घिउ को आहुति दिने-

ॐ महाव्याहृतीनां प्रजापतिर्ऋषिर्गायत्र्युष्णिगनुष्टुप्छन्दांसि अग्निवायुसूर्या देवताः आज्यहोमे विनियोगः-

ॐ भूः स्वाहा इदम अग्नये न मम

ॐ भुवः स्वाहा इदम वायवे न मम

ॐ स्वः स्वाहा इदम सूर्याय न मम

उपर्युक्त आहुति पश्चात् आचार्य ले पञ्चपल्लव कर्म पात्र को जल मा चोबेर वरवधू लाई अभिषेक गर्ने-

अभिषेक मन्त्र-

ॐ गणेशशक्रवरूणब्रह्माविष्णुशिवादयः ।
दाम्पत्योर्मङ्गलं कुर्युरायुरारोग्यसम्पदा ॥
मरूत्स्वर्काग्निसवितृविश्वेदेवादिदेवताः ।
श्रियं कुर्वन्तु युवयोस्तुष्टिं पुष्टिं च सर्वदा ॥

अर्थात्- गणेश इन्द्र वरूण, ब्रह्माविष्णु शिवादि ले ।
दिऊन् यी दम्पती लाई, आयु आरोग्य सम्पति ॥
वायु ले सूर्य ले अग्नि, सम्पूर्ण देवतादि ले ।
दिलाऊन् यी दुवै लाई, तुष्टि, पुष्टि, समुन्नति ॥

ॐ भूः स्वाहा इदम् विष्णवे इदम् न मम ।
ॐ भुवः स्वाहा इदम् अच्युताय इदम् न मम ।
ॐ स्वः स्वाहा इदम् नारायणाय इदम् न मम ।
ॐ भूर्भुवस्वः स्वाहा इदम् अनन्ताय इदम् न मम ।

घृताहुति दिंदा सुरा मा बाँकी रहेको घिउ प्रोक्षणी पात्र मा चुहाइदिने ।

ॐ प्रजापतय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः प्रजापतिर्देवता आज्यहोमे विनियोगः
ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये न मम
ॐ इन्द्रायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्द इन्द्रो देवता आज्यहोमे विनियोगः
ॐ इन्द्राय स्वाहा इदम् इन्द्राय न मम
ॐ अग्नये इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः अग्निर्देवता आज्यहोमे विनियोगः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ आग्नये स्वाहा इदमग्नये न मम

ॐ सोमायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः सोमोदेवता आज्यहोमे विनियोगः

ॐ सोमाय स्वाहा इदम् सोमाय न मम

प्रायश्चित्तहोम –

१. **ॐ अयाश्चाग्ने इति वामदेव ऋषिस्त्रिष्टुप्छन्दोऽग्नि देवता सर्वप्रायश्चित्तहोमे विनियोगः**

'अयाश्चाग्ने' एस मन्त्रका ऋषि वामदेव हुन्, छन्द त्रिष्टुप हो, देवता अग्नि हुन् र यो मन्त्र सम्पूर्ण प्रायश्चित का लागि गरिने होम मा प्रयोग गरिन्छ।

ॐ अयाश्चाग्ने स्यनभिशस्ति पाश्चसत्यमित्वमयाऽसि।
अयानो यज्ञं वहास्ययानो धेहि भेषजं स्वाहा, इदमग्नये न मम॥

प्राणीहरु को कल्याण गर्ने, अनुरोध नगर्नेको पनि रक्षा गर्ने हे अग्नि देव ! तिमी लाई सत्य को मार्ग थाहा छ, तिमी यहाँ आएर हाम्रा यज्ञ को हवि देवताहरु सम्म पुऱ्याइ देऊ र हाम्रो उद्धार हुने औषधि गर।

२. **ॐ उदुत्तमं वरुण पाशमस्मदवाधमं विमध्यमं श्रथाय।**
अथावयमादित्यव्रते तवानागसोऽअदितये स्याम स्वाहा, इदम् वरुणाय न ममः।

हे वरूणदेव ! हाम्रा शिर मा, पाउ मा र कम्मर मा रहेका तपाईं का बन्धन वा पाश बाट हामी लाई मुक्ति गरिदिनुहोस्, अनि हे अदितिपुत्र ! तपाईं का व्रत मा लागेका हामीहरु निरपराध बनौं; अखण्डित बनौं, यो आहुति वरूणदेव लाई समर्पित छ। फेरि निम्नलिखित मन्त्र ले आचार्य ले पञ्चपल्लव कर्म पात्र को पानी मा चोबेर वरवधू लाई अभिषेक गर्ने-

ॐ गणेशशक्रवरूणब्रह्माविष्णुशिवादयः।
दोम्पत्योर्मङ्गलं कुर्युरायुरारोग्यसम्पदा॥
मरूत्स्वर्काग्निसवितृविश्वेदेवादिदेवताः।
श्रियं कुर्वन्तु युवयोस्तुष्टिं पुष्टिं च सर्वदा॥

अर्थात्- गणेश इन्द्र वरूण, ब्रह्माविष्णु शिवादि ले।
दिऊन् यी दम्पती लाई, आयु आरोग्य सम्पत्ति॥
वायु ले सूर्य ले अग्नि, सम्पूर्ण देवता आदि ले।
दिलाऊन् यी दुवै लाई, तृष्टि, पुष्टि, समुन्नति॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राष्ट्रभृद् होम

ॐ ऋताषाड्ऋतधामाग्निर्गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् ॥ इदम् ऋतासाहे ऋतधाम्ने अग्नये गन्धर्वाय न मम ।

अर्थात्- सत्य ले युक्त भएर धाम मा बस्ने अग्नि रूप गन्धर्व ले हाम्रा ज्ञान, वीर्य र पराक्रम को रक्षा गरून् भनी यो आहुति ऋताषाड्ऋतधा मा अग्नि रूप गन्धर्व लाई समर्पण गर्दछू ।

ॐ स हितो विश्वसामा सूर्यो गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् इदम् स हिताय विश्वसाम्ने सूर्याय गन्धर्वाय न मम ॥

अर्थात्- दिन र रात लाई जोड्ने साममय सूर्य रूप गन्धर्व ले हाम्रा ज्ञान र वीर्य को रक्षा गरून् भनी यो आहुति विश्वसामा सूर्यरूप गन्धर्व लाई समर्पण गर्दछू ।

ॐ सुषुम्णः सूर्यरश्मिश्चन्द्र मा गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् ।

अर्थात्- सुषुम्ण नाम का सूर्यरश्मियुक्त चन्द्रमा रूप गन्धर्व ले हाम्रा ज्ञान र वीर्य को रक्षा गरून् ।

ॐ इषिरो विश्वव्यचा वातो गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् ।

अर्थात्- विश्वव्यापी रूप मा गमनशील वायुरूप गन्धर्व ले हाम्रा ज्ञान र वीर्य को रक्षा गरून् ।

ॐ भुज्युः सुपर्णो यज्ञो गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् ।

अर्थात्- सबैका पालन कर्ता सुन्दर पखेटा र सुन्दर गति भएका यज्ञ रूप गन्धर्व ले हाम्रा ज्ञान र वीर्य को रक्षा गरून् ।

ॐ प्रजापतिर्विश्वकर्मा मनो गन्धर्वः स नऽइदम् ब्रह्मक्षत्रं पातु तस्मै स्वाहा वाट् ।

अर्थात्- समस्त प्राणीहरु का अधिपति विश्व निर्माता मनरूप गन्धर्व ले हाम्रा ज्ञान र वीर्य को रक्षा गरून् । एसपछि तलका मन्त्रहरु ले वरवधू दुवै लाई पहिले झै पञ्चपल्लव र कर्म पात्र को जल ले अभिषेक गर्ने-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ ऋताषाडाद्याहुतिभिर्दद्यात् प्रतो हुताशनः ।
आयुर्दीर्घं च सौख्यं च पुत्रपौत्रप्रवर्धनम् ॥
उत्सर्गे वारूणे चैव वरूणो विष्णुदेवता ।
कुरूतां सुखसौभाग्यमुभावेवानयोर्द्वयम् ॥
पञ्चानां लोकपालानां ऋषीणां च ध्रुवस्य च ।
यत् कल्याणं तदनयोर्दद्यात् प्रतो हुताशनः ॥
गन्धर्वाप्सरसश्चैव प्रयच्छन्तु यशः श्रियम् ।
दीर्घमायुस्तथारोग्यमुभयोर्वरकन्ययोः ॥

अर्थात्- ऋताषाड् आहुति बाट, सन्तुष्ट अग्निदेव ले ।
सन्तति सुख सौभाग्य, दिऊन् दीर्घायु प्रेम ले ॥
उत्सर्ग काल मा आफ्नो, दुवै वरूण विष्णु ले ।
दिऊन् वरवधू लाई, सुखसौभाग्य प्रेम ले ॥
ध्रुव ले ऋषि ले साथै, पाँचोटै लोकपाल ले ।
र अग्निदेव ले नित्य, गरून् कल्याण प्रेम ले ॥
गन्धर्व ले, अप्सरा ले, बढाऊन् कीर्ति उज्ज्वल ।
र दिऊन् यी दुवै लाई, आयु आरोग्य सुन्दर ॥

जयाहोम-

ॐ चितं चेति परमेष्ठी ऋषिर्युजुश्चित्तं देवता जयाहोमे विनियोगः
ॐ चितं च स्वाहा इदम् चित्ताय न मम
ॐ चितिश्च स्वाहा इदम् चित्यै न मम
ॐ आकूतं च स्वाहा इदम् आकूताय न मम
ॐ आकूतिश्च स्वाहा इदम् आकूत्यै न मम
ॐ विज्ञातं च स्वाहा इदम् विज्ञाताय न मम
ॐ विज्ञिताश्च स्वाहा इदम् विज्ञात्यै न मम
ॐ मनश्च स्वाहा इदम् मनसे न मम
ॐ शक्वरीश्च स्वाहा इदम् शक्वरीभ्यो न मम
ॐ दर्शश्च स्वाहा इदम् दर्शाय न मम
ॐ पौर्णमासं च स्वाहा इदम् पौर्णमासाय न मम
ॐ बृहच्च स्वाहा इदम् बृहते न मम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ रथन्तरं च स्वाहा इदम् रथन्तराय न मम

ॐ प्रजापतिर्जयानिन्द्राय वृष्णे प्रायच्छदुग्रः पृतनाजयेषु । तस्मै विशः समनमन्त सर्वाः स उग्रः स इ हव्यो वभूव स्वाहा इदम् प्रजापतये (इन्द्रजयदायिने) न मम ।

तलका मन्त्र पढ्दै वरवधू लाई पूर्ववत् अभिषेक गर्ने-

जयमायुर्महत्तेजश्चित्ताद्या मन्त्रदेवताः ।
प्रयच्छन्तु शुभारोग्यं मनसा चिन्तितं फलम् ॥
गौरीलक्ष्मीस्तथेन्द्राणि लोपामुद्रा शुभव्रता ।
तादृशीयँ भवेत्कन्या विप्रवाक्याभिनन्दिनी ॥

अर्थात्- जय आयु तथा तेज, दिऊन् यी मन्त्र देवता ।
शुभ आरोग्य सौभाग्य, पुऱ्याऊन् मन का कुरा ॥
गौरी, लक्ष्मी र इन्द्राणी, लोपामुद्रा समान की ।
तपस्विनी शीलवती, मीठो बोल्ने बनून् इनी ॥

अभ्यातानहोम

१. **ॐअग्निर्भूतानामधिपतिःस मावत्वस्मिन्ब्रह्मण्यस्मिन्क्षत्रेऽस्यामाशिष्यस्यां पुरोधायामस्मिन्कर्मण्यस्यां देवहूत्यास्वाहा ।**
इदमग्नये भूतानामधिपतये न मम ॥
अर्थात्- प्राणीहरु का अधिपति, अग्नि ले ब्रह्मकर्म गर्दा, क्षत्रिय कर्म गर्दा, ठूला बाट आशीर्वाद लिंदा र यी कन्या लाई साथ मा लिएर अभीष्ट कामना पूर्ति का लागि कर्म गर्दा मलाई रक्षा गरून् ।

२. **ॐ यमः पृथिव्या अधिपतिः स मावत्वस्मिन्ब्रह्मण्यस्मिन्क्षत्रेऽस्यामा शिष्यस्यां पुरोधायामस्मिन्कर्मण्यस्यां देवहूत्या स्वाहा । इदम् यमाय पृथिव्या अधिपतये न मम ।**
अर्थात्- पृथिवी का अधिपति यम ले - ब्रह्म कर्म र क्षत्रिय कर्म गर्दा आशीर्वाद लिंदा यी कन्या का साथ मा अभीष्ट पूर्ति का निमित्त कर्म गर्दा मलाई रक्षा गरून् ।

३. **ॐ सूर्योदिवोधिपतिः स मावत्व... स्वाहा । इदम् सूर्याय दिवोधिपतये ।**
अर्थात्- द्युलोक मा र दिन को अधिपति सूर्य ले ..... मेरो रक्षा गरून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. **ॐ चन्द्रमा नक्षत्राणामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् चन्द्रमसे नक्षत्राणामधिपतये ।
अर्थात्- नक्षत्रहरु का अधिपति चन्द्रमा ले ..... रक्षा गरून् ।

५. **ॐ बृहस्पतिर्ब्रह्मणाधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् बृहस्पतये ब्रह्मणोधिपतये ।
अर्थात्- ब्राह्मणहरु का अधिपति बृहस्पति ले ..... रक्षा गरून् ।

६. **ॐ मित्रः सत्यानामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् मित्रायसत्यानामधिपतये ।
अर्थात्- सत्य का अधिपति मित्र ले ..... रक्षा गरून् ।

७. **ॐ वरूणोऽपामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् वरुणायापामधिपतये ।
अर्थात्- जल का अधिपति वरुण ले ..... रक्षा गरून् ।

८. **ॐ समुद्रः स्रोत्यानामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् समुद्राय स्रोत्यानामधिपतये ।
अर्थात्- नदीनाला का अधिपति समुद्र ले ..... रक्षा गरून् ।

९. **ॐ अन्नं साम्राज्यानामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् अन्नाय साम्राज्यानामधिपतये ।
अर्थात्- साम्राज्य का आधपति अन्नदेव ले ..... रक्षा गरून् ।

१०. **ॐ सोम ओषधीनामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् सोमायौषधीनां पतये ।
अर्थात्- अन्न, फलफूल, जडीबुटीहरु का अधिपति सोम ले ... रक्षा गरून् ।

११. **ॐ सविता प्रसवानामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् सवित्रे प्रसवानामधिपतये ।
अर्थात्- फलफूल लगायत सम्पूर्ण प्रसवधर्मी तत्त्वहरु मा अधिपति सविता ले ..... रक्षा गरून् ।

१२. **ॐ रुद्रः पशूनामधिपतिः स मावत्व ..... स्वाहा ।**
इदम् रुद्राय पशुनामधिपतये ।
अर्थात्- पशुहरु का अधिपति रुद्र ले ..... रक्षा गरून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१३. ॐ त्वष्टा रूपाणामधिपतिः स मावत्व ..... स्वाहा। इदम् त्वष्ट्रे रूपाणामधिपतये।

अर्थात्- रूप का अधिपति त्वष्टा ले ..... रक्षा गरून्।

१४. ॐ विष्णुः पर्वतानामधिपतिः स मावत्व ..... स्वाहा। इदम् विष्णवे पर्वतानामधिपतये।

अर्थात्- पर्वतहरुका अधिपति विष्णु ले ..... रक्षा गरून्।

१५. ॐ मरुतो गणानाधिपतयस्ते मावन्त्वस्मिन् ..... स्वाहा। इदम् मरुद्भ्यो गणानामधिपतये।

अर्थात्- गणहरुका अधिपति मरुत्हरु ले ..... रक्षा गरून्।

१६. ॐ पितरः पितामहाः परेऽवरे ततास्ततामहा इह मावन्त्वस्मिन् कर्मव्य स्यां देवहुत्या स्वाहा। इदम् पितृभ्यः पितामहेभ्यः परेभ्योऽवरेभ्यस्ततेभ्यस्ततामहेभ्यो नमम॥

अर्थात्- पिता, पितामह वृद्धपितामहादि पितृ पुरुषहरु ले ..... रक्षा गरून्। (प्रणीता को जल स्पर्श गर्ने)।

एसपछि तलका मन्त्रहरु पढ्दै वरवधू लाई पूर्ववत् अभिषेक गर्ने-

ॐ ब्रह्मा विष्णुस्तथा रूद्रो गुरूः शुक्रश्च भार्गवः।
आयुर्दीर्घं च सौख्यं च प्रयच्छन्त्वनयोर्द्वयोः॥
अग्निर्भूरपि यज्ञेऽस्मिन् श्रीधरश्च श्रिया सह।
पुत्राँल्लक्ष्मींस्तथा कामान् दद्युः सौभाग्यमेव च॥

अर्थात्- ब्रह्मा ले विष्णु ले रूद्र, बृहस्पति र शुक्र ले।
दिऊन यी दुइटै लाई, दीर्घायु सुख प्रेम ले॥
भूमि, अग्नि तथा यज्ञ, श्रीपति भगवान् ले।
इच्छा पूर्ण गरून् भाग्य, लक्ष्मी, सन्तान आदि ले॥

गुप्तआहुति -

वरवधू ले नदेख्ने गरी तिनका आँखा अगाडी पर्दा राखी आचार्य ले अग्नि मा यी आहुति प्रदान गर्ने-

ॐ अग्निरैतु प्रथमो देवताना सोस्यै प्रजां मुञ्चतु मृत्युपाशात्।
तदयराजा वरूणोऽनुमन्यतां यथेय स्त्री पौत्रमघन्न रोदात् स्वाहा।
इदम् अग्नये नमम॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- देवताहरु मा श्रेष्ठ अग्नि आएर यी कन्या का सन्तान लाई मृत्युपाश बाट छुटाऊन्। वरूण ले एसको अनुमोदन गरून्। इनलाई कहिल्यै पुत्र शोक मा परेर रून नपरोस् ॥

ॐ इमामग्निस्त्रायतां गार्हपत्यः प्रजामस्यै नयतु दीर्घमायुः।
अशून्योपस्था जीवतामस्तु माता पौत्रमानन्दमभि वृद्ध्यतामिय स्वाहा इदम् अग्नये।

अर्थात्- गार्हपत्य अग्नि ले यी वधू को रक्षा गरून्, इनका सन्तान दीर्घायु हुन्, यी स्वयं सौभाग्यवती होऊन् र सन्तानहरु बाट प्रशस्त सुख पाउने बनून्। एसपछि तलको मन्त्र ले वरवधू लाई पूर्ववत् अभिषेक गर्नू-

गोविन्दो गोकुले तिष्ठन् गोपीभिर्विहरन् सह।
तुष्टिपुष्टिकरो भूयादुभयोर्वरकन्ययोः ॥

अर्थात्- बसी गोकुल मा रम्ने, गोपीरमण कृष्ण ले।
यी नयाँ दम्पती लाई, दिऊन् सन्तुष्टि प्रेम ले ॥

लावाहोम -

वैदिक विवाह पद्धति मा यहाँनेर वधू बाट लाजा वा लावा हवन गराउने चलन छ। लावा लाई विकास र समृद्धि को प्रतीक मानिन्छ। लावाहोम र शिलारोहण सँगसँगै गर्ने पनि चलन छ। प्रथमतः वरवधू बसेका ठाउँ बाट उठेर वेदी को पश्चिम तर्फ गएर पूर्वाभिमुख भई उभिन्छन्। उभिँदा वर भन्दा एक पाइला अघि अग्नितिर वधू उभिन्छिन् र दुवै हात को अञ्जलि बनाउँछिन्। वर ले वधू का पछाडी बाट दुवै हात का कुहुना स्पर्श गर्छन्। वधू का भाई/दाई वा आमा ले सुपो (नाङ्लो) मा राखिएको लावा माथी अलिकति घिउ छर्केर तेसलाई चार भाग लगाई एक-एक भाग क्रमशः वधू का अञ्जलि मा राखिदिन्छन्। अनि तलका मन्त्रहरु पढ्दै क्रमै सँग चार पटक सम्म अग्नि मा आहुति दिन्छन्।

प्रथम आहुति-

ॐ अर्यमणं देवं कन्याऽअग्निमयच्छत।
स नोऽअर्यमा देवः प्रेतो मुञ्चतु मा पतेः स्वाहा इदम अर्यम्णे न मम।

अर्थात्- अर्य मा रूप हे अग्नि ! गर्छू यो हवि अर्पण।
नपरोस् कहिल्यै मेरा, पति सँग बिछोडिन ॥

एति भनेर पहिलो आहुति अग्नि मा छोडिदिनू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

द्वितीय आहुति-

एसपछि वधू अघि र वर पछि भएर लगनगाँठो समाउँदै अग्नि को एक परिक्रमा पूरा गरी अघि कै ठाउँ मा पुगेर तलको मन्त्र पढ्दै लावा को अर्को आहुति दिने-

ॐ इयं नार्युपब्रूते लाजानावपन्तिका ।
आयुष्मानस्तु मे पतिरेधन्तां ज्ञातयो मम स्वाहा । इदम अग्नये न मम ।

अर्थात्- गर्दैछू हात का लावा अग्नि लाई समर्पण ।
चिरञ्जीवी बनून्, स्वामी कुल वृद्धि गराउन ॥

तृतीय आहुति-

ॐ इमान् लाजानावपाम्यग्नौ समृद्धिं करणं तव ।
मम तुभ्यं च संवनन तदग्निरनुमन्यतामिय स्वाहा । इदम अग्नये न मम ।

अर्थात्- लाजा होम म गर्दैछू ठानी समृद्धि द्योतक ।
प्रेम पूर्ण बनोस् हाम्रो, दाम्पत्य अग्निदेवता ।

चतुर्थ आहुति -

अब तलको मन्त्र पढ्दै बाँकी रहेको लावा सबै अग्नि मा होमिदिने-

ॐ भगाय स्वाहा इदम् भगाय न मम ।

अर्थात्- भग देवता लाई यो आहुति समर्पित छ ।

पाणिग्रहण

निम्न मन्त्र पढेर वर ले वधू को दाहिने हात को बूढी औंलो समातेर प्राणिग्रहण गर्ने-

ॐ गृभ्णामि ते सौभागत्वाय हस्तं मया पत्या जरदष्टिर्यथाऽऽसः ।
भगोऽअर्यमा सविता पुरन्धिर्मह्यं त्वाऽदुर्गार्हपत्याय देवाः ।

अर्थात्- तिम्रै सौभाग्य का लागि, तिम्रा हात समाउँछू ।
बूढाबुढी हुँदा सम्म, हामी दुई सँगै रहूँ ॥
अर्य मा सविता ले र, भग ले भगवान् ले ।
गृहस्थी गर्नका लागि, तिमी मलाई सुम्पिए ॥

ॐ अमोऽहस्मि सा त्व सा त्वमस्यमोऽअहम् ।
सामाहमस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वम् ॥

अर्थात्- तिम्रा लागि म हूँ, मेरा लागि छौ एउटी तिमी ।
म साम हूँ तिमी ऋक् हौ, म द्यौ हूँ पृथिवी तिमी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वरवधू- प्रतिज्ञा

विवाह भनेको वर र वधू बीच गाँसिने एउटा अटुट सम्बन्ध हो। यो सम्बन्ध सूत्र लाई चिरस्थायी र सुदृढ बनाउनका लागि दुवै पक्ष उत्तिकै सचेत र समझदार हुनु पर्छ। एस अवसर मा वर र वधू दुवै ले अग्नि, ईश्वर र इष्टमित्रहरु का सामु छुट्टैछुट्टै प्रतिज्ञा गर्छन्। विवाह मा सबै लाई साक्षी राखेर गरिने यी प्रतिज्ञाहरु जीवनभर सम्झिराख्नका लागि हुन्। तर संस्कृत मा लेखिएका यी प्रतिज्ञा वाक्यहरु न त पण्डित पुरोहितहरु ले बुझाउने प्रयत्न गर्छन् न नवदम्पती ले नै बुझ्न खोज्छन्। फलस्वरूप प्रेम पूर्ण र उत्तरदायित्व पूर्ण हुनु पर्ने वैवाहिक जीवन दायित्वहीन र कटुता पूर्ण भइदिन्छ। एस पक्ष लाई पुन जागरित गर्न यहाँ वर र वधू बाट गरिने प्रतिज्ञाहरु क्रमशः दिइएका छन्-

(क) वर द्वारा गरिने प्रतिज्ञा :

१. आज देखि म इनलाई आफ्नै शरीर को आधा भाग मान्ने छू र जसरी आफ्ना शरीर को ख्याल राख्छू तेसैगरी इनको ख्याल राख्ने छू।
२. इनलाई घर की स्वामिनी बनाउँछू र इनी सँग सरसल्लाह लिएर मात्र गृहस्थी सम्बन्धी सबैकारोबार गर्ने छू।
३. इनमा कुनै दोष-खोट, कमीकमजोरी देखिएमा तिरस्कार गर्नुको सट्टा प्रेमपूर्वक तेस्ता कमीकमजोरी दोष खोट-मेटाउने काम गर्ने छू।
४. म पनि पत्नीव्रत पालन गर्ने छू र यी बाहेक कसैसँग सम्बन्ध जोड्ने छैन।
५. इनलाई सबै भन्दा घनिष्ट मित्र मान्ने छू र मित्र लाई दिइने सम्पूर्ण स्नेह प्रेम र सम्मान इनलाई दिने छू।
६. मेरो आम्दानी इनलाई सुम्पिने छू र इनकै सल्लाह ले खर्च गर्ने छू साथै इनको सुखसुविधा, प्रगति र प्रसन्नता का लागि पूरा ध्यान दिने छू।
७. अरु कसैका अगाडी इनको कुरा काट्ने, दोष देखाउने र अपमान गर्ने कार्य कहिल्यै गर्नेछैन र मतभेद भए एकान्त मा बसेर भन्नेछु, सम्झाउने छू।
८. इनी प्रति पूर्णतया सहनशील भएर मधुरतापूर्ण व्यवहार गर्ने छू।
९. बिरामी हुँदा, असक्त हुँदा पूर्ण सहयोग गर्नेछु, सन्तान नहुँदा तिरस्कार गर्ने छैन, इनीबाट जानीनजानी कुनै गलत कार्य भए पनि म आफ्नो कर्तव्य बाट विमुख हुने छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१०. इनको व्यक्तित्व विकास का लागि मैले गर्नसक्ने सबैकार्य गर्ने छू र इनको सफलता र असफलता मा पूर्ण सहानुभूति राख्ने छू।

(ख) वधू द्वारा गरिने प्रतिज्ञा

१. आज देखि म उहाँलाई आफ्नै शरीर लाई झैं माया ममता गर्ने छू र उहाँको सुखसुविधा को पूरा ख्याल राख्ने छू।

२. उहाँका परिजनहरु सँग पनि उत्तिकै प्रेमपूर्ण व्यवहार गर्ने छु, सबै लाई यथोचित आदर सत्कार सम्मान र माया गर्ने छू। सबै लाई सन्तुष्ट र प्रसन्न राख्ने प्रयत्न गर्ने छू।

३. परिश्रमपूर्वक घर को काम समाल्ने छू र उहाँ को प्रगति मा पूर्ण सहयोगी बन्ने छू।

४. उहाँप्रति पूर्ण श्रद्धा र विश्वास राख्नेछू, प्रतिव्रता धर्म को पूरा पालन गर्ने छू।

५. सधैं मीठो बोल्ने छू, हंसमुख रहने छू, सेवाभाव राख्नेछू। रिसाउने, ठस्किने र अप्रिय वाणी बोल्ने छैन।

६. मितव्ययी बन्ने छू, अनावश्यक खर्च गर्ने छैन, आम्दानी अनुसार खर्च गर्ने छू र व्यवस्थित ढङ्ग ले घर व्यवहार चलाउने छू।

७. उहाँमा कुनै दोष खोट दुर्गुण भए सहनशील बनेर तिनलाई हटाउने प्रयत्न गर्नेछू र सधैं प्रेमपूर्ण व्यवहार गर्ने छू। उहाँलाई कहिल्यै अपमान गर्नेछैन।

८. उहाँ सँग कुनै कुरा मा मतभेद भए एकान्त मा बसेर समाधान गर्ने प्रयत्न गर्नेछु, अरुका अगाडी कुरा काट्ने छैन।

१०. उहाँ ले बाटो बिराएर कर्तव्य विमुख भए पनि म निरन्तर धर्मपत्नी बनेर उहाँ लाई सत् मार्ग मा ल्याउने प्रयत्न गर्नेछू र कर्तव्य परायण बन्ने छू।

शिलारोहण तथा शिलापूजन

१- एसपछि वर ले वधू लाई वेदी को परिक्रमा गर्दै वेदी का उत्तर तिर राखिएको ढुङ्गा नजीक लगेर पूर्व फर्काएर वधू को गोडा को बूढीऔंलो समातेर तलको मन्त्र पढ्दै उक्त ढुङ्गा माथी राख्ने-

ॐ इमां अश्मानं आरोह, अश्मेवत्वं स्थिराभव।
द्विषन्तं अपवधत्स्व मा च त्वं द्विषताम् अधः॥

अर्थात्- यो शिला माथी टेकेर, शिला झैं बन सुस्थिर।
शत्रु का शिर मा टेकी, एसैगरी तिमी हिंड॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२- अनि वरवधू दुवै ले एक पटक अग्नि को परिक्रमा गरेर फेरि तेसै ठाउँ मा आई वर ले निम्नलिखित मन्त्र पढ्दै तेसैगरी वधू को गोडा उक्त शिला माथी राख्ने-

मन्त्र- **ॐ आरोहेममश्मानमश्मेव त्व स्थिरा भव**
अभितिष्ठ पृतन्यतोऽववाधत्स्व पृतनायतः

अर्थात्- यो शिला मा तिमी टेक, शिला झैं बन सुस्थिर ।
दबाऊ दुष्टता लाई, नउठोस् शत्रु को शिर ॥

३- तेस्रो पटक पनि अग्नि को परिक्रमा गरी त्यही ठाउँ मा आएर पहिले झैं वधू को गोडा दुङ्गा माथी राख्ने र निम्नलिखित मन्त्र (गाथा) उच्चारण गर्ने-

ॐ सरस्वति प्रेदमव सुभगे वाजिनीवति ।
यां त्वा विश्वस्य भूतस्य प्रजायामस्याग्रतः ॥
यस्यां भूत समभवत् यस्यां विश्वमिदं जगत्
तामद्य गाथां गास्यामि या स्त्रीणामुत्तमं यशः ॥

अर्थात्- हाम्रो सम्बन्ध को रक्षा, गरिदेऊ सरस्वती ।
तिमी संसार की आमा, ज्ञान की जननी तिमी ॥
जमायो जसले सृष्टि, जोमाथी अडिया छ यो ।
म गाथा गाउने गर्छु, त्यही स्त्रीरूप शक्ति को ॥

एसपछि फेरि अग्नि को परिक्रमा गरेर त्यही ठाउँ मा आई वरवधू दुवै ले त्यही दुङ्गा मा तीन रेखा बनाई निम्नलिखित मन्त्र ले ती तीन रेखा मा क्रमै ले एक-एक पटक गरी तीन पटक पूजा गर्ने ।

ॐ भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री ।
पृथिवीं यच्छ पृथिवीदृ ह पृथिवीं मां हि सीः ॥

अर्थात्- तिमी हौ पृथिवी भूमि, देवता की मुमा तिमी ।
समस्त जीव की आमा, आधार सबकी तिमी ॥
रक्षा गर दिई ठाउँ बनाऊ बलियो पनि ।
नबिगार कसैलाई, हे शिला रुपिणी तिमी ॥

अनि यी मन्त्र ले उक्त शिला लाई नमस्कार गर्ने ।

माता च वसुधा देवी पिता देवो जनार्दनः ।
त्वमेव शरणं देवि सर्वकामप्रदा भव ॥ ॐ शिलायै नमः-३

अर्थात्- आमा हुन् धरती देवी, पिता हुन् श्री जनार्दन ।
पर्‍यौं शरण मा तिम्रै, पूर्ण होस् मनकामना ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अष्टपर्वतपूजा

शिला पूजा पछि वरवधू दुवै आआफ्ना ठाउँ मा आएर वेदी तिर फर्केर बस्ने । अगाडी एउटा वस्त्रखण्ड ओच्छ्याएर तेसमा उत्तर देखि वायव्य सम्म क्रमै ले चामल का ससाना आठ थुप्रा (अष्ट पर्वत का प्रतीक) बनाई तिनलाई निम्नलिखित मन्त्रोच्चारण सहित क्रमै ले पूजा गर्दै जाने -

१. **उत्तरपट्टि सर्वप्रथम सुमेरूपर्वतको पूजा गर्ने**
सुमेरूं काञ्चनमयं चतुःश्रृङ्गविराजितम् ।
मण्डलस्योत्तरे भागे चन्द्रमा ..... इति पूजये ॥
ॐ सुमेरूपर्वताय नमः ।

अर्थात्- यज्ञ मण्डल को उत्तर तर्फ सुवर्णमय चार शिखर भएका सुमेरू पर्वत को चन्द्र मा मनसो ..... इत्यादि मन्त्र ले पूजा गर्छू, प्रणाम गर्छू ।

२. **ईशान पट्टि शिखिर पर्वत**
शिखिरं च महादेवं पाण्डुरं हेमभूषितम् ।
ये ते शतमितीशाने विदिग्भागे प्रपूजये ॥
ॐ शिखिरपर्वताय नमः ।

अर्थात्- ईशान तिर सुवर्ण मुक्त शिव स्वरूप शुक्ल वर्ण का शिखिर पर्वत लाई **ये ते शतं वरूणं....** जस्ता मन्त्र ले पूजा तथा प्रणाम गर्छू ।

३. **पूर्व तिर उदयाचल पर्वत**
उदयं पर्वतं पीतं रक्तश्वेतविभूषितम् ।
'त्रातार' मितिमन्त्रेण साधिष्ठातारमर्चये ॥
ॐ उदयाचलाय नमः ।

अर्थात्- पूर्व तिर रातो, सेतो, पहेंलो आदि रङ्ग ले विभूषित उदयाचल पर्वत लाई त्रातार.... इत्यादि मन्त्र ले पूजा तथा प्रार्थना गर्छू ।

४. **आग्नेय तिर मरूत्त पर्वत मरूत्तं स्थितमाग्नेय्यां महोग्रं कृष्णवर्णकम् ।**
'मरूत्वा' निति मन्त्रेण पूजये गिरिमुच्छ्रितम् ॥
ॐ मरूत्तपर्वताय नमः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- आग्नेय तर्फ कालो वर्ण को अति उच्च मरूत पर्वत लाई मरूत्वा..... इत्यादि मन्त्र ले पूजन गर्छू, प्रणाम गर्छू।

५. **दक्षिण तिर विन्ध्याचल पर्वत**

विन्ध्याचलं तथा रक्तश्वेतवर्णविभूषितम्।
'धामच्छ'दिति मन्त्रेण दक्षिणस्यां प्रपूजये॥
ॐ विन्ध्याचलाय नमः।

अर्थात्- दक्षिण मा रातो र सेतो रङ्ग ले विभूषित विन्ध्याचल पर्वत लाई धामच्छद ..... इत्यादि मन्त्र ले पूजा र प्रार्थना गर्छू।

६. **नैर्ऋत्य तिर हिमाचल पर्वत**

हिमाचलं हिममयं नैर्ऋत्यां हेमभूषितम्।
हिरण्यगर्भमन्त्रेण पूजये त्वां समुच्छ्रितम्।
ॐ हिमाचलाय नमः

अर्थात्- नैऋतय तर्फ सुवर्णगर्भित, हिमाचछादित हिमाचल नामक उच्च पर्वत लाई हिरण्यगर्भ ..... इत्यादि मन्त्र ले पूजा र प्रार्थना गर्छू।

७. **पश्चिम तिर वैराट् पर्वत**

पाण्डवैः गुप्तचर्यार्थमाश्रितं पश्चिमे स्थितम्
'धन्वना' इति मन्त्रेण वैराटं गिरिमर्चये
ॐ वैराटपर्वताय नमः।

अर्थात्- पश्चिम चिर पाण्डवहरु ले गुप्तवास मा आश्रय लिएका वैराट पर्वत लाई धन्वना ..... आदि मन्त्र ले पूजा र प्रार्थना गर्दछू।

८ **वायव्य तिर शारद पर्वत**

शारदं शुभ्रवर्णाढ्यं ज्ञानदं करूणायुतम्।
वायव्यां दिशि श्रीवाण्यैर्वायव्यानीति पूजये
ॐ शारदपर्वताय नमः।

अर्थात्- वायव्य तर्फ सुकिलो वर्ण का करूणामय ज्ञानदाता 'शारद' नामक पर्वत लाई वायव्यैर्वायव्या ..... इत्यादि मन्त्र ले पूजन र प्रार्थना गर्दछू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सप्तपदी

वेदी को उत्तर तर्फ एउटा वस्त्र ओच्छ्याएर तेसमा अबीर, केसरी, सिन्दूर आदि ले दक्षिण देखि उत्तर सम्म लहरै सात वटा मण्डल गोलाकार वा वर्गाकार कोठाहरु स्पष्ट सँग सीमा छुट्याएर बनाउने। अनि आचार्य ले तलका मन्त्रहरु पढ्दै जाने र वर ले वधू लाई क्रमै सँग दाहिने गोडा ले ती मण्डल कुल्चिँदै अगाडी हिँडाउने वा सात पाइला उत्तर तिर हिँडाउने-

ॐ एकमिष इत्यादि सप्तानां यजुषां प्रजापति
ऋषिलिङ्गोक्ता देवताः सप्तपदाक्रमणे विनियोग :-

१) पहिलो मण्डल मा टेक्दा भन्ने मन्त्र-

ॐ एकमिषे विष्णुस्त्वा नयतु।

अन्न वृद्धि का निमित्त विष्णु ले तिमीलाई एक पाइला हिँडाऊन्।

२) दोस्रो मण्डल मा टेक्दा भन्ने मन्त्र-

ॐ द्वे ऊर्जे विष्णुस्त्वा नयतु।

बल वृद्धि का लागि विष्णु ले तिमीलाई दोस्रो पाइला हिँडाऊन्।

३) तेस्रो मण्डल मा...

ॐ त्रीणि रायस्पोषाय विष्णुस्त्वा नयतु।

धनधान्य वृद्धि का निमित्त विष्णु ले तिमीलाई तेस्रो पाइला हिँडाऊन्।

४) चौथो मण्डल मा...

ॐ चत्वारि मायोभवाय विष्णुस्त्वा नयतु।

सुख प्राप्ति का लागि विष्णु ले तिमी लाई चौथो पाइला हिँडाऊन्।

५) पाँचौं मण्डल मा-

ॐ पञ्चपशुभ्यो विष्णुस्त्वा नयतु।

पशुधन वृद्धि का लागि विष्णु ले तिमीलाई पाँचौं पाइला हिंडाऊन्।

६) छैटौं मण्डल मा...

ॐ षड्ऋतुभ्यो विष्णुस्त्वा नयतु।

छ वटा ऋतु प्राप्ति का निम्ति विष्णु ले तिमीलाई छैटौं पाइला हिंडाऊन्।

७) सातौं मण्डल मा...

ॐ सखे सप्तपदाभव सा मामनुव्रता भव विष्णुस्त्वा नयतु।

हे सङ्गिनी ! तिमी सातै पाइला मा मसँग एक मन चित्त भएर घनिष्ठतापूर्वक धर्म मा रहने बन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सप्तर्षिपूजा-

उपर्युक्त सात मण्डलहरु मा निम्नलिखित मन्त्रहरु को उच्चारणपूर्वक वरवधू दुवै ले क्रमै सँग सात ऋषिहरु को पूजा गर्ने चन्दन फूल अक्षता ले-

१- **सर्वप्रथम अत्रि लाई-**

आवाहयाम्यहम् अत्रिं विवाहे क्रमणे पदे ।

नित्यं रक्षाकरो भूया ऋषे त्वां पूजयाम्यहम् ॥ ॐ अत्रये नमः ।

अर्थात्- हाम्रो सुरक्षा का लागि ऋषिवर अत्रि लाई एस विवाह यज्ञ को प्रथम पाइला मा आवाहन गर्छू, पूजन गर्छू ।

२- **वशिष्ठ-**

आवाहयाम्यहं देवं वशिष्ठं मुनिसत्तमम् ।

चन्द्रसूर्य स्वरूपं त्वां महर्षे पूजयाम्यहम् । ॐ वशिष्ठाय नमः ।

अर्थात्- दोस्रो पाइला मा म चन्द्र जस्ता शीतल र सूर्य जस्ता तेजिला महामुनि वशिष्ठ को आवाहन एवं पूजन गर्दछू ।

३- **अङ्गिरा-**

आवाहयाम्यङ्गिरसमृषिवृन्दसमर्चितम् ।

दम्पत्योर्जयदातारं सदारं पूजयाम्यहम् ॥ ॐ अङ्गिरसे नमः ।

अर्थात्- तेस्रो चरण मा हामी दम्पती को कल्याण गर्ने तथा ऋषिहरु मा पूजनीय अङ्गिरा ऋषि को आवाहन एवं पूजन गर्दछू ।

४- **विश्वामित्र-**

विश्वामित्र त्वमागच्छ त्वरितं कृष्णसन्निभ ।

उत्तारित हरिश्चन्द्रं मुने त्वां पूजयाम्यहम् । ॐ विश्वामित्राय नमः ।

अर्थात्- चौथो चरण मा हरिश्चन्द्र लाई उद्धार गर्ने तथा कृष्ण जस्तै प्रभावशाली महर्षि विश्वामित्र लाई आवाहन एवं पूजन गर्दछू ।

५- **व्यास-**

पराशरसुत व्यास मत्स्यगन्धासमुद्भव ।

आगच्छ यज्ञरक्षार्थं मुने त्वां पूजयाम्यहम् । ॐ व्यासाय नमः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- पाँचौं चरण मा यज्ञ रक्षा का लागि पराशर र मत्स्यगन्धा बाट उत्पन्न महामुनि व्यास लाई आवाहन, पूजन तथा प्रणाम गर्छू ।

६- **भरद्वाज-**

भरद्वाज ऋषिश्रेष्ठ आगच्छ यज्ञमण्ड ले ।

ऋतुषट्कशरीरं त्वां पूजयामि कृपां कुरू । ॐ भरद्वाजाय नमः ।

अर्थात्- छैटौं चरण मा यज्ञ सम्पन्नता का लागि ऋषिवर भरद्वाज लाई आवाहन, पूजन र प्रणाम गर्छू ।

७- **दुर्वासा-**

कल्याणरूप भगवन् दुर्वास ऋषिसत्तम ।

आगच्छ कुरू कल्याणं मुने त्वां पूजयाम्यहम् । ॐ दुर्वाससे नमः ।

अर्थात्- सातौं चरण मा हाम्रो कल्याण का लागि कल्याण मूर्ति महर्षि दुर्वासा लाई आवाहन पूजन तथा प्रणाम गर्छू ।

अभिषेक

वर ले आँप-पीपल का पातहरु कलश वा कर्म पात्र का जल मा चोबेर निम्नलिखित मन्त्र पढ्दै वधू लाई अभिषेक गर्ने-

ॐ आपः शिवाः शिवतमाः शान्ताः शान्ततमास्तास्ते कृण्वन्तु भेषजम् ।

अर्थात्- जल कल्याण कारी छन्, शान्त छन् सुखरूप छन् ।
तेस्ता यी जल ले तिम्रा, रोग शोक सबै हरुन् ॥

हृदयालम्भन

वर ले निम्नलिखित मन्त्रोच्चारण गर्दै वधू को दाहिने काँध माथी बाट दाहिने हात ले हृदय स्पर्श गर्ने-

ॐ मम व्रते ते हृदयं दधामि मम चित्तमनु चित्तं तेऽअस्तु ।
मम वाचमेकमना जुषस्व प्रजापतिष्ट्वा नियुनक्तु मह्यम् ॥

अर्थात्- मेरो सङ्कल्प का साथ, तिम्रो हृदय गाँसियोस् ।
मेरो चित्त सँगै तिम्रो, चित्त आएर जोडियोस् ॥
एउटै मन होस् हाम्रो, र दुवै को कुरा मिलोस् ।
एक आपस का लागि, हाम्रो यो जिन्दगी बनोस् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सिन्दूरदान (वधू अभिमन्त्रण)

वर र वधू दुवै तर्फ का कपडा वर तर्फ को माथी पारेर खप्टने अनि कपडा को एउटा टुप्पो ईशान कलश र अर्को वधू को शिर वा सिउँदो सम्म पुग्ने गरी फैलाउने। वर ले सिन्दूर को डब्बा बाट अलिकति सिन्दूर दियो, कलश, गणेश र अग्नि मा चढाउने अनि थोरै थोरै सिन्दूर तीन पटक माथी तिर हुत्याउने र मन मन ले इष्टदेव लाई सम्झेर दाहिने हात ले कलश देखि नटुटाई कपडा माथी रेखी पार्दै वधू का सिउँदा मा लगाइदिने। निम्नलिखित मन्त्र पढ्दै मङ्गल वाद्यधून का साथ तीन पटक पूर्ववत् सिन्दूर लगाइदिने-

ॐ सुमङ्गलीरियं वधूरिमां समेत पश्यत।
सौभाग्यमस्यै दत्वा याथास्तं विपरेत न॥

अर्थात्- साह्रै लच्छिनकी छन् यी, सुशीला सुन्दरी वधू,
दिनोस् सौभाग्यको भिक्षा, हे महान् देवताहरु !
पाऊन् अखण्ड सौभाग्य, सधैं प्रसन्न हुन् इनी,
असहाय भई बस्न, नपरोस् कहिल्यै पनि॥

तीन पटक सिन्दूर लगाई दिएपछि अन्त मा वधू का निधार मा पनि सिन्दूर को टीको लगाइदिने र बाँकी रहेको सिन्दूर बट्टा सहितै वधू लाई दिने।

ठाउँ सार्ने

एसपछि तलको मन्त्र पढ्दै वधू लाई जुरूक्क उचालेर आफ्नो देब्रे पट्टि विशेष आसन मा बसाल्ने (ठाउँ सार्ने)-

ॐ इह गावो निषीदन्तु इहाश्वाऽइह पूरूषाः।
इह सहस्रदक्षिणो यज्ञऽइह पूषा निषीदतु॥

अर्थात्- जहाँ राख्छू तिमी लाई, त्यहाँ वैभव वर्सियोस्।
धन, वाहन, उद्योग, देवता को निवास होस्॥

एसपछि वधू ले वर लाई लुगा को फेर समातेर बस्न लगाउने र वर बसिसके पछि वधू ले वर का गोडा मा ढोगिदिने। आचार्य ले तलको मन्त्र पढ्दै अग्नि मा स्रुवा द्वारा घिउ को आहुति दिने।

ॐ अग्नये स्विष्टकृत इति मन्त्रस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः
अग्निर्देवता स्विष्टकृद्होमे विनियोगः
ॐ अग्नये स्विष्टकृते स्वाहा इदमग्नये स्विष्टकृते न मम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- यज्ञ कर्म लाई साथक बनाउने र उपयुक्त फल प्रदान गर्ने अग्निदेव लाई म यो आहुति समर्पण गर्दछू ।

एसरी आहुति दिई श्रुवा मा बाँकी रहेको घिउ एउटा अर्को भाँडा मा चुहाउने र उक्त हुतशेष घिउ वरवधू दुवै लाई चाट्न लगाई आचमन गराउने ।

माहुर खुवाउने

काँस को भाँडा मा दही, घिउ, मह एकै ठाउँ मा राखेर कचौरा ले छोपी वरवधू का अगाडी ल्याउने । वधू ले उक्त भाँडो उघारी आगो मा देखाएर चलाउने र साहिंली औंला ले अलिकति झिकेर देवता लाई चढाउने । अनि कान्छी औंला ले बीच बाट चिरेर दुई भाग गर्ने । तेसपछि वरवधू दुवै ले तँछाड्मछाड् गर्दै उक्त माहुर एक अर्का लाई चटाउने । अनि हात धोएर आचमन गर्ने ।

पूर्णपात्रदान

फल, वस्त्र, द्रव्य, जनै सहित को चामल को पूर्ण पात्र अगाडी राखेर तलको मन्त्र ले पूजा गर्ने-

ॐपूर्णा दर्विं परापत सुपूर्णा पुनरापत ।
वष्णेव विक्रीणावहाऽइषमूर्ज्ज शतक्रतो ॥

अर्थात्- हे पूर्णपात्र उत्कृष्ट, परिपूर्ण बनीकन,
इन्द्र सामु पुगी आऊ, पुण्य को फल लीकन ।
बनोस् सार्थक सम्पूर्ण, गरेको कर्म निर्मल,
भोगौंला देवता साथ, मिलेर पुण्य को फल ।

कुश को टुक्रा सहित पूर्ण पात्र छोएर एस्तो सङ्कल्प गर्ने-

हरि ॐ तत्सत्.... अद्येह.... गोत्र.... प्रवर.... नामा वधूसहितोऽहं कृतेऽस्मिन्नस्मद्विवाहहोमकर्मणि कृताकृतावेक्षणरूप ब्रह्मकर्म प्रतिष्ठार्थमिदं पूर्णपात्रं प्रजापति देवताकं..... गोत्राय..... शर्मणे ब्राह्मणाय दक्षिणात्वेन तुभ्यं सम्प्रददे तत्सत् न मम ।

एति भनेर ब्राह्मण का हात मा दिने । अनि ब्राह्मण ले तलको मन्त्र पढ्दै प्रणीतापात्र को जल पवित्र वा कुश ले वरवधू का शिर मा छर्किदिने-

ॐ सुमित्रियानऽआपऽओषधयः सन्तु ।

अर्थात्- हितैषी औषधि तुल्य बनून् यी जल का कण ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूर्णाहुति

सुवा मा वधू लाई सिङ्गो नरिवल, सुपारी इत्यादि राख्न लगाएर आचार्य ले उठेर तलको मन्त्र पढ्दै सुवा द्वारा अग्नि मा घृत धारा दिने-

ॐ मूर्धानन्दिवोऽअरतिं पृथिव्या वैश्वानरमृतऽआजातमग्निम् ।
कवि सम्राजमतिथिञ्जनानामासन्नापात्रञ्जनयन्त देवाः स्वाहा ॥
ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥
नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ॥

मेधाकरण होम

नरिवल सुपारी सहित ब्राह्मण ले अग्नि मा घृतधारा हवन गर्ने । वर ले पनि ब्राह्मण लाई छुने-

मन्त्र- **ॐ याम्मेधान्देवगणाः पितरश्चोपासते,**
तया मामद्य मेधयाग्ने मेधाविनं कुरू स्वाहा ।
ॐ मेधाम्मे वरूणो ददातु मेधामग्निः प्रजापतिः ।
मेधामिन्द्रश्च वायुश्च मेधान्धाता ददातु मे स्वाहा ॥

अर्थात्- देवता पितृ मा जस्तो, बुद्धि को हुन्छ चाहना ।
हे अग्नि ! पाऊँ त्यै बुद्धि, र मेधावी बनूँ सदा ॥
वायु वरूण धाता र, अग्नि इन्द्र प्रजापति ।
पाऊँ बुद्धि सबै बाट, र मेधावी बनूँ अति ॥

एसपछि अवशिष्ट घिउ चरू सहित सानो कपडा को टुक्रा तलको मन्त्र उच्चारण गर्दै हवन गर्ने-

ॐ यत्रेन्द्रश्च वायुश्च सम्यञ्चौ चरतः सह ।
तँल्लोकं पुण्यं प्रज्ञेषं यत्र सेदिर्न विद्यते स्वाहा ॥

अर्थात्- जहाँ इन्द्र तथा वायु, सँगै मिलेर हिंड्दछन् ।
म त्यही लोक मा जाऊँ, जहाँ अभाव क्यै नहोस् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तिलकधारण

एसपछि स्रुवा ले वेदी बाट चरू डढेको भस्म निकालेर चन्दन बनाई तलको मन्त्र पढ्दै वरवधू लाई लगाइदिने-

ॐ त्र्यायुषं जमदग्ने- निधार मा

ॐ कश्यपस्य त्र्यायुषं- घाँटी मा

ॐ यद्देवेषु त्र्यायुषं- दाहिने कुम मा

ॐ तन्नो अस्तु त्र्यायुषं- हृदय मा (तिलक लगाउने)

यहाँनेर वर र वधू दुवै पक्षकाले वरवधू का शिर माथी रङ्गीन कपडा मा लावा राखेर तानातान गर्ने । वरवधू ले साथ मा ऐना पनि राखेर तेसमा हेर्दै मुखामुख गरी पाशा खेल्ने चलन पनि कहींकहीं छ ।

ग्रहलितक

आचार्य ले तल लेखिएका मन्त्रहरु पढ्दै श्लोकैपिच्छे वरवधू लाई रातो अक्षता को टीका पालै सित लगाइदिने-

ॐ गजाननः पर्शुसनाथपाणी रक्ताम्बरो मूषकवाहनश्च ।
लड्डूकहस्तश्च गणाधिनाथो वरस्य वध्वा वितनोतु भूतिम् ॥
हंसाधिरूढश्च चतुर्मुखः स कमण्डलुर्यज्ञपवित्रदेहः ।
ब्रह्मादिदेवस्त्रिजगत्प्रपूज्यो वरस्य वध्वा वितनोतु भूतिम् ॥
शंखं गदां चक्रसरोरूहे च करैर्दधानो गरूडाधिरुढः ।
विष्णुः सदा सर्वजगत्प्रपूज्यो वरस्य वध्वा वितनोतु भूतिम् ।
गङ्गाधरो भस्मजटाधरश्च ललाटचन्द्रो वृषवाहनश्च ।
त्रिशूलखट्वाङ्गधरो महेशो वरस्य वध्वा वितनोतु भूतिम् ॥
सिंहाधिरूढा जगदम्बिका च त्रिशूलपाशाङ्कुशखड्गहस्ता ।
त्रैलोक्यमाता वरदा वरेण्या वरस्य वध्वा वितनोतु भूतिम् ॥
सुराश्च सर्वे ग्रहदेवताश्च सप्तर्षयो दिक्पतयो नगेन्द्राः ।
सयोगवारास्तिथयोऽखिलाश्च वरस्य वध्वा वितनोतु भूतिम् ॥
ये यन्निदेशादिह कर्तुमीशा ये यन्निदेशादिह हर्तुमीशाः ।
ते तन्निदेशादिह सुप्रसन्ना वरस्य वध्वा वितनोतु भूतिम् ॥

Prof. Madhav Prasad Ismichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्-कैलाशवासी शिव पार्वती का, सुपुत्र विघ्नेश्वर सिद्धिदाता ।
पाएर आशीष गणेश जी को, कल्याण होस् यी वर को वधू को ॥१॥
लिई गदा पद्म र शङ्ख चक्र, चलाउने सुन्दर सृष्टिचक्र ।
पाएर आशीष जगत्पिता को, कल्याण होस् यी वर को वधू को ॥२॥
शरीर मा भस्म रमाउनेको, निधार मा चन्द्र सजाउनेको ।
पाई कृपा शङ्कर को उमा को, कल्याण होस् यी वर को वधू को ॥३॥
त्रिशूल तर्बार लिई डटेकी, र सिंह का वाहन मा चढेकी ।
पाई कृपा ती जगदम्बिका को, कल्याण होस् यी वरको वधू को ॥४॥
श्रीकृष्ण राधा व्रजगोपिका को, श्रीराम सीता कुलदेवता को ।
पाएर आशीष सदासदा को, कल्याण होस् यी वरको वधू को ॥५॥
सबै महात्मा ऋषि देवता ले, पितृहरु ले अनि मातृका ले ।
दिएर आशीष मनै भरि को, भलो गरून् यी वरको वधू को ॥६॥
नक्षत्र तारा करूणादि सारा, वर्षै भरि का तिथि योग बार ।
अनिष्ट नाशीकन यी दुवै को, भलो गरून् यी वर को, वधू को ॥७॥

दक्षिणा-सङ्कल्प

दक्षिणा दिने रूपियाँ पैसाहरु अगाडी राखेर तलको मन्त्र पढेर पूजा गर्ने-

ॐ हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥ ॐ दक्षिणाद्रव्याय नमः ।

जौ तिल कुश लिएर उक्त दक्षिणा द्रव्य छुंदै सङ्कल्प गर्ने-

ॐ अद्येह.....गोत्र.....प्रवर नामाऽहं मम सभार्यस्य कृतेऽस्मिन्विवाहकर्मणि तदङ्गभूतपूजनहवनादिसकलकर्मणः साङ्गतासिद्ध्यर्थम् इमां भूयसीं दक्षिणां नानानामगोत्रेभ्यो नानानामशर्मभ्यो ब्राह्मणादिभ्यो यथाभागं विभज्य यथाकालं दातुमहमुत्सृजे; ॐ तत्सत् न मम ॥

भनेर जल मा छुवाएर राख्ने र पछि दिनु पर्ने सबै लाई दक्षिणा प्रदान गर्ने ।

प्रदक्षिणा

तलका मन्त्र पढ्दै फूल अक्षता चढाउँदै अर्घ पात्र को जल छर्किंदै यज्ञ को परिक्रमा गर्ने-

ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणां पदे पदे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विसर्जन

अब निम्नलिखित मन्त्र पढ्दै- फूल अक्षता वेदी तिर छर्दै विसर्जन गर्ने-

ॐ उत्तिष्ठ ब्रह्मणस्पते देवयन्तस्त्वेमहे ।
उपप्रयन्तु मरूतः सुदानव इन्द्रप्राशुर्भवा स चा ॥

अर्थात्- हे वेदज्ञ ब्रह्माजी ! तपाईं उठ्नुहोस्, देवपूजक हामीहरु तपाईं को प्रार्थना गर्छौं । राम्रो फल प्रदान गर्ने देवताहरु तपाईं सँगै लागून्, हे इन्द्र ! तपाईं पनि ब्रह्माजी सँगै जानुहोस् ।

ॐ यान्तु देवगणाः सर्वे पूजामादाय पार्थिवीम् ।
इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ॥

अर्थात्- हाम्रो मनोकामना सिद्ध गर्न यथासमय आउने गरी हामी बाट सम्पन्न पूजाग्रहण गरेर देवताहरु आ-आफ्ना ठाउँ मा पाल्नुहोस् । एसरी देवताहरु को विसर्जन गरिसकेपछि आचार्य वा ब्राह्मण का हात बाट वरवधू ले रक्षासूत्र/अभिषेक टीका तथा फूलप्रसाद ग्रहण गर्ने र ब्राह्मणहरु लाई यथोचित दानदक्षिणा, नैवेद्य दिने । तेसपछि हात जोडेर तलका मन्त्रहरु उच्चारण गर्ने-

ॐ प्रमादात् कुर्वतां कर्म प्रच्यवेताध्वरेषु च
स्मरणादेव तद्विष्णोः सम्पूर्णस्यादिति श्रुतिः ॥
ॐ यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ॥
ॐ अच्युताय नमः, ॐ अच्युताय नमः, ॐ अच्युताय नमः ।

अर्थात्- कुनै पनि यज्ञ कर्म गर्दा प्रमादवश कुनै कमी भएको भए भगवान् विष्णु को नाम लिनाले सबै पूर्ण हुन्छ भन्ने वेदवचन छ । तेसैले, तपस्या मा यज्ञ आदि कर्म मा जसको नाम स्मरण गर्नाले सबै न्यूनता तत्काल पूर्ण हुन्छन् उनै भगवान् अच्युत लाई नमस्कार गर्छू । भगवान् अच्युत लाई नमस्कार, नमस्कार, नमस्कार ।

अन्त मा यज्ञपुरुष भगवान् नारायण लाई हृदय मा विराजमान गराएर तलको मन्त्र पढ्दै सम्पूर्ण कर्म भगवान् लाई समर्पण गर्ने-

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्धयात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

अर्थात्- शरीर, वाणी, मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय ले स्वभाव ले । यहाँ गर्रे जे जति कर्म शक्ति ले, अर्पन्छु नारायण मा म भक्ति ले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चतुर्थी-कर्म

विवाह सम्पन्न भएको चौथो दिन सम्पन्न गरिने हवन आदि कर्म लाई चतुर्थी भन्दछन् । चतुर्थी चौथो रात को पछिल्लो प्रहर मा घर भित्रै सम्पन्न गर्नू भन्ने शास्त्रीय निर्देश भए पनि हाम्रो समाज मा व्यावहारिक सरलता का लागि विवाह को भोलिपल्टै वा विवाह को लगत्तै पछि वा विवाह कै वेदी मा पनि चतुर्थी गर्ने चलन छ ।

तत्काल तेसै वेदी मा चतुर्थी गर्ने हो भने छुट्टै ब्राह्मणवरण, पुण्याहवाचन आदि नगरी वरवधू ले पहिले को यज्ञ मा स्थापित दीप, गणेश र कलश को सामान्य पूजा गरी होम गराउँदा हुन्छ । यदि अर्को ठाउँ मा अर्को समय मा चतुर्थी गर्ने हो भने निम्नलिखित विधि अपनाउनु उपयुक्त हुन्छ ।

- चतुर्थी का लागि उपयुक्त यज्ञवेदी निर्माण गर्ने ।
- पुरोहित ले विधिपूर्वक कर्म पात्र बनाएर कर्म पात्र को जल तथा जौ, तिल, कुश ले वेदी लाई सेचन गरी शुद्ध गर्ने र दीप कलश गणेश को स्थापना गर्ने
- अग्नि संस्कार गरी अग्निस्थापना गर्ने । (विधि पूर्वाङ्ग कर्म मा छ ।)
- वरवधू ले स्नान, ध्यान, जप, तिलक आदि कर्म बाट निवृत्त भएर सफा र सुन्दर वस्त्राभूषणहरु पहिरेर यज्ञ स्थल मा गई पुरोहित द्वारा निर्दिष्ट आसन मा बसी ब्राह्मणवरण गर्ने-

ब्राह्मणवरण को सङ्कल्प

कर्म पात्र को जल सहित जौ, तिल, कुश हात मा लिएर तलको सङ्कल्प गर्ने-

ॐ अद्येह....अद्यकर्तव्यास्मद्विवाहचतुर्थीहोमकर्मणि दीपकलशगणेशादिदेवतापूजनपूर्वकं कृताकृतावेक्षणादि यथाविहि तोपयोग्यतत्तत्कर्मकर्तुम् एभिश्चन्दनपुष्पाक्षतपूगीफलद्रव्यैः ब्रह्मन् त्वामहं वृणे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एति भनिसकेपछि ब्राह्मण वा पुरोहित लाई टीका लगाई वस्त्र, द्रव्य वा अन्य भेटी दिएर वरण गर्ने ।

पुण्याहवाचन

अब वरबधू दुवै ले हात जोडेर निम्नलिखित उक्ति उच्चारण गर्दै ब्राह्मण वा पुरोहित लाई पुण्याहवाचन का लागि प्रार्थना गर्ने-

अस्मद्गृहे भो ब्राह्मणाः कल्याणं भवन्तो ब्रुवन्तु - ३

(हे ब्राह्मण ! हाम्रा घर मा कल्याण होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः स्वस्तिः भवन्तो ब्रुवन्तु - ३

(हे ब्राह्मण ! हाम्रा घर मा शुभ होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः ऋद्धि भवन्तो ब्रुवन्तु -३

(हे ब्राह्मण ! हाम्रा घर मा समृद्धि होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः वृद्धि भवन्तो ब्रुवन्तु -३

(हे ब्राह्मण ! हाम्रा घर मा वृद्धि होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः कल्याणं भवन्तो ब्रुवन्तु -३

(हे ब्राह्मण ! हाम्रा घर मा कल्याण होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः शान्तिं भवन्तो ब्रुवन्तु -३

(हे ब्राह्मण ! हाम्रा घर मा शान्ति होस् भनिदिनू ।)

अस्मद्गृहे भो ब्राह्मणाः श्रियं भवन्तो ब्रुवन्तु -३

(हे ब्राह्मण ! हाम्रा घर मा ऐश्वर्य होस् भनिदिनू ।)

अनि ब्राह्मण ले भन्ने -

ॐ स्वस्तिरस्तु ३, ॐ ऋद्धिरस्तु ३

ॐ वृद्धिरस्तु ३, ॐ कल्याणमस्तु ३

ॐ शान्तिरस्तु ३, ॐ श्रीरस्तु ३ ।

यति भन्दै ब्राह्मण ले वरवधू लाई फूलप्रसाद दिंदै यो मन्त्र उच्चारण गर्ने-

ॐ मन्त्रार्थाः सफलाः सन्तु, पूर्णाः सन्तु मनोरथाः
शत्रूणां बुद्धिनाशोऽस्तु मित्राणामुदयस्तव ॥
भद्रमस्तु शिवं चास्तु महालक्ष्मीः प्रसीदतु ।
रक्षन्तु त्वां सदा देवा आशिषः सन्तु सर्वदा ॥

Digitized by Arya Vanshawali Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- मन्त्र को अर्थ होस् पूर्ण, पूर्ण हुन् मनकामना ।
नाशियोस् शत्रु को बुद्धि, बढून् मित्रहरु सदा ॥
होस् सधैं शुभ कल्याण महालक्ष्मी प्रसन्न हुन् ।
देवता ले गरून् रक्षा हाम्रा आशीष यी पुगून् ॥

कुशकण्डिका

- सर्वप्रथम वरवधू ले दीप गणेश र कलश को पूजा गर्नू ।
- विधिपूर्वक प्रणीतापात्र हात मा लिएर तेसको जल मा ब्रह्मा को मुख हेरी यथास्थान राखिदिनू ।
- एक मुठी कुश हात मा लिएर वेदी को वरिपरि बिच्छ्याउनू अनि बाँकी स-साना कुश का टुक्रा प्रोक्षणीपात्र, आज्य, चरू, पूर्णपात्र, दक्षिणाद्रव्य, पूजा का सम्पूर्ण सामग्री मा राखिदिनू ।
- प्रणीतापात्र को उत्तरपट्टि पृथूदकपात्र राख्नू ।
- प्रोक्षणीपात्र लाई प्रणीतापात्रनेर राखेर तेसमा पवित्र सहित को हात ले तीन पटक सम्म प्रणीता को जल राख्नू अनि त्यो जल लाई पवित्र ले चलाएर तीनपटक माथी तिर छर्किनू ।
- प्रणीता को जल छर्केर प्रोक्षणी को संस्कार गर्नू र तेसमा पवित्र राखेर उक्त प्रोक्षणी को जल ले त्यहाँ भएका सम्पूर्ण यज्ञ सामग्री लाई सेचन गर्नू (प्रोक्षण गर्नू) अनि प्रोक्षणीपात्र लाई प्रणीता र अग्नि का बीच मा लगेर यथास्थान मा राखिदिनू ।
- चरू राखेको पात्र, आज्य वा घिउ राखेको पात्र र कसार राखेको पात्र पाक का लागि अग्नि मा तताउन राख्नू ।
- एउटा बलेको समिधा वा कुश लिएर तताउन राखेका ती चरू, घिउ कसार माथी घुमाउनू ।
- सुरा लाई घोप्टो पारी अग्नि मा तताएर कुश ले तल देखि माथी सम्म माझेर प्रणीता को जल ले सेचन गर्नु अनि अग्नि मा सेकाएर दक्षिण तर्फ राखिदिनू ।
- अब घिउ, चरू र कसार आगा बाट झिकेर आ-आफ्ना ठाउँ मा राखिदिनू र पवित्र ले चलाएर अलिकति घिउ मास्तिर छर्किनू अनि घिउ मा केही परेको भए झिकिदिनू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
- प्रोक्षणीपात्र को जल लाई फेरि एकपटक पवित्र ले चलाएर मास्तिर छर्किदै पवित्र तेसैमा राखिदिनू ।

तेसपछि वेदी मा स्थापित दीप, कलश र गणेश मा वरवधू का हात बाट पुष्पाञ्जलि चढाउन लगाउनू र तलका मन्त्र ले अग्नि को प्रार्थना गर्नू-

ॐ अग्निं प्रज्वलितं वन्दे जातवेदं हुताशनम् ।
सुवर्णवर्णममलं समिद्धं सर्वतोमुखम् ॥
होमार्थं प्रार्थयेऽहं त्वां चर्वाज्याभ्यां हुताशन ।
योजकामिध भो वैश्वानर आवाहितो भव ॥
प्रतिष्ठितो भव तथा प्रसन्नो वरदो भव ।
तावत्तिष्ठात्र मे ब्रह्मन् यावत्कर्म समाप्यते ।
ॐ स्वाहाशक्तियुताय अग्नये जातवेदसे नमः ॥

अर्थात्- खारेका सून झैं शुद्ध, दन्किएका हुताशन ।
जातवेदा हविभोजी, अग्नि लाई नमोनमः ॥
म तिम्रो प्रार्थना गर्छू, चढाएर घिउ चरू ।
हे योजक ! महान् अग्नि, आएर बस यज्ञ मा ।
हे जातवेद ! हे अग्नि ! स्वहा शक्ति समन्वित ।
भएर यज्ञ मा आऊ, वरदाता भई बस ॥

होम को आरम्भ

- सर्वप्रथम उठेर हात मा कुश लिएर तीन वटा समिधा घिउ मा चोबेर अग्नि मा चढाइदिनू ।
- अनि बसेर पवित्र सहित प्रोक्षणी पात्र को जल ले अग्नि लाई सबै तिर बाट सेचन गरी पवित्र प्रोक्षणी मै राखिदिनू ।
- एसपछि वर ले वा पुरोहित ले घुँडा मारेर तल लेखिएका मन्त्र को उच्चारण गर्दै सुरा ले अग्नि मा घिउ को आहुति दिनू, आहुतिपिच्छे सुरा मा रहेको घिउ प्रोक्षणी मा चुहाइदिनू ।

ॐ प्रजापतय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः प्रजापतिर्देवता आज्यहोमे विनियोगः
ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये न मम (हुतशेष प्रोक्षणीपात्र मा)
ॐ इन्द्रायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्द इन्द्रोदेवता आज्य होमे विनियोगः
ॐ इन्द्राय स्वाहा इदमिइन्द्राय न मम ।

CC-0. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ अग्नये इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दोऽग्निर्देवता आज्यहोमे विनियोगः

ॐ अग्नये स्वाहा इदमग्नये न मम।

ॐ सोमायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः सोमो देवता आज्यहोमे विनियोगः

ॐ सोमाय स्वाहा इदम् सोमाय न मम ।

एसपछि का पाँच आहुति मा हुतशेष चाहिँ प्रोक्षणी को सट्टा पृथूदक पात्र मा चुहाउनू-

ॐ अग्ने प्रायश्चित्त इत्यादीनां पञ्चानां परमेष्ठीऋषिरनुष्टुप्छन्दो यथाक्रमम् अग्निवायु सूर्यचन्द्रगन्धर्वा देवता चतुर्थीकर्मणि आज्य होमे विनियोगः

ॐ अग्ने प्रायश्चित्ते त्वं देवानां प्रायश्चित्तिरसि ब्राह्मणस्त्वा नाथकामऽउपधावामि यास्यै पतिघ्नी तनूस्तामस्यै नाशय स्वाहा इदमग्नये न मम ।

अर्थात्- हे अग्निदेव ! तिमी देवताहरु को दोष पनि हटाउँछौ, तेसैले म तिमी सँग आशीर्वाद माग्छू- यी वधू को पति विरोधी वा पतिनाश गर्ने अङ्ग दोष अर्थात् कुल क्षण केही भए नाश गरिदेऊ । म तिमी लाई यो आहुति अर्पण गर्दछू ।

ॐ वायो प्रायश्चित्ते त्वं देवानां प्रायश्चित्तिरसि ब्राह्मणस्त्वा नाथकामाऽउपधावामि यास्यै प्रजाघ्नी तनूस्तामस्यैनाशय स्वाहा इदम् वायवे न मम ।

अर्थात्- देवता लगायत सबैका दोष हटाउन सक्ने हे वायुदेव ! आज म तिमीसित यो आशीर्वाद माग्न आएको छू- यी वधू को सन्तति नाश गर्ने सन्तान विरोधी केही अङ्ग दोषहरु भए नाश गरिदेऊ । म यो आहुति वायु देवता लाई चढाउँछू ।

ॐ सूर्य प्रायश्चित्ते त्वं देवानां प्रायश्चित्तिरसि ब्राह्मणस्त्वा नाथकाम उपधावामि यास्यै पशुघ्नी तनूस्तामस्यैनाशय स्वाहा, इदम् सूर्याय न मम ।

अर्थात्- देवता लगायत सबैको प्रायश्चित्त गर्ने हे सूर्यदेव ! म तिम्रा शरण मा आएको छू। यी वधू को यदि कुनै पशु विरोधी अङ्ग दोष भए नाश गरिदेऊ ।

ॐ चन्द्र प्रायश्चित्ते त्वं देवानां प्रायश्चित्तिरसि ब्राह्मणस्त्वानाथकाम उपधावामि यास्यै गृहघ्नीतनूस्तामस्यै नाशय स्वाहा, इदम् चन्द्रमसे न मम: ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- हे चन्द्र ! यी वधू को घर बिगार्ने अङ्ग दोष कुल क्षण केही भए नाश गरिदेऊ ।

ॐ गन्धर्व प्रायश्चित्ते त्वं देवानां प्रायश्चित्तिरसि ब्राह्मणस्त्वा नाथकाम उपधावामि यास्यै यशोघ्नी तनूस्तामस्यै नाशय स्वाहा, इदम् गन्धर्वाय न मम ।

अर्थात्- हे गन्धर्व ! यी वधू को यश नाश गर्ने कुनै कुलक्षण वा अङ्ग दोष भए नाश गरिदेऊ ।

स्थालीपाक/चरुकसारहवन

एसपछि थाली बाट एक टुक्रा कसार घिउ मा चोबी सुरा मा राखेर यी मन्त्र को उच्चारणपूर्वक हवन गर्ने-

ॐ प्रजापतय इति प्रजापतिऋषिस्त्रिष्टुपछन्दःप्रजापतिर्देवता चतुर्थी कर्मणि स्थालीपाकहोमे विनियोगः

ॐ प्रजापतये स्वाहा इदम् प्रजापतये न मम (हुतशेष पृथूदक पात्र मा)

महाव्याहृतिहवन

ॐ महाव्याहृतीनां प्रजापतिर्ऋषिर्गायत्र्युष्णिगनुष्टुप्छन्दांसि अग्निवायुसूर्या देवताश्चतुर्थीकर्मणि आज्यहोमे विनियोगः-

ॐ भूः स्वाहा यदमग्नये न मम ।

ॐ भुवः स्वाहा इदम् वायवे न मम ॥

ॐ स्वः स्वाहा इदम् सूर्याय न मम ॥

संस्रवप्राशन-

एसपछि वरवधू लाई संस्रवप्राशन गराउनू अर्थात् प्रोक्षणी पात्र मा सुरा ले चुहाएको हुत शेष घिउ पात मा झिकेर दुवै लाई चाट्न लगाई आचमन गराउनू ।

पूर्णपात्र दान

फलफूल वस्त्र जनै भेटी सहित को पूर्णपात्र सम्मुख राखेर तलको मन्त्र ले पूजा गर्नु-

ॐ पूर्णादर्वि परापत सुपूर्णा पुनरापत ।
वष्णेव विक्रीणावहाऽइषमूर्ज्जंतंशतक्रतो ।
ॐ पूर्णपात्राय नमः ।

Prof. Madhav Prasad Pamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूर्णपात्र लाई नमस्कार गरी तलको संकल्प पढ्दै पूर्णपात्र दान गर्नू-

ॐ अद्येह...गोत्र.....प्रवर...नामा वधूसहितो हं कृतैतदस्मद्विवाहाङ्ग चतुर्थीहोमकर्मणि कृताकृतावेक्षणरूपब्रह्मकर्म प्रतिष्ठार्थमिदं पूर्णपात्रं प्रजापतिदेवताकं.....गोत्राय.....शर्मणे. ब्राह्मणाय दक्षिणात्वेन तुभ्यं सम्प्रददे तत्सन्न मम ।

एसरी पूर्णपात्र दान दिइसकेपछि प्रणीतापात्र को जल लिएर पवित्र ले तलको मन्त्र पढ्दै वरवधू का शिर मा सेचन गर्ने-

ॐ सुमित्रिया नऽआपऽओषधयः सन्तु ।

अर्थात्- यो प्रणिता को जल र औषधि हाम्रा निम्ति मित्रवत् हितकारी होस् ।

अनि बाँकी रहेको प्रणीता को जल वेदी को ईशान दिशा तर्फ लगेर भाँडो सहित घोप्ट्याइदिने ।

बर्हिहोम -

एसपछि निम्नलिखित मन्त्र पढ्दै पहिले यज्ञ वरिपरि ओच्छ्याइएका कुश का टुक्रा बटुलेर अग्नि मा हवन गरिदिने-

ॐ देवा गातु विदो गातु वित्वा गातुमित ।
मनसस्पतऽइमन्देव यज्ञ स्वाहा वाते धाः ॥

हे यज्ञका देवता हो ! अब यज्ञ समाप्त भएको जानेर आ-आफ्ना ठाउँ मा जानुहोस् ।

एसपछि पृथूदकपात्र को जल लिएर वर ले पञ्चपल्लव द्वारा तलको मन्त्र उच्चारण गर्दै वधू का शिर मा शेचन गरिदिने-

ॐ मधुवाता ऋतायते, मधुक्षरन्ति सिन्धवः माध्वीर्न सन्त्वोषधीः
मधुनक्तमुतोषसो मधुमत्पार्थिव रजः मधुद्यौरस्तु नः पिता ।
मधुमान्नो वनस्पति मधुमाँऽस्तुसूर्य माध्वीर्गावो भवन्तु नः ।
ॐ मधु ॐ मधु ॐ मधु ।

अर्थात्- मधुमय चलून् हावा, मधुमय बगून् नदी ।
मधुमय बनून् हाम्रा, खेतीपाती र सम्पति ॥
मधुमय दिवा रात्रि, धर्ती यो मधु बास होस् ।
मधुमय बनून् हाम्रा, पितृ मधुर स्वर्ग होस् ॥
मधुमय बनून् सूर्य, लतावृक्ष वनस्पति ।
मधुमय बनून् हाम्रा, गाईवस्तु भए जति ॥

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्थालीपाकशेष भोजन

एसपछि अघि हवन गरेर बाँकी रहेका कसार का टुक्राहरु वर ले तलका मन्त्रहरु उच्चारण गर्दै पहिले आँफू ले टोक्ने र पछि वधू लाई खुवाउने-

ॐ प्राणैस्ते प्राणान् सन्दधामि

अर्थात्- म आफ्नो प्राण तिम्रो प्राण सँग मिलाएर एककार गराउँछू।

ॐ अस्थिभिस्ते अस्थीनि, मांसैस्ते मांसानि, त्वचा ते त्वचं सन्दधामि

अर्थात्- एसैगरी म आफ्नो हाड, मासु, छाला सबै तिम्रो हाड मासु र छाला मा मिलाएर एकाकार गराउँछू। एसपछि दुवै ले आचमन गर्नू अनि तलका मन्त्र पढ्दै वर ले वधू को हृदय स्पर्श गर्ने।

ॐ यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम्
वेदाहं तन्मां तद्विद्यात्पश्येम शरदः शतं
जीवेम शरदः शतं श्रृणुयाम शरदः शतम्

अर्थात्- हे सुन्दर सिउँदो भएकी वधू तिम्रो चित्त आकाश का चन्द्रमा जस्तै र मेरो चित्त पनि चन्द्रमा जस्तै भएको हामी दुवै ले बुझौं र राम्रो सँग देख्न सक्ने, सुन्न सक्ने, भएर हामी शय वर्ष सम्म बाँचौं। एसपछि लगनगाँठो हटाउने। कसैले फुकाउने पनि गर्छन्।

पूर्णाहुति

अब सुरा मा सिङ्गो नरिवल वा सुपारी राखेर वधू लाई छुन लगाएर वर ले आफै वा ब्राह्मण द्वारा घिउ को धारा चुहाउँदै तलको मन्त्र पढेर आहुति दिने-

ॐ मूर्धानमित्यस्य भरद्वाजऋषिस्त्रिष्टुप्छन्दोऽग्निर्देवता पूर्णाहुति होमे विनियोगः
ॐ मूर्धानं दिवोऽरतिं पृथिव्या वैश्वानरमृतऽआजातमग्निम्। कविं सम्राजमतिथिं जनानामासन्ना पात्रं जनयन्त देवाः स्वाहा॥

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवशिष्यते॥

पूर्णाहुति पछि सुरा ले अग्नि कुण्ड बाट अलिकति डढेको चरू लिएर चन्दन तुल्य बनाई तलका मन्त्र पढ्दै विभिन्न अङ्ग मा लगाउने-

ॐ त्र्यायुषं जमदग्नेः, कश्यपस्य त्र्यायुषं।
ॐ यद्देवेषु त्र्यायुषं तन्नोऽस्तु त्र्यायुषम्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- जमदग्नि को आयु को तेस्रो भाग कश्यप को आयु को तेस्रो भाग र देवताहरु का आयु को तेस्रो भाग हामी लाई प्राप्त होस् र एस्तो दिव्य आयु प्राप्त गरेर हाम्रो युवा अवस्था स्थिर रहोस् भन्दै क्रमशः- निधार मा, गला मा, दाहिने कुम मा र हृदय मा उक्त चरू को तिलक लगाउने ।

गोदान

वरवधू दुवै ले गाई वा गाई को रूप मानी राखिएको द्रव्य लाई तलका मन्त्र पढ्दै पूजा गर्ने-

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।
ॐ गवे नमः । गोप्रत्याम्नायीभूतद्रव्याय नमः ॥

अनि यो मन्त्र पढेर ब्राह्मण/आचार्य वा दिइने व्यक्ति लाई टीका लगाइदिने-

नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ॥

तेसपछि यो सङ्कल्प पढ्दै उक्त गाई वा द्रव्य समर्पित गर्ने-

ॐ अद्येह.....गोत्र....प्रवर....नामाहं सभार्योऽहं कृतस्यास्य अस्मद्विवाहाङ्गचतुर्थीहोमकर्मणः साङ्गतासिद्ध्यर्थमिमां गां वा तत्प्रत्यम्नायीभूतं द्रव्यं .....गोत्राय...शर्मणे ब्राह्मणायाऽऽचार्याय दक्षिणात्वेन तुभ्यं सम्प्रददे तत्सन्न मम ।

फेरि निम्नलिखित सङ्कल्प पढ्दै दान प्रतिष्ठा पनि उनैका हात मा दिने-

ॐ अद्यकृतैतद्गोप्रत्यम्नायीभूतद्रव्यदानकर्मणः प्रतिष्ठार्थमिमां दक्षिणां....गोत्राय...शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे तत्सन्न मम ।

अनि ब्राह्मण वा आचार्यले द्यौ शान्तिः भन्दै दुवै वरवधू लाई अभिषेक गरिदिने ।

घृतच्छाया

काँस को कचौरा मा पगालेको सफा घिउ राखी तेसमा सून को प्रतिमा र दूबो राखेर तलको मन्त्र पढ्दै वरवधू ले आ आफ्नो छाया हेर्ने-

ॐ तेजोऽसि शुक्रममृतमायुष्याऽआयुर्मे पाहि ।
देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्यामादद ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- हे घृत ! तिमी तेज हौ, अमृत हौ, वीर्य हौ र आयु का रक्षक हौ। तिमी ले हाम्रो आयु को रक्षा गर। भगवान् सविता को प्रेरणा ले म तिमी लाई अश्विनी कुमार का पाखुरा र पूषा का हात बाट ग्रहण गर्छू। अनि निम्नलिखित मन्त्रोच्चारण गर्दै दूबो ले घिउ चलाउनु

ॐ काण्डात् काण्डात् प्ररोहन्ती परूषः परूषस्परि।
एवा नो दूर्वे प्रतनु सहस्रेण शतेन च ॥

अर्थात्- हे दुबो ! जसरी तिमी आँख्ला-आँख्ला बाट पलाएर शयौं हजारौं भई फैलिन्छौ, तेसैगरी हाम्रो बल यश कीर्ति पनि संसार मा फैलियोस्। एसपछि उक्त घिउ सहित को कचौरा ब्राह्मण वा आचार्य लाई तलको संकल्प पढेर दिनू-

ॐ अद्येह... गोत्र.... प्रवर... नामा वधूसहितोऽहं मम सभार्यस्य दुःस्वप्नदुर्निमित्तादिसर्वारिष्टोपशमनपूर्वकं यथासमानतेजः प्रज्ञाशौर्य यशो बलायुर्लक्ष्मीपुष्टिवर्धनार्थं भगवतो प्रित्यर्थञ्च इदमाज्यं.... गोत्राय... शर्मणे ब्राह्मणाय तुभ्यं सम्प्रददे तत्सन्न मम ॥

अर्थात्- आज.... गोत्र र नाम को श्रीमती सहित को मैले हाम्रा सबै दुःख दुस्वप्न आदि शान्त भई उमेर र योग्यता अनुसार बल, बुद्धि, तेज, आयु, कीर्ति, पराक्रम, श्रीसम्पति र पुष्टि को वृद्धि होस् भनी भगवान् को प्रसन्नता का लागि यो घिउ.... गोत्र र नाम का तपाईं लाई दिएँ।

दक्षिणा

दक्षिणा दिने रूपियाँ पैसा अगाडी राखेर निम्नलिखित मन्त्र पढ्दै पूजा गर्ने-

ॐ हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥
ॐ दक्षिणाद्रव्याय नमः।

अनि जौ, तिल, कुश लिएर उक्त पैसा छुँदै निम्नलिखित सङ्कल्प पढ्ने-

ॐ अद्येह.... गोत्र... प्रवर... नामाहं मम सभार्यस्यकृतै तद्विवाहाङ्गचतुर्थीकर्मणि कृतस्य पूजाहवनादिकर्मणः साङ्गता सिद्धयर्थम् इमांभूयसीं दक्षिणां यथानाम गोत्रेभ्यो यथानाम ब्राह्मणेभ्यो यथाभागं विभज्य यथाकालं दातुं समुत्सृजे ॐ तत्सन्न मम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एति भनेर उक्त जौ तिल कुश लाई पैसा माथी राख्ने । अनि यो पैसा यज्ञ सकिएपछि टीका लगाएर इच्छा अनुसार दक्षिणा का रूप मा वितरण गर्ने ।

परिक्रमा

तलको मन्त्र पढ्दै यज्ञ को परिक्रमा गर्ने-

ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणं पदे पदे ॥

अनि यज्ञपुरुष भगवान् लाई प्रणाम गर्ने र तलको मन्त्र पढ्दै यज्ञ स्थल मा फूल अक्षताहरु छर्ने-

ॐ यज्ञ यज्ञं गच्छ यज्ञपतिं गच्छ स्वां योनिं गच्छ स्वाहा ।
एष ते यज्ञो यज्ञपते सहसूक्तवाकः सर्ववीरस्तं जुषस्व स्वाहा ॥
यान्तु देवगणाः सर्वे पूजामादाय पार्थिवीम् ।
इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ॥

अनि ब्राह्मण का हात बाट वरवधू दुवै ले रक्षा सूत्र बाँध्ने र कलश का जल ले अभिषेक लिने ।

अन्त मा

दुवै हात जोडी निम्नलिखित मन्त्रहरु पढ्ने र भगवान् को स्मरण गर्दै कीर्तन गर्ने

ॐ प्रमादात् कुर्वतां कर्म प्रच्यवेताध्वरेषु च ।
स्मरणादेव तद्विष्णोः सम्पूर्णं स्यादिति श्रुति ॥

अर्थात्- कर्म गर्दा कुनै भूलचूक भएमा भगवान् को स्मरण गर्नाले सबै पूर्ण हुन्छ ।

कायेन वाचा मनसेन्द्रियैर्वा बुध्यात्मना वा प्रकृतेः स्वभावात्
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि-
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।
हरे राम हरे राम राम राम हरे हरे ॥

अभिषेक गर्ने पौराणिक मन्त्र-

ॐ सुरास्त्वामभिषिञ्चन्तु ब्रह्माविष्णुमहेश्वराः ।
वासुदेवो जगन्नाथस्तथा सङ्कर्षणो विभुः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रद्युम्नश्चानिरूद्धश्च भवन्तु विजयाय वः ।
आखण्डलोऽग्निर्भगवान् यमः सनिर्ऋतिस्तथा ॥

वरूणः पवनश्चैव कुबेरश्च तथा शिवः ।
ब्रह्मणा सहितोऽनन्तो दिक्पालाः पान्तु वः सदा ॥
सरितः सागराः शैलास्तीर्थानि जलदा नदाः ।
एते त्वामभिषिञ्चन्तु सर्वकामार्थसिद्धये ॥

अर्थात्- अभिषेक गरून् तिम्रो, ब्रह्माविष्णुमहेश ले ।
सङ्कर्षण जगन्नाथ, अनि श्रीवासुदेव ले ॥
बनाऊन् विजयी नित्य, प्रद्युम्न अनिरूद्ध ले ।
इन्द्र ले, यम ले, अग्नि, तथा निऋति देव ले ॥

वायु वरूण ले रक्षा, गरून् शिव कुबेर ले ।
ब्रह्मा रक्षा गरून्, तेस्तै दिक्पाल र अनन्त ले ॥
सबै तीर्थ नदी मेघ, समुद्र शैल आदि ले ।
अभिषेक गरून् आई, र इच्छा इनको पुगोस् ॥

आशीर्वाद

ॐ स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु,
गोवाजिहस्तिधनधान्यसमृद्धिरस्तु ।
ऐश्वर्यमस्तु विजयोऽस्त्वरिसंक्षयोऽस्तु,
सन्तानवृद्धिसहिता हरिभक्तिरस्तु ॥

अर्थात्- कल्याण होस् कुशल होस् र चिरायु होओस् ।
गाई र वस्तु धनधान्य समृद्धि होओस् ॥
ऐश्वर्य होस्, विजय होस्, क्षय शत्रु को होस् ।
सन्तान वृद्धि र सँगै हरिभक्ति जागोस् ॥

-ooo-

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विवाह-उत्सव

अर्थ र उपयोगिता

विवाह दाम्पत्य-जीवन को जग हो र दाम्पत्य गृहस्थ जीवन को आधार हो अनि गृहस्थ जीवन समाज का चारै आश्रम र चारै पुरुषार्थ को मेरूदण्ड हो। अतः सांसारिक जीवन यात्रा मा आदर्श गृहस्थ को र तेसका लागि सुमधुर दाम्पत्य को आवश्यकता हुन्छ। दाम्पत्य को त्यही मधुर भाव लाई जीवनभर जीवन्त राख्न प्रत्येक वर्ष विवाह दिवस का उपलक्ष्यमा विवाहोत्सव मनाउने व्यवस्था गरिएको छ। एस उत्सव ले पतिपत्नी बीच को पारस्परिक प्रेम लाई अझ प्रगाढ बनाउन सहयोग गर्छ। विवाह उत्सव मा खास गरी-

१. आदर्श दाम्पत्य का लागि शिवपार्वती वा लक्ष्मीनारायण को पूजा,
२. अखण्डस्नेह, पूर्ण उज्ज्वल भविष्य को प्रतीक युगल दीप प्रज्ज्वालन,
३. पारस्परिक प्रेम प्रदर्शन का लागि मनपर्ने उपहार को विनिमय (आदानप्रदान) र,
४. दैनिक जीवन मा आउन सक्ने कटुता निवारण का लागि पारस्परिक प्रतिज्ञा सङ्कल्प गरिन्छ।

विवाहोत्सव-विधि

१. यज्ञ स्थल मा उपयुक्त आसन मा बसेर पतिपत्नी दुवै ले आचमन गर्ने,
२. तलको मन्त्र पढ्दै पवित्र जल ले आफू लाई र वरपर छर्किने

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः॥
ॐ पुण्डरीकाक्षः पुनातु - ३

३. तलको वाक्य उच्चारण गर्दै दुवै ले जौ, तिल, कुश, जल लिएर सङ्कल्प गर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सङ्कल्प : ..... नामाऽहं दाम्पत्यजीवनस्य पवित्रतामर्यादयोः रक्षणाय त्रुटीनाञ्च प्रायश्चित्तकरणाय उज्ज्वलभविष्यद्धेतवे स्व-उत्तरदायित्वपालनाय च सङ्कल्पमहं करिष्ये -

४. मूल बत्ती जलाएर दीप, गणेश र कलश को पूजा गर्ने।

५. कलश मै नवग्रह को आवाहन तथा प्रार्थना गर्ने र यही नै कुलदेवता, ग्रामदेवता आदि को पनि सम्झना र प्रार्थना गर्ने।

६. कलश को आड मा बायाँ तर्फ राखिएका इष्टदेवता को चित्र वा प्रतीक मा पूजन गर्ने र तेसैको बायाँ तर्फ मातापिता तथा गुरू को चित्र वा प्रतीक राखेर पूजन, प्रणाम, प्रार्थना र धूप, दीप, नैवेद्य आदि अर्पण गर्ने।

७. अब दुवै ले एक-एक ओटा दीप बालेर तलको मन्त्रोच्चारणपूर्वक दुवै बत्ती को ज्योति जोडेर दुवै का अगाडी बीच मा राखिदिने।

ॐ सङ्गच्छध्वं, संवदध्वं, सं वो मनांसि जानताम्।
देवाभागं यथा पूर्वे सन्जनानामुपासते॥

८. तलका मन्त्र को भाव स्मरण गर्दै दुवै ले हात जोडेर प्रार्थना गर्ने।

ॐ समानी वऽआकृतिः समाना हृदयानि वः।
समानमस्तु वो मनो यथा वः सुसहासति॥ अथर्व- ६.६४-३

अर्थात्- हाम्रा चाहनाहरु समान हुन्, हृदय एउटै होओस्, मन पनि उस्तै होओस् र परस्पर मिलेर जीवन लाई उन्नत बनाऔं।

पारस्परिक प्रतिज्ञा

अब पतिपत्नी दुवै ले संयुक्त रूप मा निम्नलिखित प्रतिज्ञा गर्ने -

क) कटुवचन वा गाली का शब्दहरु प्रयोग गर्नेछैनौ।

ख) हामी दुईबीच केही दोष वा गल्ती देखिएमा एकान्त मा बसी भन्ने, सुन्ने, बुझ्ने, बुझाउने गर्नेछौं। अरू का अगाडी तेसको चर्चा गर्ने छैनौं।

ग) एक ले अर्का को काम मा सघाउने र सहयोग गर्ने छौं।

घ) खर्च गर्दा वा किनबेच गर्दा परस्पर सल्लाह र सहमति ले गर्ने छौं।

ङ) छोराछोरी वा परिवार को पालनपोषण, शिक्षादीक्षा मा दुवै ले समान र समुचित ध्यान दिनेछौं।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Samichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

च) परस्पर योग्यता, ज्ञान तथा सीप बढाउने कार्य मा सहयोग गर्नेछौं ।

छ) लोक हित सम्बन्धी केही न केही कार्य गर्न समय निकाल्नेछौं ।

ज) घर मा सात्विक र शान्त वातावरण बनाइराख्नेछौं ।

झ) व्रत, उपवास, पूजा, भजनकीर्तन, सत्सङ्ग जस्ता कार्यहरु मा समान रूप ले सहभागी बन्नेछौं ।

ञ) एक ले अर्का को आवश्यकता र समस्या लाई आत्मसात् गर्नेछौं ।

ट) घरपरिवार का सम्पूर्ण सदस्यहरु प्रति यथोचित सम्मान जनक व्यवहार गर्नेछौं ।

पारस्परिक उपहार

तलका मन्त्रहरु उच्चारण गर्दै पती पत्नी ले एक-अर्का लाई मन पर्ने वस्तु, वस्त्र, फूलमाला आदि उपहार प्रदान गर्ने ।

ॐ परिधास्यै, यशोधास्यै दीर्घायुत्वाय जरदष्टिरस्मि ।
शतं च जीवामि शरदः पुरूचीरायस्पोषमभिसंव्ययिष्ये ॥

अर्थात्- शरीर ढाक्न का लागि, अनि सुन्दर देखिन,
प्रतिष्ठित भई बाँच्न, र लामो आयु पाउन ।
वृद्धावस्था हुँदा सम्म, सुखी समृद्ध देखिन,
यी वस्त्र यी अलङ्कार, सदा धारण गर्छू म ॥

एसपछि तलको मन्त्र उच्चारण गर्दै सम्पूर्ण कर्म परमेश्वर मा समर्पण गर्ने

कायेन वाचा मनसेन्द्रियैर्वा बुध्यात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ॥

अर्थात्- शरीर, वाणी, मन ले र बुद्धि ले, आत्मा तथा इन्द्रिय ले स्वभाव ले ।
यहाँ गरें जे जति कर्म शक्ति ले, अर्पन्छु नारायण मा म भक्ति ले ॥

र, अन्त मा कार्य विसर्जन गर्दै, प्रसाद वितरण गर्ने, ग्रहण गर्ने इत्यादि ।

-ooo-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्त्यकर्म-संस्कार

अर्थ र उपयोगिता

जीवन को अन्त्य मुत्यु हो। तेसैले मृत्यु काल मा र मृत्यु पछि गरिने संस्कार सम्बन्धी कर्म लाई अन्त्यकर्म संस्कार भनिन्छ। अन्त्यकर्म आगामी जीवन वा नवीन यात्रा को तयारी पनि हो। एस लोक को यात्रा को सफलता असफलता मा जन्म साइत को भूमिका भए झैं परलोक को यात्रा सुखमय या दुःखमय बनाउनुमा अन्त्यकर्म को भूमिका हुन्छ भन्ने मान्यता का आधार मा रहस्यदर्शी शास्त्रकारहरु ले अन्त्यकर्म लाई विशेष महत्त्व दिएका छन्। यो एस जीवन को अन्तिम संस्कार हो। एस संस्कार को सिलसिला मृत्युशैया बाट शुरू हुन्छ।

प्रथमतः शरीर छुट्न लागेका व्यक्ति लाई उसको मृत्युदाह शान्त पार्न र बिदाईयात्रा कष्टरहित बनाउनका लागि मधुपर्क खुवाउने चलन छ। काँस का पात्र मा दही, घिउ र मह मिसाएर तयार पारिएको पेय नै मधुपर्क हो। मधुपर्क लाई सर्वप्रथम तलको मन्त्र पढेर भगवान् लाई समर्पण गर्नु पर्छ -

ॐ योऽसौ भवाँस्तिष्ठति सर्वदेहे नारायणः सर्वजगत्प्रधानः।
गृहाण चैवं मधुपर्कमाद्यं संसारनाशनकरं ह्यमृतेन तुल्यम्॥

तेसपछि तलका मन्त्र उच्चारण गर्दै चम्चा ले वा गिलाँस बाटै बिरामी लाई जसरी सहज हुन्छ उसरी पियाइदिने।

नारायणेन रचितं भगवत्प्रियाणां दाहे च शान्तिकरणं सुरलोकपूज्यम्॥

x x x

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे।
हरे राम हरे राम राम राम हरे हरे॥
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे।
राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे॥

मधुपर्क बाहेक कसैले भगवान् शालग्राम को चरणामृत, भगवान् लाई स्नान गराएको पञ्चामृत तथा पञ्चगव्य पनि पियाउने गर्छन्।

CC-0. Panini Kanya Maha Vidyalaya Collection. Digitized by eGangotri | Samichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पञ्चगव्य लाई तलको मन्त्र ले अभिमन्त्रण गरिन्छ-

ॐ गोपालाय विद्महे गोपीजनवल्लभाय धीमहि तन्नः कृष्णः प्रचोदयात् ।

र तलको मन्त्र पढ्दै विरामी लाई सेवन गराइन्छ -

ॐ यत्वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात्पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥

* मरणासन्न व्यक्ति योगी भए समाधिस्थ हुने प्रयत्न गरिन्छ, ज्ञानी भए ब्रह्मचिन्तन मा तन्मय हुन खोजिन्छ। विरक्त भक्त भए भगवान् का लीलाकथा, नामकीर्तन, पाठपरायण गरेर सुनाइन्छ।

दान

एस बाहेक सामान्यतया मरणासन्न व्यक्ति को हात बाट वैतरणीधेनु वा विरजाधेनु दान, दशदान, पञ्चधेनु दान तथा अन्त्य दान आदि गराउने चलन छ। वैतरणी र विरजा दुवै एस लोक र परलोक का बीच तथा वैकुण्ठ का मार्ग मा पर्ने असजिला नदी हुन्। इनका नाम बाट गरिने गोदान का प्रभाव ले ती नदीहरु पार गर्न सजिलो हुन्छ भन्ने शास्त्रीय मान्यता छ।

वैतरणी वा विरजाधेनुदान -

१ - स्नान वा पञ्चाङ्ग स्नान गरेर शुद्ध हुने।

२ - तलका मन्त्र ले तीन पटक आचमन गर्ने -

ॐ केशवाय नमः स्वाहा, ॐ नारायणाय नमः स्वाहा,
ॐ माधवाय नमः स्वाहा ।

हातधुने - **ॐ गोविन्दाय नमः ॥**

३ - पवित्र धारण- कुश को औंठी धारण गर्ने र कुशतिल सहित को जल ले यो मन्त्र पढ्दै आफू लाई र वरपर सेचन गर्ने।

अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥
ॐ पुण्डरीकाक्षः पुनातु - ३

गाई को पूजन : गौदान का लागि प्रथमतः एस मन्त्र ले गाई को पूजा गर्ने-

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ब्राह्मण पूजन :

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ॥

मार्जन : तलको मन्त्र पढ्दै कुश तिल सहित को जल मा गाई को पुच्छर चोबेर आफ्ना शिर मा र शरीर मा मार्जन गर्ने ।

ॐ मनो मे तर्पयत, वाचं मे तर्पयत, प्राणं मे तर्पयत
चक्षुर्मे तर्पयत, श्रोत्रं मे तर्पयत, प्रजां मे तर्पयत,
पशुन्मे तर्पयत, गणान् मे तर्पयत मा वितृषन् ॥

तलको वाक्य ले कुश तिल सहित गाई को पुच्छर समातेर सङ्कल्प गर्ने -

हरि ॐ तत्सत् ३, विष्णुः ३, अद्येह श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य ब्रह्मणोऽन्हि द्वितीयपरार्द्धे श्रीश्वेतवराहकल्पे, वैवस्वतमन्वन्तरे कलियुगस्य प्रथमचरणे जम्बूद्वीपे भारतवर्षे भरतखण्डे बुद्धावतारे ..... देशे ..... क्षेत्रे ..... नगरे । ग्रामे ..... संवत्सरे ..... ऋतौ ..... श्रीसूर्य ..... अयने ..... मासे ..... पक्षे ..... तिथौ ..... वासरे अच्यूत गोत्रङ्गत ..... नाम्नो मम समस्तपापतापक्षयपूर्वकमर्चिरादिमार्गसिद्ध्यर्थं श्रीराधाकृष्ण प्रतियर्थं विरजाधेनु/वैतरणीधेनु रुद्रात्मिका गोविन्ददैवत्या ..... गोत्र ..... नाम्ने ब्राह्मणाय तुभ्यमहं सम्प्रददे । तत्सन्न मम । श्रीकृष्णार्पणमस्तु ।

गाई को प्रार्थना :

ॐ या लक्ष्मीर्लोकपालानां या च देवेष्वधिष्ठिता ।
धेनुरूपेण सा देवी मम पापं व्यपोहतु ॥

गोदान को दान प्रतिष्ठा :

ॐ अद्यकृतैतद् गोदान प्रतिष्ठासाङ्गतासिद्ध्यर्थाम्
द्रव्यं ...गोत्राय...नाम्ने सुपूजिताय ब्राह्मणाय तुभ्यमहं सम्प्रददे ।
तत्सन्न मम, श्रीकृष्णार्पणमस्तु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दशदान :

गोभूतिलहिरण्याज्यवासोधान्यगुडानि च ।
रौप्यलवणमित्याङ्ग दश दानानि दापयेत् ॥

अर्थात्- गाई, भूमि, तिल, सून, घिउ, कपडा, धान, गुड, चाँदी र नून दान लाई दशदान भनिन्छ ।

दान-सङ्कल्प

हरि ॐ तत्सत् ३, विष्णु ३, पूर्वसङ्कल्पसिद्धिरस्तु ...गोत्रस्य... नाम्नो मम भगवद् भागवत असह्यादिसमस्ततापपापक्षयपूर्वकमर्चिरादिमार्ग सिद्ध्यर्थं श्रीराधाकृष्ण प्रतियर्थं तदीयपादपद्मयोर्निसीम प्रेमोपलब्धये इमां दशदानान्तर्गतां गौ, भूमि, तिल, सुवर्ण, घृत, वस्त्र, धान्य, गुड, रजत, लवण गोविन्द दैवत्यां .... गोत्राय विप्राय तुभ्यमहं सम्प्रददे ॥

ॐ श्रीकृष्णः प्रतिगृह्णाति श्रीकृष्णो वै ददाति च ।
श्रीकृष्णस्तारकोभाभ्यां श्रीकृष्णाय नमो नमः ॥

विशेष- दशदान लाई भिन्दा-भिन्दै सङ्कल्प गरेर भिन्दा-भिन्दै व्यक्ति लाई पनि दिन सकिन्छ । खालि सङ्कल्प को व्यहोरा मा दिइने दान को उल्लेख गरे पुग्छ ।

पञ्चधेनु दान

पापापनोदा, ऋणापनोदा, प्रायश्चित्त, उत्क्रान्ति र मोक्षधेनु को दान नै पञ्चधेनु दान हो ।

दानसङ्कल्प : अद्येह अमुक गोत्राद अच्युतगोत्रङ्गत ..... नाम्नो मम आजन्मकृतं समस्तपाप/तापनिरसनपूर्वकं अतिशयसुख प्राणोत्क्रमणाय अर्चिरादिमार्गसिद्धिद्वारा श्रीराधाकृष्ण प्रतियर्थं तदीयत्रिपादविभूति गोलोकधाम्नि तद्भावापत्तिसाम्राज्योपलब्धये च इमां पापापनोदां धेनुं/ऋणापनोदां धेनुं/प्रायश्चितधेनुं/उत्क्रान्तिधेनुं/मोक्ष धेनुं यथाशक्ति सालङ्कारां, सवस्त्रां, सोपस्करां, सदक्षिणां रूद्रात्मिकां गोविन्ददैवत्यां ..... गोत्र ..... नाम्ने विप्राय तुभ्यमहं सम्प्रददे ।

तत्सत् न मम, श्रीकृष्णार्पणमस्तु ।
ॐ श्रीकृष्णः प्रतिगृह्णाति श्रीकृष्णो वै ददाति च ।
श्रीकृष्णस्तारकोभाभ्यां श्रीकृष्णाय नमो नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्त्यदान

अन्तिम अवस्था मा एउटा काँस को भाँडा मा तिल भरेर तेसमाथी यथाशक्य सून, चाँदी वा द्रव्य राखेर गरिने दान अन्त्यदान हो ।

दानसङ्कल्प

ॐ अद्येह ..... गोत्रात् अच्युतगोत्रङ्गतस्य ..... नाम्नो मम जन्मप्रभृतिमरणान्तकृतनानाविधपापनाशनार्थं श्रीकृष्णकार्ष्णि यद्यथणागुरूणामसह्यारनिरसनपूर्वकमर्चिरादिमार्गसिद्धिद्वारा श्रीकृष्ण प्रतियर्थं तदीयगोलोकधाम्नि तन्माधुर्योज्वलभावापत्तिमोक्ष साम्राज्योपलब्धये च इदम् तिलपात्रं श्रीकृष्णदैवतं ..... गोत्र ..... नाम भागवतस्वरुपिणे ब्राह्मणाय तुभ्यमहं सम्प्रददे ॐ तत्सन्न मम श्रीकृष्णार्पणमस्तु ।

प्रार्थना

महर्षे गोत्रसम्भूताः काश्यपस्य तिलाः स्मृताः ।
तस्मादेषां प्रदानेन नारायणः प्रसीदतु ॥
यानि यानि च पापानि ब्रह्महत्या समानि च ।
तिलपात्रप्रदानेन तानि नश्यन्तु सर्वदा ॥
ॐ श्रीकृष्णः प्रतिगृह्णाति श्रीकृष्णो वै ददाति च ।
श्रीकृष्णस्तारकोभाभ्यां श्रीकृष्णाय नमो नमः ॥

नोट : यी बाहेक अष्टमहादान र पददान पनि गर्ने चलन छ ।

☞ एस किसिम का दान गर्ने साधन सुविधा नभएका अवस्था मा पनि शरीर छोड्ने बेला मा भगवान् को स्मरण हुनसक्यो भने परलोक को यात्रा सुखद हुन्छ वा मुक्ति पाइन्छ भन्ने शास्त्रीय मान्यता अनुरूप, एस बखत भगवान् को नामसङ्कीर्तन, स्तुतिभजन, विष्णुसहस्रनाम पाठ वा एस्तै अन्य शास्त्रहरु पाठ गर्ने गरिन्छ र मुख मा महाप्रसाद, चरणामृत, तुलसी मिश्रित जल, सूनपानी, गङ्गाजल आदि राखिदिने गरिन्छ। प्राणावरोध नहोस् र सद्गति होस् भन्नका लागि तुलसी को आश्रय मा वा तुलसीमठ का समीप राखिन्छ। मरणासन्न व्यक्ति लाई राख्ने ठाउँ गोबर ले लिपेको वा पानी ले शुद्ध गरेको हुनु पर्छ। सुताउने आसन मुनि कुश, तिल ओछ्याइदिनु पर्छ।

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

- ☞ शरीर बाट प्राण छुटको थाहा भएपछि मृतक लाई चरणामृत वा तेस्तै तुलसी मिश्रित शुद्ध जल ले सेचन गरिदिने, निधार मा तिलक चन्दनहरु लगाइदिने । भुईं मा चटाई वा तेस्तै आसन मा राखेर शुद्ध कपडा (वृद्ध भए सेतो, अधबैंसे भए रातो, युवक र महिला भए रङ्गीन, विधवा भए सेतो, कालो वा नीलो अन्यथा सबैलाई पहेंलो कपडा) ओढाइदिने ।
- ☞ परिवारजन तथा इष्टमित्रहरु ले अन्तिम श्रद्धाञ्जलि अर्पण नगरून्जेल सम्म मृतक को मुहार नछोपिदिने ।
- ☞ अन्त्येष्टि का लागि बाँधेर लानु पर्ने भए हरियो बाँस वा डुम्री को काठ प्रयोग गर्ने र मुख छोपेर राम्ररी बाँध्ने ।

मृत स्थान मा पिण्ड

गाई का गोबर ले लिपेको वा धोएर सफा गरेका ठाउँ मा कुश ओच्छ्याई तिल छर्ने र तलको मन्त्र उच्चारण गर्दै पिण्ड का लागि कुशासन राख्ने-

अद्येह ॐ....गोत्रादच्युतगोत्रङ्गत.... नाममुक्तमृतस्थाने भूम्यधिष्ठात्रिदेवी तुष्टये शवोनाम्नः पिण्डासनं ते मया दीयते तवोपतिष्ठताम् ।

अब हात मा पिठा को डल्लो (पिण्ड) वा चामल लिएर अपसव्य (दायाँ काँध मा जनै वा वस्त्रखण्ड राख्ने) भई निम्नलिखित सङ्कल्प गर्ने-

अद्येह ॐ गोत्रादच्युतगोत्रङ्गत नाम मुक्तपान्थ मृतस्थाने भूमिसम्बन्धी अधिष्ठात्री शक्ति तृप्तये शवोनाम एषः पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।

ओच्छ्याइएको कुश माथी पिण्ड राखेर तेसमाथी पुनः यही संकल्प ले प्रत्यवनेजनः (जल) चढाइदिने । अनि सव्य (बायाँ काँध मा जनै राख्ने) भएर एसरी प्रार्थना गर्ने -

अनादिनिधनो देवः शङ्खचक्रगदाधरः ।
अक्षय्यपुण्डरीकाक्षः प्रपन्नमोक्षदो भव ॥

ढोका मा पिण्ड

तेसैगरी दोस्रो पिण्ड ढोका मा गएर दिने - पहिले ठाउँ सफा गर्ने, कुश विच्छ्याउने, तिल छर्ने र तलको मन्त्रोच्चारण गर्दै अपसव्य भएर तेसमाथी पिण्ड दिने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अद्येह ॐ ..... नाममुक्तपान्थद्वारस्थाने गृहवास्त्वादिदेवतातुष्टयर्थं पान्थो नाम एषः पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।

पिण्ड माथी पूर्वोक्त वाक्य उच्चारण गर्दै- **"दत्त पिण्डोपरि अवनेजनं ते मया दीयते"** भनेर जल चढाउने । अनि एसरी प्रार्थना गर्ने-

अनादिनिधनो देवः शङ्खचक्रगदाधरः ।
अक्षय्यपुण्डरीकाक्षः प्रपन्नमोक्षदो भव ॥

शव लगेपछि ती पिण्डहरु उठाएर पानी मा सेलाइन्छ । पिण्ड लाई कसैले गाडी मा, रथ मा, पालकी मा र कसैले वाँस, डुम्री आदि काठ को खट मा राखेर पनि सेलाउन लैजाने गर्छन् ।

शवयात्रा

मृतक वा शव लाई मृतस्थान वा घर बाट दाहसंस्कार गरिने घाट तिर लैजाने कार्य नै शवयात्रा हो । व्यक्ति ले जीवन मा गरेका सत्कर्म, आर्जन गरेको महात्ता, पद प्रतिष्ठा र समाज लाई दिएको योगदान अनुसार सम्मान सहित विभिन्न तरीका ले शवयात्रा गर्ने चलन हाम्रो समाज मा छ। तेस बाहेक विशुद्ध धार्मिक दृष्टि ले जीवात्मा को मुक्ति का लागि शास्त्र अनुसार गरिने अन्त्येष्टि कर्म अन्तर्गत को शव यात्रा को आफ्नै विधि विधान छ। एसमा-

(क) मृतक का सन्तान, शिष्य, निकटस्थ सम्बन्धीहरु वा सहयोगी कम्ती मा चारजना लाई शव बोक्ने प्रयोजन का निमित्त भगवान् का चतुर्व्यूह का रूप मा वरण गरिन्छ। उनीहरु स्नान गरी चोखा र सफा लुगा लगाई तयार हुन्छन् । सकेसम्म आफ्नै छोरा वा शिष्य ले बोकेर घाट मा पुऱ्याउनु राम्रो हुन्छ ।

(ख) शङ्ख को मङ्गल ध्वनि का साथ राम नाम सत्य हो, ॐ नमः शिवाय, सीताराम, हरेकृष्ण, राधेकृष्ण, श्रीमन्नारायण आदि आ-आफ्नै सम्प्रदाय अनुसार का नाम सङ्कीर्तन गर्दै मृतक का पुत्र वा सन्ततिहरु ले सर्वप्रथम दाहिने काँध मा बोकेर अघि बढ्छन् । तिनका साथ मा हिंड्ने अन्य सहयोगी तथा मलामीहरु ले भगवान् का नाम को सङ्कीर्तन, विष्णुसहस्रनाम, ईशावास्योपनिषद् भृगुवल्ली, रहस्योपनिषद् आदि उच्चारण गर्दै र बाटा मा लावा फूल आदि छर्दै शव यात्रा गर्नू ।

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ग) शव यात्रा वा मलाम जादा सबभन्दा अघि शङ्ख बजाउने मानिस, तेसपछि पानी छर्किने मानिस अनि चलन अनुसार अन्न बुर्की वा लावा वा फूल आदि छर्ने मानिस र बाटो लिने मानिस, तेसपछि आगो लिने मानिस, तेसपछि शव बोकेका मानिस हिँड्ने। शव को लगत्तै पछि पारिवारिक जनहरु र तेसपछि अरु मानिसहरु हिँड्नु पर्छ। शव को पछि हिँड्दा पहिले बूढा, अनि युवा र पछि मात्र केटाकेटी र महिला (चलन भए) हिंड्नु पर्छ।

अर्धमार्ग पिण्ड

आधा बाटा मा पुगेपछि शव लाई एक्कै छिन बिसाएर गोबर ले लिपेको वा सफा गरेको भूमि मा कुश ओच्छ्याई तिल छरी तेसै माथी अपसव्य ले तलको मन्त्र उच्चारण गर्दै पिठो वा चामल को पिण्ड दिनू -

अद्येह .... गोत्रादच्युतगोत्रङ्गतस्य .... नाम्नो अर्चिरादिमार्ग सिद्धि द्वारा श्रीकृष्ण प्रतियर्थं मुक्ताय अर्धमार्गविश्रामस्थले भूतपिशाचादि बाधानिवृत्तये खेचरो नाम एषः पिण्डस्ते मया दीयते तवोपतिष्ठताम्।

पिण्ड माथी फेरि त्यही मन्त्र उच्चारण गर्दै अवनेजन जल चढाइदिनू र तेस पिण्ड लाई पछि पानी मा बगाइदिनू। अनि सव्य भएर फेरी शव बोकी घाट तिर लाग्नू। घाट मा पुगेपछि सफा भुइँ मा कुश ओछ्याएर शव लाई दक्षिण शिर उत्तर मुख गराइ सुताउनू। एस सम्बन्ध मा गोभिल गृह्य सूत्र मा भनिएको छ- **तत्रोत्तानं निपात्यैनं दक्षिणा शिरसं मुखे।**

☞ अन्त्येष्टि गर्ने ठाउँ नदीकिनार, जङ्गल वा पहाड जहाँ भए पनि सफा र शुद्ध हुनु पर्छ, सकेसम्म गोबर ले लिपेको हुनु उत्तम हुन्छ।

पिण्ड दिने छ वटा स्थानहरु :

पिण्ड दिने स्थान	पिण्ड को नाम	पिण्ड दिनु को उद्देश्य
१. मरणस्थल मा	शव	भूमि देवता को सन्तुष्टि
२. ढोका मा	पान्थ	वास्तु देवता को सन्तुष्टि
३. चौबाटा मा	खेचर	भूतहरु को सन्तुष्टि
४. विश्राम मा	भूतसंज्ञक	दसै दिशाहरु को सन्तुष्टि
५. चिता मा	साधक	पितृ को सन्तुष्टि
६. अस्थि सञ्चयन मा	प्रेत	मृतक को सन्तुष्टि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

☞ अब छोरो वा मुख्य कर्ता ले पहिले आफू ले स्नान गरेर शव लाई निम्न मन्त्रहरु उच्चारण गर्दै पवित्र जल ले सेचन गर्ने वा नुहाइदिने ।

ॐ गयादीनि च तीर्थानि ये च पुण्याः शिलोच्चयाः
कुरूक्षेत्रं च गङ्गां च यमुनां च सरिद्वरम्
कौशिकीं चन्द्रभागां च सर्वपापप्रणाशिनीम्
भद्राकटं गण्डकीं च सरयूं पनसां तथा
वैणावं च वरधां च तीर्थपिण्डारकं तथा
पृथिव्यां यानि तीर्थानि सरितः सागराँस्तथा
ध्यायन्तु मनसा सर्वे कृतस्नानं गतायुषम्

☞ एसरी सबै तीर्थ, पवित्र नदी र समुद्र को स्मरण गर्दै सेचन वा स्नान गराइसकेपछि (सम्भव भए मृत शरीर मा घिउ घसि दिने चलन पनि छ ।) मृतक कर्मिष्ठ ब्राह्मण वा तागाधारी भए नयाँ जनै पनि लगाइदिने र शव को तल्लो भाग र माथिल्लो भाग लाई छुट्टाछुट्टै कपडा का टुक्रा ले बेरिदिने अनुहार लाई अर्को टुक्रा ले छोपिदिने किनभने वस्त्र हीन अवस्था मा जलाउनु वा समाधिस्थ गर्नुहुँदैन । एस अवसर मा मृतक का मुख मा तुलसी पत्र पनि राखिदिने गर्छन् ।

विश्राम पिण्ड

घाट (विश्राम स्थल)- मा भूमि सफा गरी कुश र तिल माथी अपसव्य (दाहिने काँध मा जनै) भएर तलको सङ्कल्प पढ्दै दसै दिशाहरु को तृप्ति का लागि भूत नामक पिण्ड दिनू -

अद्येह ॐ .... गोत्रादच्युतङ्गत ..... नाम्नो मुक्तभूतादिबाधाजन्य विघ्नविनाशाय विश्रामस्थले भूतसंज्ञक एष पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् । दत्तपिण्डोपरि अवनेजनं ते मया दीयते तवोपतिष्ठताम् ।

चिता को काम

☞ चिता बनाउँदा मृत शरीर को लम्बाइ चौडाई अनुसार सम्पूर्ण शरीर चिता भित्रै अटाउने आयतन को बनाउनु पर्छ र उचाइ पाइताला देखि छाती सम्म को हुनु पर्छ । चिता बनाउने काठ वा दाउरा मा यथाशक्य पीपल, पलास, तुलसी, श्रीखण्ड को मात्रा बढी भए उत्तम हो ।

☞ अन्त्येष्टि वा दाह कर्म घाम छँदै गर्नुपर्छ सूर्यास्त पछि गर्नुहुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

☞ चिता उत्तर-दक्षिण फर्किएको हुनु पर्छ। अब चिता लाई पञ्चगव्य ले सेचन गरेर शव चिता माथी राख्ने। मृतक सामवेदी भए दक्षिण शिर गराएर र ऋग्, अथर्व या यजुर्वेदी भए उत्तर शिर गराएर चिता मा राख्नु पर्छ। चिता मा राख्दा शव लाई एक वा तीन पटक चिता को परिक्रमा गराउने पनि विधान छ। शव राख्दा महिला भए उत्तानो मुख र पुरुष भए घोप्टोमुख पारेर राख्ने विधान शास्त्र मा भए पनि लोक मा सबै लाई उत्तानै राख्ने गरेको पाइन्छ। एसरी चिता मा शव चढाइसकेपछि शव माथी पनि केही दाउरा राखिदिनु पर्छ।

चितापिण्ड

अब कर्ता ले दक्षिण फर्केर अपसव्य भएर तलको मन्त्र उच्चारण गर्दै चिता माथी नै मृतक का हात मा एउटा पिण्ड दिनु पर्छ -

अद्येह अच्युतगोत्रङ्गत ..... नाम्नो मुक्तमोक्षप्राप्तये चितारुढ शवहस्ते साधकनामा एषः पिण्डस्ते मया दीयते तवोपतिष्ठताम्। दत्तपिण्डोपरि अवनेजनं ते मया दीयते तवोपतिष्ठताम्।

अब छोरा ले वा अन्त्येष्टि कर्ता ले कपाल खौरिएर, स्नान गरी, आचमन गरी, अपसव्य हुनू र दक्षिण तिर फर्किएर तलको मन्त्र पढ्दै चिता अग्नि को प्रार्थना गर्नू - **ॐ त्वं भूतभृज्जगद्योनिः त्वं भूतपरिपालकः। मृतसांसारिकस्तस्मादेनं नारायणं नय॥**

☞ दायाँ हात मा आगो र बायाँ हात मा समिधा लिएर तलको मन्त्र भन्दै घडी को विपरीत दिशा मा तीन वा सात पटक चिता को परिक्रमा गर्नू।

कृत्वा तुदुष्करं कर्म जानताऽजानताऽपि वा।
मृत्युकालवशं प्राप्तं नरं पञ्चत्वमागतम्॥
धर्माऽधर्मसमायुक्तं लोभमोहसमावृतम्।
देहेयं सर्वगात्राणि दिव्यान्लोकान् स गच्छतु॥

☞ एसरी परिक्रमा गर्दै अन्तिम पटक मा मृतक को शिरनजीक पुगेपछि दक्षिणतिर फर्किएर शिरनेर र छातीनेर अग्निदान गर्ने। तेसपछि खुट्टानेर सल्काउने अनि चिता का दायाँ-बायाँ वा सबैतिर बाट अग्नि सल्काउने। अनि सव्य भएर चिता मा घिउ को धारा दिँदै पुनः एक पटक चिता को परिक्रमा गर्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पञ्चक मा मर्नेहरू का लागि –

कुम्भमीनगते चन्द्रे मरणं यस्य जायते
पञ्चकानन्तरं कार्य तस्यदाहादिकं खलु

अर्थात्- कुम्भ र मीन राशि मा चन्द्र मा गएको बेला मा मरेका मानिस को पहिले पञ्चक कर्म गरेर मात्र दाहसंस्कार गर्नू ।

एसका लागि पहिले कुश का ५ वटा पुतला (प्रतीक) बनाएर ऊनीका धागा ले बेर्नू जसलाई- प्रेतवाहः, प्रेतसखः, प्रेतपः, प्रेतभूमिपः र प्रेतहर्ता भनिन्छ । अब ती सबै लाई छोएर एस्तो सङ्कल्प गर्नू-

अद्येह अच्युतगोत्रजन्त .... नाम्नो मुक्तचेतनस्य नानापचार निवृत्तिपूर्वकं धनिष्ठादि पञ्चकमरणसूचितगृहपुत्रवंशारिष्टविनाशार्थं पञ्चकमरणं दाहविधिना करिष्ये ।

१. पहिलो पुतला लाई **"ॐ त्रायन्तामिह देवास्त्रायन्ताम्मरूतां गणाः स्त्रायन्तां विश्वाभूतानि यथायमरणाऽसत्प्रेतवाहं शिरसि स्थापयेत्"** भन्दै मृतक को शिर मा राखिदिनू ।

२. दोस्रो पुतला लाई- **"इदम् मे वरूण र श्रुधि हवमद्याच मृडय त्वामवस्युराचके इति प्रेतसखं शवनेत्रयोः स्थापयेत्"** भन्दै मृतक का आँखानेर राखिदिनू ।

३. तेसैगरी तेस्रो पुतला हात मा लिएर- **"ॐ शैन्ऽअजऽएक पाद्देनोऽअस्तु शंनोऽहिन र्ध्न्यशं समुद्रः । शन्ऽअपानपात्ये रूरस्तु शन्नः पृश्निर्भवतु देवगोपाः ॥ तृतीयं कुशकृत्- प्रेतपं कुक्षौ स्थापयेत्"** भन्दै कुश को तेस्रो प्रतीक मृतक का कोखा मा राखिदिनू ।

४. चौथो लाई- **"ॐ विष्णुर्योनिं कल्पयतु त्वष्टारूपाणि पिंशतु । आशिबञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते प्रेतभूमिपः नाभा स्थापयेत् ।"** चौथो पुतला शव को नाभि मा राखिदिनू ।

५. अन्तमा पाँचौं कुशप्रतीक हात मा लिएर **"ॐ हइस शुचिषद् वसुरन्तरिक्षत् । होतावेदिष दतिथि दूरेण सत् । नृषद्वर सहत सद्व्योम, सदब्जा गोजाऽऋतजाऽद्रिजाऽऋतं बृहत् । पञ्चमं प्रेतहर्तां चरणयोः स्थापयेत्"** भन्दै उक्त कुश को पुतला शव को पाउ मा राखिदिनू ।

अब तलको मन्त्र उच्चारण गर्दै चिता माथी घिउ को आहुति दिनू -

ॐ त्र्यम्बकं त्र्यम्बकं यजामहे, सुगन्धिं पुष्टिवर्धनं ।
ऊर्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीय मामृतात् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

☞ शव आधा-आधी जलिसकेपछि फेरि पाँच वटा समिधा घिउ मा चोबेर तलको मन्त्र पढ्दै चिता मा हालिदिने-

ॐ अस्मात्वमधिजातोऽसि त्वदयं जायतां पुनः ।
असौ स्वर्गाय लोकाय स्वाहा ज्ज्वलतु पावकः ॥

☞ शव जलेर अलिकति मात्र बाँकी रहँदा छोरो वा संस्कार कर्ता ले एक-एक हात लामा सात टुक्रा दाउरा लिएर सात पटक फेरि चिता को परिक्रमा गर्ने र प्रत्येक परिक्रमा मा एक-एकवटा दाउरा **'ॐ क्रव्यादय नमस्तुभ्यं'** भन्दै चिता मा चढाउँदै जाने ।

☞ चिता जल्दै गर्दा छोरो वा मुख्य व्यक्ति ले काठ वा धातु का लठ्ठी ले चिता का दाउरा वा जल्न नसकेका शव का अङ्गहरु लाई ठोकठाक पारिराख्नु पर्छ ।

☞ शव पूर्णतया जलिसकेपछि पानी खन्याएर आगो निभाउने । सम्भव भए माटा का भाँडा मा पानी ल्याएर खन्याउने । जलेर अवशिष्ट रहेको अंश वा हाड का टुक्राहरु **'ॐ क्रव्यादाय नमः'** भन्दै सफा कपडा मा उठाएर पोको पारी पानी मा फलिदिने वा अवशेष लाई अन्य तीर्थहरु मा पनि लैजाने भए त्यही अनुसार बटुलेर सेता कपडा मा पोको पारी माटा का घडा वा भुँड्का मा राखेर आफू लाई पायक पर्ने जङ्गल वा वृक्ष मा सुरक्षित हुने गरी राख्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

रजस्वला र सूतिका अवस्था मा मनेहरू का लागि-

रजस्वला र सूति का अवस्था मा कुनै महिला को मृत्यु भएमा पहिले कर्ता ले अभिमन्त्रित पञ्चगव्य को सेचन र पान गरेर आफू लाई शुद्ध गर्ने अनि मृतक लाई एक शय पटक जल खन्याएर विधिपूर्वक नुहाइदिने तेसपछि पञ्चगव्य ले नुहाइदिएर कपडा को पुतली सँगै चिता मा राखेर अरूलाई जसरी नै विधिपूर्वक जलाउने ।

अस्थिसञ्चयन पिण्ड

☞ चितास्थल राम्ररी पखालिसकेपछि छोरा ले नुहाएर चिता स्थल मै जौ वा चामल को पीठो दूध वा पानी मा मुछेर कुश ओच्छ्याएर छ वटा पिण्ड बनाई निम्न सङ्कल्प पढ्दै एक-एक गरी उक्त कुश माथी राखिदिने ।

'ॐ अद्येह ..... गोत्रं ..... नामाऽनम् मृतकम् प्रेतसंज्ञकम् इदम् पिण्डप्रत्यवनेजनं ते मया दीयते तवोपतिष्ठतामिति' एसरी छ वटा आसन मा छवटा पिण्ड राखेर छवटै प्रत्यवनेजन दिने ।

☞ सम्पूर्ण मलामीहरु ले चितातिर नहेरी जलाशय मा गएर दक्षिण तिर फर्किएर नुहाउने । अनि चिसै लुगा सहित सव्य भएर आचमन गर्ने र अपसव्य भई एउटा चेप्टो ढुङ्गा मा तलको मन्त्र उच्चारण गर्दै तीन पटक तिल, कुश सहित को जलाञ्जलि दिने-

अद्येह '....गोत्राय ..... नाम्ने एष सतिलतोयाञ्जलिर्मया दीयते तवोपतिष्ठतामिति' ..... नामानं सतिलोदकेन तर्पयामि ।

'अद्येहामुकगोत्रामुकमृतकचितादाहजनिततापतृषोपशमाय एष तिलकुशतोयाञ्जलिर्मया दीयते तवोपतिष्ठताम् ॥'

एसरी तिलाञ्जलि दिइसकेपछि पनि सकिन्छ भने फेरि एक पटक पानी मा डुबेर नुहाउने र लुगा फेरेर घर तिर फर्किने ।

☞ घर तिर फर्किंदा सबभन्दा अघि केटाकेटीहरु र तेसपछि बूढा पाकाहरु हिंड्ने चलन छ र साँझ परे पछि मात्र घर भित्र प्रवेश गर्ने चलन पनि छ ।

☞ मृतक का घर पुगे पछि त्यहीं बस्ने ले घर भित्र पस्दा दाँत ले नीम को पात टोक्दै र हात ले **'ॐ शमी पापं शमयतु'** -शमी का पात ले पाप नाश गरून्" भनेर समी को पात छुँदै **'ॐ अग्निर्न शर्म यच्छतु'** -अग्नि ले हामी लाई आश्रय र प्रसन्नता दिऊन्) भनेर आगो छुँदै र **'ॐ अश्मेव स्थिरो भूयासम्'** (ढुङ्गा झैं स्थिर होऊँ) भनेर गोडा ले ढुङ्गो छुँदै पस्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

- घर लाई गाई का गोबर को गुइठा को धुवाँ ले जौ, तिल, कुश सहित को जल ले अनि हरिनाम उच्चारण को ध्वनि ले शुद्धीकरण गर्नुपर्छ भन्ने निर्देश छ।
- दाहसंस्कार गरेका दिन मृतक का घर मा सकेसम्म खाने पकाउने काम नगर्ने। अशक्त र केटाकेटीहरु का लागि छिमेक मा खाना खुवाउने व्यवस्था गर्ने। बाबु, आमा, पति को निधन हुनेहरु ले सकेसम्म तीन दिन देखि मात्र एक छाक खाने विधान छ। यो क्रम १० दिन सम्म रहन्छ। नसक्नेहरु ले फलहरु खान सक्छन् त्यो पनि घाम को उज्यालो हुँदा सम्म मात्र।
- मृतक को अस्थि वा भस्म लाई अन्य नदी तथा तीर्थहरु मा पनि लगेर विसर्जन गर्न चाहने ले चिता बाट सङ्कलित अस्थि भस्म लाई एउटा घडा मा राखेर बाहिर बाट शिल्क को कपडा वा मृग चर्म ले बेरेर कुश ले बाँधेर राख्नु पर्छ र चार दिन पछि वा क्रिया कर्म सकेपछि वा फुर्सद मा यथाशक्य छिटो इच्छाएको नदी वा तीर्थ मा सेलाउनु पर्छ। तेसरी नदी वा तीर्थ मा अस्थि विसर्जन गर्नाले ती ठाउँ मा शरीर छोडेसरह फल पाइन्छ र अस्थि विसर्जन गर्ने लाई पनि पुण्य मिल्छ भन्ने शास्त्रीय कथन छ।

गङ्गा वा तीर्थ मा अस्थि विसर्जन गर्ने विधि

अस्थि विसर्जन गर्न लैजाँदा अस्थि लाई साथै मा लिएर- दिसा, पिसाब, भोजन र शयन गर्नुहुँदैन; नीच वस्तु वा व्यक्ति सँग छुवाउनु पनि हुँदैन। सर्वप्रथम गङ्गा वा नदी वा समुद्र मा पुगेर स्नान गर्ने। तेसपछि आचमन गर्ने अनि उत्तर तिर फर्किएर दाहिने हात मा जलतिल लिएर तलको सङ्कल्प पढ्ने -

ॐ विष्णु- ३ ॐ तत्सत् अद्येह .... मासे .... पक्षे .... तिथौ .... नामकमृतकस्य एतानि अस्थीनि गङ्गायां/नद्यां/महासागरे रूविनिक्षिपामि।

यो सङ्कल्प पढिसकेपछि सम्बन्धित व्यक्ति ले महामन्त्र- हरे कृष्ण हरे कृष्ण ..... को उच्चारण गर्दै विसर्जन गर्न लागेको अस्थि शेष मा पाए पञ्चगव्य घिउ, मह, तिल मिसाएर तेस लाई माटा ले छोप्ने तेसपछि उक्त अस्थि शेष दाहिने हात मा लिएर **'ॐ नमोस्तु धर्माय'** धर्म लाई नमस्कार छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
भन्दै पानी मा प्रवेश गर्ने र **'एष ते प्रीतो भवतु'** यो भगवान् लाई प्रिय होस् भन्दै पानी मा विसर्जन गर्ने । माटा को भाँडो भए फुटालि दिने र अन्य धातु को भए त्यहीं छोडिदिने । अनि पानी मा डुबुल्की लगाएर बाहिर निस्केपछि सूर्य लाई हेर्दै निम्नलिखित मन्त्र उच्चारण गरेर भगवान् को स्तुति गर्ने-

तत्तेऽनुकम्पां सुसमीक्ष्यमाणो भुञ्जान एवात्मकृतं विपाकम् ।
हृद्वाग्वपुर्भिर्विदधन्नमस्ते जीवेत यो मुक्तिपदे स दायभाक् ॥

अर्थात्- हे प्रभु ! हजुर का अहैतु की कृपा को प्रतीक्षा गर्दै एस जीव ले आफ्ना पूर्वजन्म को कर्म अनुसार सुख-दुख भोगेको छ र अहिले हृदय ले वाणी ले र शरीर ले हजुर लाई नमस्कार गरी यो मुक्ति पद को अधिकारी बनेको छ, कृपया एसलाई मोक्ष प्रदान गर्नुहोस् ।

क्रियाविधि

पहिलो दिन-

१. मृतक को दाहसंस्कार गरेको भोलि पल्ट वा पर्सि पल्ट क्रियापुत्री लाई चाहिने सामग्री सहित दश दिन को कृत्य गर्न रोजिएको थला मा जाने ।
२. सर्वप्रथम जलाशय (धारा, कुवा, खोला आदि) मा गएर कुश-तिल-सहित को पानी अंखोरा मा लिएर टाउका देखि खन्याएर नुहाउने ।
३. नुहाए पछि हात मा तिल, कुश पानी लिएर आफूले लगाउने कछाड कौपीन आदि कपडा मा छर्किएर शुद्धीकरण गरेपछि कपडा फेर्ने ।
४. नुहाएको ठाउँ वा जलाशय को नजीकै एउटा चेप्टो ढुङ्गा मा मृतक लाई सम्झेर कुश, तिल सहित को जलाञ्जलि दिने । यो जलाञ्जलि पहिलो दिन एक पटक, दोस्रो दिन दुई पटक गर्दै क्रमशः बढाउँदै जाने ।
५. तेसपछि थला मा आई सर्वप्रथम डिकुरो (वेदी) तयार पार्ने अनि तेस लाई गोबर ले लिप्ने (लिप्ने काम प्रत्येक दिन गर्नुपर्छ) तेसपछि पिण्ड दिने र खाने पाक तयार पार्ने । अनि हात धोएर डिकुरा का दक्षिण तिर बत्ती बाल्ने । अपसव्य (दाहिने काँध मा जनै वा गम्छा राख्ने) भई आचमन गरेर डिकुरा मा उत्तरदक्षिण फर्काएर कुश ओच्छ्याउने; आफू दक्षिण मुख गरी बायाँ घुँडो मारेर बस्ने अनि कुशातिल जल लिएर तलको सङ्कल्प गर्ने-

'अद्येह .... गोत्रस्य ..... नाम्नो मृतकस्य .... वैकुण्ठादिलोकगमनाय मूर्धावयवसम्भूत्यै प्रथमदिननिमित्तकं शिरःपूरकं पिण्डदानमहं करिष्ये ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
एसपछि फेरि दाहिने हात मा अवनेजन का लागि तिलजल सहित कुश लिएर तलको वाक्य पढ्ने-

'अद्येह .... गोत्रस्य ..... नाम्नो मृतकस्य प्रथम दिन सम्बन्धी प्रथम पिण्डस्थाने इदमवनेजनं ते मया दीयते तवोपतिष्ठताम् ।' यति भनेर उक्त कुश जलवेदी मा राखिदिने (ओच्छ्याउने) तेसपछि दूध मा पकाएको वा जौ को पीठो मुछेर तिल, घिउ समेत मिसाएर बनाएको पिण्ड, कुश पानी सहित हात मा लिएर सङ्कल्प गर्ने-

अद्येह.... गोत्र.... नामकमृतक .... वैकुण्ठादिलोकगमनायप्रथमदिन सम्बन्धी एष शिरः पूरकप्रथमपिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।

यति भन्दै उक्त पिण्ड वेदी मा अघि ओच्छ्याएको कुश माथी राखिदिने । तेसैगरी फेरि अर्को कुश र पानी हात मा लिएर **इदम् पिण्ड प्रत्यवनेजनं ते मया दीयते तवोपतिष्ठताम्** भनेर पिण्ड माथी चढाइदिने । अनि मृतक का लागि भनेर उशीर, चन्दन, ऊन, भृङ्गी राज को पात, फूल, नैवेद्य आदि सामग्रीहरु पनि पिण्ड माथी चढाइदिने । अनि **एष सतिलतोयाञ्जलिस्ते मया दीयते तवोपतिष्ठताम्** भनेर पिण्ड माथी तिल मिश्रित जल चढाइदिने । तेसपछि फेरि एकसरो दुना मा जल, तिल राखी **इदम् सतिलतोयपूर्णपात्रं ते मया दीयते तवोपतिष्ठताम्** भनेर पिण्ड को नजीकै लगेर राखिदिने ।

तेसपछि वेदी नजीकै पलास का काठ को दुई वटा त्रिखुट्टी बनाएर ती माथी एउटा मा दूध र अर्का मा पानी को दुनो राखिदिने । राख्दा- **इमे त्रिकाष्ठिकास्थिते नीरक्षीर पुटपात्रे ते मया दीयेते तवोपतिष्ठताम्** भन्ने । अनि ती पात्रहरु हात ले देखाएर तलको श्लोक पढ्ने-

श्मशानानलदग्धोऽसि परित्यक्तोसि बान्धवैः
इदम् नीरमिदं क्षीरमत्र स्नाहि इदम् पिब ॥

अब एउटा माटा को सानो घडा मा शीतल जल भरेर अगाडी राखी कुश लिएर छुँदै यो वाक्य पढ्ने-

अद्येह .... गोत्रः .... नायामृतक एष सुशीतलजलोपेतो घटस्ते मया दीयते तवोपतिष्ठताम् । अनि सव्य भएर एसरी प्रार्थना गर्ने -

अनादिनिधनो देवः शङ्खचक्रगदाधरः । अक्षय्यः पुण्डरीकाक्षः प्रेतमोक्षप्रदो भव ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

फेरि अपसव्य भएर उपर्युक्त जल पूर्ण घडा पीपल का रुख मा लगेर भुण्ड्याइदिने। हिलो दिन एसरी भुण्डयाएको घडा मा प्रत्येक दिन एसै बेला माथीको वाक्य उच्चारण गर्दै पानी भरिदिने गर्नुपर्छ- दश दिन सम्म नै।

एसपछि एउटा सानो फलाम को टुक्रो (लौह दक्षिणा) कुश, तिल, जल सहित लिदै...**नाम्नो मृतकस्य शिरपूरकप्रथमपिण्डदान प्रतिष्ठासिद्ध्यर्थं लौहं पलपरिमितं यमदैवतं दक्षिणात्वेन दातुमह्युत्सृजे भन्दै त्यही वेदी मा राखिदिनू।**

एति गरिसकेपछि पिण्ड लगायत सबै चीज पानी मा लगेर सेलाइ दिनू र सके नुहाउँनू नसके हात मुख धोएर थला मा आई भोजन गर्न थाल्नू। भोजन गर्नु पूर्व दक्षिण पट्टि निम्नलिखित श्लोक उच्चारण गर्दै काकबलि दिनू-

काकोऽसि यमदूतोऽसि गृहाण बलिमुत्तमम्।
यमद्वारे महाघोरे त्वमाप्यायितुमर्हसि॥
यमाय धर्मराजाय मृत्यवे चान्तकाय च।
दक्षिणां दिशमाश्रित्य प्रेतान्नं बलिमाहर॥

एसरी काकबलि दिइसकेपछि भोजन गर्ने। भोजन पश्चात् वेदी र वरपर को भोजन स्थल गोबर ले लिपेर काँडा वा स्याउला ले छोपेर छोड्ने। दसौं दिन डिकुरो नफुटाउञ्जेल यही क्रम जारी राख्ने।

एसपछि- **हरे राम हरे राम राम राम हरे हरे। हरे कृष्ण हरे ...॥**

यो महामन्त्र उच्चारण गर्दै थला बाट वास स्थल मा आउने। साँझ मा क्रिया पुत्रीहरु बसेका ठाउँ मा नजीकै सप्तधान्य माथी जल ले भरिएको सानो घडा राखेर तेस माथी घिउ वा तेल को बत्ती बाल्ने। बत्ती बाल्दा एस प्रकाश ले मृतक को मार्ग मा उज्यालो प्रदान गरोस् भन्ने भाव लिदै यो श्लोक पढ्ने :

अन्धकारम् महाघोरम्, रविर्यत्र न भासते।
तस्य सन्तरणार्थाय, दीपं दद्यात् दशाह्निकम्॥

एसैगरी घर को आँगन मा पनि साँझ गोबर ले लिपेर तीन वटा त्रिकाठी ठड्याई एउटा मा बत्ती, एउटा मा पानी र एउटा मा फूल राखेर तिनलाई अपसव्य भएर कुश पानी ले छुँदै एसो भन्ने :

अद्येह.....नाममृतकप्रथमदिनसम्बन्धिसायङ्काले एष दीपस्ते माया दीयते, इदम् पानीयं ते मया दीयते, इदम् पुष्पं ते माया दीयते तवोपतिष्ठताम्। अनेन पश्य, इदम् पिब, अयं परिधेहि इति। एसरी पहिलो दिन को काम समाप्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दोस्रो दिन

१. नुहाउने विधि पहिलो दिन को जस्तै

२. जलाञ्जलि दुई पटक दिने ।

३. अरु विधि पहिलो दिन जस्तै गरेर केवल सङ्कल्प गर्दा **अद्यामुकगोत्रस्य मृतकस्य द्वितीयदिने वैकुण्ठादिलोकगमनाय कर्णाक्षिनासिकावयवसं भूत्यै द्वितीयदिननिमित्तकपिण्डदानमहं करिष्ये** भन्ने ।

४. **अवनेजनार्थ कुशोदकमादाय अद्यामुकगोत्र..... नाम मृतकद्वितीयदिन पिण्डस्थाने इदमवनेजनं ते मया दीयते तवोपत्तिष्ठताम्** भनेर अवनेजन जल चढाइदिने ।

५. कुश, तिल, जल र पिण्ड हात मा लिएर **अद्येह.... गोत्र नाममृतकस्य वैकुण्ठादिलोकगमनाय कर्णाक्षिनासिकावयवसम्भूत्यै एष द्वितीयदिन निमित्त पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।**

६. प्रत्यवनेजन का लागि कुश तिल पानी लिएर **अद्येहऽच्यूतगोत्रङ्गत ..... नाममृतक द्वितीयदिनपिण्डप्रत्यवनेजनं ते मया दीयते तवोपतिष्ठताम्** भन्दै पिण्ड माथी चढाउने ।

७. बाँकी सम्पूर्ण विधि पहिलो दिन जस्तै गर्ने । तिल कुश सहित को पानी दुईटा दुना मा राख्ने ।

तेस्रो दिन

१. जलाञ्जलि तीन पटक ।

२. **अद्यामुकगोत्र .... नाम मृतकस्य तृतीयदिने वैकुण्ठादिलोकगमनाय गलांसभुजवक्षपूरकः तृतीयदिननिमित्तक एषपिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।**

३. अवनेजन र प्रत्यवनेज दिंदा पनि यही क्रम लाई दोहोऱ्याउने ।

४. तीन वटा एक सरे दुना मा जल तिल राखी **"इदम् सतिलतोयं पूर्णपात्रं ते मया दीयते तवोपतिष्ठताम्" भनी वेदी नजीकै राखिदिने ।**

चौथो दिन

१. स्नानादि पहिले झैं, जलाञ्जलि चार पटक ।

२. सङ्कल्प मा **एष नाभिलिङ्गगुदपूरकश्चतुर्थः पिण्डस्ते मया दीयते**

३. सतिलतोय पूर्ण पात्र चार वटा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाँचौं दिन

१. स्नानादि पहिले झैं, जलाञ्जलि पाँच पटक ।

२. सङ्कल्प, पिण्ड, अवनेजन, प्रत्यवनेज, दक्षिणा **जानुजङ्घापादपूरक पञ्चम दिननिमित्तक एष पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।**

३. तिल पानी का एकसरे दुना पाँच वटा ।

छैटौं दिन

१. स्नान आदि पहिले झैं, जलाञ्जलि छ पटक ।

२. सङ्कल्प, पिण्ड, अवनेजन, आदि गर्दा **षष्ठदिन निमित्तक एष सर्वकर्मपूरकः पिण्डस्ते मया दीयते तवोपतिष्ठताम् पिण्ड .....** ।

३. तिल पानी का एकसरे हुन् छ वटा ।

सातौं दिन

१. स्नान आदि पहिले झैं, जलाञ्जलि सात पटक ।

२. सङ्कल्प, पिण्ड दान, अवनेजन आदि मा **सप्तम दिननिमित्तक एषः सर्वनाडीपूरकपिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।**

३. तिल पानी का एकसरे दुना सात वटा ।

आठौं दिन

१. स्नानादि पहिले झैं, जलाञ्जलि आठ पटक ।

२. सङ्कल्प, पिण्ड दान, अवनेजनं **दन्तलोमादिपूरकाष्टमदिनसम्बन्धी एष अष्टमपिण्डस्ते मया दीयते तवोपतिष्ठताम् ।**

३. आठ वटा तिल पानी का दुना ।

नवौं दिन

१. स्नानादि पूर्ववत् । जलाञ्जलि नौ पटक ।

२. सङ्कल्प, पिण्ड दान, अवनेजन दान आदि मा **वीर्यपूरकनामक एष नवम पिण्डस्ते मया दीयते ।**

३. तिल पानी का एकसरे दुना नौ वटा ।

दशौं दिन

१. स्नानादि पहिले झैं, जलाञ्जलि दश पटक ।

२. **पूर्णता तृप्तता क्षुद्विपर्ययहेतुको दशमपिण्डस्ते मया दीयते तवोपतिष्ठताम्।**

३. जल, तिल, पूर्णपात्र १० वटा ।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri | Samichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. थला को सबै कर्म सकेपछि डिकुरी फुटाउने । पिता को भए टाउका ले धक्याएर र अरुको भए घुँडा ले वा हात ले फुटाउने चलन छ ।

५. क्रिया पुत्री को कोठा मा बत्ती मुनि राखिएको सप्तधान्य त्यही भत्किएको डिकुरा माथी छरिदिने र एउटा सिदा पनि तेसै माथी राखिदिने अनि फलाम को टुक्रा दक्षिणा दिने ।

६. सबै सामग्री नदी मा बगाई दिएर दारी कपाल खौरिएर, तिल, सर्स्यूं आदि ले स्नान गरेर, सेतो लुगा लगाएर, पञ्चगव्य खाएर, गाई लाई वा चोखो ब्राह्मण (सज्जन ज्ञानी) लाई छुँदै घर फर्किने ।

परम्परागत विधि मा मृतक लाई प्रेत भनेर सम्बोधन गरिएको छ र उसले मृत्यु पश्चात् निम्नलिखित १० किसिम का नरक मा क्रमैसँग पर्नुपर्ने र पहिलो दिन देखि दश दिन सम्म गरिने क्रिया र पिण्ड दान ले एकएक गरी ती दश नरक बाट उसलाई उत्तारण गर्छन् भनिएको छ । तेसैले प्रत्येक दिन को कर्म मा अमुक नरकोत्तारणाय भन्ने वाक्य प्रयोग गरिएकोछ ती नरकहरु एस प्रकार छन् :

पहिलो दिन- रौरवनामनरकोत्तारणाय
दोस्रो दिन- जातिपुष्करनामनरकोत्तारणाय
तेस्रो दिन- हाहाकारनामनरकोत्तारणाय
चौथो दिन- तामिस्रनामनरकोत्तारणाय
पाचौ दिन- अन्धतामिस्रनामनरकोत्तारणाय
छैटो दिन- जातिसंम्रवनामनरकोत्तारणाय
सातौं दिन- अमेध्यकृमिनामनरकोत्तारणाय
आठौं दिन- पुरीषभक्षनामनरकोत्तारणाय
नवौं दिन- स्वमांसभक्षनामनरकोत्तारणाय
दशौं दिन- कुम्भीपाकनामनरकोत्तारणाय

तेसैगरी प्रत्येक दिन को पिण्ड ले शिर देखि पाउ सम्म का अङ्ग पूर्ण गरी भाव शरीर तयार गरेर उत्तम गति मा पुऱ्याउने लक्ष्य राखिएको हुन्छ, जस अनुसार पहिलो दिन को पिण्ड ले शिर, दोस्रो दिन को पिण्ड ले कान, आँखा र नाक, तेस्रो दिन को पिण्ड ले- घाँटी, छाती र हात, चौथो दिन को नाभि, लिङ्ग र गुदा, पाँचौं दिन को पिण्ड ले- साँप्रा, फिला र पाउ, छैठौं दिन को सबै मर्म स्थल, सातौं ले- सबै नाडीहरु को पूर्ति, आठौं दिन को पिण्ड ले दाँत रौं आदि, नवौं दिन को पिण्ड ले- वीर्य वा रज र दसौं दिन को पिण्ड ले बाँकी सम्पूर्ण देह पूर्ण हुन्छ तर यहाँ मृतक लाई 'प्रेत' नभनेर 'मुक्त पान्थ' भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूर्वाङ्ग-कर्म

१. यज्ञ गर्ने कर्ता स्नान, जप, पूजा आदि नित्य कर्म पूरा गरेर सफा शुद्ध वस्त्राभूषणहरु लगाएर यज्ञ स्थल मा प्रवेश गर्नू ।

२. प्रवेश गर्दा प्रवेश द्वार मा **ॐ द्वारदेवतायै नमः, ॐ देहल्यै नमः** भनेर द्वारदेवता लाई नमस्कार गर्नू ।

३. इष्टदेव को स्मरण गर्दै यज्ञ स्थल मा निर्दिष्ट आसन मा भगवान् लाई सम्मुख पारेर **भूम्यै नमः** भन्दै भूमि लाई नमस्कार गर्दै बस्नू ।

४. आफू बसेको आसन लाई दुवै हात ले छुंदै यो मन्त्र पढ्नू -

ॐपृथ्वि त्वया धृता लोका देवि ! त्वं विष्णुना धृता ।
त्वं च धारय मां देवि पवित्रं कुरू चासनम् ॥

अर्थात्- भगवान् विष्णु ले धारण गरिएकी हे पृथ्वी माता ! तिमी ले सम्पूर्ण लोक लाई धारण गरेकी छ्यौ तेसैले मलाई पनि धारण गर र यो मेरो आसन लाई पवित्र पारिदेऊ ।

५. अब **ॐ ह्रीं आधारशक्तिकमलासनाय नमः** भनेर आसन लाई नमस्कार गर्नू ।

६. हात मा सर्स्यूं तथा तिल लिएर तलको मन्त्र पढ्दै यज्ञ स्थल वरपर छर्ने-

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिमाश्रिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥

अर्थात्- यहाँ बाट हटोस् सारा, समूह भूतप्रेत को ।
आज्ञा ले शिव को नाश, होस् विध्नकारी तत्त्व को ॥

ॐ अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ।
सर्वेषामविरोधेन पूजाकर्म समारभे ॥

अर्थात्- आ-आफ्ना ठाउँ मा जाऊन्, भूतप्रेतादि का गण ।
नसताई कसै लाई, पूजा को काम थाल्छु म ॥

७. एसपछि निर्विध्नतापूर्वक यज्ञ सम्पन्न होस् भनेर मङ्गल पाठ गर्नू ।

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0In Public Domain. Digitization by eGangotri

मङ्गलं भगवान् विष्णु मङ्गलं गरूडध्वजः ।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनम्हरिः ॥
मङ्गलं श्रीरमानाथो मङ्गलं पुरुषोत्तमः ।
मङ्गलं कमलाकान्तो मङ्गलं भक्तवत्सल ॥
प्रह्लादनारदपराशरपुण्डरीक ।
व्यासाऽम्बरीषशुकशौनकभीष्मदाल्भ्यान् ॥
रूक्माङ्गदाऽर्जुन वशिष्ठविभीषणादीन् ।
पुण्यानिमान् परम भागवतान् स्मरामि ॥
सर्वमङ्गल माङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्यम्बके गौरि नारायणि नमोऽस्तुते ॥

पञ्चभूसंस्कार :

१. सुरा का टुप्पा ले वेदी मा तीन रेखा पार्ने
२. बूढी र साहिंली औंला ले यज्ञ भूमि को माटो चिम्टिएर ईशान दिशा तिर फाल्ने
३. कुश का टुक्रा ले यज्ञ भूमि बढार्ने
४. गाई का गोबर ले यज्ञ भूमि लिप्ने
५. कर्मपात्र का जल ले सेचन गर्ने

यज्ञोपवीत धारण :

सर्वप्रथम - **अपवित्रः पवित्रो वा सर्ववस्थाङ्गतोऽपि वा ।**
यःस्मरेत् पण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥

भन्ने मन्त्र ले आचमन गरेर यज्ञोपवीत चिसो बनाई १० पटक गायत्री मन्त्र जपेर अभिमन्त्रित गर्ने - अनि कुश र जनै लिएर जौ तिल को पानी ले एसरी विनियोग गर्ने -

ॐ यज्ञोपवीतमिति परमेष्ठिऋषिर्लिङ्गोक्तादेवता त्रिष्टुप्छन्दो यज्ञोपवीतधारणे विनियोगः

अब तलको मन्त्र उच्चारण गर्दै यज्ञोपवीत धारण गर्ने

ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतिमुञ्चशुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।
ॐ यज्ञोपवीतमसि यज्ञस्यत्वा यज्ञोपवीते नोपनह्यामि ॥

Prof. Madhav Prasad Tamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुरानो यज्ञोपवीत त्याग्ने मन्त्र

एतावद्दिनपर्यन्तं ब्रह्म त्वं धारितं मया ।

जीर्णत्वात् तत्परित्यागे गच्छ सूत्रं यथासुखम् ॥

यो मन्त्र उच्चारण गर्दै लगाई राखेको यज्ञोपवीत शिर बाट निकालेर शुद्ध ठाउँ मा सेलाउने र फेरि गायत्री मन्त्र जप्नू ।

कर्मपात्र बनाउने विधि

हातगोडा धोएर, पूर्व तिर फर्केर शुद्ध आसन मा बसी पानी अचाउनू, अनि हात धोएर आफ्नो अगाडी दाहिने तिर **आधारशक्त्यै नमः** भन्दै फूल अक्षता राखेर तेसै माथी तामा को वा अन्य धातु को चोखो थाली वा भाँडो राख्नू अनि तेसमा तलका मन्त्रहरु पढ्दै क्रमशः पवित्र, कुश, जल, चन्दन, अक्षता राख्नू -

पवित्र राख्ने

ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वः प्रसव उत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः । देवीरापोऽअग्रे ।

अर्थात्- सबै लाई पवित्र पार्ने हे पवित्र ! तिमी यज्ञ का लागि बनेका हौ । सविता का प्रेरणा ले म तिमी द्वारा यो यज्ञीय जल माथी तिर छर्किन्छू र एसलाई छिद्र रहित शुद्ध, वायु र सूर्य को किरण ले पवित्र बनाउँछू ।

जल राख्ने

ॐ शन्नो देवीरभिष्टय आपो भवन्तु पीतये शंयोरभिस्रवन्तु नः ।

अर्थात्- हे जल ! तिमी हाम्रा स्नान पान आदि मा सुख दिने तथा रोग र भय निवारण गर्ने बन ।

चन्दन राख्ने

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।

ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

अर्थात्- हे चन्दन ! तिमी आफ्नो अकल्पनीय मनमोहक सुगन्ध ले सबै प्राणी लाई वश मा राख्छौ; तिम्रो पार्थिव तत्त्व मा रहेको त्यही सुगन्धरूपी लक्ष्मी लाई म यहाँ आवाहन गर्छू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अक्षता राख्ने

ॐ अक्षन्नमीमदन्त ह्यव प्रियाऽअधूषत । अस्तोषत ।
स्वभानवो विप्रानविष्ठया मतीयोजान्वीन्द्र ते हरी ॥

अर्थात्- हे अक्षता ! तिमी बाट तृप्त र प्रसन्न भएका पितृहरु ले उज्यालो मुख गरी शिर हल्लाउँदै आफ्नो अपूर्व बुद्धि प्रदर्शन गरे, तेसैका लागि म तिमी लाई यहाँ आवाहन गर्छू ।

जौ राख्ने

ॐ यवोऽसि यवयास्मद्वेषो यवयारातीः ।

अर्थात्- हे पृथक्कर्ता जौ ! तिमी ले हामी लाई दरिद्रता, दुर्भाग्य र शत्रुहरु बाट पृथक् गरिदेऊ ।

तिल राख्ने

ॐ तिलोसि सोमदैवत्यो गोसवो देवनिर्मितः ।
प्रत्नमद्भिः पृक्तः स्वधया पितॄँल्लोकान् प्रीणाहि नः स्वाहा ।

अर्थात्- हे देव निर्मित तिल ! सोम तिम्रा देवता हुनु; तिमी जल सँग मिलेर स्वधा द्वारा हाम्रा पितृहरु लाई तृप्त पारिदेऊ ।

फूल राख्ने

ॐ श्रीश्चते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णान्निषाणामुम्मइषाण सर्वलोकम्मइषाण ॥

अर्थात्- हे महान् ! श्री र लक्ष्मी तिम्रा पत्नी हुनु; दिन र रात तिम्रा पार्श्व भाग हुनु; नक्षत्र तिम्रा रूप हुनु; आकाश र पृथ्वी तिमी ले बाएको मुख हो । मेरो उभय मङ्गल का लागि म तिमी लाई यहाँ आह्वान गर्छू ।

एसपछि तीन टुक्रा कुश ले कर्म पात्र को जल चलाउँदै तलका मन्त्र ले अभिमन्त्रण गर्ने-

ॐ यद्देवा देवहेडनन्देवासश्चकृमा वयम् ।
अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व हसः ॥

अर्थात्- हे देवता ! हामीले तपाईंहरु को अवहेलना गरेर कुनै पाप गरेका भए तेस बाट अग्नि ले हामी लाई छुटाऊन् ।

ॐ यदि दिवा यदि नक्तमेना सिचकृमा वयम्
वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व हसः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- दिउँसो वा रात का समय मा हामी बाट कुनै पाप भएका भए वायु देवता ले हामी लाई तेस बाट मुक्त गरून् ।

ॐ यदि जाग्रद्यदि स्वप्नऽएनासि चकृमा वयम्
सूर्यो मा तस्मादेनसो विश्वान्मुञ्चत्व हसः

अर्थात्- जाग्रत वा सुषुप्त अवस्था मा हामी बाट केही पाप हुन गएको भए तेस बाट सूर्य ले हामी लाई छुटाऊन् ।

एसपछि त्यही कुश र पवित्र ले उक्त कर्म पात्र को जल ले तलको मन्त्र उच्चारण गर्दै आफू लाई र आफ्ना वरिपरि सेचन गर्ने-

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा
यः स्मरेत् पुण्डरीकाङ्गं स बाह्याभ्यान्तरः शुचि : ॥
ॐ पुण्डरीकाक्षः पुनातु ।

पञ्चगव्य निर्माण

प्रत्येक शुद्धीकरण का कार्य मा पञ्चगव्य सेवन गर्ने चलन हाम्रो परम्परा मा छ । एसभित्र प्रशस्त वैज्ञानिक कारणहरु छन् र प्रत्यक्ष फाइदा पनि छ । गाई बाट प्राप्त हुने निम्नलिखित पाँच वस्तु नै पञ्चगव्य का नाम ले प्रसिद्ध छ ।

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।
निर्दिष्टं पञ्चगव्यं च पवित्रं पापशोधनम् ॥

कुश युक्त जल मा एक भाग गोबर, दुई भाग गोमूत्र, तीन भाग दही, एक भाग घिउ, र सात भाग गाई को दूध मिसाएर अभिमन्त्रण गरेपछि पञ्चगव्य तयार हुन्छ ।

विशेषः पञ्चगव्य बनाउँदा अझ सकिन्छ र पाइन्छ भने कैली गाई बाट गोमूत्र, काली गाई बाट गोबर, सेती गाई बाट दूध, राती गाई बाट दही र माली गाई बाट घिउ लिएर बनाउन सके सर्वोत्तम हुन्छ, अन्यथा जे जस्ता गाई बाट भए पनि पञ्चगव्य लिन सकिन्छ ।

पञ्चगव्य बनाउने विधि

पञ्चगव्य बनाउँदा भिन्नभिन्न मन्त्र उच्चारण गरेर गव्यहरु मिसाउनु पर्छ - प्रथमतः तलको गायत्री मन्त्र पढेर गहुँत राख्ने -

ॐ भूर्भुवःस्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- भू, भुव र स्वर्ग तीन लोक लाई प्रकाशित गर्ने हे सविता देवता हजुरको दिव्य तेज को हामी ध्यान गर्छौं । कृपया हाम्रो वृद्धि लाई सन्मार्ग तिर प्रेरित गर्नुहोस् ।

अनि गोबर मिसाउँदा तलको मन्त्र उच्चारण गर्ने -

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

अर्थात्- गन्ध बाटै चिन्न सकिने, कसैले अठ्याउँन नसक्ने, तथा वनस्पति र गाई वस्तु ले परिपूर्ण सम्पूर्ण प्राणीहरु की अधिष्ठात्री पृथिवी रूप गोबर मा रहेकी लक्ष्मी लाई म यहाँ आह्वान गर्छू ।

निम्नलिखित मन्त्र पढेर दूध मिसाउने -

ॐ आप्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् ॥
भवा वाजस्य सङ्गथे ॥

अर्थात्- हे सोमरूपा दूध ! सृष्टि का सम्पूर्ण उत्तम वस्तुहरु तिमी मै आएर मिसिऊन् र हामी लाई पनि त्यो रसमय पूर्णता प्रदान गर ।

दही मिसाउने मन्त्र

ॐ दधिक्राब्णो अकारिषञ्जिष्णोरश्वस्य वाजिनः ॥

अर्थात्- हे दही ! हामीले सम्पूर्ण रस मा उत्तम र अन्नरस युक्त दूध बाट तिम्रो निर्माण गर्‍यौं । अब तिमी ले मुख शुद्धि गर्नुका साथै हाम्रो आयु समेत बढाऊ ।

घिउ मिसाउने मन्त्र

ॐ तेजोसि शुक्रमस्यमृतमसि धामनामासि ।
प्रियन्देवानामनाघृष्टं देवयजनमसि ॥

अर्थात्- हे घिउ तिमी तेज हौ, वीर्य हौ, अमृत हौ र धाम पनि हौ, तिमी देवताहरु का प्रिय छौ । तिमी ले नै हवि का रूप मा यज्ञ सम्पन्न गर्छौं । उपर्युक्त सबै कुरा प्राप्ति का लागि म तिमी लाई यहाँ आह्वान गर्छू ।

कुशपानी मिसाउने

ॐ देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्याम् ।
पूष्णोहस्ताभ्याम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- हे कुशजल ! म तिमी लाई सविता देवता को प्रेरणा बाट अश्विनी कुमार का पाखुरा र पूषा का हात ले ग्रहण गर्छू । अब हात मा जरा सहित का सात वटा कुश को पवित्र अरु कुश तथा दूबो लिएर तलको मन्त्र पढ्दै चलाउनू-

ॐ आपो हिष्ठा मयोभुवस्ता न ऊर्जे दधातन ।
महेरणाय चक्षसे ॥

अर्थात्- सबै लाई सुख, रस र स्वाद प्रदान गर्ने हे जल देवता ! हामी लाई पनि सबै रस को उपभोग गर्ने अतिशय रमणीय वस्तु आत्म तत्त्व को दर्शन पाउन सक्ने बनाइदेऊ ।

अब निम्नलिखित मन्त्र ले अभिमन्त्रण गर्ने-

ॐ मधुव्वाता ऋतायते मधुक्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधीः
धुनक्तमुतोषसो मधुमत्पार्थिव रजः मधुद्यौरस्तु नः पिता, मधुमान्नो
वनस्पतिः मधुमाँऽअस्तु सूर्यः माध्वीर्गावो भवन्तु नः ॥

यो मन्त्र उच्चारण गर्दै पञ्चगब्य खाने-

वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात् पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥

अर्थात्- छन् जे पापहरु मेरा, भित्र बाहिर देह मा ।
यो पञ्चगव्य खानाले, अग्नि ले खर झैं डढून् ॥

ब्राह्मणवरण

ब्राह्मणवरण का लागि आवश्यक सामग्री (चन्दन, अक्षता, फूल, वस्त्र, भेटी आदि) एउटा भाँडा मा अगाडी राखेर ती सामग्री लाई नमस्कार गर्दै कुश को टुक्रा सहित कर्म पात्र को जल लिएर तलको सङ्कल्प गर्नू-

ॐ अद्येह.... गोत्र..... प्रवर..... नामाहं मम (आत्मनः/पत्न्याः/पुत्रस्य/कन्यायाः वा) करिष्यमाण.... कर्मणि दीपकलश गणेशपूजनपूर्वकं (मातृकापूजाभ्युदयिकश्राद्धादिरूप) पूर्वाङ्गकर्म करिष्ये-एतत्कर्मणि यथाविहितोपयोग्याचार्यादिकर्मकर्तुं (पुण्याह वाचनार्थं च) यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणानेभिश्चन्दन पुष्पाक्षत ताम्बूलपुगीफलवासोद्रव्यादिभिर्युष्मान् वृणे ।

CC-0. Gopi Patra Prasad Adhikari. Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- आज यहाँ.... गोत्र प्रवर ..... नाम को म आफ्नै वा पत्नी, छोरा, छोरी का लागि गरिनु पर्ने कर्म निर्विघ्नतापूर्वक सम्पन्न होस् भनेर दीप, गणेश, कलश को पूजा गरी मातृ का पूजा, आभ्युदयिक श्राद्ध आदि पूर्वाङ्ग को काम गर्छू। उक्त काम गर्न गराउनका लागि र पुण्याहवाचन गर्नका लागि ..... गोत्र .... प्रवर .... नाम का तपाईं ब्राह्मण लाई यी चन्दन, अक्षता, सुपारी, वस्त्र, भेटी आदि दिएर वरण गर्छू।

एति भनेर हात मा लिएको कुश पानी भुइँ मा छाडेर ब्राह्मण लाई टीका लगाई वरण सामग्री दिनू।

पुण्याहवाचन

पुण्याहवाचन का लागि यजमान पश्चिम मुख र ब्राह्मण पूर्व मुख गरेर बस्नु पर्छ।

यजमान-

ॐ अद्येह ..... गोत्र ..... प्रवर ..... नामाहं मम ..... करिष्यमाण पूर्वाङ्गकर्मणि मम गृहे भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु, पुण्याहं भवन्तो ब्रवन्तु, पुण्याहं भवन्तो ब्रुवन्तु।

अर्थात्- हे ब्राह्मणहरु ! आज यहाँ .... गोत्रः ..... प्रवर र ..... नाम को मैले मेरा घर मा गरिन लागेको ..... कार्य मा तपाईंहरु ले हे ब्राह्मणहरु, पुण्य दिन होस् वा शुभ दिन होस् भनि दिनुहोस्।

ॐ ब्राह्मं पुण्यं महर्ष्यञ्च सृष्टिस्थित्यन्तकारकम्।
वेदवृक्षोद्भवं नित्यं तत्पुण्याहं ब्रुवन्तु मे ॥

अर्थात्- सृष्टि स्थिति प्रलय का कारण भगवान् ले वेद वृक्ष मार्फत ऋषि महर्षिहरु लाई शुभ कर्म गर्न जुन पुण्यमय समय प्रदान गर्नुभयो मलाई पनि त्यही समय वा दिन प्राप्त होस् भनि दिनुहोस्।

ब्राह्मण वा आचार्य ले तीन पटक सम्म **पुण्याहं पुण्याहं पुण्याहं** पुण्यमय दिन प्राप्त होस् - ३ भनिदिनू, तेसैगरी यजमान ले भन्ने -

ॐ स्वस्तिर्या अविनाशाख्या, लोककल्याणसिद्धिदा।
विनायकप्रिया नित्यं तां च स्वस्तिं ब्रुवन्तु नः।
भो ब्राह्मणाः मम गृहे स्वस्ति भवन्तो ब्रुवन्तु ३ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- सम्पूर्ण लोक को कल्याण गर्ने, सिद्धि दिने, विनायक लाई प्रिय लाग्ने जुन अविनाशी स्वस्ति छन्, तिनै स्वस्ति नित्य मेरा घर मा निवास गरून् भनिदिनुहोस् ।

अनि ब्राह्मणहरु ले भन्ने :

ॐ स्वस्ति ॐ स्वस्ति ॐ स्वस्ति

ॐ स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।

स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥

अर्थात्- स्वस्ति होस्, शुभ होस् । कीर्तिमान इन्द्र ले हामी लाई शुभ गरून्, विश्ववेत्ता पूषा ले शुभ गरून् प्रखर गति भएका गरूड ले शुभ गरून् र देवगुरू बृहस्पति ले पनि शुभ गरून् । यजमान ले भन्ने

भो ब्राह्मणाः मम गृहे समृद्धिं भवन्तो ब्रुवन्तु-३ ॥

सागरस्य तु या ऋद्धिर्महालक्ष्म्यादिभिः कृता ।

सम्पूर्णा सुप्रभा वाचा तां च ऋद्धिं ब्रुवन्तु नः ॥

अर्थात्- हे ब्राह्मणहरु हो ! महालक्ष्मीहरु को निवास ले सागर मा जुन समृद्धि छ, त्यो सम्पूर्ण प्रभावशाली वाणी सहित को समृद्धि मेरा घर मा आओस् भनि दिनुहोस् । पुरोहित ब्राह्मण ले भन्ने-

ॐ ऋद्धिरस्तु ॐ ऋद्धिरस्तु ॐ ऋद्धिरस्तु

उपर्युक्त किसिम को समृद्धि तपाईं लाई प्राप्त होस्-३

यजमान- भो ब्राह्मणा मम गृहे वृद्धिं भवन्तो ब्रुवन्तु ३

ॐ वैधृतौ च व्यतिपाते, सङ्क्रान्तौ राहु पर्वणि ।

यादृग्वृद्धिमवाप्नोति तां च वृद्धिं ब्रुवन्तु नः

अर्थात्- हे ब्राह्मण हो ! वैधृति, व्यतिपात योग मा सङ्क्रान्ति र राहुपर्व (ग्रहण) मा गरिएका पुण्य कर्म को फल वृद्धि भए झैं मेरा घर मा पनि वृद्धि होस् भनिदिनुहोस् ।

ब्राह्मण/आचार्य

ॐ वृद्धन्ताम्, ॐ वृद्धन्ताम्, ॐ वृद्धन्ताम् । (वृद्धि होस् ३)

यजमान- भो ब्राह्मणाः मम गृहे कल्याणं भवन्तो ब्रुवन्तु -३

ॐ पृथिव्यामुद्धृता यान्तु यत्कल्याणं पुरा कृतम् ।

ऋषिभिः सर्वगन्धर्वैस्तत्कल्याणं ब्रुवन्तु नः ॥

Prof. Madhav Prasad Pamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अर्थात्- हे ब्राह्मणहरु हो ! ऋषि तथा गन्धवहरु ले यो पृथ्वी बाट जे जस्ता कल्याणहरु आज भन्दा पहिले आविष्कृत गरे ती सम्पूर्ण कल्याण ले मेरा घर मा वास गरून् भनि दिनुहोस् ।

ब्राह्मण-ॐ कल्याणमस्तु ॐ कल्याणमस्तु ॐ कल्याणमस्तु (कल्याण होस्-३)

ॐ यथेमां वाचङ्कल्याणीमावदानिजनेभ्यः । ब्रह्मराजन्याभ्या शूद्राय च आर्याय च स्वाय चारणाय च ॥ प्रियो देवानान्दक्षिणायै दातुरिहभूयासमयम्मे कामः समृध्यतामुपमादो नमतु ॥

अर्थात्- म ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, आफन्त र पराई सबै सँग राम्रो वचन बोलूँ, कल्याणकारी वचन बोलूँ । एसरी नै म देवता र दक्षिणा दाता को प्रिय बनूँ । मेरा इच्छा पूर्ण होऊन् । मेरा वैरीहरु म सित झुकून ।

यजमान- ॐ शङ्खासुरविपत्तौ च यथा शान्तिर्धरातले ।
तथा च देवदेवानां तां च शान्तिं ब्रुवन्तु नः ॥

अर्थात्- हे ब्राह्मण ! जस्तो शान्ति शङ्खा सुर को विपति का बेला र देवताहरु का बीच मा थियो त्यही शान्ति मेरा घर मा पनि हवस् भनिदिनु ।

ब्राह्मणः ॐ शान्तिरस्तु ॐ शान्तिरस्तु, ॐ शान्तिरस्तु ॐ द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिरापँ शान्ति रोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिब्रह्मशान्ति सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥

अर्थात्- स्वर्ग मा, अन्तरीक्ष मा, पृथ्वी मा, जल मा, अन्न मा, वनस्पति मा, विश्वैदेव मा, ब्रह्म मा, सम्पूर्ण जगत मा र स्वयं शान्ति मै जुन शान्ति छ त्यो शान्ति मेरो घर मा फैलियोस् ।

यजमान : भो ब्राह्मणाः मम गृहे श्रियं भवन्तो बुवन्तु-३
सरित्पतेश्च या कन्या या श्रीविष्णुगृहे स्थिता
सर्वसौख्यकरी लक्ष्मीस्तां श्रियं च ब्रुवन्तु नः ॥

अर्थात्- हे ब्राह्मणहरु श्री विष्णु का घर मा बस्ने सम्पूर्ण सुख ले युक्त समुद्र कन्या लक्ष्मी को जुन वैभव छ त्यै वैभव मेरा घर मा बर्सियोस् भनिदिनुहोस् !

ब्राह्मण- ॐ श्रीरस्तु, ॐ श्रीरस्तु, ॐ श्रीरस्तु (समृद्धि होस्-३)

ॐ मनसः काममाकूतिं वाचः सत्यमशीय ।
पशूनां रूपमन्नस्य रसो यशः श्रीः श्रयताम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अर्थात्- मन ले चिताएको पूर्ण होस्, बोली मा सत्यता होस्, पशुहरु मा भव्यता र अन्न मा सुस्वाद होस्, श्री र लक्ष्मी ले घर मा निवास गरून्। अब यजमान ले पुण्याहवाचन गर्ने ब्राह्मणहरु लाई फल, पात्र, द्रव्य, दिनू र ब्राह्मण ले तलका मन्त्र पढ्दै यजमान लाई फूल प्रसाद लगाइदिनू।

ॐ मन्त्रार्थाः सफलाः सन्तु पूर्णाः सन्तु मनोरथा :।
शत्रूणां बुद्धिनाशोऽस्तु मित्राणामुदयोऽस्तुवः ॥

अर्थात्- पूर्ण होस् मन्त्र को अर्थ, पूर्ण हुन् मनकामना।
नासियोस् शत्रु को बुद्धि, तिम्रा मित्रहरु बढून्॥

रक्षाबन्धनविधान

चन्दन, अक्षता, फूल, जौ, तिल, कुश, सर्स्यूं र गोबर सहित रक्षा बन्धन एउटा भाँडा मा राखी -तामा को वा अरु कुनै भाँडो) हात ले छोएर नारायणकवच वा तलका मन्त्र पढ्नू-

ॐ पूर्वे रक्षतु गोविन्द आग्नेयां धरणीधरः।
याम्यां रक्षतु वाराहो नारसिंहस्तु नैऋते॥
वारूण्यां केशवो रक्षेद् वायव्यां मधुसूदनः।
उत्तरे श्रीधरो रक्षेदैशान्यां तु गदाधरः।
एवं दशदिशो रक्षेद्वासुदेवो जनार्दनः॥

एसपछि गायत्री मन्त्र ले उक्त रक्षाबन्धन लाई अभिमन्त्रण गरेर राख्नू र पछि यज्ञान्त मा दाहिने हात मा बाँध्नू।

शङ्खपूजा

त्वं पुरा सागरोत्पन्नो विष्णुना विधृत करे
निर्मितः सर्वदेवैश्च पाञ्चजन्य ! नमोऽस्तु ते॥
ॐ पाञ्चजन्याय विद्महे पवनायधीमहि तन्नो शङ्खः प्रचोदयात्
शङ्खस्थपाञ्चजन्याय नमः।

अर्थात्- पहिले सबै देवताहरु को हित गर्नका लागि समुद्र बाट उत्पन्न भएर श्रीविष्णु का हात ले धारण गरिएका पाञ्चजन्य नामक शङ्ख लाई नमस्कार छ।

घण्टपूजा

आगमार्थं तु देवानां गमनार्थं च रक्षसाम्।
कुरू घण्टे महानादं देवतार्चनसन्निधौ॥ ॐ घण्टस्थ गरूडाय नमः।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्- देवताहरु को आगमन र राक्षसहरु को बहिर्गमन को लागि हे घण्ट ! एस पूजा स्थल मा ठूलो आवाज गरिदेऊ। घण्ट स्थित गरूड जी लाई नमस्कार छ। शङ्ख र घण्ट को पूजा गर्दा सेता फूलहरु मात्र प्रयोग गर्नुपर्छ।

भूतशुद्धि

यज्ञ गर्दा अन्य वस्तुहरु झैं स्वयं आफ्नो शरीर पनि शुद्ध हुनु पर्छ। बाह्य शुद्धि स्नान आदि ले हुन्छ भने अन्तः शुद्धि का निमित्त तल लेखिए अनुसार को भूत शुद्धि गर्नुपर्छ- सङ्कल्प -

हरि ॐ तत्सत्-३, ॐ विष्णुः -३, श्री गोविन्दः गोविन्दः गोविन्दः अद्येह... गोत्र ..... नामाहं .... आराधनायोग्यताप्राप्त्यर्थं ममात्मनो भूतशुद्धिं करिष्ये।

यजमान वा कर्ता ले पद्मासन मा बसेर हृदय कमल मा भगवान् विराजमान हुनुभएको कल्पना गर्दै प्राणायाम गर्न थाल्नू। प्राणायाम गर्दा 'यं' वायु बीज लाई सोह्र पटक जप्दै बायाँ नाक बाट सास खिच्नु, श्वास रोकेर चौसठ्ठी पटक उक्त 'यं' बीज जप्नु र दायाँ नाक बाट स्वास फ्याँक्दै बत्तीस पल्ट उक्त बीज जप्नू। फेरि दाहिने नाक बाट श्वास तान्दै "रं" अग्नि बीज सोह्र पटक जप्नू, श्वास रोकेर चौसठ्ठी पटक र बायाँ नाक बाट श्वास छोड्दै बत्तीस पटक जप्नू। एसरी श्वास फाल्दा शरीर भित्र का सम्पूर्ण पापराशि, सबै कल्मष बाहिर निस्किए भन्ने भावना लिनू। अनि फेरि बायाँ नाक बाट श्वास लिदै "हं" चन्द्र बीज सोह्र पटक जप्नू र चन्द्रमा को ध्यान गर्नू, अब श्वास रोकेर "वं" अमृत बीज चौसठ्ठी पटक जप्दै चन्द्र मा बाट आफू माथी अमृत बर्सिरहेको भावना गर्नू र दायाँ नाक बाट श्वास छोड्दै बत्तीस पटक लं (पृथ्वी बीज) जप्नू र मेरो शरीर अब पृथ्वीतुल्य अचल भई भगवान् को आराधना गर्न योग्य भयो भन्ने भावना लिनू। अनि हृदय कमल मा भगवान् लाई विराजमान गराएर यज्ञ कर्म मा अगाडी बढ्नू। प्राणायाम मा महामन्त्र वा गायत्री मन्त्र पनि प्रयोग गर्न सकिन्छ।

प्राण प्रतिष्ठा

यज्ञ गर्दा वा भगवदाराधना गर्दा मानिस ले आफ्नो पनि प्राण प्रतिष्ठा गर्नुपर्छ। तेसको संक्षिप्त विधि एस प्रकार छ-

सङ्कल्प- ॐ अस्य प्राण प्रतिष्ठामन्त्रस्य ब्रह्मा-विष्णु-महेशादिय ऋषय ऋग्यजुसामानि छन्दांसि प्राणाःशक्तिर्देवता आं बीजं, ह्रीं शक्ति, क्रौं कीलकम्, प्राण प्रतिष्ठार्थे जपे विनियोगः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
एसरी विनियोग गरिसकेपछि छाती मा हात राखेर-

'ॐ, आं, ह्रीं, क्रौं, यं, रं, लं, वं, शं, षं, सं, हं स. : मम प्राणा : ममेन्द्रियाणि मम वाङ्मनश्चक्षुः श्रोत्रप्राणाः इहागत्य सुखं चिरं तिष्ठन्तु स्वाहा ।' यी बीज मन्त्र उच्चारण गर्नू र अन्त मा सोह्र पटक सम्म ॐ जप्दै आफ्ना शरीर को षोडशसंस्कार भयो भन्ने कल्पना गर्नू ।

पञ्चामृतस्नान

दूध, दही, घिउ, मह, सक्खर (चिनी) यी पाँच चीज लाई पञ्चामृत भनिन्छ । विशेष पर्व मा वा नित्य पनि भगवान् लाई यी पञ्चामृत ले स्नान गराउने चलन हाम्रो धार्मिक समाज मा छ । अभिषेक, महाभिषेक वा महास्नान मा पनि पञ्चामृत को प्रयोग गरिन्छ । पाँच अमृत छुट्टा-छुट्टै वा एकै ठाउँ मा मिसाएर पनि पञ्चामृतस्नान गराइन्छ । एसरी स्नान गराउँदा हरेक द्रव्य का लागि छुट्टाछुट्टै वैदिक र तान्त्रिक मन्त्रहरु उच्चारण गर्नुपर्ने विधान छ किनभने मन्त्र विना गरिने कर्म फलदायी हुँदैन भन्ने शास्त्रवचन छ । प्रस्तुत छ- उपर्युक्त पाँच थरी अमृत ले भगवान् लाई स्नान गराउँदा उच्चारण गरिने मन्त्रहरु-

दुग्धस्नान - कामधेनुसमुद्भूतं सर्वेषां जीवनं परम् ।
पावनं यज्ञहेतुश्च पयः स्नानार्थमर्पितम् ॥

वैदिक मन्त्र :

ॐ आपोऽअस्मान् मातर : शुन्धयन्तु घृतेन नोघृतप्व : पुनन्तु ।
विश्वं हिरिप्रं प्रवहन्ति देवी रूदिराभ्यः शुचिरापूतऽएभि ।
दिक्षातपसो स्तनुरसि तां त्वां शिवां शग्मां परिदधे भद्रं वर्ण पुष्यन् ॥

दधिस्नान -

दध्ना चैव महादेव स्नपनं क्रियते मया ।
गृहाणैवं मयादत्तं सुप्रसन्नो भवाद्य वै ॥

वैदिक मन्त्र :

ॐ दधिक्राब्णोऽअकारिषञ्जिष्णोरवस्यवाजिनः सुरभिनो मुखा करत् ॥ प्रणऽआयु षितारिषत् ।

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

घृतस्नान –

हविषा च महादेव स्नपनं क्रियते मया ।
गृहाण श्रद्धया दत्तं तव प्रतियर्थमेव च ॥

वैदिक मन्त्र :

ॐ घृतं मिमिक्षेघृतस्य योनिर्घृतेश्रितो धृतम्वस्य धाम ।
अनुष्वधमावह मादयस्व स्वाहा कृतं वृषभ वक्षिहव्यम् ॥

मधुस्नान –

तरूपुष्पसमुद्भूतं सुस्वादु मधुरं मधु
तेजः पुष्टिकरं दिव्यं स्नानार्थं प्रतिगृह्यताम् ।

वैदिक मन्त्र :

ॐ मधुवाताऽऋतायते मधुक्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधि : ।
मधुनक्तमुतो षसो मधुमत्पार्थिव रजः । मधु द्यौ रस्तु नः पिता ।
मधुमान्नो वनस्पति मधुमाँऽअस्तु सूर्यः । माध्वीर्गावो भवन्तु नः ॥

शर्करास्नान –

इक्षुसारसमुद्भूता शर्करा पुष्टिकारिका ।
मलापहारिणी दिव्या स्नानाय प्रतिगृह्यताम् ॥

वैदिक मन्त्र :

ॐ अपांरसमुद्वयसं समाहितम् । अपांरसस्य यो रसस्तं
वो गृण्हम्युत्तममुपयाम गृहीतो सीन्द्रायत्वा जुष्टङ्गृण्हाम्येषते
योनिरिन्द्रायत्वा जुष्टतमम् ॥

जलस्नान –

मलयाचलसम्भूतं चन्दनागरूवासितम् ।
सलिलं देवदेवेश स्नानार्थं प्रतिगृह्यताम् ॥

एसरी पञ्चामृत स्नान गराइसकेपछि ब्रह्मसंहिता का निम्नलिखित मन्त्रहरु ले भगवान् को स्तुति प्रार्थना गर्नु -

प्रार्थना- ईश्वरं परमं कृष्णं सच्चिदानन्दविग्रहम् ।
अनादिरादिगोविन्दं सर्वकारणकारणम् ॥
चिन्तामणिप्रकरसद्मसुकल्पवृक्षं । लक्ष्यावृतेषु सुरभिरभिपालयन्तम् ॥
लक्ष्मीसहस्रशतसम्भ्रमसेव्यमानं । गोविन्दमादिपुरुषं तमहं भजामि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्घस्थापना -

यज्ञ मा स्थापना गरिएका दीप, गणेश, कलश अन्य देवता, ग्रह, पृथ्वी ब्राह्मण आदि लाई अर्घ दिनू अनिवार्य कार्य हो अतः अर्घ निर्माण पनि यज्ञ कै प्रमुख अङ्ग हो। अर्घ को निर्माण मा निम्नलिखित वस्तुहरु को प्रयोग हुन्छ -

आपक्षीरकुशाग्राणि दधि सर्पिश्च तण्डुलम् ।
यव सिद्धार्थकश्चैव अष्टाङ्गोऽर्घः प्रकीर्तितः ॥

जल, दूध, कुश, दही, घिउ, अक्षता, जौ, दुबो, सस्युँ वस्तुहरु सहित का आठ अङ्ग युक्त अर्घ हुन्छ भनी बताइएको छ।

विधि

आफ्नो आसन अगाडी दाहिने तिर को भुइँ मा कर्म पात्र को जल छर्केर शङ्ख चक्र लेखी चारकुने मण्डल बनाउनू। **ॐ आधार शक्तये नमः** भनेर तेसमा फूल र अक्षता चढाउनू अनि तेस माथी अर्घपात्र राख्नू। तेसपछि-

गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धु कावेरि जलेऽस्मिन् सन्निधिं कुरू ॥

भन्दै उक्त भाँडा मा जल राख्नू। अनि-

सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ॥

अर्थात्- सारा तीर्थ नदी गङ्गा, समुद्र मेघमण्डल
यहाँ आई हरून् पाप, र गरून् सर्वमङ्गल

भन्दै अङ्कुश मुद्रा देखाएर तीर्थहरु को आह्वान गर्नू। अनि तेस मा पञ्चामृत जौ, तिल, कुश, सर्स्युं, फूल, अक्षता राखेर सम्पूर्ण तीर्थहरु को पूजा गर्नू र तलका वाक्य उच्चारण गर्दै नमस्कार गर्नू-

ॐ बान्हिमण्डलाय दशकलात्मने नमः ।
(दश कला का अग्नि मण्डल लाई नमस्कार)
ॐ सूर्यमण्डलाय द्वादश कलात्मने नमः ।
(बाह्र कला का सूर्य मण्डल लाई नमस्कार)
ॐ सोममण्डलाय षोडश कलात्मने नमः ।
(सोह्र कला का चन्द्रमण्डल लाई नमस्कार)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri
तेसपछि **ॐ** शब्द बोल्ने पटक उच्चारण गर्दै अभिमन्त्रण गर्नू र **"वं"** उच्चारण गरेर धेनुमुद्रा ले अमृतीकरण गर्नु अनि शंङ्खमुद्रा देखाउनू। तेसपछि मत्स्य मुद्रा ले ढाक्नू। अब उक्त पात्र को अर्घ ले यज्ञ सामग्री वरपर छर्किनू अनि दीप गणेश आदि लाई चढाउनू।

दीपपूजा

फूल र अक्षता हात मा लिएर तलको मन्त्र उच्चारण गर्दै दीप को आवाहन गर्नू-

ॐ दीपनारायणः इह आगच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव।

अर्थात्- हे दीपक रूपी नारायण यहाँ आउनुहोस्, यहाँ बस्नुहोस् र मेरो पूजा स्वीकार गर्नुहोस्, मैले पूजा गर्दा सम्म सुस्थिर भएर रहनुहोस् र प्रशन्न भएर मलाई वरदान दिनुहोस्।

अब **ॐ कर्मसाक्षिणे दीपनारायणाय पुष्पं, गन्धं, फलं, द्रव्यं च समर्पयामि** भन्दै चन्दन, अक्षता, फूल, फल र भेटी अर्पण गर्नू अनि तलको मन्त्र ले नमस्कार गर्नू-

नमः कमलनाभाय नमस्ते जलशायिने।
नमस्ते केशवानन्त वासुदेव नमोऽस्तु ते॥

अर्थात्- जल मा शयन गर्नु हुने हे कमलनाथ भगवान् ! हे केशव, हे अनन्त, हे वासुदेव हजुर लाई नमस्कार गर्दछू।

दीपार्चिरेव हि दशान्तरमभ्युपेत्य।
दीपायते विवृतहेतुसमानधर्मा॥
यस्तादृगेव हि च विष्णुतया विभाति।
गोविन्दमादिपुरुषं तमहं भजामि॥

अर्थात्- जसरी दियो को मूल ज्योति बाट अरु-अरु दियाहरु जल्छन् र पृथक् रूप मा बले पनि सबै दिया को गुणधर्म समान हुन्छ तेसैगरी विभिन्न रूप मा समान रूप ले प्रकाशित हुने भगवान् आदि गोविन्द लाई म नमस्कार गर्दछू।

प्रार्थना : ॐ शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः।
सर्वदुःखविनाशाय दीपज्योतिर्नमोस्तु ते॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- शुभ कल्याण आरोग्य, सम्पत्ति सुख वृद्धि होस् ।
गर्छू प्रणाम हे दीप ! अँध्यारो दुःख को हटोस् ॥

गणेशपूजा

सर्वप्रथम तीन टुक्रा कुश र कर्म पात्र को जल हात मा लिएर तलको सङ्कल्प गर्नू-

हरि ॐ तत्सत्-३, ॐ विष्णुः-३, अद्येह ..... गोत्रः ..... प्रवरः ..... नामाहं मम (मद्यजमानस्य वा) .... कर्म निर्विघ्नतापूर्वकसमाप्त्यर्थं यथामिलितोपचारैः श्रीगणपतिपूजनं करिष्ये ।

अर्थात्- भगवान् हरि को स्मरण गर्दै गोत्र .... प्रवर .... नाम को म आफ्नै वा यजमान को .... कार्य निविघ्नतापूर्वक समाप्त गर्नका लागि श्रीगण पति को पूजन गर्दछू ।

अब गणेश स्थापना गरिएको ठाउँ वा प्रतीक लाई फूल सहित को हात ले छोएर तलको मन्त्र ले गणेश को आवाहन गर्ने-

ॐ गणातान्त्वा गणपति हवामहे, प्रियाणान्त्वा प्रियपति हवामहे, निधीनान्त्वा निधिपति हवामहे वसो मम आह्मजानि गर्भधमात्वमजासिगर्भधम् ॥

अर्थात्- हे गणहरु का अधिपति, हे प्रियहरु का प्रिय पति, हे निधि तथा सुख का अधिपति, हे गणेश जी ! म यहाँ हजुर को आवाहन गर्दछू ।

अनि फेरि भन्नू-

ॐ भूर्भुवः स्वः गणपते सिद्धिबुद्धिसहित साङ्ग सपरिवार सवाहन इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण । यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव ।

अर्थात्- हे गणेश जी ! सिद्धि, बुद्धि, अङ्ग, परिवार र वाहन सहित यहाँ आएर मेरो पूजा ग्रहण गर्नुहोस् र मैले पूजा गरून्जेल स्थिर, प्रसन्न र वरदाता बनेर बस्नुहोस् ।

ॐ आसनं समर्पयामि श्रीगणाधिपतये नमः । (गणेश जी लाई आसन टक्र्याउँछू)

ॐ पाद्यं समर्पयामि श्रीगणाधिपतये नमः । (पाउ धुने जल टक्र्याउँछू)

ॐ अर्घ्यं समर्पयामि श्रीगणाधिपतये नमः । (हात धुने जल टक्र्याउँछू)

ॐ आचमनीयं समर्पयामि श्रीगणाधिपतये नमः । (आचमन गर्ने जल टक्र्याउँछू)

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ पञ्चामृतं समर्पयामि श्रीगणाधिपतये नमः । (पञ्चामृत टक्र्याउँछू)

ॐ शुद्धोदकं समर्पयामि श्रीगणाधिपतये नमः । (शुद्ध जल टक्र्याउँछू)

ॐ वस्त्रं समर्पयामि श्रीगणाधिपतये नमः । (वस्त्र धुने जल टक्र्याउँछू)

ॐ यज्ञोपवीतं समर्पयामि श्रीगणाधिपतये नमः । (जनै धुने जल टक्र्याउँछू)

ॐ गन्धं समर्पयामि श्रीगणाधिपतये नमः । (चन्दन टक्र्याउँछू)

ॐ अक्षतान् समर्पयामि श्रीगणाधिपतये नमः । (अक्षता टक्र्याउँछू)

ॐ सिन्दूरं समर्पयामि श्रीगणाधिपतये नमः । (सिन्दूर टक्र्याउँछू)

ॐ यवतिलान् समर्पयामि श्रीगणाधिपतये नमः । (जौ तिल टक्र्याउँछू)

ॐ पुष्पमाल्यादिनि समर्पयामि श्रीगणाधिपतये नमः । (फूलमालाहरु टक्र्याउँछू)

ॐ आभूषणादिकं समर्पयामि श्री गणाधिपतये नमः । (आभूषणहरु टक्र्याउँछू)

ॐ धूपं, दीपं, नैवैद्यं (मोदकादिसहितं) समर्पयामि श्रीगणाधिपतये नमः ।

(धूप, दीप र लड्डु सहित को नैवेद्य टक्र्याउँछू)

ॐ आचमनीयं, ताम्वूलं दूर्वान् दक्षिणाद्रव्यं च समर्पयामि श्री गणाधिपतये नमः ।

(आचमन गर्ने जल, सुपारी पान, दुबो र दक्षिणाद्रव्य पनि टक्र्याउँछू)

र अन्त मा नरिवल वा कुनै सिङ्गो फल हात मा लिएर तलको मन्त्र उच्चारण गर्दै चढाउने-

इदम् फलं मया देव स्थापितं पुरतस्तव ।
तेन मे सफलावाप्तिर्भवेज्जन्मनि जन्मनि ॥

हे देव म हजुर लाई अर्पिन्छू स्वादिलो फल
जन्मौ जन्म बनून मेरा समस्त कर्म निर्मल

अब तलका मन्त्रहरु उच्चारण गर्दै प्रार्थना गर्नू -

ॐ सुमुखश्चैकदन्तश्च कपिलो ककगजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ॥
वक्रतुण्डमहाकाय ! कोटिसूर्यसमप्रभः ।
अविघ्नं कुरू मे देव ! सर्वकार्येषु सर्वदा ॥
स्वपादापन्नप्रणातभक्तकल्याणहेतवे ।
विघ्नवल्लीकुठाराय गणाधिपतये नमः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्थात्- ठूलो शरीर बाङ्गो सूँड भएका, करोडौं सूर्य समान प्रकाशमान् हे गणनाथ ! मेरा सम्पूर्ण कार्य लाई निर्विघ्नतापूर्वक सिद्ध गरिदिनुहोस् । हजुर आफ्ना शरण मा आएका भक्तहरु को कल्याण गर्नुहुन्छ र तिनका सबै विघ्न बाधाहरु लाई समाप्त पार्नुहुन्छ तेस्ता हजुर लाई म प्रणाम गर्छू ।

कलशपूजा

भूमिशोधनपूर्वक अष्टदल कमल आकृति को रेखी माथी राखिएको धान मा तलको मन्त्र पढ्दै कलश को भाँडो स्थापित गर्नू-

ॐ आजिघ्रकलशं मह्यां त्वा विशन्त्विन्दवः । पुनरुर्जा निवर्तस्व
सा नः सहस्रन्धुक्ष्वोरूधारा पयस्वती पुनर्मा विशताद्रयिः ॥

अर्थात्- हे गाईरूपी पृथ्वी ! मैले स्थापना गरेको एस कलश लाई तिमी ले सुँघ । तिमी भित्र सोमहरु प्रवेश गरून् र तिमी अमृत मय रस पूर्ण भएर हामीनेर आऊ; हामी लाई हजारौ गाईहरु देऊ जसले गर्दा हामी गोरस को नदी बगाउन सक्ने बनौं ।

तलको मन्त्र पढ्दै कलश मा जल भर्ने-

गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धु कावेरि जलेऽस्मिन् सन्निधिं कुरू ॥
शुक्ले, कृष्णे, महाकालि, भेरि, रापति, कौशिकि ।
त्रिशूलि, वाग्मति, मेचि, कर्णालि सन्निधिं कुरू ।

अर्थात्- गङ्गा र यमुना तेस्तै गोदावरी सरस्वती ।
नर्मदा सिन्धु कावेरी सबै आई बसून यहाँ ॥
सेती काली महाकाली भेरी कोशी र रापती ।
त्रिशूली, बाग्मती, मेची, कर्णाली एसमा बसून् ॥

तलको मन्त्र ले सर्वौषधि हाल्नू

ॐ या ओषधिः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा ।
मनैनु बभ्रूणामह शतन्धामानि सप्त च ॥

अर्थात्- अन्न तथा वनस्पति आदि औषधिहरु जो वसन्तादि ऋतुहरु मा उत्पन्न भएर फल्छन् अनि पाक्छन् तिनका शयौं भेदहरु छन् जसले हामी लाई कल्याण गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सर्वौषधि-

कुष्ठं मांसी हरीद्रे द्वे मुराशैलेयचन्दनम् ।
वचाचम्पकमुस्तं च सर्वौषध्योः दश स्मृताः ॥

अर्थात्- जटामासी मुरा बोझो कूट पत्थर कुंकुम ।
हलेदो चाँप कच्चूर चुत्रो मोथे यथाक्रम ॥

पञ्चरत्न राख्ने मन्त्र

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।
स दाधार पृथिवीन्द्यामुतेमां कस्मै देवाय हविषा विधेम

अर्थात्- पहिले सम्पूर्ण प्राणीहरु का अधि पति हिरण्य गर्भ को उत्पत्ति भयो र उनले पृथ्वी सहित तीनै लोक लाई धारण गरे; हामी उनै लाई हवि अर्पण गर्छौं ।

पञ्चरत्न - **कनकं हीरकं नीलं पद्मरागश्च मौक्तिकम् ।**
अभावे सर्वरत्नानां हेमं सर्वत्र योजयेत् ॥

अर्थात्- हीरा, नील, पद्मराग, सून, मोती यी पाँच हुन् ।
नभए सब को साटो सूनै ले काम चल्दछ ॥

अब तलको मन्त्र ले कलश मा फल (सुपारी, अमला, वयर वा कुनै) राख्ने

ॐ याः फलिनीर्या अपुष्पायाश्च पुष्पिणीः ।
बृहस्पतिप्रसूतास्ता नो मुञ्चत्वं हसः ॥

अर्थात्- फल फल्ने वा नफल्ने, फूल फूल्ने वा नफुल्ने जे जति अन्न तथा औषधिहरु उपलब्ध छन् तिनले बृहस्पति को प्रेरणा बाट हामी लाई पाप मुक्त बनाइदिऊन् ।

तलको मन्त्र ले कलश मा जौ तथा चन्दन (श्रीखण्ड आदि) राख्ने-

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

अर्थात्- सम्पूर्ण प्राणीहरु लाई पुष्टि प्रदान गर्ने र गन्ध द्वारा जानिने अधिष्ठात्री देवी पृथिवी स्वरूप लक्ष्मी लाई यहाँ बस्न का लागि म आवाहन गर्छू ।

निम्नलिखित मन्त्र ले दुबो राख्ने -

ॐ काण्डात्काण्डात्प्ररोहन्ती पुरुषः पुरुषस्परि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एवा नो दूर्वे प्रतनु सहस्रेण शतेन च ॥

अर्थात्- हे दूबो ! जसरी तिमी आँख्ला आँख्ला बाट पलाएर शयौं हजारौं भएर फैलिन्छौ तेसैगरी हाम्रो पनि फैलावट होओस्, अभिवृद्धि होओस् ।

तलका मन्त्र ले कलश मा सप्तमृत्तिका राख्ने -

ॐ स्योना पृथिवीनोभवानृक्षरानिवेशनि । यच्छा न :शर्मसप्रथाः ॥

अर्थात्- हे पृथिवी ! तिमी हामी लाई बस्न का लागि सजिलो फराकिलो, रमाइलो काँढा रहित बनेर आश्रय देऊ ।

सप्तमृत्तिका- घोडा को तबेला, गोठ, वल्मीक (धमिरा को गोलो), हात्तीसार, चौबाटो, राजद्वार र दोभान, यति सात ठाउँ को माटो सप्तमृतिका हो।

तलको मन्त्र ले कलश का मुख मा पञ्च पल्लव राखिदिने -

ॐ अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता ।
गोभाज इत्किलासथ यत्सनवथ पूरूषम् ॥

अर्थात्- जसको मूल थलो पीपल को फेद र बसाई पात मा छ, जो अन्न वनस्पति द्वारा यजमान को सेवा गर्न पृथिवी मै बस्छन् ती औषधि लाई म यहाँ प्रयोग गर्छू ।

पञ्चपल्लवः वरपीपल का साथै आँप, डुम्री र पाँकरी ।
पाँचोटा वृक्ष का पात भनिन्छ पञ्चपल्लव ॥

अब तलको मन्त्र पढेर कलश लाई वस्त्र ले बेरिदिनू-

ॐ बृहस्पतेऽअतियदर्योऽअर्हद्द्युमद्द्विभातिक्रतु मज्जनेषु ।
यद्दीदयच्छवसऽऋत प्रजा तदस्मासु द्रविणन्धेहि चित्रम् ।
उपयाम गृहीतोसि वृहस्पतये त्वैषते योनिर्वृहस्पतये त्वा ॥

अर्थात्- हे वेदरक्षक बृहस्पति ! जस लाई सबैले परमधन मान्दछन्; जो प्रकाशित यज्ञशील भएर लोक मा रहन्छ; जसले आफ्ना शक्ति ले अरू धनहरु पनि दिलाइदिन्छ, तेस्तो विचित्र को धन हामी लाई जुटाइदेऊ । हे सत्पात्र बृहस्पति ! म तिमी लाई यहाँ राख्छु; एस वस्त्र ले हाम्रो कल्याण गरोस् ।

एसपछि हात मा फूल अक्षताहरु लिएर कलश को मुख छुँदै तलको मन्त्र पढेर त्यहाँ वरूण को आवाहन गर्ने-

ॐ साङ्ग सपरिवार वरूण इह आगच्छ इह तिष्ठ, मम पूजां गृहाण
यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो, सुप्रसन्नो, सुवरदो भव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अनि कलश को मुख मै एसरी वरूण को पूजा गर्ने-

इदम् आसनम् वरूणदेवाय, पाद्यम्, अर्घ्यम्, आचमनीयम्, पञ्चामृतम्, शुद्धोदकम्, वस्त्रम्, गन्धम्, अक्षतान्, यवतिलान्, पुष्पम्, माल्यम्, सिन्दूरम्, धूपम्, दीपम्, नैवेद्य, ताम्बूलम्, द्रव्याभरणादीनि च समर्पयामि ॐ साङ्गाय सपरिवाराय सायुधाय सवाहनाय स्वशक्तिसहिताय वरूणाय नमः ।

अब फूल लिएर तलका मन्त्र भन्दै प्रार्थना गर्ने -

वारूण त्वं महाभाग सर्वदेवप्रपूजित ।
विततते मम यज्ञेऽस्मिनविघ्नं कुरू सर्वदा ॥

अर्थात्- हे महाभाग ! वरूण, सबैका पूजनीय छौ ।
यो मेरो यज्ञ का सारा, विघ्नबाधा हटाइद्यौ ॥

अब फेरि हात मा फूल र कुश लिई कलश लाई छोएर तलको मन्त्र पढ्दै गङ्गादि तीर्थ को आवाहन गर्ने र पूजा गर्ने-

ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।
ॐ गङ्गादिसकलतीर्थेभ्यो नमः ॥

अर्थात्- सारा नदनदी तीर्थ समुद्र मेघमण्डल ।
यहाँ आई हरून् पाप र गरून् सर्वमङ्गल ।
गङ्गादि सम्पूर्ण तीर्थहरु लाई नमस्कार छ ॥

अब तलको मन्त्र ले कलश मा छोएर अभिमन्त्रण गर्नू-

ॐ कलशस्य मुखे विष्णुः कण्ठे रूद्रः समाश्रितः ।
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ॥
कुक्षौ तु सागराः सर्वे सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः ।
अङ्गैश्च सहिताः सर्वे कलशन्तु समाश्रिताः ॥

अर्थात्- मुख मा भगवान् विष्णु, घाँटी मा शिवशङ्कर ।
ब्रह्माजी पींध मा बस्छन् मातृकाहरु बीच मा ॥
छन् सातै द्वीप की पृथ्वी, पेट मा सप्त सागर ।
ऋग् यजु साम अथर्व, चारौटे वेद निर्मल ।
तिमी मै बस्दछन् सारा, अङ्गउपाङ्ग संयुत ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अब अन्त मा तलका मन्त्रहरु ले कलश को प्रार्थना गर्ने

देवदानवसंवादे मथ्यमाने महोदधौ ।
उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् ॥
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठिताः ॥
शिवः स्वयं त्वमेवाऽसि विष्णुस्त्वं च प्रजापतिः ।
आदित्या वसवो रूद्रा विश्वदेवाः सपितृकाः ॥
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः काम फलप्रदाः ।
त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव ॥
सान्निध्यं कुरू देवेश प्रसन्नो भव सर्वदा ॥

अर्थात्- देवदानव सारा ले, गर्दा मन्थन सागर ।
निस्केका हौ तिमी कुम्भ, विष्णु बाट सरासर ॥
तीर्थ छन् जल मा तिम्रा, देवताहरु छन् त्यहीं ।
शिव हौ तिमी नै विष्णु, तिमी नै हौ प्रजापति ॥
विश्वेदेव वसु रूद्र आदित्य, पितृ हौ तिमी ।
बसेर तिमी मै सारा, दिन्छन् फल मिलेजति ॥
तिम्रै प्रसाद पाएर, यो यज्ञ कर्म मा जुटें ।
कुम्भरूपी महान् देव, प्रसन्न होऊ सर्वदा ॥

र अन्त मा धूप, दीप र नैवेद्य समर्पण गरेपछि कलश पूजन को कार्य सकिन्छ ।

विशेष ग्रहशान्ति

यदि ग्रह शान्ति र अन्य मातृ का आदि को छुट्टै विधि नगरिने भए कलश कै मुख मा शेष सम्पूर्ण ग्रह, देवी देवताहरु को पूजा गर्न सकिन्छ जसको विधि एस प्रकार छ-

१. **'ॐ भूर्भुवः स्वः साङ्गाः सपरिवाराः सायुधाः सवाहनाः गणपति-सूर्य-देवी-शिव-विष्णवः पञ्चायतनदेवता इह आगच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु; ॐ गणपत्यादिञ्चायतनदेवताभ्यो नमः'** भनेर सूर्यादिञ्चायन देवता को यथा मिलित उपचार ले पूजा गर्नू ।

२. तेसैगरी **ॐ विनायक-दुर्गा-वायु-आकाश-अश्विनीकुमारा-पञ्च लोकपाला इह आगच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ॐ विनायकादिपञ्चलोकपालेभ्यो नमः भनेर विनायकादि पञ्चलोकपाल को पूजा तथा वन्दना गर्ने ।

३. **ॐ सूर्यसोमभौमबुधबृहस्पतिशुक्रशनिराहुकेतवो नवग्रहा इह आगच्छन्तु, इह तिष्ठन्तु; सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ सूर्यादिनवग्रहेभ्यो नमः** भनेर नवग्रह को पूजा गर्ने ।

४. **ॐ ईश्वरोमास्कन्दहरिब्रह्मेन्द्रयमकालचित्रगुप्तनवाधिदेवता इह आगच्छन्तु, इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ ईश्वराद्यधिदेवेभ्यो नमः ।** भनेर ईश्वर, उमा, स्कन्द, हरि, ब्रह्मा, इन्द्र, यम, काल, चित्रगुप्त यी नौ अधि देवताहरु को पूजा गर्ने ।

५. **ॐअग्न्याब्भूमिविष्णुइन्द्रेन्द्राणीप्रजापतिसर्पब्राह्मणप्रत्यधिदेवता इहागच्छन्तु; इह तिष्ठन्तु; सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ अग्न्यादिप्रत्यधिदेवेभ्यो नमः ।** भनेर अग्नि, जल, भूमि, विष्णु, इन्द्र, इन्द्राणी, प्रजापति, सर्प, ब्रह्मा स्वरूप प्रत्यधि देवता को पूजा गर्ने ।

६. **ॐ इन्द्राग्नियमनिर्ऋतिवरूण-वायु-सोमेशान-ब्रह्मानन्तादशदिक्पाला इहागच्छन्तु, इह तिष्ठन्तु; सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ इन्द्रादि दशदिक्पालेभ्यो नमः** भनेर इन्द्र, अग्नि, यम, निर्ऋति, वरूण, वायु, सोम, इशान, ब्राह्मा र अनन्तस्वरूप दश दिक्पालहरु को पूजा गर्ने ।

७. **ॐ ध्रुवाद्यष्टवसव इहागच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु** भनेर अष्टवसु को पूजा गर्ने ।

८. **ॐ धात्रादिद्वादशादित्या इहागच्छन्तु, इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु** भनेर धात्रादि द्वादशादित्यहरु को पूजा गर्ने ।

९. **ॐ वीरभद्राद्येकादशरूद्रा इहागच्छन्तु; इह तिष्ठन्तु; सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ वीरभद्रादिएकादशरूद्रेभ्यो नमः** भनेर वीरभद्र आदि एघार रूद्रहरु को पूजा गर्ने ।

१०. **ॐ गौर्यादिषोडशमातर इहागच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु । ॐ गौर्यादिषोडशमातृभ्यो नमः** भनेर सोह्र मातृ का को पूजा गर्ने ।

११. **ॐ आवहादिसप्तमरूत इहागच्छन्तु इह तिष्ठन्तु सु प्रतिष्ठिता वरदा भवन्तु ॐ आवाहादि सप्त मरूद्भ्यो नमः** भनेर आवह आदि सात मरूतहरु को पूजा गर्ने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१२. **ॐ विनायकब्रह्माविष्णुरूद्रार्कवनस्पतय इहागच्छन्तु, इह तिष्ठन्तु; सु प्रतिष्ठिता वरदा भवन्तु। ॐ विनायकब्रह्माविष्णुरूद्रार्कवनस्पतिभ्यो नमः** भनेर गणपति देखि वनस्पति सम्म का देवताहरु लाई पूजा गर्ने।

१३. **ॐ इष्टदेवतायै नमः** भनेर इष्ट देव लाई नमस्कार गर्ने।

१४. **ॐ कुलदेवतायै नमः** भनेर कुलदेवता लाई नमस्कार गर्ने। अब सबैका लागि धूप दीप नैवैद्य टक्र्याएर हात मा फूल र चन्दन लिई निम्नलिखित मन्त्र ले प्रार्थना गर्ने-

ब्रह्मामुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च।
गुरूश्च शुक्रः शनिराहुकेतवः सर्वे ग्रहाः शान्तिकरा भवन्तु॥

अर्थात्- ब्रह्मा र विष्णु शिवजी र सूर्य र चन्द्र मा मङ्गल चन्द्रपुत्र।
गुरू र शुक्र शनि राहु केतु, बनून् सबै शक्ति दिने दयालु॥

यज्ञ का लागि बनाइने सामान्य रङ्गवल्ली (रेखी)



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नवग्रहपूजन

हाम्रो जीवन मा ग्रहहरु को ठूलो प्रभाव हुन्छ। ग्रहहरु कै प्रभाव ले हामी सुखी दुःखी, धनी, गरीब, सुन्दर-असुन्दर, चिन्तित, प्रसन्न आदि हुने गर्छौं। वैदिक तथा तान्त्रिक यज्ञ, अनुष्ठान, पूजा, जप आदि उपाय ले ग्रहहरु को दुष्प्रभाव हटाउन सकिन्छ भन्ने मान्यता छ। तेसैले हरेक माङ्गलिक कार्य गर्दा वा यज्ञ अनुष्ठान गर्दा ग्रहशान्ति का लागि ग्रहहरु को पूजाप्रार्थना गरिन्छ। ग्रहपूजा स्वतन्त्र रूप ले पनि गर्न सकिन्छ र कुनै यज्ञ को अङ्ग का रूप मा यज्ञवेदी मा स्थापित कलश वा थाली मा पनि गर्न सकिन्छ। ग्रहहरु को चित्र, स्थान र पूजन गर्ने संक्षिप्त विधि यहाँ दिइएको छ।



पूजनविधि

सूर्यपूजा (पूर्वतिर)

आवाहन- ॐ भूर्भुवः स्वः कलिङ्गदेशोद्भव काश्यपगोत्र रक्तवर्ण भो सूर्य ! इहाऽऽगच्छ, इह तिष्ठ, यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव; सुप्रसन्नो वरदो भव। आसनादिषोडशोपचारैः/पञ्चोपचारैः/यथामिलितोपचारैः/पूजयामि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सूर्य मन्त्र- "ह्रां ह्रीं ह्रं श्रीसूर्याय नमः" यही मन्त्र ले सबै उपचार अर्पण गर्न सकिन्छ। जस्तै- ह्रां ह्रीं ह्रं श्रीसूर्याय नमः आसनं समर्पयामि इत्यादि।

प्रणाम- जपाकुसुमसङ्काशं काश्यपेयं महाद्युतिम्।
तमोऽरिं सर्वपापघ्नं प्रणमामि दिवाकरम्॥

सूर्यगायत्री ध्यान- ॐ भाष्कराय विद्महे दिवाकराय धीमहि
तन्नः सूर्यः प्रचोदयात्।

प्रार्थना- भास्वान् कश्यपगोत्रजोऽरूणरूचि र्यः सिंहराशीश्वरः।
षट्त्रिंस्थोदश शोभने गुरूशशी भौमेषु मित्रं सदा।
शुक्रो मन्दरिपुः कलिश्च जनिताश्चाग्नीश्वरौ देवते।
मध्ये वर्तुलपर्वदिग्दिनकरः कुर्यात् सदा मङ्गलम्॥

चन्द्रपूजा (आग्नेयतिर)

आवाहन- ॐ भूर्भुवः स्वः यमुनातीरोद्भव आत्रेयगोत्र श्वेतवर्ण भो सोम। इहाऽऽगच्छ, इह तिष्ठ; यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव; सुप्रसन्नो वरदो भव।

पूजा- ॐ, श्रां, श्रीं, श्रूं सोमाय नमः (आसन, पाद्य, पुष्पादि समर्पयामि)

प्रणाम- दधिशङ्खतुषाराभं क्षीरोदार्णवसम्भवम्।
नमामि शशिनं सोमं शम्भोर्मुकुटशोभनम्॥

चन्द्रगायत्री- ॐ क्षीरपुत्राय विद्महे अमृतत्वाय धीमहि
तन्नश्चन्द्र : प्रचोदयात्।

प्रार्थना- चन्द्रःकर्कटकप्रभुः सितनिभश्चात्रेयगोत्रोद्भव -
श्चाग्नेयश्चतुरस्रवारूणमुखश्चापोऽप्युमाधीश्वरः॥
षट्सप्ताग्निदशैकशोभनफलोज्ञोरिर्गुरोर्कप्रियः।
स्वामी यामुनदेशजोहिमकरः कुर्यात्सदा मङ्गलम्॥

मङ्गलपूजा (दक्षिण तिर)

आवाहन- ॐ भूर्भुवः स्वः अवन्तिकापुरोद्भव भारद्वाजगोत्र रक्तवर्ण भो भौम ! इहाऽऽगच्छ, इह तिष्ठ; यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव; सुप्रसन्नो वरदो भव।

पूजामन्त्र- क्रां क्रीं क्रूं श्रीभूमिपुत्राय नमः। आसन, पाद्य, पुष्प, नैवेद्यादि समर्पयामि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रणाम- धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ।

मङ्गलगायत्री- ॐ अङ्गारकाय विद्महे धरात्मजाय धीमहि तन्नो भौमः प्रचोदयात् ।

प्रार्थना- भौमोदक्षिणदिक् त्रिकोणयमदिग्विघ्नेश्वरो रक्तभः ।
स्वामी वृश्चिकमेषयोः सुरगुरूश्चार्कः शशी सौहृदः ॥
शोऽरिः षट्त्रिफलप्रदश्च वसुधास्कन्दौ क्रमाद्देवते ।
भारद्वाजकुलोद्भवः क्षितिसुतः कुर्यात् सदा मङ्गलम् ॥

बुधपूजा (ईशान तिर)

आवाहन- ॐ भूर्भुवः स्वः मगधदेशोद्भव आत्रेयगोत्र भो बुध इहाऽऽगच्छ इहतिष्ठ; यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव; सुप्रसन्नो वरदो भव ।

पूजामन्त्र- ॐ ब्रां ब्रीं ब्रूं बुधाय नम
आसन, पाद्य, पुष्प, नैवेद्यादि समर्पयामि

प्रणाम- प्रियङ्गुकलिकाश्यामं रूपेणाऽ प्रतिमं बुधम् ।
सौम्यं सौम्यगुणोपेतं तं बुधं प्रणमाम्यहम् ॥

बुधगायत्री- ॐ कज्जनेत्राय विद्महे बुद्धिश्रेष्ठाय धीमहि
तन्नश्चान्द्रिः प्रचोदयात् ।

प्रार्थना- सौम्योदङ्मुखपीतवर्णमगधश्चात्रेयगोत्रोद्भवो
वाणेशानदिशः सुहृच्छनिभृगू शत्रुः सदा शीतगुः ॥
कन्यायुग्मपतिर्दशाष्टचतुरः षण्नेत्रकः शोभनो ।
विष्णुः पौरूषदेवते शशिसुतः कुर्यात्सदा मङ्गलम् ॥

बृहस्पतिपूजा (उत्तर तिर)

आवाहन- ॐ भूर्भुवः स्वः सिन्धुदेशोद्भव आङ्गिरसगोत्र पीतवर्ण भो गुरो इहाऽऽ गच्छ; इह तिष्ठ; यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव; सुप्रसन्नो वरदो भव ।

पूजामन्त्र- ॐ ह्रां ह्रं ह्रैं बृहस्पतये नमः
आसन, पाद्य, चन्दन, अङ्गता, पुष्प, नैवेद्यादि समर्पयामि ।

प्रणाम- देवानां च ऋषीणाञ्च गुरूं काञ्चनसन्निभम् ।
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ॥

गुरूगायत्री-ॐ लोकपूज्याय विद्महे अङ्गिरसाय धीमहि तन्नो जीवः प्रचोदयात् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रार्थना- जीवश्चाङ्गिरगोत्रजोत्तरमुखो दीर्घोत्तरे संस्थितः ।
पीताश्वत्थसमिच्च सिन्धुजनितश्चापोऽथ मीनाधिपः ॥
सूर्येन्दुक्षितिजप्रियो बुधसितौ शत्रू समाश्चापरे ।
सप्ताङ्कं विभवः शुभः सुरगुरूः कुर्यात्सदा मङ्गलम् ॥

शुक्रपूजा (पूर्व तिर)

आवाहन- ॐ भूर्भुवः स्वः भोजकरदेशोद्भव भार्गवगोत्र श्वेतवर्ण भो शुक्र इहाऽऽ गच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो वरदो भव ।

पूजामन्त्र- ॐ द्रां द्रीं द्रूं शुक्राय नमः
आसन, पाद्य, चन्दन, अक्षता, पुष्प, नैवेद्यादि समर्पयामि ।

प्रणाम- हिमकुन्दमृणालाभं दैत्यानां परमं गुरूम् ।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥

शुक्रगायत्री- ॐ भार्गवाय विद्महे शुक्लाम्बराय धीमहि तन्नः शुक्रः प्रचोदयात् ।

प्रार्थना- शुक्रो भार्गवगोत्रजो सितनिभः प्राचीमुखं पूर्वदिक् ।
पञ्चाङ्गो वृषभस्तुलाधिपमहाराष्ट्राधिपोदुम्बरः ॥
इन्द्राणीमघवावुभौ बुधशनी मित्रेऽर्क चन्द्रो रिपुः ।
षष्टोद्विदशवर्जितो भृगुसुतः कुर्यात्सदा मङ्गलम् ॥

शनिश्चर पूजा (पश्चिम तिर)

आवाहन- ॐ भू भुर्वः स्वः सौराष्ट्रदेशोद्भव काश्यपगोत्र कृष्णवर्ण भो शने इहाऽऽ गच्छ, इह तिष्ठ; यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो वरदो भव ।

पूजामन्त्र- ॐ ख्रां ख्रीं ख्रूं शनैश्चराय नमः
आसन, पाद्य, चन्दन, अक्षता, पुष्प, नैवेद्यादि समर्पयामि ।

प्रणाम- निलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् ।
छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम् ॥

शनिगायत्री- ॐ नीलोत्पलाय विद्महे शनैश्चराय धीमहि तन्नः सौरिः प्रचोदयात् ॥

प्रार्थना- मन्दः कृष्णनिभस्तु पश्चिममुखः सौराष्ट्रकः काश्यपः ।
स्वामी माकरकुम्भयोर्बुधसितौ मित्रे समश्चाङ्गिराः ॥
स्थानं पश्चिमदिक् प्रजापतियमौ देवौ धनुष्यासनः ।
षट्त्रिंस्थः शुभकृच्छनी रविसुतः कुर्यात्सदा मङ्गलम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

राहुपूजा (पश्चिम तिर)

आवाहन- **ॐ भूर्भुवः स्वः राठिनपुरोद्भव पैठीनसगोत्र धूम्रवर्ण भो राहो इहाऽऽगच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो वरदो भव ।**

पूजामन्त्र- **ॐ भ्रां भ्रीं भ्रूं श्रीराहवे नमः**

आसन, पाद्य, चन्दन, अक्षता, पुष्प, नैवेद्यादि समर्पयामि ।

प्रणाम- **अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम् ।**
सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम् ॥

प्रार्थना- **राहुः सिंहलदेशजश्च निहृतिः कृष्णाङ्गसूर्पासनो**
यः पैठीनसिगोत्रसम्भव समिद्दूर्वाङ्मुखो पश्चिमः ॥
यः सर्पाद्यधिदेवते च निहृतिः प्रत्याधिदेवः सदा ।
षट्त्रिंस्थः शुभकृच्च सिंहिकसुतः कुर्यात्सदा मङ्गलम् ॥

केतुपूजा (दक्षिण तिर)

आवाहनम्- **ॐ भूर्भुवः स्वः अन्तर्देशोद्भव जैमिनी गोत्र कृष्ण वर्ण भो केतो इहाऽऽगच्छ, इह तिष्ठ, यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो वरदो भव ।**

पूजामन्त्र- **ॐ प्रां प्रीं प्रूं श्रीकेतवे नमः**

आसन, पाद्य, चन्दन, अङ्गता, पुष्प, नैवेद्यादि समर्पयामि ।

प्रणाम- **पलाशपुष्पसङ्काशं तारकाग्रहमस्तकम् ।**
रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम् ॥

प्रार्थना- **केतुर्जैमिनिगोत्रजः कुशसमिद्वायव्यकोणे स्थितः ।**
चित्राङ्गध्वजलाञ्छनो हिमगुहो यो दक्षिणाशामुखः ॥
ब्रह्मा चैव सचित्रचित्रसहितः प्रत्याधिदेवः सदा ।
षट्त्रिंस्थः शुभकृच्च बर्बरपतिः कुर्यात्सदा मङ्गलम् ॥

चार वेद तथा चर्तुव्यूहपूजा

दीप, गणेश, कलश को पूजन पछि यज्ञ का चार कोण (पूर्व, पश्चिम, उत्तर र दक्षिण) मा पहिले देखि राखिएका चार कलश मा चार वेद र चार व्यूह को स्थापना र पूजा गर्ने । यी कलशहरु लाई पनि मूल कलश झैं सिँगारेर सबैमा फल वा नरिवल आदि राख्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विधि

सर्वप्रथम पूर्व दिशा मा रहेको कलश को मुख मा ऋग्वेद को आवाहन गरी स्थापना गर्ने-

१. **ॐ ऋग्वेदाय नमः आवाहयामि स्थापयामि ।** (आवाहन र स्थापना गरी मुद्रा प्रदर्शित गर्ने) यथामिलित उपचार ले ऋग्वेद को पूजा गर्ने ।

२. दक्षिण तिर को कलश मा यजुर्वेद को आवाहन गरी स्थापना गर्ने ।
ॐ यजुर्वेदाय नमः आवाहयामि, स्थापयामि । (पूर्ववत् मुद्रा प्रदर्शन र पूजा)

३. पश्चिम तिर को कलश मा सामवेद आवाहन गरी स्थापना गर्ने ।
ॐ सामवेदाय नमः आवाहयामि स्थापयामि । (पूर्ववत् मुद्रा र पूजा)

४. उत्तर तिर को कलश मा अथर्ववेद को आवाहन गरी स्थापना गर्ने ।
ॐ अथर्ववेदाय नमः आवाहयामि, स्थापयामि । (पूर्ववत् मुद्रा र पूजा)

चारै वेद लाई संयुक्त रूप मा प्रणाम गर्ने : **ॐ चतुर्वेदेभ्यो नमः**

उपर्युक्त चारै वेद मा क्रमशः वासुदेव, सङ्कर्षण अनिरूद्ध र प्रद्युम्न को आवाहन गरी पूजा गर्ने।

अग्निस्थापना

यज्ञवेदी मा सल्काउन तयार पारिएको अग्नि- कोइला वा मैन आदि मा बलेको ज्योति लाई तलको मन्त्र पढ्दै नमस्कार गर्ने-

सनत्कुमारोऽवतु कामदेवाद्धयशीर्षा मां पथि देवहेलनात् ।
देवर्षिवर्य पुरुषार्चनान्तरात् कुर्मो हरिर्मां निरयादशेषात् ॥

सनत्कुमार ले मलाई कामवासना बाट रक्षा गरून्, हयग्रीव ले देवताहरु को अपमान जस्ता कार्य बाट बचाऊन्, भगवान् को पूजा गर्दा हुने अपराध बाट देवर्षि ले रक्षा गरून् र कूर्म भगवान् ले अनन्त नरकहरु मा पर्न बाट मलाई जोगाऊन् ।

तलको मन्त्र ले विनियोग गर्ने-

ॐ प्रजापतिविष्णु ऋषिः बृहतीच्छन्दः श्रीविष्णुदेवता अग्निस्थापने विनियोगः । ॐ भूर्भुवःस्वःॐ ।

यो विनियोग पछि अग्नि हात मा लिएर समिधा सजाइएको यज्ञकुण्ड मा तीन पटक दायाँ घुमाएर कपूरहरु सहित अग्नि झोसिदिने- आगो जलाउन कुश को घाँस, कपूर का ससाना छेस्का, समिधा आदि प्रयोग गर्न सकिन्छ।

Prof. Madhav Prasad Pokharel Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आवाहन

एसरी यज्ञ मण्डप मा स्थापित अग्नि को एस मन्त्र ले आवाहन गर्ने- **ॐ... नामाग्ने इहाऽऽगच्छ अग्ने त्वं... नामासि आवाहयामि** (आवाहन मुद्रा) **स्थापयामि** (स्थापन मुद्रा) **प्रभो कृपया स्वागतं कुरू** (प्रणाम मुद्रा)।

न्यास

अब तल बताए अनुसार अग्नि को न्यास गर्ने-

क्लीं हृदयाय नमः (हृदयमुद्रा)
कृष्णाय शिरसे स्वाहा (शिरोमुद्रा)
गोविन्दाय शिखायै वषट् (शिखा मुद्रा)
गोपीजन कवचाय हूं (कवचमुद्रा)
वल्लभाय नेत्राभ्यां वषट् (नेत्रमुद्रा - दुवै आँखा)
ॐ अस्त्राय फट् (दिशाहरु लाई नमस्कार)

अग्निपूजा

निम्नलिखित मन्त्र उच्चारण गर्दै अग्निरूप भगवान् को ध्यान गर्ने

दीपार्चिरेव हि दशान्तरमभ्युपेत्य, दीपायते विवृतहेतुसमानधर्मा।
यस्तादृगेव हि च विष्णुतया विभाति, गोविन्दमादिपुरुषं तमहं भजामि॥

विभिन्न होम यज्ञ मा प्रयुक्त हुने अग्नि का विभिन्न नाम निम्नानुसार छन्-

१. विवाह मा- योजकः
२. चतुर्थी मा- शिखि
३. धृति होम मा- धृतिः
४. पुंसवन मा- चन्द्र
५. सीमन्तोन्नयन मा- मङ्गलः
६. सोष्यन्ति कर्म मा- मङ्गल
७. नामकरण मा- पार्थिवः
८. पुष्टिकर्म होम मा- बालद
९. अन्न प्रासन मा- शुचिः
१०. चूडाकरण मा- सत्यः
११. उपनयन- समुद्भवः
१२. समावर्तन मा- तेजः
१३. उदीच्यकर्म होम मा- विधुः
१४. गृहप्रवेश मा- पावकः
१५. आवाहनहोम मा- मङ्गलः

अब तल लेखिएका पञ्चोपचार ले क्रमशः अग्नि को पूजा गर्ने।

एष धूप ..... नामाग्नये नमः (धूप चढाउने)
एष दीप ..... नामाग्नये नमः (दीप देखाउने)
एष गन्ध ..... नामाग्नये नमः (चन्दन चढाउने)
इमानि पुष्पाणि/इदम् पुष्पं .... नामाग्नये नमः (फूल चढाउने)
इदम् नैवेद्यं .... नामाग्नये नमः (नैवेद्य चढाउने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैवेद्य काँची फल आदि भए अग्नि को नजीक राख्ने सुक्का फल वा पायस आदि भए अग्नि मै चढाउने) र मनमन ले कम्ती मा तीन पटक गायत्री मन्त्र जप्ने। अनि इदम् आचमनीयम् ... नामाग्नये नमः (एक आचमनी पानी अग्नि मा चढाउने) यहाँ नेर- अग्नि मा तल लेखिए अनुसार हस्तमुद्रा सहित प्राणाहुति पनि दिने गरिन्छ-

ॐ प्राणाय स्वाहा (दाहिने हातका कान्छी, साँहिली र बूढी औंलो जोडेर देखाउने)

ॐ अपानाय स्वाहा (माझी, चोर र बूढी औंलो जोडेर देखाउने)

ॐ व्यानाय स्वाहा (साहिंली, माझी र बूढी औंलो जोडेर देखाउने।)

ॐ उदानाय स्वाहा (साहिंली, माझी, चोर र बूढी औंलो जोडेर देखाउने।)

ॐ समानाय स्वाहा (पाँचै औंला जोडेर देखाउने।)

एसपछि निम्नलिखित मन्त्र ले अग्नि मा भगवान् को स्तुति गर्ने-

ॐ तद्विष्णो **परमं पदं, सदापश्यन्ति सुरयो**
दिवि व चक्षुराततम्। तद्विप्रासो विपण्यवो
जागृवा सः समिन्धते विष्णोर्यत् परमं पदम्।
ॐ कृष्णो वै सच्चिदानन्दघन कृष्णः आदिपुरुषः कृष्णः पुरुषोत्तमः
कृष्णो ह उ कर्मादिमूलं, कृष्णः स ह सर्वैः कार्यः
कृष्णः काशं कृदादीशो मुख्य प्रभुः पूज्यः
कृष्णोऽनादिस्तस्मिन्नजाण्डान्तरबाह्ये।
यन्मङ्गलं तल्लभते कृती ... (कृष्ण उपनिषदः ऋग्वेद)
अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम्
मन्त्रोऽहमहमेवाज्यं अहं अग्निरहंहुतम् (गीता ९.१६)

दिग्बन्धन

तलका मन्त्रहरु उच्चारण गर्दै निर्दिष्ट दशै दिशा लाई प्रणाम गर्ने

पूर्व - पूर्वस्यां श्रीनारदाय स्वाहा
दक्षिणपूर्व - आग्नेयां श्रीकपिलदेवाय स्वाहा
दक्षिण - याम्ये श्रीयमभागवताय स्वाहा
दक्षिणपश्चिम - नैऋत्यं श्रीभीष्मदेवाय स्वाहा
पश्चिम - प्रतीच्यां श्रीशुकदेवाय स्वाहा
पश्चिमउत्तर - वायव्यां श्रीजनकाय स्वाहा

Prof. Mahesh Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu. Digitization by eGangotri

उत्तर - उदीच्यां श्रीसदाशिवाय स्वाहा
उत्तरपूर्व - ऐशान्यां श्रीप्रल्हादाय स्वाहा
माथी - उर्ध्वं श्रीब्रह्मणे स्वाहा
तल - अधः श्रीबलिराजाय स्वाहा

विंशति-काष्ठिका-होम

स-साना दुई बित्ता लामा बीस वटा समिधा घिऊ मा चोबेर 'स्वाहा' भन्दै अग्नि कुण्ड मा हवन गर्ने ।

आज्यसंस्कार

प्रथमतः पञ्चपात्र को जल छर्केर घिउ को भाँडो यज्ञ को अग्नि माथी तीन वा पाँच पटक दाहिने घुमाउने अनि तीन वटा कुश का एक बित्ता लामा टुक्रा ले तलको मन्त्र पढ्दै चलाउने-

ॐ प्रजापतिर्विष्णुः ऋषिः गायत्री छन्दः
आज्यं विष्णु देवता आज्योत्प्लवने विनियोगः
ॐ देवस्यवा सवितोपुनातु अच्छिद्रेण । पवित्रेण वासः सूर्यस्य रश्मिभिः स्वाहा ।

अनि उक्त कुश को टुक्रा अग्नि मा होमि दिने र फेरि तीन पटक घिउ को भाँडो अग्नि माथी घुमाएर आफ्नै ठाउँ मा राख्ने ।

स्रुवसंस्कार

घिऊ हवन गर्ने सुरा लाई कर्म पात्र को जल ले सेचन गरी अग्नि वेदी को उत्तरी कोण माथी तीन पटक दाहिने घुमाउने ।

अग्निपर्युक्षण

तलको मन्त्र ले अग्नि माथी दाहिने फन्को गरी कर्मपत्र को जल छर्किने-

ॐ प्रभो अनिरूद्ध, प्रसुव यज्ञं प्रसुव यज्ञपतिं
भागाय पत सर्व भूतस्थ केतापुः केतं नः पुनातु
वागीश वाचं नः स्वदातु।

अर्थात्- हे प्रभु अनिरूद्ध ! हाम्रो सौभाग्य वर्द्धन का लागि यज्ञ र यज्ञपति भगवान् लाई यहाँ स्थापित गर्नुहोस् । तपाईं सर्वव्यापी हुनुहुन्छ हे पवित्र काम ! हाम्रा चाहनाहरु लाई पवित्र गर्नुहोस् । वाणी का देवता ले हाम्रो प्रार्थना पूर्ण गर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu. Digitization by eGangotri

CC-0.In Public Domain. Digitization by eGangotri

महाव्याहृतिहोम :

यज्ञ का आचार्य वा पुरोहित ले तलका मन्त्रहरु पढ्दै अग्नि मा घिऊ को आहुति दिने-

ॐ भू स्वाहा इदम् विष्णवे इदम् न मम ।

ॐ भुवः स्वाहा इदम् अच्युताय इदम् न मम ।

ॐ स्वः स्वाहा इदम् नारायणाय न मम

ॐ भूर्भुवः स्वः स्वाहा इदमनन्ताय न मम

यहाँ सम्म को कार्य हरेक यज्ञ मा गरिने पूर्वाङ्ग कार्य हो । एसपछि भने तेस दिन गरिन लागेको विशष्टि यज्ञ वा हवन शुरू गरिनु पर्छ । सम्प्रदाय वादीहरु ले आ-आफ्ना सम्प्रदाय अनुसार का हवन गर्न सक्छन् ।

नवग्रह स्तुति -

ब्रह्मामुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च ।
गुरूश्च शुक्रो शनिराहुकेतवः सर्वे ग्रहाः शान्तिकरा भवन्तु ॥

अर्थात्- ब्रह्मा र विष्णु, शिवजी र सूर्य र चन्द्र मा, मङ्गल, चन्द्रपुत्र ।
गुरू र शुक्र शनि राहु केतु, बनू सबै शान्ति दिने दयालु ॥

सूर्यः शैर्यमथेन्दुरिन्द्रपदवी सन्मङ्गलं मङ्गलः ।
सद्बुद्धिं च बुधो गुरूश्च गुरूतां शुक्रः सुखं शं शनिः ॥
राहुर्बाहुबलं करोतु सततं केतुः कुलस्योन्नतिं ।
नित्यं प्रीतिकरा भवन्तु ममते सर्वेऽनुकूला ग्रहाः ॥

अर्थात्- देऊ सूर्य सुऱ्याइँ हे शशि तिमी देऊ प्रतिष्ठा पद ।
देऊ मङ्गल ले शुभैशुभ सधैं सद्बुद्धि देऊ बुध ॥
देऊ गौरव हे गुरू घरभरी हे शुक्र देऊ सुख ।
राहु देऊ पराक्रमीपन ठूलो कल्याण देऊ शनि ॥
केतु ले कुल को समुन्नति गरून् कैल्यै नहोस् दुर्गति ।
हुन् मेरा अनुकूल यी ग्रह सबै आओस् सधैं सन्मति ॥

-ooo-

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केही पारिभाषिक श्लोकहरू

षोडशः संस्कारः : गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च ।
नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया ॥
कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः ।
केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ॥
त्रेताग्निसङ्ग्रहश्चेति संस्काराः षोडशः स्मृताः ॥

सप्तधान्य : यव गोधूमधान्यानि तिलाः कंगुस्तथैव च ।
श्यामाकं चाणकं सप्तधान्यमुदायहाहृतम् ॥

पञ्चपल्लव : अवश्यत्थोदुम्बरप्लङ्गा न्यग्रोधश्यूत एव च
पञ्चकं पल्लवानां स्यात्सर्वकर्मस शोभनम् ।

अष्टमृत्तिका : गजाश्वरथ्यावल्मीक संगमाद् गोकुलान् ह्रदात
राज्यद्वारप्रवेशाच्च मृदमानीय निङ्क्षेपेत् ॥

सर्वौषधि : मुरा माँसी वचा कुष्ठं शैलेयं रजनीयद्वयम् ।
शठी चम्पक मुस्तं च सर्वौषधिगणः स्मृतः॥

पञ्चरत्न : कनकं कुलिशं नीलं पद्मरागं च मौक्तिकम् ।
एतानि पञ्चरत्नानि रत्नशास्त्रविदो विदुः ॥
अभावे सर्वरत्नानां हेम सर्वत्रयोजयेत् ।

मधुरत्रय : आज्यं क्षीरं मधुश्चैव मधुरत्रयमुच्यते ।

अष्टचिरञ्जीवी : मार्कण्डेयोर्बलिर्व्यासो कृपो रामो विभीषणः ।
अश्वत्थामा हनुमांश्च अष्टैते चिरजीवीनः ॥

चतुर्दश शास्त्र : पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिनरात्रि बार बेला शुभाशुभ तालीका

अथ दिन बार-बेला फलम्

बेला	३.४५	७.३०	११.१५	१५.०	१८.४५	२२.३०	२६.१५	३०.०
बार	१.३०	३.००	४.३०	६.००	७.३०	९.००	१०.३०	१२.००
आइत	उद्वेग	चर	लाभ	अमृत	काल	शुभ	रोग	उद्वेग
सोम	अमृत	काल	शुभ	रोग	उद्वेग	चर	लाभ	अमृत
मंगल	रोग	उद्वेग	चर	लाभ	अमृत	काल	शुभ	रोग
बुध	लाभ	अमृत	काल	शुभ	रोग	उद्वेग	चर	लाभ
बिही	शुभ	रोग	उद्वेग	चर	लाभ	अमृत	काल	शुभ
शुक्र	चर	लाभ	अमृत	काल	शुभ	रोग	उद्वेग	चर
शनि	काल	शुभ	रोग	उद्वेग	चर	लाभ	अमृत	काल

अथ रात्रि बार-बेला फलम्

बेला	३.४५	७.३०	११.१५	१५.०	१८.४५	२२.३०	२६.१५	३०.०
बार	१.३०	३.००	४.३०	६.००	७.३०	९.००	१०.३०	१२.००
आइत	शुभ	अमृत	चर	रोग	काल	लाभ	उद्वेग	शुभ
सोम	चर	रोग	काल	लाभ	उद्वेग	शुभ	अमृत	चर
मंगल	काल	लाभ	उद्वेग	शुभ	अमृत	चर	रोग	काल
बुध	उद्वेग	शुभ	अमृत	चर	रोग	काल	लाभ	उद्वेग
बिही	अमृत	चर	रोग	काल	लाभ	उद्वेग	शुभ	अमृत
शुक्र	रोग	काल	लाभ	उद्वेग	शुभ	अमृत	चर	रोग
शनि	लाभ	उद्वेग	शुभ	अमृत	चर	रोग	काल	लाभ

तालिका मा दिएको पहिलो पङ्ति को अङ्क ले घडी पला र दोस्रो ले घण्टा मिनेट बुझाउँछ जसको प्रारम्भ दिन का समय मा सूर्योदय देखि र रात का समय मा सूर्यास्त देखि हुन्छ ।

Prof. Madhav Prasad Pamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

योगिनी चक्र, चन्द्रमा को दिशा तथा रङ्ग

वार,नक्षत्र, शूल सहित योगिनी चक्रम्

बुध, शुक्र **ईशान** ८/३	सोम, शनि **पूर्व** १ (ज्येष्ठा) ९	सोम, बिही **आग्नेय** ३/११
मङ्गल, बुध **उत्तर** २ (उ. फा.)	ॐ	बृहस्पति **दक्षिण** ५ (ध. श. पू. उ. रे) १३
मङ्गल **वायव्य** ७/१५	आइत, शुक्र **पश्चिम** ६ (रोहिणी) १४	आइत, शुक्र **नैऋत्य** ४/१२

राशि र चन्द्रमा को रङ तथा फल

वर्ण	राशि	फल
रक्त	मेष, सिंह, वृश्चिक	वैरभाव
स्वेत	वृष, कर्कट, तुला	धनलाभ
पित्त	मिथुन, धनु, मीन	उत्तम
कृष्ण	कन्या, मकर, कुम्भ	मृत्यु

चन्द्रमा को दिशा ज्ञान

पूर्वः	मेष	सिंह	धनु
दक्षिणः	वृष	कन्या	मकर
पश्चिमः	मिथुन	तुला	कुम्भ
उत्तरः	कर्कट	वृश्चिक	मीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्णव्यवस्था : सङ्क्षिप्त विवेचना

विषय प्रवेश

मानवीय वर्ण का आधार मा प्रतिपादन गरिएको सामाजिक व्यवस्था नै वर्णव्यवस्था हो। वर्ण सँग गाँसिएर आउने अर्को शब्द आश्रम हो र यी दुवै लाई जोडेर संयुक्त रूप मा वर्णाश्रम व्यवस्था भनिन्छ। वर्णाश्रम भित्र पूर्वीय धर्म, दर्शन, सभ्यता र संस्कृति को फराकिलो फाँट समेटिएको छ। एसका अनुयायीहरु लाई पारसीहरु ले हिन्दु भनेर पुकार्ने गरेकाले त्यही शब्द सापट लिएर पछिकाहरु ले हिन्दु जाति, हिन्दु धर्म, हिन्दु वर्णव्यवस्था भन्न थालेको पाइन्छ। हजारौँ वर्ष को ऐतिहासिक यात्रा पार गरेर आएको यो वर्णव्यवस्था लाई एउटा तेस्तो हिमनदी सँग तुलना गर्न सकिन्छ, जसको मुहान वा मौलिक रूप अत्यन्त शुद्ध भए पनि युगौँ को लामो यात्रा मा मानवनिर्मित फोहोरमैला मिसिएर वर्तमान अवस्था प्रदूषित हुनपुगेको छ। वर्णव्यवस्था सर्वप्रथम वैदिक काल मा देखापरेको सामाजिक अवधारणा हो। एसमा तत्कालीन क्रान्तदर्शी, समाजवैज्ञानिक ऋषिहरु ले आत्मसात गरेको मानव समाज र उनीहरु ले तर्जुमा गरेको कल्याणकारी सामाजिक व्यवस्था मुखरित भएको देखिन्छ। अहिले भने यो धेरै आलोचना र वादविवाद को विषय भएको छ। व्यवस्था नै अकल्याणकारी अमानवीय हो कि झैं ठानिन थालेको छ। एकातिर एस व्यवस्था का परम्परावादी अन्धसमर्थकहरु छन् भने अर्कातिर एसको धुवाँधार विरोध गर्ने अन्धविरोधीहरु को जमात छ। तुलना गर्दा समर्थकहरु भन्दा विरोधीहरु कै लहर ठूलो देखिन्छ। एस्तो परिस्थिति मा यो वर्णव्यवस्था बारे तटस्थ भाव ले छलफल गर्नु उपयुक्त देखेर प्रस्तुत आलेख तयार गरिएको हो।

शाब्दिक अर्थ मा वर्णव्यवस्था

अधिकांश विषयवस्तु को मूल भाव तेसै लाई बुझाउन तोकिएको शब्द मा प्रतिविम्बित हुन्छ। वर्णव्यवस्था मा प्रयुक्त वर्ण शब्द को अर्थ खोज्दा रङ्ग, रूप, आकृति, मनुष्यश्रेणी, जनजाति, कविला, ध्वनि, अक्षर, वरण गर्नु, चयन गर्नु इत्यादि फेला पर्छन्। तर यहाँ तीमध्ये रूप आकृति, वरण गर्नु र मानवश्रेणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
भन्ने अर्थ बढी सान्दर्भिक देखिन्छ। पहिलो अर्थ अनुसार कालो, गोरो, रातो, पहेंलो जस्ता रूप आकृति का आधार मा समाज का मानिस को वर्गीकरण गरिएकाले वर्णव्यवस्था मानिएको हो। दोस्रो अर्थ अनुसार मानिस ले आआफ्ना रूचि अनुरूप वरण वा चयन गरेको व्यवसाय का आधार मा गरिएको व्यवस्था वर्णव्यवस्था हो र तेस्रो अर्थ अनुसार मानव समाज मा देखिने श्रेणीगत भेद का आधार मा गरिएको व्यवस्था नै वर्णव्यवस्था हो।

दार्शनिक अर्थ मा वर्णव्यवस्था

स्थूल रूप मा वर्ण शब्द ले बुझाउने कालो, सेतो, रातो, पहेंलो को कुरा माथी गरियो, जसलाई छाला का आँखा ले देख्न सकिन्छ। एस बाहेक वर्ण शब्द को अर्को सूक्ष्म र भावमूलक अर्थ पनि छ, जस अनुसार सम्पूर्ण सृष्टि ध्वनिमय छ। ती ध्वनिहरु पनि विभिन्न रङ्ग वा वर्ण का छन्। तेसैले हामीले अज्ञात समय देखि नै क, ख, ग, अ, आ, इ, ई आदि ध्वनि लाई वर्ण र तिनका लहर लाई वर्णमाला भन्दै आएका छौं। ती वर्णमय ध्वनिहरु ले अस्तित्व मा विभिन्न किसिम का तरङ्गहरु सृजना गर्छन् जसबाट हामी भित्र विभिन्न किसिम का भावना र विचारहरु को निर्माण हुन्छ। परामनोवैज्ञानिक र अध्यात्म वैज्ञानिकहरु ले ती विचार तथा भावना लाई पनि विभिन्न वर्ण वा रङ्ग मा देख्छन्। अर्थात् विचारहरु का पनि रङ्ग हुन्छन्। हामीहरु त तिनलाई सकारात्मक विचार, नकारात्मक विचार, पवित्र विचार, घृणित विचार भन्ने नाम दिन्छौं तर क्रान्तदर्शी ऋषिहरु ले तिनलाई विभिन्न रङ्ग मा देख्छन् र सत्व, रज, तम विभिन्न गुण मा देख्छन्। ती विभिन्न रङ्ग का विचारहरु ले मानिस भित्र पनि विभिन्न रङ्ग का वृत्ति तथा बानीव्यहोरा निर्माण गर्छन् र त्यही वृत्ति वा बानी का आधार मा संसार का मानिसहरु लाई चार भाग मा वर्गीकरण गरिएको बुझिन्छ। ती वृत्तिहरु को पुञ्ज ले विविध गुण को निर्माण गर्छन् जसको अभिव्यक्ति मानिस को कर्म मा देखिन्छ अर्थात् जुन मानिस भित्र जस्तो वृत्ति वा गुण छ। त्यही अनुसार को काम गर्न उसलाई मन लाग्छ, त्यही अनुसार को खाना उसलाई मन पर्छ र त्यही अनुसार को वातावरण, लुगाफाटो, संगत आदि मा ऊ रमाउँछ। एसरी मानिस को खाना, नाना, काम र बोलीवचन आदि कुरा हेरेर ऊ कुन वर्ण को हो भनेर छुट्याउन सकिने कुरा भगवान् श्रीकृष्ण ले गीता (१७.७-१०) मा उल्लेख गरेका छन्। जसरी ज्योतिषशास्त्र ले आकाशीय ग्रह पिण्डहरु को आधार मा संसार का मानिसहरु लाई जम्मा बाह्र राशि वा बाह्र वर्ग मा छुट्याएको छ तेसैगरी तत्कालीन क्रान्तदर्शी नृतत्ववेत्ता समाजवैज्ञानिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain.Digitization by eGangotri
ऋषिहरु ले संसार का सम्पूर्ण मानवजाति लाई चारवटा वर्ण मा छुट्याएको बुझिन्छ। आधुनिक वैज्ञानिकहरु ले पनि रक्तसमूह का आधार मा मानिस लाई चार वटै वर्ग मा बाँडेका छन्- 'ए, बी, ओ र एबी'।

वर्ण को व्यापकता

हामीले यहाँ केवल मानव जाति मा रहेको वर्ण को मात्र कुरा गर्‍यौं तर वर्णवेत्ता ऋषिहरु को खोज एत्तिमा मात्र सीमित छैन। उनीहरु सामान्य मानिस को अवस्था भन्दा माथी पुगेका ऋषिहरु, देवताहरु र ती भन्दा पनि उच्चस्तरीय मानिने अवतार वा भगवदीय रूपहरु लाई पनि विभिन्न वर्ण तथा गुण मा विभाजित देख्छन्। उनीहरुका अनुसार यो वर्णविभाजन मानवेतर प्राणी, वनस्पति, खनिज पदार्थ लगायत समस्त सृष्टि जीवन मा व्याप्त छ (गौड, ७७६)। वर्ण मानिस ले होइन, प्रकृति ले बनाएको हो। मानिस ले प्रकृति मा निहित रहस्य को खोजी मात्र गरेको हो। अन्यथा सबै माटो, सबै ढुङ्गा, सबै पानी, सबै धातु, सबै वनस्पति, सबै मानिस किन एकै किसिम का हुन्नन् ? किन एकजोर बाबुआमा का सन्तानहरु पनि विभिन्न रूचि, विभिन्न खूबी, विभिन्न प्रतिभा का हुन्छन् ? सँगसँगै जन्मेका जुम्ल्याह-तिम्ल्याहा मा पनि सबैको स्वभाव र क्षमता एकै नहुनको कारण के हो ? इत्यादि प्रश्नहरु को वस्तुपरक एवं तात्विक उत्तर खोज्दै जाँदा वर्णव्यवस्था प्रकट भएको हो।

वर्णव्यवस्था कसका लागि ?

चलनचल्ती मा वर्णाश्रम व्यवस्था हिन्दुहरु को हो भन्ने बुझाई छ। तेसैले कतिपय विद्वान्हरु ले आफ्ना ग्रन्थहरु मा हिन्दु वर्णव्यवस्था लेखिदिएका छन्। कतिले प्राचीन आर्य जाति का मानिसहरु ले आफ्ना लागि बनाएको व्यवस्था हो, अनार्यहरु एसभित्र पर्दैनन् भन्ने आशय पोखेका छन्। एस्तो धारणा मूलतः पश्चिमा विद्वान्हरु को हो र अंशतः उनै बाट प्रभावित पूर्वीय लेखकहरु को पनि हो तर गहिरिएर यथार्थ को धरातल मा पुग्दा उपर्युक्त दुवै विचार खण्डित हुन्छन्। प्रथमतः जुन बेला वर्णाश्रम को अवधारणा जन्मियो, तेसबखत संसार मा हिन्दु भन्ने कुनै मानव जाति थिएन। अझ भन्नु पर्छ, मानिस हिन्दु, ईसाई, मुसलमान, बौद्ध जस्ता साम्प्रदायिक खण्ड मा बाँडिएकै थिएन। वेद, उपनिषद्, गीता जस्ता आधारभूत ग्रन्थमा कतै पनि मानवजाति वा धर्म लाई बुझाउन हिन्दु शब्द को प्रयोग नगरिए बाट एसको पुष्टि हुन्छ। रह्यो आर्यहरु ले आफ्ना लागि आविष्कार गरेको व्यवस्था हो भन्ने कुरा। यो पनि हास्यास्पद नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सावित हुन्छ किनभने कुनै पनि तत्वद्रष्टा, रहस्यद्रष्टा वा वैज्ञानिक ले केही कुरा को आविष्कार गर्छ वा कुनै सत्यता को उद्घाटन गर्छ भने त्यो यही जाति यही वर्ग का लागि मात्र भनेर गर्दैन। बुद्ध ले गरेको धर्म को आविष्कार बुद्ध का कुलकुटुम्ब का लागि मात्र गरिएको थिएन, जिसस ले पाएको अद्वितीय सन्देश उनका वंशधर का लागि मात्र थिएन, मार्क्स ले पाएको द्वन्द्ववादी दर्शन जर्मनी का लागि मात्रै थिएन, कृष्ण ले गाएको गीता पनि अर्जुन का लागि मात्र थिएन। यी सबै कुरा सम्पूर्ण मानव का लागि हुन्। संसार का कुनै पनि कुना मा बस्ने व्यक्ति वा जाति ले आविष्कार गरेका महान् विचार, व्यवस्था, वा वस्तु चाहे ती भौतिक हुन् चाहे आध्यात्मिक, ती सबैका लागि हुन्। हामी भन्न सक्दैनौ खैरेहरु ले आविष्कार गरेको कम्प्यूटर हाम्रा लागि होइन। कुनै आर्य ऋषि ले आविष्कार गरेको आगो के उनीहरु मा मात्र सीमित रह्यो ? भने कसरी भन्न मिल्छ- आर्य ऋषिहरु ले पत्ता लगाएको समाजवैज्ञानिक तथ्य अनार्यहरु का लागि होइन ? आफ्नो क्षुद्र स्वार्थ पूर्ति का लागि समाज मा वैमनस्यता र भ्रम, सृजना गर्ने दुष्कार्य कसै बाट हुन्छ भने त्यो घातक हो। भनाई को तात्पर्य के हो भने चाहे आर्य ले गरेको होस्, चाहे अनार्य ले, यदि उक्त वर्णव्यवस्था मा वैज्ञानिकता छ भने त्यो संसार का सबै मानिसहरु का लागि हो र अवैज्ञानिक, अव्यावहारिक, अयुक्तिपूर्ण छ भने त्यो कसैका लागि पनि होइन।

कसरी भयो वर्ण र जाति को विकास

जैविक विकास का क्रम मा प्रथम मानवाकार जीव एस्ट्रोलोपेथेसिन बाट होमो इरेक्टस र होमो सेपियन्स हुँदै जब प्रथम मानव शिशु धरती मा जन्मियो तेसबखत उसका निमित्त न आज को जस्तो सुरक्षित बस्ने घर थियो न लगाउने लुगा, न थियो खानका लागि अन्नपात, न थियो सुरक्षा को प्रबन्ध। एस्तै परिस्थिति मा ग्रीष्म का टण्टलापुर घाम ले सेकिँदै, वर्षा का मुसलधारे पानी ले रूज्दै, हिउँद को दाँत कटकटाउने जाडो ले काठिँदै, दिनभरि आहार का लागि भौतारिँदै, रातभर अनकण्टार जंगल को ऐकान्तिक अन्धकार मा निसास्सिँदै र अनवरत हिंस्रक जीवजन्तु बाट प्राण बचाउन यत्रतत्र बरालिदै हिड्नु पर्ने अवस्था उसका सामु थियो। एस्तो संघर्षपूर्ण एकांकी जीवन लाई अलि सहज बनाउनका लागि आफू जस्तै अर्को मानव सँग मित्रता गाँस्न ऊ बाध्य भयो। एसरी एक, दुई, तीन गर्दै मानिस को एउटा सानो समूह तयार भयो। अनि कठोरतम प्राकृतिक परिवेश र क्रूरतम हिंस्रक जीवजन्तु सँग संघर्ष गरेर र अनवरत श्रम गरेर शारीरिक बल का भर मा जीवनयात्रा गर्नुपर्ने यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

अवस्था मानव समाज को प्रारम्भिक अध्याय हो। माँस, बास र आत्मरक्षा का लागि मात्र अहर्निश प्रयत्न गर्नुपर्ने यही अवस्था को नाम हो शूद्र अवस्था। एसरी मानवसमाज को प्रारम्भ शूद्रता बाट भएको देखिन्छ- "जन्मनात् जायते शूद्र"। व्यक्ति मानिस को मात्र होइन समग्र मानव समाज कै प्रारम्भ पनि शूद्रता बाट भएको देखिन्छ।

समय को गति सँगै शारीरिक रूपले अरु भन्दा वलियो र मानसिक रूप ले अरु भन्दा शूरो व्यक्ति ले यस शूद्र समाज को नेतृत्व गर्न थाले। आफ्नो समूह वा गण को आहार र सुरक्षा का निमित्त बढी सचेत र संघर्षशील देखिने एस्ता अगुवाहरु स्वभावत उक्त समूह वा गण का प्रमुख बने, गणपति बन्नपुगे। गण का अरु सदस्यहरु उसको सम्मान गर्ने र उसका आदेश मा चल्ने भए। एसरी विस्तारै वीरपूजा को आरम्भ भयो। आफ्ना समूह वा क्षेत्र को सुरक्षा मा अग्रसर एस्तै बाहुवलीहरु वा क्षेत्राधिपतिहरु नै क्षत्रिय हुन्। मानवसमाज विकास को दोस्रो चरण मा क्षत्रिय बन्यो। ती क्षत्रियहरु ले जब बाहुवल र वीरता वा सूरता कै आधार मा प्राप्त सामाजिक सन्मान सधैँ टिकाउ नहुने देखे अनि बाहुवल का साथ मा बुद्धिवल को पनि उपयोग गर्न थाले। कसैले काठहरु को घर्षण (अरणिमन्थन) बाट आगो उत्पन्न गर्ने प्रविधि पत्ता लगाए भने कसैले नाङ्गो शरीर छोप्नका लागि वस्त्र को आविष्कार गरे। कसैले मातृविहीन मानवशिशु लाई जङ्गली गाई छोपेर दूध खुवाउने नयाँ विचार जन्माए, कसैले चक्का को आविष्कार गरेर गाडा गुडाउन थाले भने कसैले नयाँ-नयाँ खाद्यान्न र खाद्यवनस्पति तथा फलहरु पत्ता लगाए। एसरी क्षत्रिय वर्ग बाट बुद्धि ले काम गर्ने बौद्धिक व्यक्तिहरु देखा परे। अनि विस्तारै तिनका बौद्धिकता ले समाज मा विशेष सम्मान पाउन थाल्यो। यही बौद्धिक वर्ग नै ब्राह्मण वर्ग हो। समाज विकास को तेस्रो चरण मा ब्राह्मण वर्ग देखा परे। ब्राह्मण वर्ग का तेस्ता बौद्धिकताजन्य आविष्कारहरु लाई सबैको उपयोग र उपभोग को विषय बनाउनका लागि व्यावसायिक उत्पादन को रूप दिन थालियो। कसैले गाई पालेर, कसैले खेती गरेर, कसैले वस्तु र सेवा को विनिमय व्यवस्था मिलाएर, आगो-आवास-वस्त्र-दूध-चक्रगाडा-अन्नपात आदि सर्वसुलभ गराउँदै जीविका गर्न थाले। एसरी कृषि युग प्रारम्भ भयो, समाज मा व्यवसायीहरु को उदय भयो अर्थात् वैश्यहरु को प्रादुर्भाव भयो। एसरी एउटै प्राकृत मानव वंश विस्तारै शूद्र, क्षत्रिय, ब्राह्मण र वैश्य मा विकसित भयो। अपेक्षाकृत सुदृढ मानव समाज को रूपरेखा तयार भयो।

Prof. Madhav Prasad Ramichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्ण र जाति की अवधारणा

शुद्ध अविकृत अक्षता प्रकृति, स्वच्छ, निर्मल हावापानी, स्वस्थ दुधालु गाईवस्तु, उर्वरभूमि, फलफूल र औषधीय वनस्पतिहरु ले परिपूर्ण वन्यप्रदेश, धवल हिमाल, हरियाली पूर्ण पहाडपर्वत, भुलभुले मूल, झरझर झरना, छरछर छहरा, कलकल नदी, विस्तीर्ण मैदान र प्यारी धरती लाई अँगालो हालेर चुम्बन गर्दै अनन्त सम्म फैलिएको विशाल जलाधि, अनन्त ताप को भण्डार सूर्य र अनन्त शीतलता को सागर चन्द्रमा को लुकामारी, निस्पट्ट रात्रि को अँध्यारा मा पनि आकाश मा तँछाडमछाड गर्दै चम्किने असंख्य कौतुकमय नक्षत्रताराहरु, थरीथरी का जीवजन्तु, विभिन्न स्वभाव र रङ्गढङ्ग का मानिसहरु यी सम्पूर्ण कुतुहल पूर्ण विचित्रता ले तत्कालीन मानवीय प्रतिभा लाई विभिन्न पक्ष मा आकर्षित गऱ्यो। स्वयं आफ्नै जीवन पनि मानिस लाई बुझी नसक्नु को रहस्य पूर्ण विषय थियो। इनै काम को अध्ययन अनुसन्धान मा मानिस डुब्यो अनि अध्ययन र अनुभूति का परम गहिराइ मा पुग्यो। प्राप्त उपलब्धिहरु लाई अभिव्यक्त गर्न आतुर भयो। यही आवश्यकता ले भाषाभण्डार मा नयाँ-नयाँ शब्दावली को आविष्कार भयो। मनोरञ्जन का लागि नृत्य र गायन को आविष्कार भयो। सुन्दर, स्वस्थ र दीर्घजीवन का लागि योग र आयुर्वेद को आविस्कार भयो। संग्राम का लागि धुनर्विद्या र शस्त्रविद्या को उदय भयो। मानिसहरु मिली सुसमृद्ध समाज को निर्माण गर्न थाले। एकमुष्ट समाज लाई कार्यगत विविधता मा विभाजित गर्न र तिन लाई फेरि एकता को सूत्र मा बाँधिराख्नका लागि समाजविज्ञान को खोजी भयो। एस्तै चिन्तन मा डुबेको एउटा ऋषि का मुख बाट अनायास एस्तो वाणी फुट्यो-

ब्राह्मणोऽस्यमुखमासीत बाहुराजन्यः कृतः उरु तदस्य यद्वैश्य पद्भ्यां शूद्रो अजायत। (ऋग्वेद १०-९०-१२)

अर्थात् यो समाज एउटा एस्तो शरीर हो जसको मुख ब्राह्मण हो, हातपाखुरा क्षत्रिय हुन्, तिघ्रा वैश्य हुन् र पाउ शूद्र हो। समाज का सम्पूर्ण सदस्यहरु लाई एकात्मक बनाउने यो भन्दा गहकिलो सूत्र दुनियाँ को कुन मानवशास्त्री वा समाजशास्त्री सँग होला ?

एउटा शरीर मा विभिन्न अङ्ग हुन्छन् र प्रत्येक अङ्ग ले छुट्टाछुट्टै काम गर्छन्। सबैकाम सबै अङ्ग ले गर्न पनि सक्दैनन्, गर्न पनि हुँदैन र गरेर काम पनि चल्दैन।

खुट्टा ले खान र हात ले हिड्न मिल्दैन, तिघ्रा ले बोल्दैनन् मुख ले दगुर्दैन तर हुन् सबै एउटै शरीर का अङ्ग, सबै उत्तिकै प्यारा। तेसैले त खुट्टा मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
चोट लाग्दा मुख ले ऐय्या ! भन्छ, आँखा ले आँसु झार्छ, हात ले मलमपट्टी गर्छ, पेट ले औषधी पिउँछ। कस्तो एकात्मकता, कस्तो प्रेम ! हो समाज को स्वरूप पनि एस्तै हुनु पर्छ। चरण मानिएको शूद्र लाई चोट लाग्दा मुख मानिएको ब्राह्मण ले पीडा बोल्नु पर्छ, हात मानिएको क्षत्रिय ले तेसको सेवा सुश्रुषा गर्नुपर्छ र पेट मानिएको वैश्य ले उसका लागि तीतो औषधि पिइदिनु पर्छ अनि हुन्छ समाज स्वस्थ र बलियो, अनि हुन्छ सबैका प्रतिभा र पराक्रम को विकास र उन्नति। यही गहन चिन्तन ले काम गरेको थियो वैदिक ऋषि का मानसपटल मा। मुख बाट पैदा भएकाले बाहुन चोखो र खुट्टा बाट निस्किएकाले शूद्र बिटुलो भन्ने भाव वैदिक साहित्य मा कतै भेटिन्न बरु एसको उल्टो भने सर्वत्र देखिन्छ। मुख ले छोएको जुठो हुन्छ र चरण ले छोएको चोखो। तेसैले त हामी कसै लाई आदर गर्दा उसका खुट्टा मा ढोग्छौं अझ बढी भक्तिभाव जागे चरण पखालेको चरणोदक पिउँछौं, चरण को धूलो शिर मा पनि लगाउँछौं तर मुख को पानी च्याल, थूक भने खाँदैनौं, न त मुख मा ढोग नै गर्छौं। तपाईं का चरण ले टेकेर मेरो घर पवित्र पारिदिनुहोस् त भन्छौं तर मुख ले थुकेर पवित्र पारिदिनुहोस् भन्दैनौं।

समाज एउटै शरीर हो। एसका अङ्ग भनेका विभिन्न वर्ण वा जात हुन्। हरेक ले आआफ्नो काम गर्छन्। तीमध्ये कुनै पनि अङ्ग (सबै वर्ण) आआफ्ना ठाउँ मा उत्तिकै महत्त्वपूर्ण र मूल्यवान छन्। यति महान् भावना यति सरल अर्थ र यति पवित्र आशय लाई जानेर वा नजानेर बङ्ग्याउने प्रयास जसले गरेको भए पनि, जहिले जुन युग मा र जुन समाज मा गरिए पनि त्यो निन्दनीय र चिन्तनीय हो।

श्रमविभाजन नै वर्णविभाजन

सामाजिक जीवन मा प्रवेश गरिसकेपछि समाज लाई सुव्यवस्थित बनाउन श्रमविभाजन वा काम को बाँडफाँड को आवश्यकता खट्किियो। एउटा सामान्य सावधिक कार्य का लागि त हामी समिति निर्माण गरेर कार्य क्षेत्र तोक्छौं भने बृहद् सामाजिक अभ्युदय का लागि कार्यविभाजन गरिनु अस्वाभाविक पनि होइन। आखिर सबै खाले मानिस मा सबै खाले काम गर्ने शक्ति सामर्थ्य पनि त हुँदैन। सबैले एउटै मात्र काम गरेर एउटा घरपरिवार त चल्न सक्दैन भने समाजव्यवस्था चल्ने कुरै भएन। तेसैले श्रमविभाजन अपरिहार्य देखियो। सर्वप्रथम समाज लाई सुशिक्षित पार्न, ज्ञान र शिक्षा को आवश्यकता देखेर प्रतिभाशाली, परोपकारी, द्वेषहीन, शान्त, दयालु, समदर्शी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
स्वभाव भएका व्यक्तिहरु लाई एस कार्य को जिम्मा दिइयो र तिनीहरु लाई ब्राह्मण भन्ने नाम दिइयो किनकि ब्राह्मण को अर्थ नै वेदज्ञ र वृहद् विचार हो। समाज को सुख सुविधा र शान्ति का लागि नयाँनयाँ वस्तु प्रविधि र ज्ञान को आविष्कार गर्नु, प्रयोग गराउनु र समाज लाई सभ्यता का पथ मा अग्रसर हुन प्रेरित गर्नु तिनको काम हो। आज भए तिन लाई वैज्ञानिक, इन्जिनियर, शिक्षक, प्राध्यापक, दार्शनिक, कवि, आविष्कर्ता, अनुसन्धाता आदि भनिन्थ्यो। तेसबखत यी एस्ता प्रतिभा लाई बुझाउने एउटा प्यारो शब्द थियो ऋषि वा ब्राह्मण। समाज का गुरू भएकाले इनीहरु आदर का पात्र बने।

समाज को अर्को आवश्यकता थियो सुरक्षा को, जसका लागि तेस्ता मानिसहरु को चयन गरियो जो मन का सुरा, तनका बलिया र स्वभाव का साहसी थिए। क्षेत्र को रक्षा, समूह को नेतृत्व र प्रशासन गर्ने हुनाले तिन लाई क्षत्रिय भन्ने संज्ञा दिइयो। शिक्षा र रक्षा भन्दा पनि नभई नहुने अर्को विषय थियो भोजन, वस्त्र आदि को। एसका लागि अन्न, फल, पशु, दूध, घिउ, वस्त्र आदि को उत्पादन र वितरण जरूरी थियो। तेसैले व्यावसायिक बुद्धि र दक्षता भएका मानिसहरु लाई एसतर्फ प्रेरित गरियो। इनको नाउँ रह्यो वैश्य। स्मरणीय छ यो वैश्य शब्द कहीं आर्य, कहीं जनता र कहीं सम्पूर्ण मानव जाति लाई नै बुझाउन पनि प्रयोग भएको पाइन्छ। जनता का अधिपति भन्ने अर्थ मा राजा लाई विशम्पति भनिएको छ। ब्राह्मण, क्षत्रिय का तुलना मा शूद्र र वैश्य को संख्या अधिक देखिन्छ। किसान, व्यापारी, उद्योगी, पशुपालक, वनपालक लगायत का सर्वसाधारणहरु सबै वैश्य हुन्।

अब रह्यो शूद्र वर्ण। जसमा ब्राह्मण को जस्तो बौद्धिक प्रतिभा, क्षत्रिय को जस्तो शूरता-वीरता र वैश्य को जस्तो व्यावसायिकता छैन तर इमानदारिता, आज्ञाकारिता, श्रमशीलता, सेवाभाव जस्ता गुणहरु छन्, ती शूद्र वर्ग मा परे। उपर्युक्त तीनै थरि लाई आआफ्नो कार्य सम्पादन गर्न इमानदार सहयोगी त चाहियो नै। शिक्षक, प्रोफेसर, हाकिम लाई पियन चाहियो, राजनेता वा ठूला प्रशासकहरु लाई सेवक, सिपाही, अङ्गरक्षक, ड्राइभर इत्यादि चाहियो, व्यापारी लाई भरिया चाहियो, उद्योगपति लाई मजदूर चाहियो, साहू महाजनहरु लाई सेवक चाहियो, किसान लाई खेतबारी मा काम गर्ने खेताला चाहियो। दाउरा काट्ने, घाँस काट्ने, पशु चराउने, भाँडा माझ्ने, खाना बनाउने, चौकीदारी गर्ने, पानी भर्ने, कपडा धुने आदि झिना मसिना तर ज्यादै महत्त्वपूर्ण काम गर्ने मानिसहरु को आवश्यकता त समाज का सबै तह का मानिसहरु लाई पर्छ। इनैको समष्टि नाम हो शूद्र। कुनै पनि समाज लाई पूर्णाङ्गी बनाउन यी चारै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

थरी का मानिसहरु को आवश्यकता पर्छ। गहिरिएर हेर्‍यो भने हामी बाँचेको समाज मा पनि शिक्षक, रक्षक, व्यावसायिक र श्रमिक गरी चारै थरी का मानिसहरु छौं। शब्दान्तर मा भन्दा बुद्धिजीवी, शासनजीवी, व्यवसायजीवी र श्रमजीवी यी चार वर्ग विना को समाज को कल्पनै गर्न सकिन्न। इनको अस्तित्व हिजो पनि थियो आज पनि छ र भोलि पनि हुनेछ र यो चारोटा वर्ग संसार भरि का सबै देश एवं समाज मा व्यापक छ। यो एउटा सार्वभौम सामाजिक विज्ञान हो जसको पहिचान हजारौं वर्षपूर्व का वैदिक ऋषिहरु ले गरिसकेका थिए। साथै यी चारै वर्ण वा वर्ग मा एकात्मकता र अन्योन्याश्रयता अनुभव गरी इन लाई एउटै शरीर का विभिन्न अङ्ग का रूप मा चित्रण पनि गरिछाडे। ऋग्वेद को पुरुष सूक्त तेसैको प्रतीकात्मक उदाहरण हो। एस्ता उदाहरणहरु अन्य वैदिक साहित्य मा पनि पर्याप्त पाइन्छ, जस्तै- शतपथ ब्राह्मण (२, १, ४, १३) मा भनिएको छ प्रजापति ले भूः बाट ब्राह्मण, भुव बाट क्षत्रिय र स्वः बाट वैश्य को उत्पति गरे। तेसैगरी तैत्तरीय ब्राह्मण (३, १२, ३, ९) मा भनिएको छ - ऋग्वेद बाट वैश्य वर्ण को, यजुर्वेद बाट क्षत्रिय को र सामवेद बाट ब्राह्मण को सृजना भयो। यी उक्तिहरु लाई मनन गर्दा वर्णव्यवस्था मानवीय गुण, काम र स्वभावमूलक हो भन्ने सिद्ध हुन्छ , जहाँ उचनीच, ठूलोसानो, छूत-अछूत भन्ने कुरा को गन्ध सम्म छैन। गायत्री मन्त्र का तीन व्याहृति मूःभूव स्वः बाटै तीन जात को उत्पत्ति भएको भन्नु बाट यही कुरा पुष्टि हुन्छ। अब प्रश्न उठ्छ वैदिक युग को कानून ले पनि व्यवस्था नगरेको र वर्तमान युग को कानून ले पनि व्यवस्था नगरेको यो उचनीच र छुवाछूत को भावना ले कसरी समाज मा प्रवेश गर्‍यो ? यो चिन्तनीय छ।

कसरी भयो छुवाछुत को जन्म ?

वर्णव्यवस्था को जाति प्रथा सँग र तेसको छुवाछूत सँग मौलिक सम्बन्ध रहेको देखिन्न। मानिसहरु मा चार किसिम का वर्ण हुन्छन् भनेर जानकारी दिने पहिलो दस्तावेज वैदिक साहित्य मा एउटा जाति ले अर्को जाति का लाई नछुनू भन्ने उल्लेख कतै छैन। वैदिक समाज त एस्तो समाज हो जहाँ बाबु ब्राह्मण, आमा शूद्र र छोराहरु कोही ब्राह्मण, कोही क्षत्रिय र कोही वैश्य हुन्छन्। ब्राह्मण का घर मा शूद्र पनि जन्मन्छ र शूद्र का घर मा ब्राह्मण पनि पैदा हुन्छ। क्षत्री भाईले शूद्र दाई लाई छुन हुन्न भन्ने र बाहुन दाईले शूद्र भाई लाई छुँदा नुहाउनु वा छिटो हाल्नु पर्छ भन्ने कुरा वैदिक ऋषिहरु ले कल्पना सम्म पनि गरे हुन् भन्न सकिन्न किनभने तेति बेला को वर्णव्यवस्था पेसा सँग सम्बन्धित थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
जसरी अहिले एउटै घरका दाजुभाई कुनै शिक्षक, कुनै प्रशासक, कुनै व्यापारी र कुनै टेलर मास्टर हुनसक्छ, तिनीहरुबीच छुवाछूत त परै जाओस् ठूलोसानो भन्ने पनि हुँदैन उमेर को आधार बाहेक। ती एउटै भान्छा मा, एउटै टेवल मा बसेर खान्छन् तर व्यवसाय का हिसाब ले तिनीहरु क्रमशः बाहुन, क्षत्री, वैश्य र शूद्र हुन्। ठीक यही हो वैदिक काल को वर्णव्यवस्था। तर शयौं हजारौं वर्ष पछि अनेक सैद्धान्तिक, वैचारिक, प्राविधिक आदि मत भिन्नता, दृष्टि भिन्नता ले गर्दा पुराना दाजुभाई बीच विषमता का पर्खालहरु खडा भए। फलस्वरूप उच्च ओहोदा मा पुग्नेले निम्नस्तर मा रहेका लाई उपेक्षा गर्न थाल्यो। सफासुग्घर कार्यालय मा बसेर वौद्धिक कार्य गर्नेले हिलो धूलो मा खेलेर फोहोर काम गर्ने सँग सँगै बसेर खान चाहेन। सुकिला र स्वच्छ मूल्यवान रेशमी वस्त्र लगाएर मगमग बसाउँदै हिँड्ने मानिस फाटेका र मैला लुगा लगाएर चर्पी सफा गर्दै गरेको मानिस सँग छोइएर बस्न मानेन। तेस्ता मानिस का फोहरी हात ले दिएको पानी खान सकेन। तिनका भान्छाघर मा गएर खान सकेन र तिन लाई आफ्नो भान्छा मा बसालेर खुवाउन सकेन। एसरी एउटै गोत्र का दाजुभाई पद ले, पेसा ले र पाखण्ड ले परपरै भए कोही छुत भए कोही अछूत भए। समाज मा छुवाछूत को जन्म भयो। एस्तो विभेद हिजो को मात्र सामाजिक विकृति होइन आज पनि छ। अहिले पनि ठूलाठूला समाजवादी अरवपति महामहिमहरु लाई घन ठटाउँदै गरेको कामी दाई सँगै बसेर खान सम्भव छैन न त जुत्ता सिउँदै गरेको मोची भाई लाई आफ्नो भान्छा मा बसालेर खुवाउन तिनीहरु सक्छन्। राजनैतिक मञ्चहरु मा, सार्वजनिक समारोहहरु मा जातीय समानता विषय का आगो ओकल्ने भाषण गर्ने राजनेताहरु पनि विरोधी पार्टी का मानिस लाई अछूत झैं व्यवहार गर्न पुग्छन्। खाली भाषण मा मात्र समानता का कुरा गर्नु र पददलित धुलिधुसरित मलिनमुख विचराहरु लाई हात समातेर सहयात्री बनाउनु भिन्न कुरा हुन्। समाज का राजनीति का र धर्म का केन्द्र मा बस्नेहरु को पाखण्ड कै कारण ले जाति भेद र छुवाछूत जस्तो सामाजिक विकृति को जन्म भएको हो र तिनकै पाखण्ड ले एस्तो कलंक बाट समाज मुक्त हुन नसकेको हो। एसमा मौलिक धर्म र धर्मशास्त्र को कुनै हात छैन।

वर्णव्यवस्था र अछूत

वर्णव्यवस्था को उद्गम मानिने वैदिक समाज र साहित्य मा वर्णहरु बीच उचनीच को विभेद नरहे पनि, वर्तमान को बौद्धिक समाजव्यवस्था ले तेस्तो विभेद लाई अवैध ठहऱ्याइसकेको भए पनि र नयाँ पुस्ता एवं बजारिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वातावरण मा त्यो विभेद मेटिइसकेको देखिए पनि गाउँठाउँ मा र केही कट्टरपन्थी परिवार मा तेस्तो भेददृष्टि हट्न नसकेको पाइन्छ। एउटा मानिस ले आफू जस्तै अर्को मानिस लाई अछूत ठान्ने र एउटा वर्णकाले गर्ने काम अर्को वर्ण ले गर्नै हुँदैन भन्ने स्थिति कहिले देखि बस्यो होला भनेर निरीक्षण गर्न खोज्दा दृष्टि पुग्छ स्मृति काल तिर। जब वैदिक संहिता को युग सकिएर ब्राह्मण, आरण्यक, उपनिषद् तथा स्मृति शास्त्र को युग शुरू भयो। समाज का मानिसहरु मा स्वभावगत र कर्मगत विविधता देखिन थाल्यो। हरेक काम हरेक व्यक्ति ले गर्न नसक्ने र जसको स्वभाव रूचि र वृत्ति जस्तो छ तेस लाई त्यही अनुरूप कर्म क्षेत्र मा लगाउँदा बढी प्रतिफल प्राप्त हुने अनि कर्म गर्ने लाई पनि आफ्नो चाहना अनुसार को काम गर्न पाएकोमा सन्तुष्टि प्राप्त हुने देखेर तत्कालीन समाजशास्त्रीहरु ले वर्ण अनुसार श्रमविभाजन गर्ने नीति बनाए। तेस्ता नीति निर्माताहरु मा मनु, यज्ञवल्क्य, अत्रि, विष्णु, हारीत, उषनस्, अङ्गिरा, यम, कात्यायन, वृहस्पति, परासर, दक्ष, गौतम, व्यास, नारद, वशिष्ठ, भृगु, शङ्ख आदि अग्रपङ्क्ति मा थिए। यी सबैले छुट्टाछुट्टै स्मृतिशास्त्र को रचना गरेका भए पनि मनु र उनले रचना गरेको शास्त्र मनुस्मृति सर्वोपरि ठहरियो। समाज मा वर्णव्यवस्था लाई कडाइ का साथ लागू गराउने काम मनु बाटै शुरू भएको देखिन्छ किनभने मनु स्वयं प्रशासक र राजा थिए। भनिएको छ - मनुका राज्यकाल मा जब स्वभाव अनुरूप वर्गीकृत समाज का चारै वर्ण ले आआफ्ना कर्तव्य कर्महरु ठीकठीक तरीका ले सम्पन्न गर्न थाले समाज तथा राज्य यति सुव्यवस्थित, समृद्ध र शान्ति पूर्ण हुन पुग्यो कि त्यहाँ राज्यशासन र दण्ड विधान को पनि आवश्यकता परेन। सायद यो नै आदिम साम्यवाद हो। एसै अवस्था लाई संकेत गर्दै महाभारत शान्ति पर्व मा लेखिएको छ, जब एस्तो शुद्ध शान्ति पूर्ण अवस्था लामो समय सम्म रहिरह्यो मानिसहरु एस बाट थाके। चिरशान्ति को अवस्था बाट पट्यार लागेर मानिसहरु ले फेरि काम, क्रोध, लोभ, मोह, मद मात्सर्य को आश्रय लिए। बलिया ले निर्बलिया लाई सताउन थाले अनि शोषण, दमन, लुटपाट, बलात्कार आदि का घटना घट्न थाले। मनु ले कायम गरेको सुव्यवस्था उनीपछि विस्तारै विघटित हुन थाल्यो। पहिले सुसभ्य ठानिएका आर्यसन्ततिहरु नै पछि क्रियाहीन भएर जातिच्यूत भई अनार्य वा दस्यु बन्न पुगे। यही पतित अवस्था मा उनीहरु को वंशपरम्परा अघि बढ्यो। गाउँ मा संस्कार हीन भएका तेस्ता मानिसहरु को छुट्टै वस्ती बस्यो। तिनै मानिसहरु कालान्तर मा अछूत मानिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शूद्रहरू अछूत हुन् ?

पहिले शूद्र को अर्थ अछूत भन्ने थिएन । सहयोगी कामदार (एसिस्टेन्ट वा हेल्पर) का अर्थ मा शूद्र शब्द उपयोग हुन्थ्यो । सेवक को भूमिका मा ऊ थियो । सेवक अछूत हुन मिल्दैन । हरेक कार्य मा सहयोगी हुने हुनाले ऊ त अझ बढी छूत हुनपर्ने देखिन्छ तर भइदियो उल्टो । पौराणिक काल मा शूद्र शब्द को अर्थ मा पनि गिरावट आयो । एस्तो प्रवृत्ति लाई भाषाविज्ञान ले अर्थापकर्ष भन्छ । वैदिक काल मा केवल सेवा कार्य र श्रम मूलक कर्म गर्ने मात्र शूद्र थिए । तर पछि आफ्नो कर्तव्य बाट चुकेको निन्दनीय र घृणित कार्य गर्ने व्यक्ति लाई पनि शूद्र भन्न थालियो जसले गर्दा शूद्र को अर्थ समाज बाट गिरेको अछूत हुन पुग्यो । वैदिक साहित्य मा कहीं पनि शूद्र अछूत भएको उदाहरण भेटिन्न । तेतिबेला मानवीय मूल्य र मर्यादा कुल्चिएर जघन्य कर्म गर्नेहरु र सामाजिक आदर्श को उल्लङ्घन गर्नेहरु दस्यु कहलाउँथे, शूद्र होइन । शूद्र त समाज को सम्मानित अङ्ग नै थियो, ब्राह्मण क्षत्रिय झैं । शूद्र सँग ब्राह्मण क्षत्रियहरु को विधिवत् विवाह हुन्थ्यो तर कालान्तर मा त्यो शूद्र शब्द दस्यु को पर्यायवाची बन्न पुग्यो । यहाँनेर एउटा विचारणीय कुरा के देखिन्छ भने उतिबेला को दस्यु र अहिले हामीले बुझ्ने दास एउटै होइन । कतिपय लेखकहरु ले लेखिदिए- तत्कालीन उच्च जाति का आर्यहरु ले आफ्ना विरोधी दल वा अनार्य लाई नै दस्यु भनेका हुन् र दस्यु भनेको दास हो, तर यो विचार भ्रम पूर्ण देखिन्छ । घर मा काम गर्न राखिएको मानिस लाई दास भनिन्छ भने दस्यु चाहिँ सामाजिक मर्यादा बाट च्यूत भएको घृणित मनुष्य हो । वैदिक दस्यु शब्द दस् (उपक्षये) धातु बाट बनेको छ । जसको अर्थ हो, विध्वंशकारी, सामाजिक व्यवस्था भत्काउने, मानवीय मूल्य मा आघात पुऱ्याउने उच्छृङ्खल । एस्तै समाज घाती काम गरेकाले महर्षि विश्वामित्र कै सन्तान पनि दस्यु भएको उल्लेख ऐतरेय ब्राह्मण मा छ । एस बाट प्रष्ट हुन्छ- दास र दस्यु समानार्थी शब्द होइनन् । महाभारत कै कुरा लिने हो भने पनि दासराज की छोरी सँग महाराज शन्तनु ले विवाह गरेका छन् र गराएका छन् स्वयं देवव्रत (भीष्म) ले । हो, भाषाविज्ञान का दृष्टि ले हेर्दा दस्यु र दास मा शाब्दिक समानता देखिन्छ । दास बाट दस्यु पनि बन्न सक्छ र दस्यु बाट दास पनि बन्न सक्छ । कालु बाट काले बने झैं र काले बाट कालु बने झैं तर भाव मा भने दस्यु र दास मा ठूलो अन्तर देखा पर्छ । एस्ता अछूत दस्युहरु पनि सधैं का लागि अछूत नभएर आचरण मा सुधार ल्याएर सद्गुणी सदाचारी बनेका खण्ड मा सामाजिक व्यवस्था को मूलधार मा आउन सक्ने व्यवस्था पनि प्राचीन शास्त्रहरु मा गरिए बाट मानिस जन्मजात अधम नभएर उसले अबलम्बन गरेको कर्म वा आचरण ले नै उसलाई पूजनीय र निन्दनीय बनाउछ भन्ने सिद्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

कसरी लियो वर्ण ले जन्मगत जातीय रुप

व्यवस्था जति नै राम्रो होस् र विचार जति नै महान् होस् तेसलाई सही ढङ्ग ले उपयोग गरिएन र दुरूपयोग गरिन थालियो भने समाज दुर्घटना ग्रस्त हुन्छ। मनु ले समग्र मानवजाति का लागि तर्जु मा गरेको वर्णा श्रम व्यवस्था वैयक्तिक र सामाजिक मनोविज्ञान मा आधारित देखिन्छ तापनि तेसको उपयोग ठीक सँग नहुँदा मनु पछि को सामाजिक व्यवस्था मा अनेक विकृतिहरु देखा परे। विष्णुपादु का र वागद्वार बाट बगेका पवित्र नदीहरु विष्णुमति र बाग्मती काठमाडौँ सहर मा आएपछि दुर्गन्धित ढल मा परिवर्तित भए झैं वैदिककालीन समाज बाट प्रवाहित भएको वैज्ञानिक वर्णव्यवस्था मनु का युग पछि विषाक्त हुन पुग्यो।

ब्राह्मण का सन्तान ब्रह्मकर्म तथा ब्रह्मज्ञान विना नै ब्राह्मण कहलिन थाले, क्षत्रिय राजा को छोरो राजोचित गुण र योग्यता विना नै राजा हुन थाल्यो। उद्योग व्यवसाय केही नगरी बसीबसी खानेहरु पनि वैश्य हुन थाले र पहिले बाहुन को भात पकाउने शूद्र का सन्तानहरु पानी नै नचल्ने अछूत हुन थाले। कतिपय त जघन्य समाज विरोधी अपराध गरेर अछूत भए भने कतिपय तिनका शाखा सन्तान, नातागोता र मतियार भएका ले तेसै अछूत भए। खानपान, रहनसहन, आचरण र विधिव्यवहार मा आएको गिरावट ले कतिपय मानिस ले र तिनका सन्तान ले समेत समाज मा सम्मानित स्थान पाउन सकेनन्। दुराचारी र अत्याचारी भएपनि बाहुन क्षेत्री का सन्तान बाहुन क्षत्री नै भए। सदाचारी र गुणवान् भए पनि शूद्र का सन्तान बाहुन क्षत्री हुन सकेनन्। वर्णहरुबीच अनुलोम र प्रतिलोम, यौनसम्बन्ध र वैवाहिक सम्बन्ध हुन थाले र तिन बाट जन्मेका सन्ततिहरु लाई विभिन्न तह र वर्ग मा विभाजन गर्न थालियो। फलस्वरूप दर्जनौं जातजातिहरु अस्तित्व मा आए। एसरी विशुद्ध मानवीय स्वभाव र प्रवृत्ति मा आधारित वर्ण ले वंश को रूप लिँदै जातीयता मा परिणत हुनु पऱ्यो र एउटै शरीर का अङ्ग ठानिएको मानव समाज शयौं विरोधी जातहरु मा विभाजित भयो।

वर्ण र जात एउटै हो ?

वर्ण र जात एउटै हो कि पृथक हो भन्ने बारे मा विवाद हुनसक्छ। वर्ण मुख्य हो कि जात मुख्य हो भन्नेमा पनि ठूलठूला वहस हुन सक्छन्। यी शब्द ले ठाउँ र प्रसङ्ग अनुसार भिन्दाभिन्दै अर्थबोध गराउन सक्छन्। जात एउटा कोटि विशेष सँग सम्बन्धित जस्तो देखिन्छ भने वर्ण रङ्गविशेष सँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सम्बन्धित । विभिन्न प्राणीहरु का सन्दर्भ मा मानिस लाई एउटा जात मान्ने हो भने वर्ण मानिसहरु मा पाइने कालो, गोरो, पहेलो आदि रूपविशेष हो । एसरी हेर्दा वर्ण जात भित्र को एउटा एकाइ भन्ने देखिन्छ तर वर्ण लाई व्यापक अर्थ दिँदा तेस अन्तर्गत का मानिसहरु को विभाजित अवस्था लाई जात भन्नु पर्ने हुन्छ । तर्क का हिसाब ले भन्नु पर्दा मानव मात्र लाई एउटा मूल जाति, तेसभित्र का चार वर्ण लाई चार उपजाति र ती अन्तर्गत का अनगिन्ती तहहरु लाई प्रजाति भन्न उपयुक्त देखिन्छ । मानव बाहेक का अन्य पशुपंक्षी, वृक्ष, वनस्पतिहरु को विभाजन एसै ढंग को छ । वर्ण र जात का विषय मा पृथ्वीनारायण शाह पनि भ्रमित भएको देखिन्छ । उनले नेपाल लाई चार जात छत्तीस वर्ण को फूलबारी भने तर पछिकाले सच्याएर चार वर्ण छत्तीस जात भन्न थाले । हाम्रो सामाजिक व्यवहार का सन्दर्भ मा विचार गर्ने हो भने चार वर्ण भनेको ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र हो र इनैलाई जात पनि मानिदै आएको छ, जसमा बाहुन र क्षेत्री को पहिचान स्पष्ट छ र परिगणित जातिहरु दमाई, कामी, सार्की आदि लाई शूद्र वर्ग मा राखेको बुझिन्छ भने वैश्य भनेका को को हुन् स्पष्ट छैन । एकता का सूत्र मा आवद्ध गर्ने हिसाब ले बाँकी सबैलाई वैश्य वर्ण मा राख्न सकिन्थ्यो तर अहिले का विद्वान्हरु ले आर्य र अनार्य को विभेद खडा गरेर आर्येतर मानिएकाहरु लाई जनजाति र आदिवासी आदि वर्ग मा राख्ने काम गरेका छन् ।

के नेपाल मा वर्णव्यवस्था कायम छ ?

आर्य भनाउँदाहरु लाई वर्णव्यवस्था अन्तर्गत र आर्येतर भनाउँदाहरु लाई तेस बाहिर राखिएको भए पनि यो इतर र भितर केवल कागजी गन्थन मात्र हो । यहाँ कुनै पनि वर्ण वा जात स्मृतिशास्त्र ले निर्देशित गरे अनुसार को कर्म क्षेत्र मा बाँधिएका देखिन्नन् । न त बाहुनहरु पढ्ने पढाउने, यज्ञानुष्ठानहरु गर्ने गराउने र दान दिने लिने कार्य मा सीमित छन् न त क्षत्रियहरु राजकाज र सुरक्षा कार्य मा मात्रै लागेका छन् न त वैश्यहरु कृषि, वाणिज्य र पशुपालन मा छन् न शूद्रहरु सेवा कार्य मा नै लाग्न पाएका छन् । नेपाल मा जति पनि ब्राह्मण वंश छन् ती प्रायः पश्चिम बाट पूर्व तिर फैलिएका छन् र प्रारम्भ देखि नै उनीहरु विर्ता वा अन्य उपाय ले भूमि आर्जन गरेर खेतीपाती गर्दै आएका छन्, अर्थात् वैश्य कर्म गर्दै आएका छन् । केहीले राजकाज मा ठाउँ पाएर क्षत्रियोचित कार्य पनि गर्दै आएका र कतिपय ले शूद्रोचित जीवन पनि विताउँदै आएका छन् । यज्ञानुष्ठान, दान र अध्यापन केही को मात्र अतिरिक्त कर्म (साइड जब) भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri
देखिन्छ भने, क्षत्रियहरु पनि अधिकांश कृषि, व्यापार पशुपालन जस्ता वैश्योचित पेशा मा छन्, केहीले अध्यापकीय कार्य पनि गर्छन्। वैश्य भनाउँदाहरु व्यापार व्यवसाय मा मात्रै सीमित छैनन् अर्थात् नेपाल मा सबै वर्ण वा जात ले परिस्थिति अनुसार सबै किसिम का कार्य गर्दै आएका देखिन्छन्। धातु का भाँडा बनाउने, कपडा सिलाउने र छाला को काम सम्म तागाधारी ले गरेको पाइन्न र गैरतागाधारी ले आफ्ना जाति मा बाहेक अन्यत्र पुरोहित्याइँ गरेको पनि पाइन्न। बाँकी क्षमता ले भ्याए कुनै पनि जाति लाई कुनै कार्य गर्न प्रतिबन्ध रहेको देखिन्न। आर्येतर भनिनेहरु ले पनि माथी बताइएका प्राय सबैजसो कार्य देशकाल परिस्थिति अनुसार गरेकै देखिन्छ। अझ कृषि र पशुपालन मा आर्येतरहरु कै भूमिका बढी हो कि भने जस्तो देखिन्छ किनभने वर्षै भरि ठाउँठाउँ मा गोठ सार्दै चौंरी, भेडाबाखा, च्याङ्ग्रा चराउँदै हिँड्ने जस्तो वैश्यकर्म उनीहरु बाट बढ्ता भएको देखिन्छ। प्रहरी र सेना जस्ता सुरक्षा निकाय मा गुरूङ, मगर, तामाङ, राई, लिम्बू आदि कै वर्चश्व देखिन्छ। जयस्थिति मल्ल ले जातपात को जो व्यवस्था बसाले त्यो नेवार जातिमा सीमित रह्यो। तेसपछिका शाहकाल र राणाकालमा पनि वर्णगत जातीयता का आधार मा पेशा अपनाउनु पर्ने बाध्यता देखिएन, बरु जसको जस्तो प्रतिभा छ तेसले तदनुरूप कार्य गर्द आएको अधिकांश देखिन्छ। उपर्युक्त परिदृश्यहरु लाई दृष्टिगत गर्दा नेपाल मा वर्णाश्रम व्यवस्था को पालना हिजो पनि भएन, आज पनि भएको छैन र भोलि पनि हुने देखिन्न।

वर्ण र वर्ग दुवै अस्थायी हुन्

मानिस ले आफ्नो ऐतिहासिक यात्रा का क्रम मा समयसमय मा आफ्नो समाज भित्र अनेक वर्ग र जात सृजना गर्दै आएको छ तर कुनै पनि वर्ण र वर्ग स्थायी रहन सक्दैनन्। आज को विप्रपरिवार आलस्य, अकर्मण्यता र अज्ञान को वशीभूत हुँदै भोलि शूद्रत्व मा परिणत हुन सक्छ र आज को ज्ञानविहीन श्रमशील शूद्र भोली ज्ञान, सदाचार र संस्कार ले सुसज्जित हुँदै विप्रत्व मा पुग्न सक्छ र शूरता, वीरता आदि नेतृत्व गुण को विकास गर्दै क्षत्रिय बन्न सक्छ। तेसैगरी आज को शोषक, शासक र सामन्त परिवार भोलि शासित र शोषित बन्न सक्छ र आज को शोषित दमित समुदाय भोलि नै शोषक वा शासक बन्नसक्छ। काला का खलक मा गोरो जन्मिन सक्छ र गोरा को वंश मा कालो पैदा हुन सक्छ। आज को धनाढ्य परिवार भोलि निर्धन बन्न सक्छ र आज को सुकुम्बासी भोलि नै हुकुम्बासी बन्न पनि सक्छ। एस्ता कैयौं उदाहरण हामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
बाँचेको समुदाय मा देख्न पाइन्छ। तेसैले जातीय र वर्गीय विभेद अस्थायी हो र परिवर्तनशील हो। अतः एस्तो विषय लाई लिएर विवाद गर्नु र राजनैतिक स्वार्थपूर्ति गर्न खोज्नु अदूरदर्शिता र पाखण्ड सिवाय केही होइन। एसको सट्टा जानेर वा नजानेर हुन पुगेका विभेद का कारक तत्त्व को विश्लेषण गरी सत्य, तथ्य को निरूपण गर्दै मानव जाति एउटा अखण्ड र अविभाज्य वर्ग हो भन्ने बोध गर्नु वा गराउन सक्नु बुद्धिमानी हो। विभाजन का रेखा पुर्ने प्रयत्न गर्दै परदलितहरु लाई माथी उठाउनु पुरुषार्थ हो। एस किसिम को बुद्धिमता र पुरुषार्थ का लागि समाज का सचेत र सक्षम व्यक्तिहरु अगाडी सर्नुपर्छ।

जातीय विभेद बाट मुक्ति

माथी का विवरणहरु बाट स्पष्ट हुन्छ- वर्ण प्रकृति निर्मित नैसर्गिक व्यवस्था हो भने जाति मानव निर्मित कृत्रिम व्यवस्था हो। तर यी दुवै व्यवस्था मा मानव-मानव बीच विभेद गर्नुपर्ने तात्विक कारण केही देखिँदैन तापनि हाम्रो समाज मा एस्तो विभेद अद्यापि विद्यमान छ। देश र समाज बाट एस किसिम का विभेद अन्त्य गर्ने अभियान पनि थालिएका छन्, कानून पनि बनेका छन् तापनि समाजमा नेतृत्वदायी भूमिका खेल्ने राजनेता, धर्मनेता, समाजसेवीहरु को पाखण्ड ले, विभेद गर्ने र विभेद को सिकार बन्ने दुवै थरी मा रहेको यथार्थ ज्ञान चेतना को अभाव ले, परम्परागत रूढि लाई वैज्ञानिक ढंग ले हेर्ने दृष्टि को अभाव ले र गलत कुरा को डटेर प्रतिवाद गर्ने साहस र सामर्थ्य को अभाव ले पनि एस्ता विसङ्गतिहरु हट्न नसकेका हुन्। चुनाव प्रचार का लागि दलित वस्ती मा पुगेको राजनीतिक नेता ले भोट का लागि समानता को स्वाङ् गर्दै जसरी कामी, दमाई, सार्की लाई एकैछिन् अँगालो मार्न पुग्छन्, तेसैगरी चुनाव जितेर चिल्ला गाडी चढ्ने बेला मा, हवादार हवेली मा बस्ने बेला मा र अनेक परिकार ले घेरिएको भुजा ज्युनार गर्ने बेला मा पनि तेस्तै तिन लाई अङ्कमाल गर्न सक्नु पर्छ, सहभागी र सहभोजी बनाउन सक्नु पर्छ। धार्मिक मञ्चहरु मा गाई, कुकुर, चाण्डाल र पण्डित पनि ज्ञानी का दृष्टि मा समान हुन्छन् भनेर प्रवचन गर्ने धर्मनेताहरु ले पनि ती पद दलितहरु को हात समातेर "सहनाववतु सहनौ भुनक्तु, सहवीर्यं करवावहै" भन्दै सँगै हिंडाल्न र सँगै बसेर खान, खुवाउन सक्नु पर्छ। अर्कोतिर स्वयं पददलितहरु ले पनि असल बानी, असल बाणी, असल व्यवहार र असल आचार-विचार अवलम्बन गरेर आफू लाई उठाउने प्रयत्न गर्नुपर्छ। उठ्ने र उठाउने दुवै प्रयत्नशील भए मात्रै उठ्न सकिन्छ, उठाउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपसंहार

उपर्युक्त विश्लेषणहरु बाट स्पष्ट हुन्छ मानव जाति एउटै हो, एउटै मूल पुर्खा बाट विकसित भएको । धर्म पनि एउटै छ, त्यो हो मानव धर्म । लक्ष्य पनि एउटै छ, त्यो हो भौतिक सुखसमृद्धि र आत्मिक आनन्द को प्राप्ति । तर संसार मा वा समाज मा जुन विभेद देखिएको छ, त्यो देशगत, कालगत, परिवेशगत र कर्मगत कारण ले भएको हो । भौगोलिक पर्यावरण का कारण ले मानिस को बाहिरी व्यक्तित्व र आन्तरिक जीन वा बाहकाणु पनि प्रभावित हुन पुग्छ। फलस्वरूप कालो, गोरो, रातो, पहेलो, चुच्चो, नेप्टो, अग्लो, पुड्को इत्यादि रूपाकृति तयार हुँदै जान्छ एकातिर भने अर्कातिर सामाजिक परिस्थिति र व्यक्ति भित्र को नैसर्गिक गुण ले गर्दा ज्ञानी, ध्यानी, शूरवीर, उद्यमी, व्यवसायी, श्रमिक खालका मानिसहरु देखा पर्छन्, जसलाई प्राचीन धर्मशास्त्र ले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र भन्ने नामाकरण गरे । यो अत्यन्त मोटो वर्गीकरण हो । ती भित्र असंख्य अरु वर्गीकरण छन्, हुन्छन् ।

सैद्धान्तिक रूप ले वा कुनै सामाजिक, राजनैतिक स्वार्थवश मानिस-मानिस समान हुनु पर्छ, भेदभाव रहनुहुन्न भन्ने गरिए पनि व्यावहारिक रूप मा हेर्दा संसार मा तेस्तो कुनै मानव समुदाय पाइन्न, जसमा कुनै पनि किसिम को भेदभाव नहोस् । स्वामी-सेवक बीच, शासक-शाषित बीच, धनी-गरीब बीच, कालो-गोरो बीच, सभ्य-असभ्य बीच, सदाचारी र दुराचारी बीच भद्र र क्षुद्र बीच, सुसंस्कृत र असंस्कृत बीच, महिला र पुरुष बीच, प्रतिष्ठित र अप्रतिष्ठित बीच, शत्रु र मित्र बीच, स्वधर्मी र परधर्मी बीच, एउटा पार्टी र अर्को पार्टी बीच, विभिन्न वाद र सिद्धान्त बीच केही न केही भेद देखिएकै छ र देखिन्छ । यो विभेद बाह्य समाज मा मात्र नभएर एउटै परिवार मा पनि देख्न पाइन्छ । परिवार का महिला र पुरुष बीच, छोरा र छोरी बीच, छोरी र बुहारी बीच, मूली र अन्य सदस्य बीच सर्वतः समानता भेटिन्न । यो विभेद स्वभाव ले, शक्ति ले, गुण ले, भावना ले निर्धारित गर्छ । सबैलाई समान नबनाउनु प्रकृति को स्वभाव हो । भनिएको छ, "वैचित्र्यं प्राकृतं धर्म समानं नभविष्यति" अर्थात् विचित्रता वा विभिन्नता प्रकृति को धर्म हो । त्यहाँ कोही समान हुन सक्दैनन् । फेरि मानव जाति स्वयं विभेदकारी प्राणी हो । एसले जहाँ पाइला जमाउँछ, त्यहाँ असमानता सृजना गरिहाल्छ । फरक यत्ति हो, मानिस पुरानो असमान व्यवस्था को विरोध गर्छ र नयाँ असमानता सृजना गर्छ । हामी एकातिर पुरानो जाति प्रथा को विरोध गरिरहेका छौं भने अर्कातिर अनेक वाद, पार्टी, सिद्धान्त, धर्म आदि मा मानिसहरु लाई विभाजित गरेर तिनका बीच असमानता, द्वन्द्व र बेमेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
सृजना गरी नयाँ नयाँ जात र वर्गहरु बनाइरहेका छौं । जहाँ सम्म उचनीच र छुवाछूत को प्रश्न छ, त्यो प्रारम्भ मा वर्ण विभाजन गर्ने ऋषिहरु ले निर्माण गरेको व्यवस्था नभएर मध्ययुग मा सिर्जना हुन आएको विकृति हो, विसङ्गति हो । किनभने वर्णविभाजन को पहिलो घोषणा गर्ने वेद ले ब्राह्मण लाई उचो र शूद्र लाई नीचो भनेको छैन बरु एउटै शरीर का समान महत्त्व का दुई अङ्ग हुन् भनेको छ । वर्ण व्यक्ति को मानसिक वृत्ति र कार्यगत रूचि मा आधारित हो भनेको छ । एउटै परिवार का सदस्यहरु कोही ब्राह्मण, कोही क्षत्रिय, कोही वैश्य र कोही शूद्र हुन सक्छन् भनेको छ । एकजना वैदिक ऋषिपुत्र को निम्नलिखित भनाई ले एस कुरा को पुष्टि गर्छ- "म ब्राह्मण हूँ, किनकि म कविता बनाउँछू, मेरा पिता वैश्य हुन् किनकि उनी खेती गर्छन् । मेरा दाजु क्षत्रिय हुन् किनकि उनी जनपद को रक्षा गर्छन् र मेरी आमा शूद्र हुन् किनकि उनी जाँतो पिस्ने, ढिकी कुट्ने काम गर्छिन् ।" तर यो चार सदस्यीय वैदिक परिवार एउटै घर मा बस्छ, एउटै चुला मा पकाउँछ, एउटै भान्छा मा खान्छ । परस्पर आत्मीय प्रेम मा बाँधिएको छ ।

एत्ति एउटै उदाहरण ले पनि वैदिक काल को वर्णव्यवस्था को स्पष्ट परिचय दिन्छ र एस्ता उदाहरण वैदिक साहित्य मा अनगिन्ती छन् । तात्पर्य के हो भने वैदिक वर्णव्यवस्था जन्म र वंशपरम्परा मा आधारित नभएर कर्म मा आधारित हो । ब्राह्मणहरु ब्रह्मकर्म गर्दा सम्म मात्र ब्राह्मण हुन् र शूद्र कर्म गर्दा शूद्रै हुन् । तेसैगरी शूद्रहरु शूद्रोचित कर्म गर्दा मात्र शूद्र हुन् र तिनले कर्म परिवर्तन गरेर क्षत्रिय कर्म वा ब्राह्मण कर्म मा लाग्दाका बखत तिनीहरु शूद्र नरहेर क्षत्रिय वा ब्राह्मण हुन पुग्छन् । शूद्र कुल मा पैदा भएकाहरु ब्राह्मण पनि छन् र ब्राह्मण कुल मा जन्मिएकाहरु क्षत्रिय पनि छन्, वैश्य र शूद्र पनि छन् । एसका उदाहरण पनि गनेरै नभ्याइने मात्रा मा छन् । उही हात हो, फोहोर खेलाउनु पर्दा अपवित्र भएर अछूत पनि हुन्छ भने राम्ररी धोएपछि भोजन को गास लिएर मुख मा पनि पस्छ र पूजा को फूल अक्षता लिएर देवता का शिर मा पनि चढ्छ । उही मानिस हो, क्षुद्र कर्म गर्दा शूद्र भन्दा निकृष्ट हुनपुग्छ र भद्र कर्म गर्दा ब्राह्मण भन्दा उत्कृष्ट हुनपुग्छ ।

卐 ॐ 卐

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थ सूची

- आचार्य लक्ष्मीशरण देव, अर्चिरादि परमधामोत्सव, कृष्णशरण उपाध्याय, वि.सं. २०६२ ।
- गैरोला, वाचस्पति, संस्कृत साहित्य का इतिहास (तृ.सं.), वाराणसीः चौखम्बा विद्याभवन, सन् १९७८ ।
- गौड, रामदास, हिन्दुत्व, वाराणसीः चौखम्बा विद्याभवन, सन् १९९३ ।
- गंगराडे, प्रकाशचन्द्र, हिन्दुओं के रीतिरिवाज तथा मान्यताएँ, दिल्ली : पुस्तक महल, सन् २००३ ।
- ज.व.रा., रथी धनशमशेर र पं. कृष्णप्रसाद भट्टराई, संस्कारपद्धति, काठमाडौंः प्रमुख सम्वाद सचिवालय, राजदरबार, २०५६ ।
- पाण्डे, राजवली, हिन्दु संस्कार, वाराणसीः चौखम्वा विद्याभवन, १९९५ ।
- पाण्डेय, राजवली, हिन्दू संस्कार, वाराणसीः चौखम्बा विद्याभवन, सन् १९९५ ।
- प्रभुपाद, भक्तिवेदान्त, श्रीमद्भगवदगीता यथारूप, अनु. नारायणप्रसाद अधिकारी, भक्तिवेदान्त बुकट्रस्ट, वि.सं. २०६२ ।
- वर्मा, धीरेन्द्र (सं.) हिन्दी साहित्य कोश, वाराणसीः ज्ञानमण्डल, वि.सं. २०१५), ।
- शर्मा, श्रीराम, कर्मकाण्ड भाष्कर, मथुराः युगनिर्माणयोजना, गायत्री तपोभूमि, सन् २००५
- शास्त्री, जनार्दन, कर्मकाण्डप्रदीप, वाराणसीः मोतीलाल वनारसीदास, वि.सं. २०३४ ।
- शास्त्री, माधवआचार्य, क्यों (खण्ड-१-२, चौ.सं.), दिल्लीः माधव पुस्तकालय, वि.सं. २०३३ ।
- सस्कार, प्रभातरञ्जन, कणिका मे प्राउट (खण्ड-५), कोलकाताः आनन्दमार्ग प्रचारक संघ, सन् १९९० ।
- Rivault Philips & Sordon Luc, **Samskaras,** Bhaktivedanta book trust, ISKCON.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



स्याङजा को मल्याङकोट मा जन्मनुभएका डा. नारायणप्रसाद अधिकारी एक कुशल लेखक, अनुवादक तथा साहित्यकार हुनुहुन्छ । सरल र सादा जीवन, स्पष्टवादिता तथा अध्यवसाय स्वभाव नै उहाँका पहिचान बनेका छन् । नेपाली भाषासाहित्य, धर्मदर्शन तथा संस्कारसंस्कृति विषय मा झण्डै दुई दर्जन जति कृति प्रकाशित गरिसक्नुभएका अधिकारी पोखरा स्थित पृथ्वी नारायण क्याम्पस मा नेपाली भाषा र साहित्य को प्राध्यापक हुनुहुन्छ । एक दर्जन जति संघसंस्थाहरु मा आबद्ध भएर समाजसेवा मा समेत उत्तिकै सक्रिय अधिकारी ब्राह्मण समाज नेपाल का संस्थापक अध्यक्ष हुनुहुन्छ ।

- प्रकाशक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् लेखक डा. नारायणप्रसाद अधिकारी को एस किसिम को प्राज्ञिक योगदान ले गैरहिन्दूजगत् लाई समेत हिन्दू सनातनी धर्म अन्तर्गत कर्म संस्कार को महत्त्व, मूल्य र मान्यता बोध गर्न ठूलो सघाउ पुग्ने छ । कुनै पनि संस्कार तथा संस्कृति लाई स्पष्ट, सरल तथा वैज्ञानिक विश्लेषण सहित जनसमक्ष उजागर गराउनु सम्बन्धित संस्कार का विद्वान्हरु को कर्तव्य पनि हो । यहाँ लेखक ले आफ्नो दायित्व पूरा गर्नुभएको छ ।

- प्रा.डा. तुलसीराम वैद्य

आज को हाम्रो सनातन मूल्य-मान्यता र एस भित्र का विशाल मानवीय उदात्त दर्शन को प्रचार आवश्यक भएको सन्दर्भ मा विद्वान् डा. नारायणप्रसाद अधिकारी ले नेपाली भाषा मा अर्थ सहित खुलाएर लिपिबद्ध गर्नुभएको यो कृति सार्थक र उपयोगी छ ।

- प्रा.डा. माधव भट्टराई

गरी मन्थन सम्पूर्ण संस्कारपद्धतिहरु, श्रुतिस्मृति तथा सूत्र पौराणिक कुराहरु ।
तयार गरिएको यो सोह्र संस्कार पुस्तक, अत्यन्त उपयोगी छ सबैले पढ्न लायक ॥

- आचार्य श्री हरिशरण उपाध्याय

मेरा विचार मा प्राचीन तर शाश्वत मानवीय मूल्य र मान्यता बोकेका संस्कारहरु लाई तर्कपूर्ण र विज्ञानसम्मत पृष्ठभूमि मा सर्वसाधार ले समेत सजीलै बुझ्ने गरी मौलिक ढंग ले प्रस्तुत गरिएको एस किसिम को यो पहिलो पुस्तक हो ।

- प्रा.डा. दिलबहादुर क्षत्री

संस्कारपद्धतिरेषा मञ्जुला मङ्गलाऽमला ।
भाति मे सुषमा सौम्या नारायण मनोभवा ॥
भवितेयं सतां शान्ता जनकल्याणहेतवे ।
मदीय सम्मतिश्चापि भूयान्नित्यं सतां प्रिया ॥

- लक्ष्मीशरण देवाचार्य

प्रायः रूढीवादी परम्परा मा चल्दै आएको हाम्रो संस्कार पद्धति लाई वास्तविकता को बोध गराएर सरल भाषा मा लेखिएको किताब को आवश्यकता खट्किरहेको बेला मा यो पुस्तक आउनु निश्चय नै खुशी को कुरा हो । हरेक हिन्दू ले पढ्नै पर्ने पुस्तक का रूप मा मैले एसलाई लिएको छू ।

- भूपनिधि पन्त

गोरखा पब्लिकेशन्स प्रा. लि.
धुम्बाराही पीपलबोट, काठमाण्डू, नेपाल
www.gorkhaprakasa.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

00485
9789937933605

धर्म संस्कृति